CC-0. In Public Domain. Digitization by eGangotri

भानुदर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ने. २५४६

दर्ता नं. ८११४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द.नं. ८१७८

नै. ६३२०

भानुदर्शन

(अनुसन्धान प्रधान अर्धवार्षिक पत्रिका)

सम्पादक
शिवराज आचार्य
नरहरि आचार्य
व्रतराज आचार्य

५ · अङ्क १
४ औं भानु जयन्ती
३५ आषाढ २९

ल्य: रू. १५।-

कार्यालय:-
भानु सेवा समिति,
केन्द्रीय कार्यालय
कनाजोल; काठमाडौं।

भानु सेवा समितिका
पदाधिकारीहरू

श्री श्रीभद्रशर्मा : अध्यक्ष
श्री शिवराज आचार्य : उपाध्यक्ष
श्री हरिहर भट्टराई : महा-सचिव
श्री सोमनाथ पौडेल : अर्थ संयोजक
श्री व्रतराज आचार्य : सह अर्थ संयोजक
श्री चूडामणि बन्धु : अनुसन्धान संयोजक
श्री डा वासुदेव त्रिपाठी: अनुसन्धान सदस्य
श्री जयराज आचार्य : अनुसन्धान सदस्य
श्री नरहरि आचार्य : अनुसन्धान सदस्य
श्री आनन्द श्रेष्ठ : अनुसन्धान सदस्य
श्री दैवज्ञराज न्यौपाने : गोष्ठी समारोह संयोजक
श्री शेखर गुरुङ : गोष्ठी समारोह सदस्य
श्री शिवचन्द्र न्यौपाने : गोष्ठी समारोह सदस्य
श्री गणेश विषम : जनसम्पर्क संयोजक
श्री रवीन्द्र खनाल : जन सम्पर्क सदस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्तकृत भाषारामायणको सम्भावित शुद्ध पाठ (क्रमागत)

—शिवराज आचार्य

श्रीगुरुचरणकमलेभ्यो नमः।अथसुन्दरकाण्डप्रारम्भः।। राम।।सीता।।लक्ष्मणेभ्यो नमः ।। ।।

तर्छु क्षार समुद्र आज सहजै भन्न्या इरादा धरी
श्रीराम्‌को चरणारविन्द मनले अत्यन्त चिन्तनगरी ।
भन्छन्‌ वीर्‌हरुलाइ ताँहि हनुमान्‌ हे वीरहो पार्‌ तरी
सीताजीकन भेट्तछु मँ१ अहिले जान्छु वडो वेग्‌ धरी ॥१॥

पापी जन्‌ पनि रामका स्मरणले संसारपार्‌ तर्छन्‌ ता
राम्‌कै कामनिमित्त औँठि सँगली जान्छु दुतै हुं२ म ता ।
क्या डर्‌ क्षार समुद्र तर्न सहजै पौँचन्छु लंका भनी
चारै पाउ जमिन्‌विषे धसि कुद्या हेर्दै तमासा पनी ॥२॥

दक्षिण्‌तरफ्‌ मुख गरीकन कुद्न वस्ता
उप्पर्‌३ नजर्‌ दि अघिका दुइ पाउ कस्ता ।
सोझो गराइकन घाँटि कुद्या जसै ता ।
वायूसरी हुनगया हनुमान्‌ तसै ता ॥३॥

आकास्‌मार्ग गरी कुँदेर हनुमान्‌ उड्‌थ्या ति आकाशमा
सीताजीकन भेटि फर्किकन फेर्‌ राम्‌चन्द्रका पासमाँ ।
पुग्न्या अक्कल वल्‌ छ छैन इनका इन्को वुझौँ वल्‌ भनी
इन्द्रादीहरुले पटाइ सुरसा जल्‌दी पठाया पनी ॥४॥

जल्दी गै सुरसा अघिल्‌तिर वसिन्‌ साम्ने हनूमानका
क्या भन्छन हनुमान्‌ भनेर पुसि भै कूरा गरीन्‌ पानका ।

---

१. म-१। २. हुँ-१। ३. उपर्‌-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोकी ढेर् दिनकी म खोजि हिँडथ्याँ क्या पाँ अहारा भनी
पाँन्या वल्ज व्याँहाँ मिल्यौ तिमि त एक् साह्रै भन्या पूस् पनी ॥५॥

आऊ लौ पस मूषमा भनि जसै वोलिन्? हनूमान् तसै
भन्छन् आज सिता नभेटिकन ता पस्तीन मुष्मा कसै ।
सीता भेटि मँर फर्कुला र रघुनाथ्ज्यूका हजूर्मा गयी
विस्तर् विन्तिगरेर आइ पसुला तन्त्रो अहारा भनी ॥६॥

येस्ता३ वात् सुनि भन्दछिन् ति सुरसा मेरा मुखैमा पसी
निस्की जाउ नहीँ भन्या मँ४ वलले पक्रेर दाह्रा घसी ।
मार्छू एति५ भनिन र लौ तव व्याँहाँ मुष् वाउ चाँढो भनी
चार् कोस्को त शरीर् गरीकन वस्या आफू हनूमान् पनी ॥७॥

चार् कोस्का६ हनुमान देषि सुरसा वीस् कोशको७ मुख् गरीन्८
चालीस् कोस् हनुमान् भया र अशिकोस् मुख् फेरि जल्दी धरीन्९ ।
जल्दी फेर् हनुमानले छविस कोस्को रूप् गराई वस्या
फेर् दूई सय१० कोश्११ मुखै जव गरीन् अंगुष्ठ१२ झैं सै पस्या ॥८॥

निस्क्या जल्दि र भन्दछन् ति हनुमान् हे देवि मुख्मा पसी
निस्क्याँ जांछु म ता अवश्य अव ता वन्दैन काम् ता वसी ।
अक्कल्वल्सितका वचन् जव सुनिन् यस्ता हनूमानका
आफ्नू सत्त्य कुरो तसै सव१३ कहिन् छोडीन् कुरा षानका ॥९॥

सक्छौ काम् तिमि साधि आउ हनुमान् यो वल् छ तंम्रो भनी
चिन्ह्याँ भन्छु म इन्द्रका हजुरमा तम्रो पराक्रम् पनी ।
वल् वुझ्नै भनि इन्द्रका वचनले आयाकि ता हुं भनी
पूस् मै स्वर्गविषे गयीन् ति सुरसा कूँद्या हनूमान् पनी ॥१०॥

जस्ले सागर नाम् धऱ्या मकन सो राजा सगर् जो गया
तिन्का वंशमाहाँ१४ विभूषणसरी श्रीराम राजा भया ।

---

१. वोली-२, ३। २. म-१। ३. यस्ता-१। ४. म-१। ५. येति-३। ६. कोश्का-३। ७ कोसको-३। ८. गरी-२,३। ९. धरी-२,३। १०. शये-३। ११. कोस्-३; १२. अंगुष्ट-१। १३. सभ-२। १४. महा-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिन्का कामनिमित्त आज हनुमान् जान्छन् इ लंकामहाँ
मैँनाक् पर्वत निस्क जाउ तिमि गै विश्राम् गराऊ ताहाँ ॥११॥

थाक्या हुन् हनुमान् विसाइ फलफुल् पाँउन् र जाउन् भनी
भंदा सागरका वचन् सुनि ताहाँ निस्क्या ति मैनाक् पनी।
अर्को एक मनुष्यको स्वरुप ली हात् जोरि विन्ती गऱ्या
आऊ फल्फुल पाइ जाउ हनुमान् भन्दै अगाडी सऱ्या ॥१२॥

आज्ञा सागरका हुँदा चरणमा आँन्या मँ१ ऐल्है भनी
मैनाकूले यति२ विन्ति वात् जव गऱ्या वोल्या हनूमान् पनी३ ।
रामूको काम् नगरी वसेर कसरी खान्छू४ म जान्छु यसै
हात्ले छुंछु म लौ भनेर पुसि मैं छोया र कूँद्या तसै ॥१३॥

केही दुर् हनुमान् पुग्या पछि ताँहाँ एक् सिंहिका राक्षसी
छाया५ पक्षि उ जंतु पैंचि वलले पान्थी६ जलैमा७ वसी
छाया पक्षि उ तान्न लागि हनुमान्ज्यूका८ गती वन्द भो
कस्ले९ वन्द गऱ्यो गती भनि दिशा दस्मा१० तसै दृष्टि गो ॥१४॥

देष्या तल्तिर दृष्टि दीकन ताँहाँ जस्सै नजर्मा परी
एकै चोट् दुइ लात् दिया र सहजै घुस्स्नुक ताँहीं मरी।
ताहाँदेषि कुँदी गया र हनुमान् पौँच्या जसै तीरमा।
लंका पूरि ताहाँ त्रिकूट गिरिका देष्या उपर् सीरमा११ ॥१५॥

वरिपरि तँहिं तीरैमा पनी वृक्ष फल्फुल्
भरि छ जउन वन्मा गर्दछन् पन्छिले१२ गूल् ।
भ्रमरहरु लताका फूलमा हल्लिहल्ली
घुनुनु घुनुनु गर्दै घुंदछन् वल्लिवल्लि ॥१६॥

---

१. म- १। २. एति- ३। ३. तसै- ३। ४. षांछू- ३। ५. छायाँ- ३। ६. पान्थि - ३। ७. जसैमा- ३। ८. हनुमान्ज्यूको-३। ९. एस्ले- २, यस्ले- ३। १०. दशमा- ३। ११. शीरमा- ३। १२. पक्षिले- ३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नजरवरिपरीको जो छ सोभा नजर्भो
त्रिकुटगिरिउपर्का पूरिमा फेर् नजर् गो
वरिपरि परपाल् छन् वीचवीच्मा छ खात्रा१
सहज त अरुले ता गर्न को सक्छ दावा२ ॥१७॥

अति तपत पर्‍याको षूप् अगम् देषि लङ्का
यहिर३ घरि पसिजाँ की राति जाँ येति संका४
गरिकन ठहराया ब्याहिँ वस्छु र राती
सहजसित म जाँला जान ता राति जाती ॥१८॥

तँहि वसि यहि गले वाँकि दिन् सव् विताई
दिन विति जव रात् भो जान ५मन्ले चिताई५
स्वरुप पनि ति सानू ली गया थ्या जसै ता
दगुरि६ नजिक आयीन् लंकिनी पो तसैता ॥१९॥

को हो आज मलाइ केही नगनी७ यो भित्र जान्या भनी
चोरै हो भनि लात् उठाइ रिसले एक् चोट् त हानिन पनी ।
जल्दी वाम मुठी उठाइ सहजै ठोक्ता जमिन्मा परिन्
छाद्दै ताँहिं रगत् गिग्नि८ र झटपट् ऊठेर विन्ती गरिन् ॥२०॥

लंका पूरि त हुन ति राक्षसि भयी वस्थीन् सदा द्वारमा
जानिन् श्रीहनुमान् भनेर जव चोट् पथिन् चलिन् सारमा ।
लङ्का हुं म मलाइ ता जितिलियौ९ एस्ले१० सक्यो राज् गरी
रावणका त मरण् हुन्या वषत भो आयो मरण्को घरी ॥२१॥

ब्रह्माजी अवि भंदथ्या प्रभुजिको हून्या छ रामावतार्
हर्ला रावणले सिता र रघुनाथ् सुग्रीवथैँ मित्रचार् ।
गर्नन् सुग्रिवले पनी दश दिशा सीताजीको षोज्षवर्
गर्नालाइ पठाउनन विरहरू छानेर षुप् षुप् जवर् ॥२२॥

---

१ खावा-३। २. दावा-३। ३. एहि-३। ४. संषा-३। ५-५. पाऊ चलाई- ३। ६. दुगुरि- ३। ७. नगरी- ३। ८. गिराइ १। ९. लियो- ३। १०. येह्ले - ३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिन्मा एक् विर आउला र तिमिले लात्मारिग्यौली जसै
हान्ला वाम मुठो उठायि रगतै छाद्‌दै गिरौली तसै ।
रावण्को तँहिंसंम आयु छ भनी भंथ्या र सो वात् सुनी
व्रह्माको वचन१ प्रमाण्२ भनि३ भन्याँ यो मर्छ४ रावण् पनी५ ॥२३॥

जाऊ भेट सिताजिलाइ ति अगम् भित्रै वघैंचा६महाँ७
असौका८ वनमा९ छ वृक्ष वढिया एक् सिंसपाको१० ताहाँ ।
ताँहीं छन् प्रभुकि प्रिया वरिपरी छन् राक्षसीगण्११ पनी
भेटी गै रघुनाथथैं भन१२ पनी यस्ता१३ विपत् छन्१४ भनी ॥२०॥

धन्न्यै भँ्याँ१५ म अहिले प्रभुको स्मरण् भो
संसारको भय छ जो उ त आज दूर् गो ।
जस्तो मिल्यो मकन रुंग र भक्ति ऐल्है
एस्तै१६ रहोस् यहि म पाउँ नविर्सुं कैल्है ॥२५॥

जस्सै श्रीहनुमान् पुग्या सहजमा लङ्का समुद्रै तरी
तस्सै जानकिका फुर्‍यो नजर वाम् हातै समेत् खूप् गरी ।
रावण्का पनि वाम हात् नजर वाम् फूर्‍यो रघूनाथका
दक्षिण् अङ्ग पुर्‍यो तसै वपतमा खूस् मन् भयो नाथका ॥२६॥

सानू रूप लियी पसी सभ१७ सहर् हेर्दै विचार् खूप् गरी
रावण्को दरवार् विशेष् गरि ढुँड्या१८ चोटा र कोठा धरी ।
पायानन् र कता म जाँ भनि ताँहाँ मन्मा विचार् भो जसै
संभ्या लंकिनिका वचन् र ति गया असोक१९ वन्मा तसै ॥२७॥

जो जो वृक्ष त इंद्रका नगरिमा छन्२० सो त सव् छन् तहिँ
रत्नैका सिढि साफ् असल् जल पनी यस्ता२१ तलाऊ कँहीं ।

---

१. वचनै- ३, ४। २. प्रमान्- २। ३. गरि- ४। ४. मर्छ- ३। ५. भनी- ३।
६. वगैचा- ३। ७. माहा- ३। ८. अस्सोकका- २, ३। ९. विचमा-३।
१०. सिंशपाको- ३। ११. राक्षसीगन्-२, ३। १२. भनि- ३। १३. एस्ता- ३।
१४. छण्- ३। १५. भया- ३। १६. यस्तै- १। १७. सव- १। १८. छुट्या- ३।
१९. अस्सोक-२, ३। २०. सो- ४। २१. यस्ता-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फलफुल्को१ अति भार् भयेर रुपका सब्का ति हाँगा२ पनी
लच्क्याका भ्रमरा र पक्षि३ वहुतै रुष्मा वस्याका पनी ॥२८॥

बिच्बीच्मा सुनका हवेलि पनि छन् उच्चा मणीका त थाम्
जस्मा छन् कति गर्नु वर्णन जँहाँ हेर्‍यो ताँहाँ पक्कि काम् ।
यस्तो सुन्दर वन् नजर् गरि सवै ढुँड्दै हनूमान् गया
देष्या सुंदर सिंसपा४ र पुसि भै ताँहीं ति दाषिल् भया ॥२९॥

अधिक गभिर छाया५ सूर्यको६ ताप् नपस्न्या
उपरि अति पहेला वेस् चरा मात्र वस्न्या ।
वरिपरि पनि नाना राक्षसीको७ छ घेरा
रुपमनि तँहि सीता देखियिन् फेदनेरा ॥३०॥

मोकी मैलि निन्याउरी न त कपाल् कोर्‍याकि सव् केस् उसै
गठ्ठा मात्र गर्‍याकि षालि भुमिमा रूँदै वस्याको यसै ।
राम् राम् राम् यति मात्र वोलि रहँदी देष्या र साना भयी
पातका अन्तरमा लुक्या ति हनुमान् रुष्का उपर्मा गयी ॥३१॥

भन्छन् श्रीहनुमान् ताँहाँ मनमनै ऐल्है कृतार्थै भव्याँ
जो सीताकन देषि आज षुसिले सीतासमिप्मा रह्याँ ।
साध्याँ काम् पनि रामको भनि ताहाँ षूसी भयाथ्या जसै
अंतःपूरमहाँ भयो र पलवल् त्यो सव्द सून्या तसै ॥३२॥

क्याको शब्द भयो भनेर हनुमान् लूक्या ति झन पातमा
आयो रावण जल्दि ताँहिं नजिकै सव् स्त्री लियी साथमा ।
कैल्हे मर्छु८ म रामदेषि अझतक् सीता हर्‍याँ तापनि
आयेनन९ रघुनाथ् भनेर रँहँदा देयेछ१० स्वप्ना पनी ॥३३॥

१. फल्फुल्ले- ४। २. हागाँ- ३। ३. पंछि- २, ३, ४। ४. सिंशपा-३।
५. छाया-३। ६. सूर्य्यको-२। ७. राक्षसीको-३। ८. मर्नु-३। ९. आयानन्-३।
१०. देख्याछ-२, देष्याछ-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्को दूत् अति वीर वानर अशोक्वन्भित्र आयी पसी
सीताजीकन देषिन्या गरि तहीँ पात्भित्र लूकी वसी ।
हेर्दो सुर् सव१ कामको पुसि यसो स्वप्ना मिल्यो२थ्यो जसै
साँचैँ हो कि भनेर दौडिकन झट् आयो नजिक्मा तसै ॥३४॥

साँचै पो यदि हो भन्या असल हो३ दुर्वाच्य वोल्छु जसै
सीतालायि यसो सुनेर रिसले जाला र भन्ला तसै ।
मेरा दुष्ट वचन् सुनेर रघुनाथ् आयेर मार्नन् भनी
यस्तो निश्चय मन् गरी नजिक गै दुर्वाच्य वोल्यो पनी ॥३५॥

सीताजी पनि दुष्टलाइ नजिकै देषी अधोमुख् गरीन्४
श्रीराम्को चरणारविन्द मनले अन्तःकारण्मा धरीन्५ ।
चुप् लागी जननी रहीन् जव ताहाँ सो देषि रावण् पनी
लाग्यो भन्न मलाइ देषि किन६ हो लायौ अधोमुख् भनी ॥३६॥

राम् मेरा पति हुन् भनेर तिमि पो भन्छथौ उ भन्छन् काँहाँ
मेरी हो भनि७ भन्दथ्या यदि८ भन्या आऊँनुपर्थ्यो त्याहाँ ।
माया छैन तिमीउपर् नवुझि क्या शोक् मात्र गछ्थौं उसै
यौवन् व्यर्थ९ गयो विचार किन यो यौवन् अफाल्छौ१० यसै ॥३७॥

यौवन् व्यर्थ नफाल व्यर्थ मनमा शोक् गर्दछौ११ यो कती
मैलाई पति मान आज तिमिले हुन्छु म१२ तम्रो पती ।
मेरी पत्नि भयौ भन्या त सवकी१३ मालिक् हुन्याछौ म ता
साह्रै प्रेम् गरि राषुला वुझ अधीक् वैगूनि छन् राम ता ॥३८॥

मानी१४ मूर्ख कृतघ्न मानुषमहाँ१५ साह्रै अधम् जो त छन्
शक्तीका पनि कम् उ राम् पनि त्याहाँ आऊँन क्या सक्तछन् ।
तस्मात् छोड नराष रामतिर वहुत् आसा१६ भन्यीथ्यो जसै
लाल्लाल् नेत्र गराइ पूर्ण रिसले वोलिन् सिताजी तसै ॥३९॥

१. सभ-२, ३। २. मिलेथ्यो-१। ३.-भो-२,३। ४. गरी-२, ३। ५. धरी-२, ३।
६. कन-२,३। ७. यदि-४। ८. भनि-४। ९. वेर्थ-३। १०. अफाल्छौ-२,३।
११. गर्दछौ-३। १२. मँ-३। १३. सभकी-३। १४. मासूनी (मानीस)-१। १५. माहाँ-३।
१६. यसो-४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाजी रावण वोल्दछस् कति वहुत दुर्वाच्य वक्वक् गरी
राघव्देखि डराय१ छल्त भनि एक् संन्यासिको भेष् धरी।
जस्तै यज्ञविषे हवी कुकुरले हर्छन् उसै चालले
रामलक्ष्मण् नहुँदा हरीस् तँ वुझिले मर्लास् यसै कालले ॥४०॥

सागर् सोपि कि साँघु लाइ सहजै आयेर घेरा दियी
तेरो वंश विनाश्गरेर पछि फेर् प्राण् खैँचि तेरो लियी।
लैजानन् रघुनाथ् मलाइ भनि झट् दीयीन् जवाफ्२ यो जसै
लाल्लाल् नेत्र गराइ षड्ग३ पनि ली काट्नैं तयार् भो तसै ॥४१॥

मन्दोदरी विनति गर्न अगाडि सर्दी
यो खड्ग टारु कसरी भनि चित्त धर्दी।
पाऊपरीकन वहुत् गरि विन्त पारिन्
सव् रिस् समन् पनि गरायेर४ खड्ग टारीन् ॥४२॥

हुकुम् रावणले ताँहाँ यति दियो हे राक्षसीहो५ सिता
मैन्हा दूयि यसै वसून् तवउपर् मेरा सयनमा६ कि ता।
वस्नीन् वस्तिन पो भनीन्७ भनि भन्या काट्नून८ र टुक्टुक्९ गरी
तर्कारी भुटुवा वनाउनु अनेक्१० मीठा मसाला धरी ॥४३॥

मासू खाइ म छोड्ला अझ पनी चेताउ एनी११ भनी
रावण् फर्कि गयो ति राक्षसिहरू एक्मुख् भया फेर् अनी।
एक् भन्छे किन व्यर्थ यौवन सक्यौ रावण् गराऊ पती
दोस्री क्या भनि उठ्तछे कि कति वार् भन्छेस् तँ थाक्छेस् कती ॥४४॥

काट्नै पर्छ नकाटि हुन्न भनि वात् गर्दैथियी आंक ता
हात्मा ली तरवार१२ दौडि पनि गै भन्दै म काट्छू सिता।
अर्की घोर् मुख वायि १३दौडि त१३ नजिक् धाई सिताथैँ जसै
वूढी राक्षसि एक् थियी र त्रिजटा तेस्ले हटाई तसै ॥४५॥

१. दरायि-३। २. जवाप्-२। ३. खड्ग-३। ४. गरायर-३। ५. ई-४। ६. सयेनमा-३। ७. पनी-४। ८. काटेर-४। ९. कुट्कुट् -३। १०. असल्-४। ११.येती-२,३। १२. तरवार-३। १३-१३. डर् दिन-२,३,४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागी भन्न अभागि दुष्टहरुहो१ क्या दुष्टका झैँ मती
गर्छौ छोड विरोध् नराख गर पूप् सीताजिको ता स्तुती।
पाऊमा पर दंढवत् गर सबै मालिक् इनै हुन्२ भनी
मेरा आज वचन् लियौ भनि भन्या पूप् हीत होला पनी ॥४६॥

स्वप्नाको सुन भन्छु लक्षण त्याहाँ श्रीराम् सिताका पती
ऐरावत्उपरी चढेर सँगमा भाई लियी वीर् अती।
त्याहाँ३ आइ रिसायि भस्म सव४ यो लंकै गराईदिया
रावण् मारि सिता लियेर सँगमा पर्वत् उपर् पो थिया ॥४७।

रावण् गोमयकुंडमा कुलसमेत् पूप् तेल मर्दन् गरी
वुड्थ्यो सव् मुड आँफना उँनि उसै मुड्को त माला धरी।
श्रीराम्का५ नजिकै विभीषण थिया भक्ती प्रभूको गरी
गर्थ्या पूप टहल् वहुत् षुसि हुँदै तन् मन् वचन् एक् गरी ॥४८॥

रामूले रावणलाइ आज सहजै मार्छन् कुलै साफ् गरी
रावणको अव वृद्धि छैन थसका आयो विपत्को घरी।
रामका भक्ति विभीषणै अवउपर् वस्नन् त्याहाँ राज् गरी
जस्तो हुन्छ हुकुम् सितापतिजिको सोही शिरोपर् गरी ॥४९॥

जस्तो स्वप्न भयो उ सव् भनि शक्याँ एती भनी चूप् जसै
लागीथी त्रिजटा ति वात् सुनि डऱ्या सव् राक्षसीगण् तसै।
निंद्राका वसमा सवै परिगया सीता वहूतै रुँदी
आधार् कोहि नपाँउँदी अधिक ताप् पाएर६ विह्वल् हुँदी ॥५०॥

भोकी शोक् गरि भन्दछिन् अव त्याहाँ ऐल्हे कसोरी मरू
इन्का हात परेर मर्नु ननिको आफै म७ मर्छु वरू।
ताप्ले पूर्ण हुँदी उपाय अरु थोक् कोही नजान्दी कवै
मनमा स्वस्थ नपाँउदी विरहले देख्तीन८ अँध्यारो सवै ॥५१॥

१. दुष्टहरुको-३। २. हुं-३। ३. आवा-३। ४. सभ-२,३। ५. श्रीराम्को-३। ६. मानेर-४।
७. मँ-२। ८. देख्दी-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्मा चित्त दियेर मर्नु वढिया मानेर सीता ताँहाँ
झुन्डीन्या मतलव् लिथी खडि भयीन् पक्रेर हाँगामाहाँ ।
राक्षस्का बिचमा वसी जिउनु१ धिक् मर्नू निको मर्दछू
चुल्टो लामु छ झुंडिनाकन ताहाँ डोरी त यै गर्दछू ॥५२॥

एस्तो निश्चय सुर् गरीकन सिता झुनडीन आटिन् जसै
काम् वित्ला भनि सानु वोलि २गरि फट्२ वोल्या हनूमान् तसै ॥५२॥(क)

इक्ष्वाकूका कुलैमा अति वलि दशरथ् वीर् महाराज् भयाछन्
तिन्का तीन् रानिमध्ये३ गुणि गुणि अति वीर् चार छोरा भयाछन।
जेठा राम्जी ति चार्मा उँहिँ पछि त भरत्जी४ र लक्ष्मण् इ तीनै-
भन्दा सत्रुघ्न कान्छा सकल गुणमहाँ५ कंति छैनन् इ कूनै ॥५३॥

जेठा राम्जि पिताजिका हुकुमले सव् राज्य छोडीदिई
वन्मा वस्न चल्या वडा पुसि भई सीता र लक्ष्मण् लियी ।
एक् दिन् पंचवटी गया प्रभु तही डेरा६ प्रभूको पऱ्यो
रावणले अतिछल् गरीकन ताहाँ सीताजिलाई हऱ्यो ॥५४॥

राम् लक्ष्मण् नहुँदा सिताकन ताँहाँ चोरी जसै ता हऱ्यो
चोर्ले आज सिता हऱ्यो भनि वहूत पेद् रामलाई पऱ्यो ।
जान्थ्या पोजि सिताजिलाइ वनमा फेला जटायू पऱ्या
तिन्माथी करुणा भयो प्रभुजिकी७ ताँहीं जटायू तऱ्या ॥५५॥

भेट् सुग्रीव्सित भो पछी प्रभुजिको लाया मित्यारी पनी
वाली मारि रजाञि वक्सनुभयो मीत् हुन् इ मेरा भनी ।
वीर् वीर् वानर छानि सुग्रिवजिले सीताजि षोज्नै भनी
हूकुम् वक्सनुभो र वीर्हरु८ गया सीताजि खोज्नै पनी ॥५६॥

---

१. जिवनु-३। २-२. फटपट्-४। (क) चल्तिका संस्करणमाँ देखिनि एसपछिका दुइ आद्द्रि मैँले हेरेका तिएटै लेखोट्माँ र डमरुवल्लवका छापामाँ समेत् देखिँदैनन् । ३. मध्ये-४। ४. भरज्जी-२, ३। ५. माहाँ-२। ६. देरा ३। ७. प्रभुजिका-२, ३। ८. वानर-२, ३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिन्मा एक् विर ता म हुं१ मर त व्हीँ आव्या समुद्रै तरी
संपातीसित भेट् हुँदा पवर भै उन्का वचन्ले गरी । (ख)
देष्याँ आज सिताजिलाइ र व्याँइाँ आनन्द पाव्या भनी
एती विन्ति गरेर चूप् भयिरह्या ताहाँ हनूमान् पनी ॥५७॥

सीताजिले जव इ वात् क्रमले सुनीथिन्
आश्चर्य भैकन वरीपरि हेरि एक् छिन् ।
कोही न देष्ति ति सिता अरुलाइ ताँहाँ
भन्छिन कुरा इ कहन्या जन को छ व्याहाँ ॥५८॥

भ्रम् हो भनू भनि भन्या सव चेत् छ मेरा
स्वप्ना कसोरि भनु निद् पनि छैन मेरा ।
जो हो यि वात कहन्या उ अगाडि आई
अंमृत् वचन् इ फिरि आज भनोस् मलाइ ॥५९॥

सीताजिका यति वचन् जव सुन्न पाया
सानू स्वरुप्३ लि हनुमान्जि अगाडि आया
दर्शन् प्रणाम् पनि गऱ्या र सिताजिलाई
ताँहीं पडा भयिरह्या अति हर्ष पायी ॥६०॥

लाल् मुष् पीत शरीर् शरीर् पनि अधिक् सानू भगेराशरी
धाऱ्याका हनुमान देषि मनले आँफै ति संका गरी
रावणको छल हो कि यो भनि ताँहाँ लाइन् अधोमुष् जसै
संका भो अव माइलाइ भनि झट् वोल्या हनूमान् तसै ॥६१॥

हे मातर् म त दास हुं हजुरको राम्का हुकुम्ले गरी
आयाको छु हजूरका पवरमा गंभीर् समुद्रै तरी
राजा सुग्रिवको म मंत्रि पनि हुं४ वायू पिता हुन् भनी
एती५ विन्ति गरेर चूप् भयि रह्या क्या हुन्छ मर्जी भनी ॥६२॥

---

१. हुँ–१। २. मँ–३। (ख) चल्तिका संस्करणका एसपछिका चार पाउ मैँले हेरेका लेखोट्माँ र डमरुबल्लवका छापामाँ पनि छैनन् ।३. सरुप्–३। ४. हुँ–१। ५. यत्ती–२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीताजी पनि भन्दछिन् कसरि यो जाँनू म मानीस् पनी
वानर्‌सीत मित्यारि लाउँछ कतै१ क्या हुन् कुराको जनी ।
एती वोलि सिताजि चूप् भइरहिन् साँचो नमानी जसै
फेर् वृत्तान्त २गरी सुनाइ सवर वात् औंठी दिया पो तसै ॥६१॥

औंठी दीकन फेर् प्रणाम् पनि गरी३ जस्सै हनूमान् वस्या
देखिन् औंठि जसै तसै त वरवर् हर्षास्रुधारा पस्या ।
वर्वर् आँसु पसाउँदै प्रभुजिको औंठी४ शिरोपर् धरीन्
साह्रै पूस्५ हनुमान् उपर् भइ ताहाँ प्राण् मैं पियारो गरिन् ।६४॥

हित गरि हनुमान्‌जीलाइ भन्छिन् ति माता
मँकन तिमि भयौ पूप् प्राणका आज दाता ।
तिमिसित रघुनाथ्‌को पूप विश्वास मान्या(न्याँ)
तव मँसित पठाया एहि कामूले त जान्या(न्याँ) ॥६५॥
अव त तिमि हनूमान् जल्दि गै रामलाइ
भन विर्पात प-याकी देपिहाल्यौ मलाइ ।
जति गरि मउपर् श्रीरामको हुन्छ माया
तति गरि तिमिले पूप् युक्तिले विन्ति लाया ॥६६॥

जिन् तिन् शरीर महिना दुइ ता म धर्छु
ताँहाँपछी त तिमि निश्चय जान मर्छु ।
पान्या छ दुष्ट तरकारि वनाइ एही
छैनन् याहाँ अरु सहाय मलाइ कोही ॥६७॥

तस्मात् अवश्य इ दुई महिना नजायी
सुग्रीव्‌समेत् सकल सैन्य लियेर आयी ।
एस् दुष्टलाइ सव६ वंस७ समेत८ मारुन्
यो दुःखसागर प-याक्ति मलाइ तारून ॥६८॥

---

१. कनै-३। २-२. सुनाइ ताही सभ-२,३। ३. गरिन्-३। ४. ओठी-३। ५. पूप्-३। ६. सभ-३। ७. वंश-३। ८. स्मेत्-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिपसित१ गरि विन्ती पूप् दयालू वनाया
जति छ फजिति मेरो यो सवैथोक् जनाया ।
येति विनति गऱ्यैले२ पाउला धर्म ढेरै३
सकल भनि सक्याँ वात् क्या भनू वेरवेरै ॥६६॥

विन्ति श्रीहनुमानले पनि गऱ्या माता४ म सेवक् त हुं
षामित्का५ इ विपत् सबै म कहुँला ढेर्६ वात् ष्याहाँ क्या कहुं७ ।
राम्लक्ष्मण् दुइ भाइ सुग्रिव समेत् वानर्कि सेना लियी
वंशै८ रावणको विनाश्९गरिदिनन् घेरा सहर्मा दियी ॥७०॥

षाँमित्१०लाइ लियेर फेर११ रघुनाथ् जानन् अयोध्या१२महाँ
आवँनन् रघुनाथ् भनेर मनमा संकै नलागोस् त्याहाँ ।
यो विन्ती सुनि भन्दछिन् तँहिं सिता राम्चन्द्रजी क्या गरी
सेना लीकन आउनन् अति गभीर् यस्तो समुद्रै तरी ॥७१॥

जननिकन वुझाया यो हुकुम् सूनि ताँहाँ
महिँ१३ छु प्रभुजिको दास् वोकुला पीठमाहाँ ।
रघुपति दुइ भाईलाइ क्या दुःख पर्छन्
सकल अरु र सुग्रिव् कूँदि आँफै ति तर्छन् ॥७२॥

जननि म त विदा झट् पाँउँ मर्जी त सून्याँ
अव त उहिँ गया पो हुन्छ काम् जल्दि हून्या ।
जँउँन चिज दिँदामा राम विश्वास मान्छन्
उहि चिज पनि पाऊँ जान्छु दिन मात्र जान्छन् ॥७३॥

यति१४ सुनि अघिदेखी केशपास्मा धऱ्याको
मणि झिकि दियिहालीन् रामका मन्पऱ्याको ।

---

१. शिवसित-३। २. गर्नैले-४। ३. धेरै २,३। ४. सीते-२,३। ५. ष्वामित्का-२
६. धेर्-२,३। ७. कहुँ-१। ८. वंसे-३। ९. विनास्-३। १०. ष्वामित्-३। ११. फेरि-३।
१२. अजोध्या-३। १३. मइ-२;३। १४. एति-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भणि दियि फिरि१ भन्छिन् चित्रकूट्मा भयाको
शरणपरि नजर् दी काक वाची गयाको ॥७४॥

एक् दिन् हे हनुमान् मर चिकुत्रटमा राम्का नजिक्मा थिच्या
मेरा कापमहाँ सुत्या र रघुनाथ् हात्को तकीया दिव्या।
मेरा लाल् दुइ पाउ देखिकन काक् आयो र टूँग्यो२ जसै
मेरा ई दुइ पाउदेषि वहुतै आयो रगत् पो तसै ॥७५॥

ऊठी श्रीरघुनाथको नजर भो व्हाही थियो काक् पनी
फेक्या एक् तृण ली ताहाँ प्रभुजिले यो काक मार्छु भनी।
त्यो काक् चौध भुवन् डुल्यो त पनि एक् पायेन आधार् जसै
फेरी आइ शरण् परी नजरदी वाँची गयो काक् तसै ॥७६॥

मेरा आज शरण् पऱ्यो भनि दया आयो उ काक्मा पनी
मैमाथी त दया कसो हुन गयो भन्थिन् भन्या यो पनी।
हात् जोरीकन विन्ति फेरि हनुमान् वीर् गर्न लाग्या ताहाँ
व्हाहाँ छन् भनि यो पवर् नभयि पो आँऊँन ढिल् भो व्हाहाँ ॥७७।

रावणले हरि लैगयो भनि पत्र् हुंथ्यो त व्हाच्थ्यो काँहाँ
आजतक् रावणको कुलै प्रभुजिले सव् भस्म गर्थ्या व्हाहाँ।
देख्छू रूप त ४सानु मानु४ भँगेरा जत्रो कसोरी लडी
राक्षस्नाश् तिमि गर्दछौ ‖तिमि ठुला हुन्छौ स्वरूप् की वढी ॥७८॥

तंम्रो रूप् अति सानु देषि५ अरु ता कत्रा हुनन् झन् भनी
संझन्छू मनले र गुन्छु६ मनमा आश्चर्य मान्छू पनी।
एस्तो७ मर्जि सिताजिको सुनि ताहाँ पर्वत्सरीका भया
मेरुतुल्य स्वरूप् गरेर हनुमान् साम्ने खडा भैरह्या ॥७९॥

जव त ति हनुमानको रूप् ठुलो देषिलीयीन्
पुसि भयि तँहिं वीदा मायिले जल्दि दीयीन्।

१. फेरि–२,३। २. मँ ३। ३. टूजो ३। ४-४. माँनु सानु–३। ५. देख्छु ४।
६. गम्छु–४। ७ यस्तो–१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब त तिमि हनूमान् धृष्ट चाला छपाउ
इनहरु सभ देख्छन्१ कूँदि फेर् जाइजाऊ ॥८०॥

यति२ सुनि हनुमान्ले ३विन्ति फेरी३ लगाया
सहजसित म जान्थ्याँ येति फल् खान पाया।
वरिपरि फलफुल् छन् मर्जि मात्रै म पाउँ
हुकुमविनु कसोरी आज आँफै म पाँऊँ ॥८१॥

विनति यति गर्‍याथ्या पानको मर्जि पाई
खुसि भयि फल पाई माइथैँ फेरि आई ।
चरणपरि विदा भै क्यै गया दूर् जसै ता
अलिकति कुछ् काम् फेर् गर्न आट्या तसै ता ॥८२॥

आँफै मन्मन भन्दछन् ति हनुमान् जून वीर दूत् भै गयी
जत्ती स्वामितको हुकुम् छ उतिमा मात्रै चनाषो भयी ।
उत्ती काम् गरि फिर्छ पो भनि भन्या त्यो दूत् अधं हो भनी
भन्छन् सव् दुनिञा त भेटिकन जाँ कस्तो छ रावण् पनी ॥८३॥

यति४ गमि५ ति६ वघैचा फेक्न मनसुव् चलाई
खुसि भयि ति महावीर् ७फर्कि फेर् जल्दि७ आई ।
सकल वन उखेल्दै चौकि संपूर्ण मार्‍या
फगत जननि वस्न्या एक् शिशौ८ शेष पार्‍या९ ॥८४॥

जव त वन विनास्या राक्षसी जल्दि आई
पुगि नजिक सिताका सोधि सीताजिलायी ।
मन न तिमि १०त सीते वीर् को१० हो क्यान आयो
अति असल वघैँचा११ मासि मैदान् वनायो ॥८५॥

---

१. देखनन्-३। २. एति-३। ३-३. फेरि विन्ती-४। ४. एति-३। ५. गरि-४। ६. त-३। ७ ७. जल्दि फेर् फर्कि-४। ८. शिसौ-३। ९. राख्या-४; १०-१० सिताजी विर्क्त्र ·४; सिते यो वीर् को-२,३। ११. वगैचा-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यति सुनि तँहि सीता भन्दछिन् क्यां म जानू
बिपति परि वस्याकी छू म ता चानुमानू ।
तिमि न वुझ सबै वात् हो को हो क्यान आयो
अति असल वघैंचा१ क्यान मैदान् वनायो ॥८६॥

सकल छल त हो यो राक्षसै गर्छ माया
जब त यति भनीथीन् राक्षसी सब् डराया ।
कँहँन भनि गया सब् रावणैका हजूर्मा
पुगि कहन ति लाग्या वन् गयो जो विसूर्मा ॥८७॥

ऐल्हे हे महाराज् वहूत२ वलियो आयो र वानर् ब्याहाँ
सीताजीसित केहि वाच्चित गरी कूँद्यो वघैंचामहाँ ।
सब् ती रुष् सहजै उपेलिकन साफ् मैदान् वनाईदियो
चौकी चूर्ण गरी हवेलि पनि सब् नास्यो वस्यैको थियो ॥८८॥

आव्यौ३ हामि त विन्ति गर्न भनि यो विन्ती गऱ्याथ्या जसै
सून्यो जल्दि ४उठयो र४ पक्रन भनी लस्कर् पठायो तसै ।
५हूकुंले पनि५ लाष लस्कर चल्यो६ पक्रेर ल्याँऊँ भनि
एक्लाख् लस्करलाइ देषि हनुमान् अत्यन्त गर्ज्या पनी ॥८६॥

त्यो शब्दै सुनि मोह लस्कर भयो छोड्यो हतीयार् पनी
सब् माऱ्या हनुमानले क्षणमाहाँ ई हुन् भुसूना भनी ।
लोहस्तंभ उठायि साफ् सव गऱ्या संचार् पुग्यो यो जसै
रावण् पूप रिसायि फेर् पनि ठुलो सेना पठायो तसै ॥६०॥

सेनाका पति पाच् गया हुकुमले ठूलै थियो ता पनी
त्यो सेना पनि साफ् ताँहाँ गरिदिया उस्तै भुसूना गनी ।
फेर् मंत्रीसुत सात् गया हुकुमले पुप् भारि लस्कर् लियी
लोहस्तंभ उठाइ साफ् फिरि७ गऱ्या सवलाइ ठक्कर् दियी ॥६१॥

१. वगैचा-३। २. अधीक-४। ३. आव्यूँ-२,३।४- ४. उठेर-४।५- ५. हूकुं पायर-२, ३, ४। ६. गयो-२,३,४। ७. गिरि-२,३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सात् मंत्रीसुतलाइ सैन्यसहितै मारी सक्याभ्या जसै
कान्छो रावणपुत्र अक्षकुमार् पो लड्न आयो तसै ।
भारी फौज लियेर त्यो पुतलिझैं आई जसै ता पऱ्यो
आकाश्मा कुँदि लोहदंड शिरमा ठोक्या सहज्मा मऱ्यो ॥६२॥

पैल्हे अक्षकुमार मारि अरु सब् सेना समेत् नाश्गऱ्या
आँउँदैमा तहिँ वत्तिका पुतलिझैँ हूँदै अनेक् वीर् मऱ्या ।
सब् राक्षस्हरुलाइ मारिसकि फेर् आँऊँछ कुन् वीर् भनी
लोहस्तंभ लियी पडा भइ रह्या ताँहाँ हनूमान् पनी ॥६३॥

जब त अतिपियारो पुत्र कांछो मऱ्याको
पवर कहन आया फौज् समेत् साफ् गऱ्याको ।
तब त अधिक ताप् भै भन्छ रावण रिसायी
अब त गयि म आँफैं मार्दछु तेसलाई ॥६४॥

की मार्छू कि त बाँधि ल्याउछु वहीँ तेरा नजिक्मा भनी
रावण्ले यति इन्द्रजित्सित भन्यो तेस् इन्द्रजित्ले पनी ।
हात् जोरीकन विन्ति गर्छ मँ छँदै आँफैं हजूर्ले ताहाँ
जानूपर्छ कतै म गै सहजमा [1]ल्याँऊँछु बाँधी व्याहाँ[1] ॥६५॥

एती विंति गरी चढ्यो[2] र रथमा क्य फौज् पनी साथ् लियी
आयो श्रीहनुमानभयातिर गयो साम्ने मुहूँडा दियी ।
देष्या श्रीहनुमानले पनि र पूप् गर्ज्या र साम्ने भयी
लोहस्तंभ लियी कुदीकन उपर् आकाशवीच्मा गयी ॥६६॥

लोहस्तंभ घुमाइ घुम्न बिचमा लाग्या गरुड् झैं जसै
पाच् वाण् छोडि लगाइ आठ् फिरि थप्यो फेरी लगायो तसै ।
वाण् लाँव्या भनि इन्द्रजित् पुसि भयी गर्ज्यो जसै ता ताँहाँ
घोडा सूत् रथ चूर्ण पारि हनुमान् कूँद्या ति आकाश्माहाँ ॥६७॥

१-१. ल्याउछु मँ वाधी व्याहाँ-२, ३। २. चढ्यो-२, ३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेर् आर्का रथमा चढ्यो१ र अब ता बाँध्छु मँ ऐल्हे भनी
फेँक्यो जल्दि र ब्रह्मपास् ति हनुमानजीलाइ बाँध्यो पनी ।
बाँधी श्रीहनुमानलाइ सँग ली फर्केर दर्बार् गयो
बाँध्याका हनुमान देषि सहरै संपूर्ण पूसी भयो ॥९८॥

जुन् रामको चरणस्मरण् गरि सहज् अज्ञानपास्२नाश्३ गरी
वैकुंठै सब४ पुग्दछन् भनि भन्या तेस् ब्रह्मपास्५मा परी ।
बाँधिथ्या हनुमान काँहाँ तर पनी बन्धन्पन्या भैं भया
रावण्६ भेटि त७ जाँ भँनेर हनुमान् चूप्चाप लागी गया ॥९९॥

जस्सै इन्द्रजितै गयेर हनुमान्जीलाइ बाँधी ताँहाँ
फर्कर्योथ्यो घर जाँ भनी तब तँहीँ आया र रस्तामहाँ ।
रीसफेऱ्या पुरवासिले पनि मुठी उब्जाइ८ हान्दा भया
रीस्फेर्छन् मुसुना भँनेर हनुमान चुप्चाप लागी गया ॥१००॥

पैल्है ता ब्रह्मपास्मा९ परिकन क्षणभर् बाधिनू काम थीयो
ब्रह्माको वाक्य साँचो गरिकन पछि ता पासले छाडिदीयो ।
बंधन्देषी त पुस्क्या तर पनि हनुमान् भेट्न मन्सुब् धऱ्याका
पौंच्या रावण् छ जाँहाँ षुसि भयि अरु ता मान्दछन् कर्पऱ्याका ॥१०१॥

रावण् वीर् पनि मंत्रिवर्ग सँग ली भारी सभामा थिया
पौंच्यो ताँहि र इन्द्रजीत् ति हनुमान्जीलाइ सौंपी दियो ।
हात् जोरी विनती गऱ्यो अतिहरीप् वानर् छ सेना पनी
ढेरै१० नाशगरेछ आज मर्वि गै ल्याव्या पुनी हो भनी ॥१०२॥

ज्या गर्नू अब पर्छ मंत्रिसितको सल्लाह वात्चित् गरी
एसको आज ठयगान्११ लगाउनुहवस्१२ मनमा विचार् पुग् गरी ।

---

१. चढ्यो-२,३। २. पाश्-३। ३. नास् ३। ४ सम २। ५. पाश्-३। ६. रावन्-३। ७. तँ-३। ८. ऊठाइ-२, ३, ४। ९. पाशमा-१। १०. धेरै-२, ३ ११. ठेगान्-२, ३। १२. हवप्-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

येती विन्ति सुन्यो र इन्द्रजितको हेर्‍यो नजर्ले पनी
लायो सोध्न प्रहस्तलाइ किन यो आयेछ लौ सोध्१ भनी ॥१०३॥

अस्सल्मार२ पनि क्या भनूँ अति असल् मेरो वघैचा३ पनी
मार्‍यो वीर् पनि नाश्गर्‍यो मकन ता मानू भुसूनै४ गनी ।
हूकुम् यो सुनि त्यो प्रहस्त हनुमान्जीका अगाडी गयी
लाग्यो सोध्न५ सवै कुरा पनि वहूत् आधार दीन्या भयी ॥१०४॥

यै वीच्मा नडरायि रावणउपर् साम्ने नजर्दी ताँहाँ
वोल्या श्रीहनुमानले६ तँ वुझिले काम्ले त आँयाँ याहाँ ।
भार्या जस्कि हरिस् उनै७ जगतनाथ् राम्को मँ दास् हुं मती
तेरो नष्ट भयो र अर्त्ति दिन पोल आँया९ नले यो गती ॥१०५॥

आया राम मतंगपर्वतविषे लक्ष्मण्सहित् भै जसै
लाया सुग्रिवले मित्यारि पुसि भै राम्चन्द्रजीथैँ तसै ।
वाली मारि रजाँयि वक्सनुभयो सुग्रीव राजा भया
सीता खोज्न हुकुम् हुँदा विरहरू ढेर्१० दश् दिशामा गया ॥१०६॥

एक् वीर्त्ता महिँ११ हुं१२ हुकुम् शिरउपर् लीयेर आँया याहाँ
पाँया देख्न सिताजिलाइ दुत हुं राम्को छलिन्थ्याँ काहाँ ।
वानर् हूम् र उखेलि साफ् गरिदिया तेरो वघैँचा भनी१३
आया मार्न मलाइ जो अघि सरी उनलाइ मार्‍या पनी ॥१०७॥

यो इन्द्रजित् गयि यसै१४ विचमा मलाइ
वाधेर ल्याइकन आज दियो तँलाई ।
वन्धनपर्‍यो भनि नठान् तँ दियाँ जनाइ
पूला छ अर्त्ति पनि दिन्छु म सुन् तलाइ ॥१०८॥

लोकको गती सव विचार् गरि आज तैंले
यो राक्षसी मति नले हित भन्छु मैले ।

---

१. सोध् ३। २. असल्मा-३। ३. वगैंचा-३। ४. भुसूनो-२, ३। ५. सोध्नु-३।
६. हनुमानको २, ३। ७. उसै ३। ८. यो-३। ९. आया-३। १०. धेर्-२, ३।
११. मइ २, ३। १२. हुँ-३। १३. पनी-३। १४. येसै-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण् तँ१ होस् ऋषि पुलस्त्यजिको तँ नाती
राक्षस् कसोगरि त होस् बुझिले नमाती ॥१०९॥

आत्मस्वरूप् त उ त झन् छ अरूप वहाँ
जाती र वर्ण लियि भन्न सकिंद्द काँहाँ ।
सो आत्म हुं म भनि नित्य विचार गर्नू
आनन्दमा रहुँ भन्या मति येहि२ धर्नू ॥११०॥

जो यो लोकविषे प्रपच छ सर्व जान् स्वप्नजस्तो भनी
सूतन्ज्याल् सपना छ सत्य उठ ता लाग्दैन साँचो पनी ।
तस्तै ज्ञान् त भयो भन्या त्रिभुवनै एक् देष्छ आत्मा फगत्
अज्ञान् रूप् निदमा३ पर्‍यो पनि भन्या देषिन्छ नाना जगत् ॥१११॥

आत्मा सत्य म हुं भनेर बुझिले एस् देहलाई पनी
भूटो४ जान पृथिवी र जलहरु मिली भूटै५ बन्याको भनी ।
तर्लास् यो मनमा लियिस् भनि भन्या तार्न्या उनै विद्द्नु छन
जो६ हुन् विद्द्नु उ राम हुन् शरण पर् रिस् उठ्छ तेरा त झन् ॥११२॥

यस्तो मूर्षपना त छोड् लियर७ जा सीता शरणमा त पर्
पूस् हूनन्८ रघुनाथ् शरण् परि गया यो दुष्ट चाला नगर् ।
रामको भक्ति गरैन ता कसरि यो संसार तर्ला उसै
पर्ला जन्मनु मर्नु यै फजितिमा छुट्तैन यो ताप् कसै ॥११३॥

यो जानीकन भक्ति गर् शरण पर् रामका हजुरमा गयी
आफ्नू आत्म नरकविषे नलइजा यस्तो तँ जान्या भयी ।
सीताराम्सितको विरोध् गरि तँ हेर् गिर्लास् नरकमा पनी
फेर् उत्तीर्ण हुनू ९कठीन् छ९ बुझिले अर्ती दिन्या यो भनी ॥११४॥

येस्ता वात् हनुमानका जब सुन्यो रावण् रिसायो ताहाँ
लाल्लाल् नेत्र गराइ भन्छ रिसले सुनाइ साभामहाँ ।

---

१. त-२। २ एहि-३। ३. दिनमा-१। ४. भूठो-२,३। ५. भूठै-३। ६. सो-१।
७. लियेर-३। ८. हूनान्-३। ९-९. कठीन-२,३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो डर् रतिभर् नरापि वहुतै क्या वोल्दछस् रे ज्याहाँ
राम् लक्ष्मण दुइ भाइलाइ सहजै मार्छु म छोड्छु काँहाँ ॥११५॥

सुग्रिव्लाइ तँलाइ मार्छु पछि फेर् मार्छु सिताजी पनी
रामूलक्ष्मणसित क्या डराउँछु र की मार्नन मलाई भनी।
तिन्का वानरसैन्यको पनि विनाश्१ गर्न्या छु येती जसै
वोल्यो रावणले इ वात् सुनि ताँहाँ वोल्या हनूमान् तसै ॥११६॥

यसरि किन वहूतै गर्दछस् सेपि ढेरै२
प्रभुकन त परै राष् जोरि छैनस् तँ मेरै।
अघि सरु त तँजस्ता कोटि रावण् म मारू३
हुकुम त नभयाको मार्नको आज क्यारू ॥११७॥

यस्ता वात् हनुमानका सुनि ताहाँ रावण् रिसायो अती
साँचा हुन् इ कुरा४ हुनाकन५ त हो लिन्थ्यो कहाँ दुर्मती ।
यस्६ वानर्कन काटि टुक् गर भनी यस्तो७ हुकुं पो दियो
हात्मा वेस् हतियार् लियी अघि सऱ्यो जून् वीर् नजीक्मा थियो ॥११८॥

यै वीच्मा त विभीषणै अघि सरी हात् जोरि विन्ती गऱ्या
दूत् हो यो महाराज्८ कुरा पनि वाहाँ लैजान्छ को यो मऱ्या ।
चिह्नँ केहि लगाइ छोड्दिनुहवस् जावोस् र विस्तार् गरोस्
एसै वानरका कुरा सुनि ज्याहाँ आउन् ति संग्राम् परोस् ॥११९॥

साँचो भन्यो भनि वुझी कपरा मगायो
तेल्९ घीउले मुछि पुछर्भरि वेह्र लायो ।
हूकुम् दियो अव जलायर वाँधिलेउ
सारा सहर् पनि घुमायर छाडिदेउ ॥१२०॥

---

१. विनास्-२। २. घेरै-२। ३. मारुँ-२,३। ४. वचन-३। ५. हुन्याकन-२। ६. एस्-३।
७ एस्तो-३। ८. महराज्-१। ९. तेस्-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जावस् टुटो पुछर लीकन फर्कि वाही
पूछर् डढीनसकि छोडनु छैन काँही ।
एस्तो हुकुम् जव दियो तव वाँधिलीया
आगो पनी पुछरतीर लगाइदीया ॥१२१॥

वाध्याका हनुमान लियेर पुसि भैं भेरी अगाडी फुकी
लाग्या घुम्न सहर् ति राक्षसहरू चंर् हो भनी पूप् सुकी।
चुप् लागी हनुमान पनी पुरुपुरू गम् हेरि हिँड्दै१ गयार२
ढोका पश्चिम जुन् थियो सहरको ताँहाँ नि साना भया ॥१२२॥

वन्धनदेखि ति पुस्कि सूक्ष्म रूपले पर्वतसरीका भया
ठूलो३ स्तम्भ उठायि राक्षस अनेक् मार्‍या र कुद्दं गया।
वल्दो लामु पुछर् लियेर घरघर् कूँद्दै सहर्मा डुली
पोल्या सव् सहरै छुटेन कहिँ घर् वाँकी कतै एक् झुली ॥१२३॥

लाग्यो वल्न सहर् जल्या र सव४ घर् सव् वन्द रस्ता भयी
भागी जान नपाँउदा हुँदि अनेक् राक्षस् अटाली गयी ।
फाल्हालीकन अग्निमा परि मर्‍या यो चाल् सहर्मा भयो
पाल्यानन् घर एक विभीषणजिको त्यो मात्र वाकी रह्यो ॥१२४॥

एती काम गरीसकी पुछरको आगो निभाँऊँ भनी
कूदी जल्दि समुद्रमा पुगि पुछर् चोभी निभाया पनी ।
अग्नीले पनि मित्रपुत्र भनि ताप् केही गरेनन् ताहाँ५
सीताको पनि प्रार्थना हुन, गयो डढ्थ्या हनूमान काँहाँ ॥१२५॥

रामका फगत् स्मरणले पनि दुःख छुट्छन
आध्यात्मिकादि सव ताप् पनि जल्दि टुट्छन्६ ।
साक्षात् उनै प्रभुजिका दुत भैं गयाका
डढ्थ्या काँहाँ ति हनुमान् अति हीत् भयाका ॥१२६॥

१. हिड्दै-१, हिड्दा-३। २. भया ३। ३. ठूलो-१। ४. सभ-२। ५. तहाँ-१।
६. छुट्छन्-२,३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फिर्न्या मनसुब ली विदाहुन सिताजीथैँ हनूमान् गया
बीदा पूसि भयेर बक्सनुहवस् जान्छु म भन्दाभया ।
१आऊँछन् रघुनाथ्१ अवस्य भनि यो विन्ती गन्याथ्या जसै
साह्रै शोक् मनमा धरीकन सिता क्यै२ भन्न लागिन् तसै ॥१२७॥

तिमिकन नजिकैमा देषि पूप् पूसि हुंथ्याँ
घरिघरि रघुनाथ्का मिष्ट वार्ता मँ सुन्थ्याँ ।
अब कसरि म यस्ता३ दुःखले प्राण धर्छु
तिमि पनि फिरि जान्या फेरि तापमा म पर्छु ॥१२८॥

सीताका इ वचन् सुनेर झटपट् हात जोरि विन्ती गन्या
एस्तो४ शोक् अब छोडिबक्सनुहवस् आपत्ति साह्रै पन्या ।
ऐल्हे दाषिल गर्छु रामचरणमा बोकी हुकुम् लौ हवस्
ढेरै५ शोक् किन गर्नु हुन्छ मनमा यो ६शोक दूरै६ रहोस् ॥१२९॥

सीताजी पनि भन्दछिन् म त नजाँ जाऊ तिमी मात्र गै
विस्तार् विन्ति गरेर जल्द रघुनाथ् लीयेर आऊ सँगै ।
राम् आइ सब७ दुष्टलाइ सहजै मारी मलाई सँगै
लैजानन् रघुनाथ् त कीर्ति रहला क्या हुन्छ एसैं८ म गै ॥१३०॥

सीताका जब यो हुकुम् हुन गयो वीदा हनूमान् भया
तीन्‌वेर् जल्दि परिक्रमा गरि प्रणाम् गर्दाछँदा ती गया ।
पर्वत्‌माथि चह्रेर९ रूप् पनि ठुलो पर्वत्‌सरीको धन्या
आकास् मार्ग लियी कुँदेर पुसिले पूप् शब्द ठूलो गन्या ॥१३१॥

सून्या शब्द ति अङ्गदादिहरुले बल्या१० परस्पर् पनी
शब्दैले वुझियी अवस्य सहजै भेटेर आया भनी ।
एस्ता बात् तिरमा बसेर सब११ वीर् गर्दै थिया पूस्१२ भयी
पौंच्या श्रीहनुमान् तँहीँ तिरमहाँ आनन्दपूसी रही ॥१३२॥

१–१. आउछन् श्रीरघुनाथ्–२, ३। २. की–३। ३. एस्ता–३। ४. यस्तो–३। ५.धेरै–२, ३। ६–६. शोक् दुरैमा–२, ३। ७. सभ–१। ८. येसै–२, ६. चढेर ३। १०. पोल्या–३। ११. सभ–१। १२.पूप्–३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भेट् भो अंगद वीरहरूसित ताहाँ विस्तार् कुरा सव् गऱ्या
अंगद् वीरहरु पूस् भयी पुछरमा पक्रेर चुंवन् गऱ्या ।
नाच्या कोहि त पूस् भयेर यहि रीत् गर्दै ति रामथैँ गया
सुग्रीव्को मधुवन् मिल्यो नजिकमा साह्रै पुसी ती भया ॥१३३॥

विन्ती अंगदथैँ गऱ्या पनि ताँहाँ पाँऊँ[१] इ फल्फुल् भनी
अंगद्ले पनि पाउ लौ इ हनुमान्जीका प्रसाद्ले भनी ।
दीया मर्जि र पाउँ फल्फुल भनी वानर् गयाथ्या जसै
चौकी वानर जो थिया सव ताँहाँ आया र रोक्या तसै ॥१३४॥

रोक्न्या वानरलाइ लात् दियि पिया मीठो मधूरस् ताँहाँ
यो चुक्ली दधिवक्त्रले लियि गया सुग्रीवजी छन् जाँहाँ ।
सव् विस्तार् दधिमूखले जव गऱ्या लूट्या मधूवन् भनी
लुट्पीट्को समचार् सुन्या र पनि रीस् ऊठेन कत्ती पनी ॥१३५॥

भेट्याछन् वुझियो सिताकन न ता लुट्थ्या मधूवन् कहाँ
ई वात् सुग्रिव गर्दथ्या प्रभुजिले सून्या र कूरा ताँहाँ ।
सीताको पनि नाम् लियेर तिमिले क्या वोल्दछौ वात् भनी
सोधीवक्सनुभो र सुग्रिवजिले विन्ती गऱ्या वात् पनी ॥१३६॥

हे नाथ् श्रीमधुवन् थियो अति असल् मेरो वगैंचा ताँहाँ
ऐल्हे ता हनुमान्हरू वलजफत् आयेर एक् [२]छीण्[२]मँहाँ ।
लूट्याछन मधुरस् अनेक् तरहका चौकी कुट्याछन् भनी
आया आज फिऱ्याद गर्न मधुवन् लूट्या र कूट्या भनी ॥१३७॥

सोझी वात म गर्दछू रघुपते तिन्ले सिताजी पनी
भेट्याछन् तव पो लुट्या र मधुवन् रोक्ता कुट्याको भनी ।
यो विन्ती गरि जल्दि सुग्रिवजिले ती चौकिलाई ताहाँ
दीया हूकुम जल्दि फर्किकन गै चाँडै पठाऊ त्याहाँ ॥१३८॥

आँउँन् श्रीहनुमान्हरू अव यहीँ चाँडो भनी यो जसै
दीया निर्भय [३]हूकुमै[३] उहि वषत् फर्केर दौडया तसै ।

१. पाउन्-२, पाउन्-३। २. छिन्-३। ३- ३. दी हुकुम्-३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मामा सुग्रिवका गया र दधिमूख् हूकुम् सुनाईदिया
पूसी भै हनुमान्हरू पनि गया जाहाँ[१] रघूनाथ् थिया ॥१३९॥

राम् सुग्रीवकन दंडवत् गरिलिया साम्ने जमिन्मा परी
सव् विस्तार् हनुमानले तहिँ गऱ्या वृत्तान्त एक् एक् गरी।
भेटथ्याँ[२] आज सिताजिलाइ रघुनाथ् लंका पुरीमा गयी
जस्सै देपिलिँञ्या सिताकन तसै साना स्वरुप्को भयी ॥१४०॥

पात्का अंतरमा लुकी जननिका साम्ने नजीक्मा रह्याँ
जो वृत्तान्त थियो सवै हजुरको त्यै सूक्ष्म रूप्ले कह्याँ।
भोकी दुव्लि हजूर दूर रहँदा संझेर[३] साह्रै रूँदी
रामराम् वोल्दि अनाथ् भयीकन वहुत् विह्वल् निरन्तर् हुदी ॥१४१

असोक्का[४] वनमा शिसौ पनि छ एक्[५] त्यै वृक्षका नीचमा
भूँडीन्या मतलव् लियी खडि थियीन् सूनिन् उसै वीचमा।
त्यो वृत्तान्त सुनी हुकुम् पनि भयो को होस् तँ वोल्छस् काँहाँ
क्या लूकीकन वोल्दछस् अव नलूक् आईज साम्ने ञ्याहाँ ॥१४२॥

पाँञ्याँ एति हुकुम् जसै जननिको वानर्स्वरुप्ले गञ्या
को होस् भन् भनि सोधिवक्सनुभयो फेर् विन्ति गर्दो भँञ्या।
फेर्[६] वृत्तान्त गरी सकी हजुरको औंठी दिञ्याँञ्याँ जसै
वर्वर् आँसु खसालनू पनि भयो विश्वास लाग्यो तसै।
आफ्नू दुःख हवाल् सवै कहनुभो यस्ता विपत् छन् भनी
आँऊँ छन् रघुनाथ् भनेर वहुतै मैले वुझाँञ्याँ पनी ॥१४३॥

वात्चित् गरीकन यता जव फिर्न लाग्याँ
विश्वास पार्न जननीसित चीज माँग्याँ।
चूडामणी दिनुभयो शिरमा रह्याको
काक्को कुरो कहनुभो अघि जो भयाको ॥१४४॥

लक्ष्मणलाइ अवाच्य वात् भनि वहूत् पोल्याकि[७] छू ता पनी
त्यो रीस् लक्ष्मणले कदापि नलिउन येसो त भन्थीन्[८] भनी।

---

१. जहा-१। २. भेटथ्यौं-१। ३. सम्झेर-३। ४. अस्सोक्- ३। ५. येक्-३। ६. सव्-३।
७. वोल्याकि-२। ८. भन्थी-२, ३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हात् जोरीकन विन्ति पूप् गरिदिया येती हूकुम् भो जसै
सव् वृत्तान्त सुनी विदापनिभँन्याँ फर्केर आयाँ तसै ॥१४५॥

मायीसीत विदा भयी जव फिर्‍याँ मन्मा लहड्[१] यो गयो
रावणलाइ नभेटि जाँ मर कसरी भन्न्या विचार् यो भयो।
भेटी रावणलाइ अर्चि पनिदी फीर्नू असल् हो भनी
फर्की ध्वस्त गर्‍याँ अशोकवनको मार्‍याँ अनेक् वीर् पनी ॥१४६॥

कान्छो रावणपुत्र अक्षसुकुमार् मार्‍याँ र रावण् जाँहाँ
थीयो ताँहि गया भँन्या हित वचन् टेरेन केही ताँहाँ।
गर्ज्यौं वकवक वात् अनेक् तरहका मैले भुसूनै[३] गनी
रावणकै अघि पाग् गरी सकिदियाँ पोलेर लंका पनी ॥१४७॥

एती कर्म गरी याहाँ हजुरमा आँया म ऐल्है भनी
एती विन्त गरी पडा भयिरह्या ताँहाँ ति सेवक् पनी।
श्रीराम्ले पनि कापमा लिनुभयो सर्वस्व दिन्छू भनी
वात्ले चित्त वुझाइवक्सनुभयो सर्वस्व यै हो भनी ॥१४८॥

मैले पुग् भयि काप्[४]द्या भनि भन्या फेर् दीनु वाँकी रती
केही चीज् रहँदैन सव् मिलिगयो यो वात् वताऊँ कती।
काप्मा राषि हुकुं भयो यति[५] जसै पुसी हनूमान् भया
आनन्दाश्रु गिरायि भक्तिरसले हाँजीर् हजूर्मा रह्या ॥१४९॥

धन्य हुन् इ हनुमान् इसरीको[६]
छैन भक्त अरु कोहि हरीको।
भक्ति पूप् गरि त काप् पनि पाया
लोकमा अधिक धन्य कहाया ॥१५०॥

जस्को पुजा तुलसिमात्र चढाइ गर्छन्
उस्ता पनी त भवसागर पार तर्छन्।
ई ता उनै प्रभुजिका दुत हुन् त काँहाँ
सक्नू[७] म वर्णन गरी इनको त ज्याहाँ ॥१५१[१५२]क॥

इति सुन्दरकाण्डोऽयम् भाषाश्लोकं समपूर्णम् ॥ शुभम् ॥ ॥ ॥ ॥ ॥

---

१. लहर्-२,३। २। मँ- ३। ३. भुसूना- २,३। ४. काँप्- २। ५. पनि- ३। ६. इशरीको- १। ७. शक्नू- ३।

क. व उन्नौ सिलक्माँ र एकसेत्रिचालिसौँ सिलक्माँ एकुन् आदृद्रि वढि भाकाले [illegible] चन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुई आदिकवि : एक अध्ययन

(वाल्मीकि र होमर : तुलना)

—जयराज आचार्य

वाल्मीकि संस्कृत साहित्यका आदिकवि हुन् ; होमर ग्रीक साहित्यका आदिकवि हुन्। भारतीय साहित्यहरुको मुहान वाल्मीकि भए जस्तै यूरोपीय साहित्यका मुहान होमर हुन् भन्ने सबैको विचार छ। केही पाश्चात्य विद्वान्हरू वाल्मीकि रामायणमा होमरको प्रभाव छ पनि भन्ने गर्छन्।

इलियड र ओडिस्सी दुई मध्ये एकलाई मात्र रामायण सित तुलना गरेर समानता वा प्रभावितताका कुरा झिक्ने हो भने केवल हास्यास्पद मात्र भइन्छ। तर "रामायण=इलियड+ ओडिस्सी" यस्तो फार्मूला गराएर आदिकवि होमर विरचित दुवै ग्रन्थलाई आदिकवि वाल्मीकि विरचित रामायण सित ठाम-ठाममा तुलना गर्न भने सकिन्छ। ग्रन्थको शरीरका दृष्टिले पनि इलियड ओडिस्सी दुवै मिलाउँदा जत्रो पुस्तक बन्छ, रामायण ठीक उत्रै वा अझ धेरै ठूलो छ। फेरी इलियड र ओडिस्सी दुवै महाकाव्य एउटै लामो कथाका दुई खण्ड मात्र हुन जस मध्ये इलियड चाहीँ ग्रीक र ट्रोजनहरूका बीच भएको १० वर्षे लडाइको युद्ध समाप्तिकालिक तीन दिन भित्रको घटनालाई लिएर मात्र निर्मित छ। त्यस कारण यसमा लडाइँको कुरा बाहेक महाकाव्यले दिनु पर्ने अरु कुराहरू (तात्कालिक सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक, राजनीतिक आदि अवस्थाको ज्ञान पाइने वर्णन एवं प्रकृतिक दृश्य वा अवस्था आदिको वर्णन) उति पाइदैनन्। अतः, यद्यपि वाल्मीकि रामायणको युद्धकाण्डमा रामले समुद्रमा पूल बाँध्ने काम आरम्भ गर्नु भन्दा अघि लंका तर्फ प्रस्थान गर्ने समय देखि रामको राज्याभिषेक र अतिथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरुको विदाई सम्मको कथा वर्णित छ ता पनि, इलिग्रडलाई हामी रामायणको युद्धकाण्डसित तुलना गरिहेर्न सक्छौं। वस्तुतः रामायण र इलियड ओडिस्सीको तुलना गर्न हामीले दुवै यी ग्रन्थहरूको कथानक जान्नु आवश्यक छ।

(क) इलियड ओडिस्सीको कथा–राजा प्रायामको[1] राज्य ट्राइ[2] एकदम समृद्ध थियो। उनकी रानीलाई आफ्ना राजकुमार प्यारिसले[3] ट्राइ राज्यको ध्वंस बोलाउँछन् भन्ने कुरा सपनामा थाहा भए पछि उनलाई जङ्गलमा फालिएको थियो र एक जना भेडा-गोठालाले पाएर पालिरहेको थियो। एक दिन आकाशबाट तीन वटी सुन्दरी स्त्रीहरू झरेर 'हामी मध्ये सबै भन्दा राम्रो कुन छ ?' भनी उनलाई सोध्न थाले। राजकुनार प्यारिसले सौन्दर्यकी देवीलाई[4] छानिदिए र देवीको पूर्व-प्रतिज्ञा अनुसार उनले अब संसारकी सबै भन्दा राम्री स्त्रीको प्रेम पाउने भए। त्यतिखेर संसारकी सबै भन्दा राम्री स्त्री स्पार्टाका[5] राजा मेनिलेअसकी[6] रानी-हेलन्[7]-नै थिइन।

केही समय पछि प्यारिस् आफ्नो दरवार फर्केर ग्रीसको[8] स्पार्टा नगरमा डुल्न जाँदा राजदरबारमा पुगे र पहिलो देखादेखी मै हेलनले प्यारिसलाई प्रेम गरिहालिन्। त्यसपछि एउटा अँधेरी रातमा (मनिलेअस दरबारमा नभएको बेला) हेलन् र प्यारिस् भागेर ट्राइ पुगे। पछि यो थाहा पाएर स्पार्टाका राजा रिसले चूर भई सारा ग्रीक राजकुमारहरूलाई सहायक लिएर ठूलो फौज साथ ट्राईमा हमला गरे।

यस पृष्ठभूमिमा इलियड शुरू हुन्छ।

इलियडको कथा.–दुई पक्षको लडाइँ भयङ्कर रूपले दश वर्ष सम्म चलिरह्यो: हारजीत निर्णय भएन। तर युद्धको अन्त्य तिर एउटा घटना घट्छ ग्रीकहरूको पक्षमा लडिदिन आएका अकिलीज[9] (देवराज जूसका[10] छोरा) ले एउटी सुन्दरी ठिटीलाई प्रेम गरिरहेको मौका यागमेमनन्[11] (ग्रीक राजा मनिलेअसका दाज्यू) पनि त्यसैलाई प्रेम गर्न थाल्छन्। यस्तो देख्दा झोक्किएका अकिलीजले युद्धमा असहयोग गरि दिन्छन्। अनि ट्रांजन (ट्राइ निवासी) हरूले ग्रीकहरूलाई बढ्ता चाप्न थाल्छन्। घमासान लडाइँ चल्छ;

1 Priam. 2. Troy. 3. Paris. 4. Athene. 5. Sparta. 6. Menelaus. 7. Helen. 8. Greece. 9. Achilles. 10. Zeus. 11. Agamemnon

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुवै तिरका भयङ्कर वीर वीर योद्धाहरू मर्छन् र दुवै पक्ष शोक ग्रस्त भएर बाह्र दिने युद्ध विराम गर्न सहमत हुन्छन्। तर 'हेलन् कस्की ?' भन्ने प्रश्न चाहीं दुवै प्रेमी (मनिलेअस र प्यारिस) का बीच एक्लै-एक्लै युद्ध गर्दा मनिलेअसले नै जितेकोले, शर्त अनुसार हेलन् उनैकी हुन् भन्ने टुंगो लागी समाधान गरिइसकेको हुन्छ। अन्त्यमा, युद्ध-विराम गर्दा ग्रीक पक्षका यागमेमनन र ट्राइ पक्षका हेक्टर[1] को अन्तिम-संस्कार गरेर शोक मन इन्छ। यसरि इलियड[2] को कथा सकिन्छ।

ओडिस्सी[3] को कथा: युद्ध समाप्ति पश्चात् सबै ग्रीक राजकुमारहरू आ-आफ्ना राजधानी फर्के। तर इथाका[4] का अत्यन्त चतुर र शूरा राजा ओडिस्स्यूस[5] को फिर्ती समुद्र यात्रा भने ज्यादै संघर्षपूर्ण रह्यो। ट्रोइबाट इथाका पुग्ने समुद्री बाटोमा उनलाई सम्भवतः १० वर्ष लाग्यो। यिनै वर्षहरूमा उनले आफ्नो समुद्र यात्रामा खप्नु परेका दुःखपूर्ण सङ्घर्षहरूको वर्णन ओडिस्सीमा छ।

उता, उनका छोरा टिलेमकस्[6], जसलाई उनले एक सानो दूधे बालक छोडेका थिए, करीब २०।२२ वर्षको जवान भैसकेका थिए। ओडिस्स्यूसकी रानी-पिनेलपी[7] -लाई चाहीं 'ओडिस्स्यूस अब फर्कदैंनन; मरिसके' भन्ने विश्वास लिएर उनीसँग विवाह गर्न चाहने (तथाकथित्त) प्रेमीहरू आएर दरबारमा, प्रतिदिन खचाखच भई रक्सी पिउने, हल्ला गर्ने, भोज खाने, 'विवाह चाँडै गरौं' भन्ने गरेर सताइरहेका थिए। तर टिलेमकस् र पिनेलपी भने ओडिस्स्यूस मरे भन्ने कुरा मान्दैनथे; अझै फर्कने छन् भन्ने आशा थियो।

यस्तैमा, टिलेमकस् आफ्ना बाबुको खबर पाउने उद्देश्यले इथाकाबाट निस्के। उता ओडिस्स्यूस चाहीं अनेक प्रकारका राक्षस, बोक्सी, हुरि, बतास र भुमरीको खतराभित जुद्धै इथाकाको समुद्र-किनारमा उत्रे; त्यतिखेर सम्म उनको सारा साथीहरू समुद्र यात्राको विपत्तिमा मरिसकेका थिए। उनी एक्लै आफ्नो पुरानो भेडागोठालोको झुपोमा पुगेर बसिरहेका थिए; त्यही वेला देवी अथीनीको प्रतापले टिलेमकस पनि उहीं आइपुगे र परस्पर चिनाजानी भयो। अनि दुवै (पिता पुत्र) दरबार गएर पिनेलपीका विवाहार्थी[8] शयजना भन्दा बढी उमेदवारहरू-लाई मारेर पुनः राज्य गर्न थाले।

---

1. Hector. 2. Illiad. 3. Odyssey. 4. Ithaca 5. Odysseus. 6. Telemachus) 7. Penelope. 8. Wooers.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) रामायणको कथा:-अयोध्याका राजा दशरथको राज्य बडो समृद्ध थियो। सबै प्रजा सुखी थिए तापनि स्वयं राजालाई अत्यन्त वृद्धावस्था भइसक्दा पनि छोरा न जन्मेकाले उनी बडो दुःखित थिए। एक दिन उनले गुरू कहाँ गएर यस बारे विचार विमर्श गरे। गुरू वसिष्ठको आज्ञा अनुसार पुत्रेष्टि यज्ञ गरेपछि राजाका तीन रानीहरूबाट क्रमात् राम, भरत, लक्ष्मण र शत्रुघ्न चारभाई छोरा जन्मे। चारै भाइको विवाह भयो। जेठा रामकी पत्नी जनकसुता सीता भइन्। जब दशरथलाई आँफु ज्यादै बूढो भएको र राम पनि युवावस्थामा प्राप्त भएको अनुभव हुन्छ, उनी रामको राज्याभिषेक गर्ने घोषणा गर्छन्, यसले चारैतिर हर्षोल्लास फैलिन्छ, तर त्यतिखेर कैकेयी चाहीं आफ्ना छोरा भरतले राज्य पाउन् र राम चाहीं चौध वर्ष वनवास जाऊन् भनी राजासंग वर माग्छिन् जसको लागि राजा पूर्ववचनबद्ध थिए। आन बडो दुःख साथ राजाले कैकेयीको कुरा स्वीकारेर निद्राशून्य रात बिताए। भोलिपल्ट जब रामको अभिषेकका कुरा चलेका थिए दशरथले रामलाई बोलाएर भएको घटना बताए। रामले बाबुको कुरा बडो शान्त र धीर भएर सुने र उनको आज्ञा शिरोपर गरी वन जाने भए। सीता र लक्ष्मणले पनि राम सगै वन जाने निश्चय गरे। त्यसपछि केही दिन मात्र बाँचेर पुत्रवियोगको शोकले दशरथको मृत्यु भयो। उता राम, सीता र लक्ष्मण चित्रकूट पहाडको जंगलमा शान्त र सुखमय जीवन बिताइरहेका थिए। भरत चाहीं आफ्नो मावलीमा बसिरहेका थिए र अब उनलाई अयोध्या झिकाइयो। तर सबै कुरा थाहा पाइसके पछि भरतले राज्यारोहण त्यागेर रामको खोज गर्न थाले। चित्रकूट वनमा भरतको प्रार्थनाले रामलाई निकै प्रभावित पाऱ्यो तापनि उनी आफ्नो वनवास पूरा गर्न मै दृढ रहे। आफ्नो राज्याधिकारको प्रतिनिधि स्वरूप आफ्ना खराउ भरतलाई दिएर रामले भरतलाई घर पठाए।

× × ×

रामले दण्डकारण्यमा तपस्या गर्ने ऋषिहरूको दैनिक कृत्यमा विघ्न पार्न आउने भयङ्कर राक्षसहरूलाई मारिदिन थाले। आफ्ना भाई (खर, त्रिशिर, दूषण) हरूलाई मारिदिएको थाहा पाएर राक्षसहरूको राजा-रावण-ले रामसित बदला लिने सुरु गऱ्यो र मारीचलाई सुनको मृग बनेर सीताको नगीच खेल्न पठायो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि, जब सीताले 'मृग खेलाउँछु' भनिन र रामलक्ष्मणले मृगको पीछा गर्न थालेका थिए, रावणले एक जोगीको रूप धारण गरेर आई सीतालाई हर्‍यो। सीतालाई बलात् हरेर लान खोज्दा उसको जटायुसित संघर्ष पर्‍यो तापनि उसले जटायुलाई तुरून्त मारिदियो र सीतालाई लङ्का पुर्‍यायो। केही छिन पछि राम फर्केर आश्रममा आउँदा सीतालाई पाएनन र बडो उद्विग्न औ शोकाकुल हुँदै खोज्न थाले। उनले वनमा कबन्ध (राक्षस), शबरी (तपस्विनी) आदिलाई र अन्त्यमा वानरराज सुग्रीव तथा हनुमानलाई भेटे। पत्नीवियुक्त सुग्रीव संग उनको मित्रता भयो र रामले उनलाई पत्नी र राज्य मिलाइदिए। त्यसपछि सुग्रीवका मन्त्री– हनुमान-सीताको खोजमा निस्के र समुद्र नाघी रावणको देश लङ्का पुगे। लङ्कामा सीतालाई बडो शोकाकुल र दयनीय अवस्थामा एक बगैंचाको रूख मुनि देखेर उनीसंग कुरा गरी हनुमान्ले लङ्कावासी कैयौं राक्षससेनालाई मारे र लङ्का शहरमा आगो समेत लगाइदिए। त्यसपछि फर्केर उनले आफ्नो सबै प्रतिवेदन रामलाई सुनाए र लङ्का जाने र रावणसित लड्ने योजना बन्न थाले। वानरसेनाको सहायताले समुद्रमा पूल बाँधियो र लङ्कामा पसेर रावणसित भयङ्कर लडाइँ पर्‍यो। अन्त्यमा रावणलाई मारी राम विजयी बने र सीतालाई अग्निपरीक्षा गरी बडो उल्लासका साथ राम सीता र लक्ष्मण सेना सहित अयोध्या फर्के। अनि आफ्ना भाइ भरतले धानिराखेको शासन भार रामले ग्रहण गरे र आफ्ना जनतालाई एक नयाँ स्वर्ण युगको प्रवर्तनले खुशीसाथ शासन गर्न थाले।

यसरी रामायणलाई पनि दुइ भागको संयुक्त रूप मान्न सक्छौं। (१) पहिलो भागमा अयोध्याको घटना (जसले अयोध्या दरबारको अवस्था थाहा पाइन्छ) र राम वनवास; र (२) दोस्रो भागमा सीता अपहरण र लङ्काको युद्ध (जसले लङ्का दरबारको अवस्था थाहा पाइन्छ) र सीता-मिलनको घटना पाइन्छ।

× × ×

यस सन्दर्भमा प्राचीन ग्रीस र प्राचीन भारतका महाकाव्यहरूको तुलनात्मक अध्ययन गर्नु पर्ने देखिन्छ। होमर र वाल्मीकिका कृतिहरूको तुलनात्मक अध्ययन गर्दा विशेषतः (१) घटनाहरू (२) पात्रको चरित्र (३) कविको वर्णन र (४) कविहरूको समय आदि कुरामा ध्यान दिनु ठीक होला।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इलियड र रामायणको घटनात्मक तुलनाः—

(१) इलियड र रामायणका बीच अत्यन्त तुलनायोग्य कुरो के छ भने इलियडमा वर्णित जुन ट्रोजन्-युद्ध छ त्यो र रामायणमा वर्णित राम-रावण युद्ध (दुवै नै) अपहृत महिलाहरू (हेलन र सीता) को पुनः प्राप्तिका लागि लडिएका युद्ध हुन्। किनभने हेलन् र सीतालाई क्रमशः प्यारिस र रावणले हरेर लगेका छन्।

(२) ट्राइका प्यारिस र लङ्काका रावणसित युद्ध गर्न जाँदा दुवै थरी (ग्रीकहरू र रामचन्द्रादि आर्य) लाई समुद्र तरेर जानु परेको घटना समान छ र परपत्नीहारीहरूले आफ्नो किल्ला बलियो सित घेरेर राखेका छन्।

(३) दुवै काव्यमा राजाका जेठा छोराहरू (रामायणमा रावणको जेठो छोरो इन्द्रजित् र इलियडमा प्रायामको छोरो हेक्टर) को लडाइँ विशेष भयानक रहेको कुरा तुलनायोग्य छन्। फेरि प्रायामका जेठा छोरा हेक्टरलाई मार्ने अकिलीज र रावणका जेठा छोरा इन्द्रजित्लाई मार्ने लक्ष्मण पनि तुलनायोग्य पात्र हुन्।

(४) दुवैतिर अपहृत महिलाहरू (हेलन् र सीता) लाई लडाईमा विजय प्राप्त गर्नु भन्दा अघेरै क्रमश ओडिस्स्यूस र हनुमान्ले भेटेको घटना पनि तुल्ययोग्य छन्।

वस्तुतः रामायण र इलियडमा पाइने घटनात्मक समानताभास यति नै हुन्। यी कतिपय हृदयस्पर्शी समानताका विरूद्ध पाइन असमानता बारे पछि विचार गरिने छ।

ओडिस्सी र रामायणको घटनात्मक तुलनाः-

(५) रामायण र ओडिस्सी दुवै महाकाव्यहरूको नाम महाकाव्यका नायकको नामबाट राखिएका हुन्। रामायणको अर्थ हो रामको जीवन चरित बारे लेखिएको ग्रन्थ। ओडिस्सीको अर्थ हो ओडिस्स्यूसको बारेमा लेखिएको कविता।

(६) रामायणमा रामको वनगमन र उनले बनमा १४ वर्ष बसेको पाइन्छ। त्यसरी नै ओडिस्सीमा पनि ओडिस्यूस घरबाट निस्केर ट्राइमा १० वर्ष युद्ध गरेपछि र घर फर्कदा पुन १० वर्ष लागेको पाइन्छ। यसरी ओडिस्स्यूसले पनि जम्मा २० वर्ष जति घर छोडेका छन्। त्यसैले दुवै नायकहरूले लामो अवधि सम्म आफ्नो दरबार छोडेर दुःख भोग्नु परेको कुरा तुलनायोग्य छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७) दुबै नायकले आफ्नो यात्रा प्रसङ्गमा अनेक, राक्षस राक्षसी र असल स्वभावका मान्छेहरूलाई भेट्छन्। जस्तो दण्डकारण्यमा रामचन्द्रले सर्वप्रथम विराध नामक एक विशालकाय राक्षसलाई भेट्छन् त्यस्तै ओडिस्स्यूसले पनि ट्राइवाट यात्रा शुरू गरेपछि सर्वप्रथम एक विशाल पर्वतसदृश दैत्य पोलिफीमस[1] लाई भेट्छन

(८) त्यस्तै रामचन्द्र सित विवाहको इच्छा राखी रावणकी बहिनी शूर्पणखा आएर उनलाई पिरोल्न थाल्छे; उता ओडिस्यूसलाई पनि ओजिजिया[2] भन्ने टापूमा कलिप्सो[3] नाम गरेकी अप्सराले प्रेम गरेर "यहीं बस, विवाह गरौं" भनेर धून गर्छे। तर दुबैले दुबैलाई स्वीकार गर्दैनन्।

(९) अनि सीता हरिए पछि रामचन्द्र वनमा भौंतारिइरहेको बेला शबरी नाम गरेकी स्त्रीलाई भेट्छन् र उनको आतिथ्य ग्रहण गर्छन्; शबरीले पनि रामको परिचय सोधपूछ गरेर उनको सीताअन्वेषण कार्य सुग्रीवको सहायताले सफल हुने छ भन्ने मार्गदर्शन गराउँछिन्। त्यसैगरी ओडिस्स्यूस पनि रातभर समुद्रसितको संघर्षले थाकेर त्यही समुद्रमा मिस्सिने गंगाको वनेली तीरमा भोक र थकाइले भौंतारिइरहेको बेला फीएसिया[4] का राजाकी छोरी नौसिका[5] लाई लुगा धोएर चौरमा खेलिरहेकी भेट्छन र उनको आतिथ्य ग्रहण गर्छन्। नौसिकाले पनि उनको परिचय सोधपूछ गरेर ओडिस्स्यूसको घर पुग्ने लक्ष्य पूर्तिका लागि फाएसियन-हरूले सहायता गर्ने आश्वासन दिन्छिन्। यसरी यी दुई नारीहरूले काव्यका नायकहरूका आ-आफ्ना (रामको सीता खोज्ने र ओडिस्स्यूसको घर पुग्ने) लक्ष्य तर्फ अघि बढ्ने काममा सहयोग गरेको घटनाले पारस्परिक समानताको स्मरण गराउँछ।

(१०) फीएसियामा भएका दुई वटा घटनाहरूले रामायण र ओडिस्सीको समानताभास गराउँछन्। पहिलो ओडिस्यूसले वीरता प्रति शङ्का गर्ने फीएसियन राजकुमारलाई ओडिस्स्यूसले डिस्कसथ्रोइङ्[6] मा ठेलो सबै भन्दा पर पुऱ्याएर विश्वास दिलाएको घटनाले रामको वीरता प्रति शङ्का गर्ने सुग्रीवलाई रामले दुन्दुभि राक्षसको टाउको गोडाले हुत्त्याएर चालिसकोस पर पुऱ्याइदिएर उनको

1. Polyphemus. the CycloPs. 2. Ogygia 3. Calypso. 4. Phalacia. 5. Nausicaa. 6. Discus Throwing.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीरता माथि विश्वास गर्ने ढाडस दिए भन्ने प्रसङ्गको झझल्को लाग्छ (यो लेखकको मात्र अनुभूति हुन पनि सक्छ)। दोस्रो फीएसियाको नाटयशालामा डिमोडकस' नामक गायकले ट्रोजन युद्धमा ग्रीकहरूले खप्न परेका दुःखहरूको गीत गाउँछ; ती गीतहरूका मुख्य पात्रहरूमध्ये ओडिस्स्यूस पनि एक हुन्। यसरी ओडिस्स्यूसले आफ्नै जीवनमा आफ्नो चरित्र गायकहरूले गाएको सुन्छन्; त्यसै गरी रामचन्द्रले पनि आफ्नै जीवनमा आफ्नो चरित्र कुश र लव (कुशीलव ?) ले गाएको सुन्छन्। दुबै नायकहरूको गीत श्रवणबाट जनित दुःखार्द्र मनः स्थिति पनि समान पाइन्छ।

(११) दुबै नायक (राम र ओडिस्स्यूस) लाई समुद्र सितको संघर्ष झेल्नु परेको छ।

(१२) रामायण र ओडिस्सीमा साधारण पाठकको हृदयमा पर्ने अत्यन्त प्रभावकारी समानताभास के छ भने दुबै काव्यका नायिकाहरूले योग्य पतिवरणको लागि धनुमा ताँदो चढाउने काम नै योग्यताको रूपमा लिइएको छ जसले गर्दा पाठकको हृदय बढी उत्तेजित (excited) हुन्छ; शायद यसैलाई देखेर प्रो० ए० वेबर प्रभृति केही मानिसहरूले यस विषयमा प्रभाव वा अनुकरणको कुरा झिकेका हुन सक्छन्। 'ओडिस्स्यूस अब फर्किंदैनन्' भन्ने धारणा लिएर पिनेलपी सग विवाह गर्न थुप्रिएका उमेदवारहरूले ३।४ वर्ष सम्म सताइ सके पछि उनी स्वयंवरको लागि ओडिस्स्यूसको धनुमा ताँदो चढाएर लक्ष्य वेध गर्ने प्रस्ताव राख्छिन् र त्यो काम गर्न कोही सक्दैन; अन्त्यमा बीस वर्ष पछि घर आइपुगेका मागनेको भेष लिएका ओडिस्स्यूसले नै त्यो काम गरिदिन्छन्। यता रामको विवाह पनि धनुर्भङ्ग-द्वारा नै भएको छ।

(१३) दुबै महाकाव्यमा दुई सती नारी (सीता र पिनेलपी) को आदर्श चरित्र र पातिव्रत्य एवं सतीत्व रक्षाको दृढता पाइन्छ।

(१४) दुबै युद्धमा देवताहरूको सहयोग छ। इन्द्रले रामलाई मलतिसित रथ पठाउँछन्। रावणलाई शुक्राचार्यको सहयोग प्राप्त छ।

यस्तै समानताका आभासहरू ठामठाममा पाइन्छन् र दुई थरी साहित्यको पारस्परिक सम्बन्ध बारे शङ्का उपशङ्काहरू जन्मन्छन्। त्यसकारण दुबै थरी

1. Demodadus.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काव्यहरूको गम्भीर अध्ययन गरेर तीव्र ऊहापोहद्वारा वास्तविक निर्णयमा पुग्नु पर्ने आवश्यकता हुन्छ ।

रामायण र इलियड ओडिस्सीमा असमानता:—

रामायण तथा इलियड ओडिस्सीमा वर्णित कैयौं यस्ता घटनाहरू छन् जसले आफ्नै परम्परा र संस्कृतिको धारामा उत्पन्न विशेष कुराहरूको प्रदर्शन गर्छन्। अर्थात् दुवै थरी महाकाव्यहरूको अध्ययनबाट थाहा हुन्छ कि दुवै थरी जनता (ग्रीक र आर्यहरू) परस्परमा एकदम अपरिचित छन् र तिनका सामाजिक आदर्श र संस्कृति आदि कुराहरू एक अर्का संग कत्ति पनि मिल्दैनन। जस्तो कि ग्रीकहरू प्राय: सबै नै रक्सी पिउने गर्छन् र त्यो एक सामान्य पेयको रूपमा छ भने रामायणमा कसैले पनि रक्सी पिएको पाइन्न। होमरको ओडिस्सीमा आउने प्राय: प्रत्येक प्रसङ्गमा रक्सी पिइने र त्यसको अति प्रयोग (रक्सी नखाने पाठकका लागि) झर्को लाग्दो नै छ भने पनि हुन्छ ।

महाकाव्यहरूमा वर्णित असमान घटनाहरूले यस्ता दुई जातिको बारेमा ज्ञान हुन्छ जसको यावत् व्यवहारमा सम्भवत: शत प्रतिशत नै जस्तो फरक छ। संसारका शाश्वत धर्म र मूल्यहरूको अतिरिक्त यिनीहरूमा अन्य कुनै समानता पाइँदैन ।

त्यसकारण माथि उल्लेख गरिएका १३ वटा समानतासूचक बूँदाहरू माथि पनि हामी वस्तुत: गडेर विचार गर्न सक्छौं, जसबाट कुनै क्रमबद्ध वा सन्दर्भयुक्त समानता भएको पाइँदैन र तिनीहरूले केवल किंचित् समानताभास मात्र गराएका हुन भन्ने थाहा हुन्छ । जस्तै:-

रामायण र इलियड

(१) इलियडमा वर्णित जुन ट्रोजन युद्ध हो (इलियड महाकाव्यको अनुसार) त्यसको परमलक्ष्य हेलन लाई फिर्ता गर्नुमा नै सीमित छ; किन भने हेलनको पुन: प्राप्ति (Restoration) भयो कि इलियड सकिन्छ तर राम-रावण युद्ध भने रामले आरम्भ गरेको राक्षसउन्मूलन अभियानको प्रसङ्गमा आएको एक युद्ध मात्र हो र सीताको पुन: प्राप्ति पछि पनि रामायणको कथानक अघि बढिरहन्छ र सीतापरित्याग आदि क्रमले रामको स्वर्गारोहण सम्मको वर्णनमा पुग्छ । यसरी इलियडमा दशवर्षे ट्रोजन-युद्धका अन्त्यतिर पर्ने तीन दिनको युद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णन मात्र छ भने रामायणमा एक आदर्श पुरूषको जन्म देखि मरण सम्मको सारा वर्णन छ; अझ दशरथको जीवनको उत्तरार्द्ध समेत छ। यसकारण इलियड र रामायण महाकाव्यका दृष्टिमा उगादै भिन्न-भिन्न छन।

जहाँ सम्म ट्रोजन-युद्धको प्रश्न हो त्यो पनि समान छैन। किनभने त्यसको समानताको आधार 'अपहृत महिलाहरूको पुनः प्राप्ति' नै हो। तर वस्तुतः हेलन् 'अपहृत महिला' नै होइनन भन्न सकिन्छ, किनकि कथानक अनुसार प्यारिसले हेलन्लाई उनले नचाहँदा नचाहँदै जवर्जस्ती हरेर लगेका हैनन्: उनले प्यारिस् सित प्रेम गरेकी छन्; उसित ट्राइ जान स्वीकार गरेकी छन्; र आफ्नो पति-मनिलेअस-को अनुपस्थितिमा आफै दरबारबाट भागेर प्यारिस् सित गएकी छन। अब उनलाई प्यारिसले वलात् अपहरण गरेर लगे भन्न कसरी सकिन्छ ? तर उता सीताले भने रावणसित कदापि प्रेम गरेकी छैनन्; उनले लङ्का जान कदापि स्वीकार नगर्दा नगर्दै रावणले वलात् घिच्याएर लगेको हुन्छ। हेलन दरबारबाट (स्वेच्छया) भाग्छिन्, सीता वनबाट (जवर्जस्ती) हरिन्छिन्; हेलन् प्यारिस् सित ट्राइ गएर राजप्रासादमा मोज गरेर वस्छिन; सीता लङ्काको वगैचामा खाली जमीनमा पधारिएकी हुन्छिन। हेलन्को विलासमय जीवन र सीताको "भोकी, मैली, निन्याउरी न त कपाल कोर्‍याकी सब् केश् उसै, लट्टा मात्र धर्‍याकी खाली भुमिमा रूँदै वस्याकी उसै" (भानुभक्त) जीवन अत्यन्त असन्तुलित छन्। हेलनको ठीक उल्टो उनी भन्छिन्-'यो घृणित राक्षस रावणलाई चाहने कुरा त परै जाओस्, म त यसलाई देब्रे गोडाले पनि छुन्न।'

यसरी एक 'पलायित महिला' र 'अपहृत महिलाहरू' को पुनः प्राप्तिका लागि गरिएको युद्धमा दुवैलाई "अपहृत महिलाको पुनः प्राप्तिको लागि" भन्ने भनाइ नै असंगत हुन्छ; यी युद्धहरूको वर्णनमा कुनै सन्दर्भयुक्त समानता पाइन्न। ट्रोजनयुद्ध (इलियड अनुसार) मानव-मानवको युद्ध हो र लङ्कायुद्ध (रामायण अनुसार) मानव-दानवको युद्ध हो। ट्रोजन युद्ध १० वर्ष चल्छ; लङ्कायुद्ध केही दिन मै सकिन्छ।

हेलन् र सीताका सम्बन्धमा एकदमै फरक पर्ने अर्को कुरो के छ भने ट्रोजन युद्धमा ग्रीकहरूको विजय भइसके पछि दश वर्ष सम्म प्यारिस्को सहवास गरेकी हेलन्लाई मनिलेअस् विना रोक टोक लिन्छन्। तर रावणको दरबारमै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नगएकी सीतालाई परगृहवासको दोष लाग्छ र उनी अग्निपरीक्षित हुन्छिन् र अभ्क अन्त्यमा लोकापवादको भयले रामले उनलाई परित्याग नै गर्छन्। यसरी ग्रीक र आर्यहरूका बीच नैतिकताको मूल्यका विषयमा पनि ठूलो भेद पाइन्छ।

(२) ट्राइका प्यारिस् र लङ्काका रावणसित युद्ध गर्न जाँदा दुवै पक्षलाई समुद्र तरेर जानु परेको त छ नै; तर समुद्र कसरी तरिन्छ विचारणीय कुरो छ। ग्रीकहरू समुद्रमा जहाजयात्रा गर्छन् र ट्राइ पुग्छन्, रामचन्द्रहरू पूलबाँधेर समुद्र तर्छन् अनि लङ्का पुग्छन्। यसबाट थाहा हुन्छ–ग्रीक र आर्यहरूको त्यतिखेर सम्बन्ध जोडिएकै थिएन। ग्रीकहरूको समुद्रयात्राले उनीहरूको समुद्र उपर अधिकार सूचित गर्छ। यद्यपि समुद्र माथि उनीहरूको अधिकार थोरै नै थियो ता पनि हामीलाई यो अवश्य थाहा हुन्छ कि होमर र वाल्मीकिको समुद्र प्रति दृष्टि समान छैन। अर्थात् होमरको काव्यमा समुद्रयात्रा साधारण कार्य भएकाले ग्रीकहरूलाई आफ्नो अभियान आरम्भ गर्नु अघि समुद्रगत कुनै चिन्ता वा समस्या उठ्दैन; तर वाल्मीकिको काव्यमा भने समुद्र एक अत्यन्त कठिन र दुर्लङ्घ्य लेखिएको छ र रामचन्द्रका लागि समुद्र तर्ने समस्या निकै गम्भीर देखिन्छ। फलतः त्यतिखेर आर्यहरूमा जहाजयात्रा गर्ने कुरा रहेनछ भन्ने देखिन्छ र यसले कविहरूको समय र तात्कालिक अवस्था आदि कुराहरूको पनि संकेत गर्दछ। यसको मतलव आर्यहरू भन्दा ग्रीकहरू सभ्य रहेछन् भन्ने होइन। उसो त रामचन्द्रहरू अयोध्या फर्कँदा पुष्पक विमानमा चढेर आकाश मार्गले आउँछन्। यसबाट थाहा हुन्छ कि दुवै कवि एक अर्का प्रति बिलकूल अपरिचित, र दुबैको वर्ण्यविषय एवं मानिसहरूको परस्पर सम्बन्ध कदापि रहेन छ। रामायणमा न त यवन (ग्रीक) हरूको उल्लेख छ न त इलियड ओडिस्सीमा वैदिक आर्यहरूको नै उल्लेख छ। रामायणमा दुई ठाउँमा आएको 'यवन' शब्दलाई ज्याकोबी (Jacobi) ले प्रक्षिप्त मानेका छन्।

(३) वीरहरूको युद्ध जहाँ पनि भयङ्कर नै हुन्छ र तुलनायोग्य हुन्छ। चाहे त्यो हिट्लरका फौजमा होस् चाहे मुसोलिनीको फौजमा वा महाभारत-युद्धमा होस् वा अन्य कतै। त्यसरी गरिएको युद्ध र वीरहरूको वर्णनमा समानताले एक अर्काबाट प्रभावित भन्न मिल्दैन। नत्र महाभारतको अभिमन्यु-दुःशासनको मल्लयुद्ध र शेक्शपियरको As you like it को ओरल्याण्डो-चार्लस्को मल्लयुद्ध पनि समानै छन्। त्यसकारण हेक्टर र इन्द्रजितको वीरता बारे धेरै घोरिइरहनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्ला जस्तो लाग्दैन। फेरि उनीहरूलाई मार्ने अकिलीज र लक्ष्मणको पनि के समानता जत्र कि लक्ष्मण रामका भाइ हुन् र अकिलीज ग्रीकहरूको सहायतार्थ आएका देवता मात्र हुन्। इलियड महाकाव्य उनैले ट्रोजन युद्धमा असहयोग गर्नाले चकिएको युद्धको वर्णन गर्दछ। तर लक्ष्मणले कदापि झोक्किएर लङ्कायुद्धमा असहयोग गरेका छैनन्। त्यसकारण यहाँको समानताभास पनि केवल भ्रम मात्र हो।

(४) युद्धमा विजय प्राप्त गर्नु अघि नै हनुमान्ले सीतालाई भेटेको र ओडिस्स्यूसले हेलिन्लाई भेटेको कुरामा पनि गडेर विचार गर्नु आवश्यक छ। किनभने हनुमान्को सीता भेटाइमा र ओडिस्स्यूसको हेलन् भेटाइमा फरक छ। अर्थात् हनुमान्ले सीतालाई खोज्दै जाँदा लङ्कामा पुगेर अशोक वाटिकामा भेट्छन् र सीताको खबर (सीता यहाँ छिन् भन्ने) रामलाई ल्याइपुऱ्याउँछन्। तर ओडिस्स्यूसले हेलन् कहाँ गइहोलिन् वा कसले लग्यो होला भन्ने थाहा नपाएर हेलन्लाई भेट्न गएका हैनन्। उनलाई प्यारिस्ले ल्याएको थाहा पाएर दश वर्ष सम्म ट्रोजन युद्ध गरिसके पछि केही नलाग्दा दरबारको भित्री मुराद थाहापाउन मात्र ओडिस्स्यूसले हेलन्लाई भेटेका हुन्। यता सीतालाई भेटे पछि लङ्कायुद्धको तयारी हुन्छ र उता दश वर्ष लडाइँ लडिसके पछि मात्र हेलन्लाई भेटिन्छ। त्यसकारण यस बीचमा पनि केही सम्बन्ध छैन।

यसरी इलियड र रामायणमा देखिएका समानताभास सूचक चारै बूँदा खोक्रा देखिन्छन् र खण्डित हुन्छन्। यस्तो हुनामा मुख्य कारण के छ भने इलियडमा रामायण सित तुलना गर्ने घटना र पात्रहरू नै छैनन्। प्रथमतः इलियडमा कुनै नायक नै छैन। स्वास्नी चोरिइन् भन्दैमा मनिलेअस्लाई नायक भन्न सकिँदैन। किनभने उनी भन्दा बढी उदात्त एवं वीर पात्रहरू ट्रोजन युद्धमा देखिन्छन्। जस्तै यागममनन्, ओडिस्स्यूस, पट्रोल्कस, अकिलीज आदि कैयौं योद्धाहरूको वीरता, चातुरी आदि गुणलाई कविले धेरै बर्णन गरेका छन्। बरू मनिलेअसको त केही प्रशंसनीय गुण छैन। उता हेलन् चोर्ने प्यारिस् पनि इलियडको मुख्य पात्र (नायक) हैनन् फेरि यता सीता हर्ने रावण लङ्काको राजा हुन् भने प्यारिस् ट्राइका राजा होइनन्-राजा प्रायाम्का छोरा मात्र हुन्। आफ्नो पतिलाई धोका दिएर भाग्ने हेलन्ले सीताले झैं पाठकको सहानुभूति लिन पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्तिनन्। एतावता इलियडमा र रामायणमा तुलना योग्य कुरो स्पष्ट त केही पनि छैन भन्ने कुरा स्पष्ट हुन्छ। यसो हुनामा मुख्य कारण यी दुई महाकाव्यहरूको उद्देश्यमा फरक पर्नु हो। इलियडले कुनै आदर्श महापुरुषको सच्चरित्र गायन वा गुणानुवाद गर्ने भन्दा ट्रोजन युद्ध चर्किने कारण (अकिलीजको क्रोध र युद्धमा असहयोग) र युद्धमा वीरहरूले भोग्न परेका स्थितिहरूको मात्रै वर्णन गरेको छ। यता रामायणले सम्पूर्ण राम चरित्रलाई आदिदेखि अन्त्य सम्म वर्णन गरेको छ।

रामायण र ओडिस्सीको तुलना:- (असमानता)

(५) नायकको नामबाट नाम राखिएका महाकाव्यहरू संसारमा धेरै छन्। त्यसकारण त्यस्ता महाकाव्यहरू जति सबै नै एक अर्कासित समान छन् भन्ने यो आधार बाहेक अरू केही हुँदैन र यस आधारमा रामायण र ओडिस्सीलाई पनि परस्पर सम्बद्ध मान्न सकिदैन।

(६) ओडिस्सीमा नायक ओडिस्स्यूस र रामायणका नायक रामचन्द्रले लामो अवधि सम्म वेघर हुनु परेको त छ तर कसरी किन र के गरेर रहनु परेकोछ भन्ने बारे छलफल गर्नु पनि आवश्यक छ। ओडिस्स्यूस बीस वर्ष सम्म वेघर हुन्छन्–दश वर्ष ट्राइमा लडाइँ गरेर १० वर्ष समुद्र यात्रामा संघर्ष झेलेर। अर्थात् ट्रायबाट इथाका पुग्दा १० वर्ष लगाएर जान्छु भन्ने मनमा नभइकन हिंडेका ओडिस्स्यूसको मार्गमा अनेक बाधा आएर मात्र उनी अलमलिएका छन्; त्यसैले उनी 'म कहिले घर पुगौंला, कहिले आफ्नो प्यारो मातृभूमिको दर्शन गरौंला, कहिले पत्नी र पुत्रको मुख हेरौंला' आदि चिन्ताले व्याकुल छन्, उसमाथि झन् समुद्र-यात्रामा अनेक सोच्दै नसोचेका दुर्घटनाआदि पर्छन् र करीब सात वर्ष जति त उनी ओजिजियाकी अप्सरा कलिप्सोद्वारा बद्ध छन्। यसैले उनी घर पुग्न ज्यादै आतुर र घटनापूर्ण यात्राबाट हैरान औ भयग्रस्त छन। तर राम १४ वर्ष वनवास गर्छन् आफ्नै इच्छाले। अर्थात् उनलाई "मैले चौध वर्ष वनवास गर्नु पर्ने हो" भन्ने थाहा छ। त्यसैले जानीजानी वनबास गर्न आएका राम घर संझेर 'म कहिले घर पुगौंला' भन्ने चिन्ताले ग्रस्त छैनन्। फेरि उनको साथमा सीताजी पनि छन्, जब कि ओडिस्स्यूसको पिनेलूपी चाहीं दरबारमै छन्। ओडिस्स्यूसले कैयौं बाटो एक्लै पार गरेका छन्; तर यता रामचन्द्र भने सीता हरिए पनि कदापि एक्ला छैनन्। उनको साथमा आफु जस्तै वीर भाइ लक्ष्मण सदैव छन्। त्यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ओडिस्स्यूस र रामचन्द्रको वनवास एकै प्रकारको छैन अतएव उनीहरूको मनस्थिति पनि एक अर्काबाट भिन्न छन्।

दोस्रो कुरा, ओडिस्स्यूसको अनुपस्थितिमा उनको दरबारमा अरूहरू आएर उनको संपत्ति, माथि स्वेच्छाचार गरेका छन्। अर्थात् 'अन्ये मृतस्य क्रीडन्ति दारैरपि धनैरपि' भने जस्तो भएको छ। होमरले यसलाई यति राम्रोसंग वर्णन गरेका छन कि त्यो अन्यायको विरूद्ध पाठकको हृदय झोक्किएर उठ्छ। तर रामको अनुपस्थितिमा उनको दरबार लथालिङ्ग भएको छैन; सम्पत्तिमा अरू आएर मोज गरेका छैनन्। भरतको शासनमा पूरा शासन व्यवस्था सुचारू रूपले चलेको छ।

दोस्रो कुरो-ट्राइबाट हिंड़ेको दश वर्षसम्म घर नपुगेका ओडिस्स्यूस् मरे होलान् भन्ने शङ्का गरिन्छ र पिनेलपी र टिलेमकस्लाई मात्र (ओडिस्स्यूस प्रतिको मायाले गर्दा शायद) मरे-हुन भन्ने लाग्दैन यद्यपि उनीहरू नै पनि आफ्नो विचारमा दृढ हुने आधार पाउँदैनन्। तर १४ वर्षको लागि वन गएका राम (घर फर्केनन् भनेर) मरे होलान् भन्ने शङ्का कसैले कदापि गर्दैन; किनभने उनी प्रतिज्ञा साथ १४ वर्षका लागि वन गएका हुन्।

(७) ओडिस्स्यूस्ले यात्राको शुरूमै पोलिफोमस्लाई भेटे झैं रामले पनि विराधराक्षसलाई भेटछन्। तर यहाँ पनि फरक छ (क) ओडिस्स्यूस् परदेशबाट घर फर्कने यात्राको शुरुमा पोलिफीमस्लाई भेटछन्, रामले घरबाट वनबास तर्फ लाग्ने यात्राको शुरुमा विराधलाई भेट्छन् (ख): ओडिस्स्यूस उक्त राक्षसको फन्दामा परेर येनकेन उसको आँखो फोरेर आफ्नो ज्यान बचाई उम्कन्छन्, तर राम राक्षसदेखि भाग्दैनन् अपितु उ संग कैय्यौं कुरा भइसकेपछि उसलाई मारिदिन्छन। अर्थात् उनलाई त्यस्ता राक्षसको एकजात डर हुँदैन। त्यसकारण राम र ओडिस्स्यूसमा धेरै समानता छैन- ओडिस्स्यूम जहाँ गए पनि येनकेन अनेक चलाकीद्वारा आफ्नो ज्यान सम्म जोगाएर भाग्ने सामान्य वीरपुरूष हुन्, तर राम कसैको डरले भागेर ज्यान बचाउने खालका वीर होइनन्; उनी संसारमा सबै भन्दा शक्तिशाली देखाइएका छन्। (ग) ओडिस्स्यूसले पोलिफीमसको आँखो फुटाएर भागेकाले उनलाई समुद्रका देवता पोसाइडनको फन्दामा परेर बाटोभरी १० वर्ष संघर्ष गर्नु पर्छ, अर्थात यहाँनिर उनको देवतासित पनि युद्ध भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो देखिन्छ, किनभने देवताले दिएको दण्ड स्वरूप उनी त्यो दुःख खप्छन् तर रामको देवतासित कहीं पनि संघर्ष छैन। (घ) राम वैदिक आर्य जातिको आदर्शहरूका प्रतीक मर्यादापुरुषोत्तम मानिएका छन्; ओडिस्स्यूस् ग्रीक जातिको सर्वश्रेष्ठ वा आदर्श पुरुष मानिएका व्यक्ति छेनन्।

(८) रामलाई शूर्पणखाले र ओडिस्स्यूसलाई कलिप्सोले विवाह गरौं भनेर धून गर्छन् तर दुवैले अस्वीकार गर्छन्। यहाँ निर पनि अलि गम्भीर विचार गर्ने हो भने ठूलो फरक पाइन्छ। ओडिस्स्यूस् कलिप्सो संग सातवर्ष सम्म बस्छन् र अन्त्यमा देवताका राजा जूसले एक दूत पठाएर कलिप्सोलाई 'ओडिस्स्यूसलाई न रोक' भन्ने आदेश दिन्छन्, त्यसैबाट मात्र उनी मुक्त भएर फीएसिया पुग्छन् तर रामलाई भने शूर्पणखाले त्यसरी बद्ध पार्न सकेकी छैन; उनी चाँडैनै उसको नाक कान कटाएर लखेटिदिन्छन् र यही नै रामरावण युद्धको (व्यवहारतः) मूल जस्तो देखिएको पनि छ। यस दृष्टिले यो प्रसङ्गमा पनि त्यस्तो तुल्यता केही पाइन्न।

(९) शवरी र नौसिकाले क्रमश राम र ओडिस्स्यूसलाई सत्कार गरेको प्रसङ्ग पनि केवल 'सत्कार' कै दृष्टिले मात्र समान हुन्। वास्तवमा धेरै कुरा असमान नै छन्; जस्तो कि-(क नौसिका एक राजकुमारी हुन्; शबरी एक हीन कुलकी तपस्विनी बृद्धा मात्र हुन्। (ख) नौसिकाले ओडिस्स्यूसलाई आफ्नो बाबुको दरबारमा लान्छिन्, तर शबरीले रामलाई वनकै फलफूल आदिले मात्र स्वागत गर्छिन्। (ग) विवाह गर्ने उमेर भएकी नौसिकाले ओडिस्स्यूस् सित कताकता विवाह भइदिए हुन्थ्यो झैं गरेकी छन्; तर यस विषयमा शबरीको प्रसङ्ग कहाँ कहाँ?

(१०) (क) फीएसियामा ओडिस्स्यूसले डिस्कसथ्रोइङ्मा देखाएको कुशलताले किष्किन्धामा रामले दुन्दुभिको टाउको हुर्याएको स्मरण आउनु अस्वाभाविक होइन तापनि, वास्तवमा, डिस्कसथ्रोइङ् र गोडाको बुढी औंलाले ठेस लगाइदिएर शिर फालिदिएको घटनामा समानता केही छैन र कुनै कविले पनि यस्ता साना घटनाहरूलाई एक अर्काबाट प्रभावित भएर लेखे होलान् भनिठान्नु उचित छैन।

(ख) दुवै नायकले आफ्नो चरित्र मञ्चमा गाएको सुने। यसबाट ती समाजहरूको ऐतिहासिक समानता वा समानकालिक अवस्था बारे केही सम्भावनाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अड्कल गर्न सकिन्छ; तर वाल्मीकिबाट प्रभावित भएर होमरले त्यो लेखेहुन् वा होमरबाट प्रभावित भएर वाल्मीकिले त्यो लेखेहुन भन्ने चाहीं शङ्कै लिन पर्दैन। किनभने यहीं पनि गहिरिएर विचार गर्दा फरक पाइन्छ। (क) रामको चरित्र रामकै अगाडी गाउने कुश लव रामकै छोराहरू हुन तर डिमोडकस नामक गायक चाहीं ओडिस्स्यूसको छोरो हैन। (ख) रामले आफ्नो चरित्र आफ्नै दरवारमा सुनेका छन र ओडिस्स्यूसले चाहीं फीएसियाको राजाका दरबारमा सुन्छन। (ग) कुश लवले रामको चरित्र मात्र गाएका छन्, तर डिमोडकसले ट्रोजन युद्धका सबै वीरहरूको गाथा गाएको छ जसमध्ये ओडिस्स्यूस पनि एक हुन्' (घ) यता रामायणका ग्रन्थकार वाल्मीकि आँफैले तालीम गरेका किशोरहरू रामचरित्र गाउँछन्, उता चाहीं होमरले तालीम गरेको गायक होइन; इत्यादि।

(११) राम र ओडिस्स्यूसलाई समुद्र सितको संघर्ष झेल्नु परेको छ; तर एकदमै भिन्न रूपमा। ओडिस्सी त पूरै नै ओडिस्स्यूसको समुद्रयात्राको वर्णन भयो। तर रामायणमा भने समुद्रसितको संघर्ष २४,००० श्लोक मध्ये दुई अध्याय (यु० का० २२।२३) भित्र पर्ने लगभग डेढसय श्लोकमा वर्णित एक सानो घटना हो। रामायणको मुख्य घटना यो होइन। फेरि राम समुद्रमा सेन सहित पूल बाँधेर पार गर्छन्, ओडिस्स्यूस जहाजी यात्रा गर्छन् र पछि गएर एक्लै पनि पर्छन्। त्यसकारण यो कुनै समानताको आधार दिने घटना होइन।

(१२) ओडिस्सीमा र रामायणमा संयोगवशात् मिल्न आएको एउटा कुरो धनुर्भङ्गको प्रसङ्ग हो भनियो। तर निष्पक्ष पाठकले यसमा पनि कुनै क्रमबद्धता भएको पाउँदैन। किन भने (क) रामायणको कथानकमा यो प्रसङ्ग शुरू मै आएको छ र उता होमरका काव्यमा भने यो प्रसङ्ग चरम अवस्थामा आएको छ यसको मतलब (ख) धनुर्भङ्गद्वारा राम र सीताको विवाह हुन्छ र उताभने ओडिस्स्यूस र पिनेलपीको विवाहका लागि यो प्रसङ्ग आएको छैन। (ग) रामले धनुलाई भाँचिदिएका छन्, ओडिस्स्यूसले भाँच्दैनन्; (घ) रामले भाँचेको धनु रामको होइन–त्यो शिव-धनु हो, तर ओडिस्स्यूसले खेलाएको धनु उनको आफ्नै हो। (ङ) रामले धनुर्भङ्ग जनकको दरवारमा गर्छन् र ओडिस्स्यूसले चाहीं आफ्नै दरवारमा यो घटना गर्छन्। (च) धनुर्भङ्गको अवसरमा राम १६।१७ वर्षका युवक राजकुमार छन्, तर ओडिस्स्यूस कम्तिमा पनि ४५।४६ वर्षको बूढो माग्नेको रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दरवारमा पुगेका छन् र बीस वर्ष पछि घर आएका उनलाई टिलेमकसले बाहेक अरू कसैले चिन्दैन इत्यादि अनेकौं असङ्गत कुराहरू र त्यहाँको प्रासङ्गिक वर्णन, र स्थितिको असमानतालाई विचार गर्दा यो प्रसङ्ग पनि हठात् जोड्न ल्याइएको मात्र प्रतीत हुन्छ ।

(३) दुवैमा सती नारी (सीता र पिनेलपी) को आफ्नो सतीत्वरक्षा तिनी दृढता पाइन्छ, तै पनि दृढताकै हिसावले हेर्दा सीता अझै बढी छन् । किनभने (क) उनी आफुलाई हर्ने रावणलाई कुनै बाहना नगरीकन सोझै 'तँ संग स्पर्श पनि गर्दिन' भन्छिन् र पिनेलपी चाहीं आफ्ना विवाहेच्छुहरूलाई त्यसो भन्न नसकेर लिअर्टिजलाई भनी बुन्नथालेको 'वस्त्र बुनिसके पछि मात्र उत्तर दिउँला' भनेर भन्छिन् । उनी दिउँसो धागो बुन्छिन् र रातभरि फुकाउँछिन् यसरी विवाहेच्छु उमेद्वारहरूलाई झुलाइरहन्छिन् । (ख) सीता रावणद्वारा अपहृत भएर परदेश (लङ्का) पुऱ्याइएकी छन् र उनी एक्लै छन् तर पिनेलपी भने आफ्नै दरवारमा सपुत्र, साधिकार बसेकी छन् (ग) सीता अत्यन्त निराशाजनक स्थितिमा केही नलाग्ने देखी झुण्डिएर मर्न तयार हुन्छिन्, तर पिनेलपी मर्न तयार हुन्नन् अपितु, विवाहेच्छुहरूका अगाडि ओडिस्स्यूसको धनुद्वारा लक्ष्यवेध गर्ने शर्त राख्छिन् । यस्तै अनेकौं कुराबाट धनुर्भङ्ग प्रसङ्गका साथै सीता र पिनेलपीको सतीत्व रक्षा गर्ने दृढता आदि समानताभास सूचक प्रसङ्गहरू पनि एक अर्कामा अत्यन्त असम्बद्ध सिद्ध हुन्छन् र हाम्रा सम्पूर्ण समानताका भ्रम वा कपोलकल्पनाहरू गर्ल्याम गुर्लुम् ढल्छन् ।

यसरी समानता पाइने जस्ता कुराहरू पनि शतधा खण्डित हुन्छन् र होमर वा वाल्मीकि एक अर्काबाट प्रभावित रहेछन् कि भन्ने शङ्का सूर्योदय पछि अँध्यारो भागे झैं भाग्छ । यसको अतिरिक्त होमरका काव्यहरूमा र वाल्मीकिको काव्यमा तुलना गर्न नमिल्ने घटना असंख्य छन् । दुवै थरी कथाहरूमा बहेको जातीय संस्कृति, आस्था र आदर्शको प्रतिनिधित्व गर्ने धाराले एक अर्काबाट प्रभावित भएका भन्ने कुरालाई विलकुल आधारहीन गराउँछन् । (१) बुढेसकालमा जन्मेका दशरथका चार भाई छोरालाई उता के सित तुलना गर्ने ? (२) अयोध्या दरबारको घटनाले रामलाई वनवास जानु परेको घटना के संग तुलना गर्ने ? (३) राम-सुग्रीवको मैत्री, (४) हनुमान्‌को समुद्रोल्लङ्घन (५) विभीषण आदिको रामद्वारा (शरणागत) रक्षा आदि अनेक कुराहरूको तुलना गर्ने केही ठाम छैन । फेरि उता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६) प्यारिसको त्यत्रो कथा (७) ट्रोजन युद्धमा भाग लिने देवी देवताहरूको प्रसङ्ग (८) दशवर्षे ट्रोजनयुद्ध आदि कुरा यता के संग जोड्ने ? (९) टिलेमकसले आफ्ना बाबुलाई खोज्न निस्केको कुरा (१०) ओडिस्स्यूसको यात्राप्रसङ्गमा आएका अनेक घटनाहरू (जस्तो उ एक पल्ट मृतकहरूको देश (नरक ?) मा पनि पुग्छ आदि) कता जोड्ने ?

यस्ता असंख्य कुराहरू र दुवै थरी काव्यहरूको अध्ययन गर्दै जाँदा पाइने स्वतन्त्र धाराको अनुभूति आदिबाट सिद्ध हुन्छ यसमा कुनै सम्बन्ध छैन ।

यस बाहेक यी दुई कविहरूको अति प्राचीनताको कारणले गर्दा कुनै सम्बन्ध नभएको तथ्य र होमरका काव्यमा वर्णित भूभाग र समुद्रभागको चित्र हेरेपछि पत्ता लाग्छ कि होमरले भारतवर्षको नामै सुनेका थिएनन् । अर्थात् त्यतिखेर ग्रीसका जनताको संसार नै ज्यादै सानो थियो । यता वाल्मीकिलाई होमरको प्रभाव परेछ कि त भनौं भने होमर भन्दा वाल्मीकि ज्यादै अघिका कवि भएकाले त्यो पनि असंगत हुन्छ ।

होमर र वाल्मीकिको समय

होमरः-होमरका विषयमा लेखिएका कतिपय पुराना टिप्पणीहरूको अध्ययन गर्दा होमरलाई इशापूर्व ६८५ देखि ९५० सम्म पर्न आउने विभिन्न समयमा भएका हुन भन्ने मतहरू पाइन्छन् तर हेरोडोटस (Herodotus) ले लेखेकोलाई नै प्रामाणिक मान्नेहरू धेरै पाइन्छन् । तदनुसार होमर करीब ८५०इ.पू मा भएको थाहा हुन्छ । तैपनि विद्वान्हरूमा अझै पनि मतभिन्नता पाइरहिएको छ र जेसुकै भए पनि ९५० इ. पू. देखि अघेर र १५० इ. पू. भन्दा वा २०० वर्ष (इ. प. ?) भन्दा पछि राख्ने चाहीं होवैनन् । यसरी हामी होमरलाई निष्पक्ष भएर विचार गर्दा करीब इ. पू. १०० देखि ८०० सम्ममा भए होलान् भन्ने कल्पना गर्न सक्छौं ।

वाल्मीकिः-वाल्मीकिको समय पनि कम विवादास्पद छैन । यसो हुनामा मुख्य कारण उनको अत्यन्त प्राचीनता नै हो । रामायणको निर्माण त्यतिखेर भएको जस्तो लाग्छ जतिखेर आजकल लेखिने सन् संवतहरू झैं कुनै संवत् नै लेखिंदै नथ्यो । त्यसकारण रामायणको समय पत्ता लगाउनलाई हामीले ग्रन्थका आन्तरिक र बाह्य दुवै थरी कुराहरूको अध्ययन गर्नु पर्छ । सर्वप्रथम महाभारतको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समय पत्ता लगाउनु आवश्यक हुन्छ, किनभने रामायण महाभारत भन्दा पहिलेको ग्रन्थ हो र महाभारतको समय निर्धारण गरेपछि रामायणको समय पत्ता लगाउन धेरै सरल हुन्छ।

महाभारतको काल निर्णयः– आज उपलब्ध महाभारतमा एक लाख श्लोक छन्। त्यसकारण यसलाई 'शतसाहसी संहिता' भन्छन्। यसको यो (एक लाख श्लोक वाला) रूप अनेक शताब्दीहरूमा विकसित भएको हो भन्ने विद्वान्हरूको भनाइ छ। यसको विकासका तीन क्रमिक रूप मान्छन्: (१) जय (२) भारत (३) महाभारत। सर्वप्रथम यसको निर्माण यति ठूलो थिएन, किनकि यसमा पहिल्यै पाण्डवहरूको विजय वर्णन मात्र थियो। यसैले यो 'जय' नामले प्रसिद्ध थियो।[1] त्यसपछि यसयाई 'भारत' भन्न थालियो र [2] यसमा युद्धको वर्णनको प्राधान्यता थियो; अन्य उपाख्यानहरू जोडिएका थिएनन्। अन्त्यमा गएर यसमा धेरै उपाख्यानहरू जोडिए र यो 'महाभारत' कहलायो। यसरी महाभारतले आफ्नो प्राथमिक अवस्थाबाट अन्तिम अवस्थामा परिष्कृत हुन थोरैमा पनि २०० वर्ष लिएको हुनु पर्छ भन्ने कुरामा पौरस्त्य पाश्चात्य दुवै थरी विद्वानहरूको मत मिलेको पाइन्छ।[3]

महाभारतको अन्तिम परिष्कार कहिले सम्ममा भइसक्यो हो भन्ने जिज्ञासाको समाधानका लागि ज्यादै महत्त्वपूर्ण कुरो के छ भने (क) आश्वलायनगृह्य सूत्र (जसलाई अत्यन्त परवर्ती मान्ने पौरस्त्य-पाश्चात्य दुबै थरी विद्वान्हरूले पनि ई० पू० ४०० भन्दा पछि मानेका छैनन्) मा भारत र महाभारत दुबैको उल्लेख गरेको पाइन्छ।[4] त्यसकारण महाभारतको अन्तिम रूप ई० पू० ४०० वर्ष भन्दा अगाडि नै बनिसकेको रहेछ भन्ने कुरा निर्विवाद सिद्ध हुन आउँछ।

(ख) पतञ्जलि (ई० पू० २००) पाणिनि (ई० पू० ५००) आदिले स्वग्रन्थ-हरूमा महाभारतको स्पष्ट उल्लेख गरेकाले पनि यिनीहरूको पालो अघि नै महाभारतको अन्तिम परिष्कार भइसकेको प्रतीति हुन्छ।

(ग) फेरि, महाभारतमा बुद्ध (ई० पू० ५००) को नाम एक ठाउँमा पनि नआउनु र भगवान्को दश अवतार मध्ये एक अवतार मानिएका बुद्धलाई महाभारतको दशावतारप्रसङ्गमा उल्लेखै नगरेबाट थाहा हुन्छ कि महाभारतको अन्तिम निर्माण बुद्ध भन्दा अघेरै भइसकेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) विण्टरनित्ज्ले पनि नौवटा प्रमाण दिएर महाभारत अन्तिम रूपको कम से कम ४०० देखि ६०० सम्म इ० पू० मा बनेको कुरा मानेका छन्।[5]

महाभारतको अन्तिम रूप ६०० ई० पू० सम्ममा बनिसकेको कुरा माथिका (क, ख, ग, घ,) प्रमाणहरूबाट सिद्ध भएबाट र पूर्वावस्थाबाट चरमावस्थामा आइपुगेर स्थिर रहनलाई कम्तीमा पनि २०० वर्ष अवश्य लाग्यो हो भन्ने विचार सर्वमान्य भएबाट महाभारतका रचनारम्भकाल जतिसुकै पछि भए पनि ई० पू० ८०० हुन आउँछ।

महाभारतयुद्ध र त्यसका पात्रहरू (कृष्ण, युधिष्ठिरादि पाण्डव र कौरव तथा अन्य) लाई आज भन्दा ५००० वर्ष अघि (अर्थात् इ० पू० ३००० वर्ष अघि) भएका हुन् भन्ने मानिएको छ–अहिले युधिष्ठिर संवत् ५०७३ हो। उनीहरू द्वापर र कलिको सन्धिसमयमा भएका हुन। सर्वखग्रास सूर्यग्रहणमा धर्मकर्म गर्न श्री कृष्ण सबैलाई लिई कुरुक्षेत्र गए भन्ने कुरा श्रीमद्भागवत् (१०।८२) मा लेखिएको देखेर त्यस्तो ग्रहण कहिले लाग्यो होला भनी गणेश दैवज्ञले हिसाव गरी हेर्दा विक्रमपूर्व ३०५२ मा लागेछ भन्ने निस्क्यो र त्यो कुरा उनले सिद्धान्त शिरोमणिको टीका शिरोमणिप्रकाश, ग्रहगणिताध्यायमा लेखेका छन्।[6] यसबाट पनि कृष्णको समय बारे केही पत्ता लाग्छ। महाभारतका रचयिता 'व्यास' कृष्णका समकालिक हुन भन्ने कसैको मत छ र महाभारतमा नै पनि व्यासले लेखकको मात्र न भई एक पात्रको रूपमा पनि केही भूमिका निभाएका छन। यसको आधारमा कोही महाभारतलाई ई० पू० ३००० वर्ष सम्म पुरानो हो भन्दछन्।

यसरी महाभारतको रचनाकाल बारे सामान्यतः यति थाहा पाइ सके पछि हामी रामायणको समय बारे विचार गर्न सक्छौं। रामायण महाभारत भन्दा पुरानो हो भन्ने कुरा निर्विवाद छ, किनभने (क) रामायणमा महाभारतका कुनै पात्रको पनि (एक ठाउँमा पनि) नाम उल्लेख गरिएको छैन र महाभारतमा चाहीं रामको कथा ठाम ठाममा उल्लेख गरिएको छ।[7] (ख) त्यति मात्र होइन, रामकथा-लाई महाभारतमा एक अति प्राचीन कथाको रूपमा लिइएको छ। त्यसकारण महाभारतकालसम्म रामायणकथाले ऐतिहासिक महत्त्व समेत पाइसकेको तथ्य थाहा हुन्छ।[8] (ग) महाभारत भन्दा रामायण अघिल्लो हो भन्ने कुरा सिद्ध गर्ने अझ प्रवल प्रमाण के छ भने वाल्मीकि रामायणको एक श्लोक महाभारतमा अक्षरशः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उद्धृत गरिएको छ (जो पछि क्षेपकको पनि हैन)[9] र त्यहाँ पनि वाल्मीकिलाई अति प्राचीन कविको रूपमा लिइएको छ।[10]

यसबाट हामीलाई स्पष्ट हुन आउँछ कि रामायण महाभारत भन्दा धेरै अघि लेखिएको हो; यसका लेखक आदिकवि वाल्मीकि हुन्; अतः रामायण आदिकाव्य हो; र यसमा चौबीस हजार श्लोक छन्।[11]

यद्यपि महाभारतलाई ई० पू० ८०० भन्दा पनि पछि लेखिएको हो भनी मान्ने विद्वान्हरू भारतमा, जर्मनीमा र इंगलैण्डमा थिए र छन पनि, तथापि माथि उल्लेख गरिएका प्रमाणहरूका आधारमा महाभारत (जस्तै पछिको रचना भए पनि) ई० पू० ८०० भन्दा पछिको भन्न नमिल्ने भएको छ। अब महाभारतले समेत वाल्मीकि ऋषिलाई "अति चायं पुरा गीतः श्लोको वाल्मीकिना भुवि" भनेर 'अति प्राचीन' भने पछि उनको समय कति मान्ने? अति प्राचीन भन्नाले हामी २।३ सय वर्ष अघिकोलाई भन्दैनौं (प्राचीनकालमा नेपालमा पृथ्वीनारायण शाह नामक राजा थिए भन्नु ठीक ठानिंदैन-किनभने त्यो प्राचीन काल हैन)।

महाभारत वनपर्वको अनुसार उतिखेरै ऐतिहासिक महत्त्व धारण गरिसकेको रामकथा अवश्यमेव ६।१० सय वर्ष अघिको हुँदो हो। रामायण र महाभारतको अध्ययन गरेपछि थाहा हुन्छ कि महाभारतमा वर्णित समाज हाम्रो वर्तमान समाज सित धेरै मिल्छ र रामायणमा वर्णित वैदिक समाजका कुरा हाम्रो वर्तमान समाजमा ज्यादै थोरै मात्र पाइन्छन्। महाभारतमा वर्णित घटनाहरू (जुवा खेल्नु, परस्पर लडनु आदि) र तात्कालिक जनभावना औ भ्रष्ट हुँदै गएको वैदिक समाज व्यवस्था हाम्रो लागि अहिले बढी यथार्थ भएको छ र रामायणमा आदर्शमात्र छ।[12] यसरी विचार गर्दा हामीबाट महाभारतकाल जति टाढा छ महाभारतकालबाट रामायणकाल उति नै टाढा भएको बुझिन्छ।

ऋग्वेदलाई ई० पू० १५०० अघि मात्र बनेको भन्ने पाश्चात्य विद्वान्हरू धेरै छन्; ऋग्वेदको दशम मण्डलमा रामको उल्लेख आउँछ; यी दाशरथी राम नै हुन् भन्ने लोकमान्य तिलकको भनाइ छ। फेरि 'वाल्मीकि रामचन्द्रको समकालिक हुन्, किनभने उनले परित्यक्ता सीतालाई आश्रय दिएका छन्।' रामायणको कथानक अनुसार वाल्मीकिलाई रामको समकालिक मान्ने म्याक्डोनेल आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान् पनि छन् । एतावता वाल्मीकिलाई ई० पू० १४०० भन्दा पछिको भन्न मिल्ने देखिदैन । तर वाल्मीकि रामायणको अन्तिम परिष्कार भने ई० पू० ४००–५०० सम्ममा भइसकेको हो भन्ने सबैको भनाइ छ ।

यद्यपि हाम्रो साधारण लोक परम्परा रामायण, राम, वाल्मीकि आदिलाई ज्यादै पुराना (अज्ञात भूतकालका) मान्ने गर्दछ तापनि परम्पराका मात्र आधारमा उनलाई ई. पू. १४०० भन्दा बढी पुराना बनाएमा अतिरञ्जना भएको जस्तो लाग्दछ ।

यसरी होमर भन्दा कैयौं सय वर्ष पुराना भएका र यवन र आयहरूका सम्बन्धै नभएको समयमा भएका वाल्मीकिले होमरबाट प्रभावित भएर रामायणका घटनाहरूको संयोजन गरे भन्ने जर्मन विद्वान् अल्वर्ट वेवर (Albert Weber) को मत शतधा विदीर्ण भएको छ । आज उनको मतलाई पाश्चात्य–पौरस्त्य कुनै विद्वान्ले पनि मान्दैनन् तापनि रामायणका गहन अनुसन्धाता. ज्याकोवीको मत समेत सङ्कलन गरेर लेख्ने आर्थर. ए. म्याक्डोनेलको भनाइ यहाँ उल्लेख गर्नु अनुचित देखिदन । उनी लेख्छन् :—

"रामायणमा ग्रीक प्रभाव बारे प्रोफेसर वेवरको धारणा आधारहीन छ । किनभने सीताअपहरण र उनको फिर्तीका लागि लङ्का अभियानसँग हेलनको अपहरण र ट्रोजनयुद्धको कुनै सत्य सन्दर्भ छैन । न त रामले सीता प्राप्तिका लागि शिवधनु नुहाएको वर्णन उलिस्सेसको साहसबाट लिइएको भन्ने पर्याप्त प्रमाण पाइन्छ । उस्तै उस्तै कामको लागि उस्तै उस्तै वीरताका कामका कथाहरू ग्रीकमा बाहेक अन्य देशका कविताहरूमा पनि पाइन्छन र सजिलैसित स्वतन्त्रता-पूर्वक उठेका हुन सक्छन् ।""

वेवरको भनाइ पुस्तकमा छापिए पछि काशीनाथ त्रिम्बक तेलङ्गले एक प्रतिलेख (१८७३) लेखे । त्यो पढे पछि वेवर आँफै पनि आफ्नो पूर्वधारणामा दृढ रहन नसके जस्ता देखिन्छन् । उनी लेख्छन्—"Weber des Ramayanam (1870) यसको इंग्लिश अनुवाद 'Indian Antiquery' 1872 र 1873 मा बम्बइबाट प्रकाशित भएको छ । यसमा मैले यो प्रदर्शन गर्ने यत्न गरेको छु कि बौद्धकथाहरूमा मौलिकरूपले पाइने यस कथामा वाल्मीकिको हातद्वारा जो परिवर्तन भए त्यो ट्रोजन् आरायन चक्रको परिचयमा आधारित हो''' '' यस विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काशीनाथ त्रिम्बक तेलङ्ग (१८७३) ले एक प्रतिलेख लेखे 'Was the Ramayan Copied from Homer.' यस विषयमा Ind. Anti. ११२०६; इण्डि. ष्टु. १३। ३३६, ४८० हेर्नोस् ' उनै लेखकले पछि Ind. Anti. ३:१२४, १६७ मा एक श्लोकार्धको निर्देश गरेका छन जो युद्धकाण्डमा आउँछ र दुईपटक सम्म पतञ्जलिको महाभाष्यमा पनि आउँछ । परन्तु यस श्लोकमा अधिक सामान्य विचार दृष्टिगोचर हुन्छ (एति जीवन्तमानन्दो नरं वर्षशतादपि) अत यो आवश्यक छैन कि यो रामायणकै हो र…वाल्मीकिले यसको…उद्धरण…गरेका हुन ।"[14]

महाभाष्यकारले लोक प्रचलित प्रयोगको उदाहरणद्वारा आफ्नो सिद्धान्त स्पष्ट्याउन उद्धरण गरिएको श्लोक रामायणको छैन र उल्टो महाभाष्यबाट वाल्मीकिले लिएका हुन् भन्ने भनाइ कति गलत छ सर्वविदित छ ।

यसरी नै चिन्तामणि विनायक वैद्यले पनि वेबरको मतलाई आफ्नो पुस्तक 'Riddle of Ramayana' मा निर्मूल पारी खण्डन गरेका छन् ।

वस्तुत मनियर विलियम्सले संस्कृत काव्यहरू बारे भनेका थिए : "जेहोस् गार्हस्थ्य जीवन र पद्धतिहरूको चित्रण प्रस्तुत गर्नमा संस्कृत महाकाव्यहरू ग्रीक र रोमन भन्दा पनि बढी सत्य छन भन्ने कुरा स्वीकार गर्नै पर्छ । हेलन् वा पिनेलपीले भन्दा पनि सीता, द्रौपती, र दमयन्तीले उनीहरूका प्रति हाम्रो प्रेम र रूचिलाई बढी आकृष्ट गर्छन । रामायणमा प्रस्तुत गार्हस्थ्य औ सामाजिक सुखको चित्रण भन्दा बढी राम्रो र मर्मस्पर्शी कुरा अरू केही हुनै सक्दैन ।……वास्तवमा समय र जुनसुकै देशका मानवहरूको प्रकृतिसित सम्बद्ध उद्वेग र व्यापक अनुभूतिहरूको वर्णन गर्नमा संस्कृत महाकाव्यीय कविताहरूसँग ग्रीक महाकाव्यहरूले पनि जोरतं ड गर्न सक्दैनन् ।"[15]

फ्रान्सका महान् आलोचक फ्लाबेरले महान् कला (ग्रेट् आर्ट्) का विषयमा भनेको "मानव सौख्यको अभिवृद्धि, दीन आर्त जनहरूको उद्धार, परस्परमा सहानुभूतिको प्रसार, हामी र संसारको बीचमा रहेको सम्बन्धका विषयमा नवीन या प्राचीन सत्यहरूको अनुसन्धान जसबाट यस भूतलमा हाम्रो जीवन उदात्त तथा ओजस्वी बनोस् या ईश्वरको महिमा झल्कोस्"[16] भन्ने भनाइ वाल्मीकिको रामायणमा जसरी अक्षरशः घटित हुन्छ त्यसरी के अन्त कतै हुन्छ र ? यद्यपि ओडिस्सीमा वर्णित ओडिस्यूस्को साहसी (Adventurous) समुद्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यात्राले पाठकलाई निरन्तर परिवर्तित दृश्यहरू प्रति आकर्षित गराउँछ र उनले सामना गर्नुपरेका स्थितिहरूलाई अत्यन्त ईमरन्दारीपूर्वक, स्वाभाविकतया औ सजीव भाषामा पाठकको अगाडि आउने गरी वर्णन गरिएको छ (जो लेखकको महान् सफलता हो) तापनि ओडिस्स्यूसको जीवनबाट आज हामीले ग्रहण गर्नुपर्ने आदर्श उति स्पष्ट छैन। यसरी विचार गर्ने हो भने होमरका कृतिहरू भन्दा वाल्मीकिको कृति धेरै दृष्टिले उच्च देखिन्छ।

वाल्मीकि र होमरका कृतिहरूमा सामान्य विचार गर्ने पाठकलाई समानताभास हुनु स्वाभाविक हो र त्यो व्यक्तिगत अनुभूति मात्र पनि हो तर राम्रोसँग पढेपछि अवश्य पनि स्पष्ट हुन्छ कि होमरका काव्यहरू आफ्नै विचार, आफ्नै पृष्ठभूमि, आफ्नै शैली र आफ्नै संस्कृतिको स्वतन्त्र प्रवाहमा बगेका छन्। उसै गरी वाल्मीकिको काव्य पनि भारतवर्षीय आदर्श, काव्यात्मक रस (Sentiment) भक्ति र लोक हृदयसँग मिल्दा र त्यसको प्रतिनिधित्व गर्दो कथानकलाई लिएर निर्मल रूपमा कतैतिर ठक्कर नखाइकन बगेको छ।

सन्दर्भ जानकारी

१. जय नामेतिहासोऽयम्।

२. चतुर्विंशतिसाहस्रीं चक्रे भारतसंहिताम्
उपाख्यानैर्विना तावत् भारतं प्रोच्यते बुधैः।
—महाभारत।

३. हेर्नू— (१) A History of Sanskrit Literature-A. A. Macdonnel.
(२) A History of Sanskrit Literature-Jacobi.
(३) The History of Indian Literature-A. Weber.
(४) A History of Sanskrit Literature- I. A. kieth.
(५) संस्कृत साहित्यका इतिहास-बलदेव उपाध्याय
(६) संस्कृत साहित्यका संक्षिप्त इतिहास-वाचस्पति गैरोला। आदि

४. सुमन्तुजैमिनिवैशम्पायनपैलसूत्रभाष्यभारतमहाभारतधर्माचार्याः।
—आश्वलायनगृह्यसूत्र, अध्याय ३, खण्ड ४।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. संस्कृत साहित्यका संक्षिप्त इतिहास—पृ. १६७.

—वाचस्पति गैरेला।

६. "कृष्णो भान्वखिलग्रहाय स कुरुक्षेत्रं सधर्मो यया—
विस्थं भागवते निशम्य च मयाऽलोच्यार्ष सिद्धान्ततः।
द्व्यङ्काङ्काग्न्यरिनागतुल्य शरदी ते द्वापरे तारणेऽ
ब्दे मासि खभूघटीपु भृगुजेऽभूत सोऽर्कसर्वग्रह ॥"

७ हेर्नू— क) महाभारत, वनपर्व अध्याय २७४–२९१ (जम्मा १७ अध्याय सम्म) रामोपाख्यान छ; वाल्मीकि रामायणमा घटनाक्रमलाई जसरी संस्थापन गरिएको छ त्यही क्रमलाई पछ्याइएको पनि छ।

(ख) फेरि, महाभारत, द्रोणपर्व ८१ अध्यायमा अभिमन्युको मृत्यु भएपछि षोडशराजोपाख्यान प्रसङ्गमा पनि रामको चरित्र एक अति प्राचीन कथाको रूपमा दृष्टान्त दिइएको छ।

८. एवमेतन्महाबाहो ! रामेणामिततेजसा।
प्राप्तं व्यसनमत्युग्रं वनवासकृतं पुरा ॥

—महाभारत, ३।२६२।१॥

९. A History of Sanskrit Literature (Page 259)

—Arthuor A. Macdonnel.

१० न हन्तव्याः स्त्रिय इति यद्ब्रवीपि प्लवंगम
पीडाकरममित्राणां यच्च कर्तव्यमेव तत् ॥

— वाल्मीकिरामायण, युद्धकाण्ड ८१।३०।

यही श्लोकलाई महाभारतमा—
"अतिचायं पुरा गीतः श्लोको वाल्मीकिना भुवि।
नहन्तव्याः स्त्रिय इति यद्ब्रवीषी प्लवङ्गम ॥
सर्वकालं मनुष्येण व्यवसायवता सदा
पीडाकरममित्राणां यत स्यात्कर्तव्यमेव तत ॥

—'दोणपर्व' मा उद्धृत गरिएको छ।
र अति ... पुरा शब्दले वाल्मीकिलाई
ज्यादै प्राचीन मानिएको दर्शाउँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

११. "इत्यार्षे श्रीमद्रामायणे, वाल्मीकीय आदिकाव्ये चतुर्विंशतिसाहस्र्यां संहितायाम्" भनी वाल्मीकि रामायणका प्रत्येक सर्गान्तमा लेखिएको छ ।

१२. "चरणेनापि सव्येन न स्पृशेयं निशाचरम्
रावणं किं पुनरहं कामयेयं विगर्हितम् "
—श्रीमद्वाल्मीकीय रामायण ५।२६।१०।

१३. "Prof. Weber's assumption of Greek influence in the story of the Ramayana seems to lack foundation. For the tale of the obduction of Seeta and the expedition to Lanka for her recovery has no real correspondence with that of the rape of Helen and the Trozan war. Nor is there any sufficient reason to suppose that the account of Rama bending a powerful bow in order to win Sita was borrowed from the adventure of Ulysses. Stones of similar feast of strength for a like object are to be found in the poetry of other nation's beside Greeks, and sould easily have arisan independently

—A History of sanskrit Literature
Page. 251,—By Arthuor A. Macdonnel.

१४. Weber's 'The History of Indian literature P. 181.]

१५. Monier Williams said of them: "It must be admitted, however, that in exhibiting pictures of domestic life and manners, the Sanskrit epics are even more true and real than the greek and Roman. .. ... Sita, Draupadi and Damayanti engage our affection and our interest far more than Helen, or even than Penelope... Nothing can be more beautiful and touching than the pictures of domestic and social happiness in the Ramayana .. Indeed, in depicting scenes of domestic affections, and expressing those universal feelings and emotions which belong to human nature in all time and in all places, Sanskrit epic poetry is unrivalled even by greek epos."

Sanskrit Literature, Page 20
V. Raghavan.

१६. Walter Peter-Appriciations: Style (Page 38)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्तको रामायण र अध्यात्मरामायण
(अयोध्या काण्ड)
तुलनात्मक अध्ययन

—जगन्नाथ शर्मा त्रिपाठी

अयोध्यामा राम आनन्दपूर्वक सीताका साथमा रहेका थिए। दशरथ रामलाई राज्याभिषेक गर्ने तर्खरमा थिए। रावण आदि दुष्टहरूलाई मारेर पृथिवीको भार हर्दछु भनी भगवानले रामावतार लिनु भएको थियो। तर राज्याभिषेक भएर राज्य चलाउन लागेपछि त्यो कुरा सम्भव नहुने देखेर ब्रह्माले नारदलाई अयोध्या पठाउनु भयो र यसै प्रसङ्गबाट अयोध्याकाण्डको आरम्भ भएको छ। नारदका आगमनका प्रसंगका पाँच श्लोकको सार भानुभक्तले आफ्ना रामायणका अयोध्याकाण्डका पहिलो श्लोकमा बडो सुन्दर ढंगले उतारेका छन्। त्यसपछिका तीन श्लोकको भाव दोस्रो श्लोकमा उतारिएको छ।

त्यसरी आएका नारदले भक्तवत्सल रामलाई भने–हे राम! साधारण मानिसहरूका जस्ता कुरा गरेर मलाई तपाई किन मोहमा पार्नु हुन्छ, हे प्रभो! तपाईंले म संसारी हुँ भनेर जो भन्नुभयो, त्यो कुरा साँचो हो; किनभने संसारको आदिकारण माया नै तपाईंकी गृहिणी छन्। सत्त्व-रजस्तम-त्रिगुणात्मिका माया तपाईंमा आश्रित भएर नै भासमान हुन्छिन्। तपाईंकै सम्पर्कबाट तिनमा ब्रह्मा आदि प्रजाहरू जन्मन्छन्। ती प्रजाहरु आफ्ना गुण अनुरूप नै शुक्ल, कृष्ण र रोहित -तीन किसिमका हुन्छन्। यस लोकत्रयरूप ठूलो घरमा रहने तपाईं अवश्य गृहस्थ हुनुहुन्छ। त्यस-कारण तपाई साँच्चै नै संसारी हुनुहुन्छ। तपाईं विष्णु हुनुहुन्छ र सीताजी चाहिं लक्ष्मी हुनुहुन्छ! तपाई शिव सीता पार्वती, तपाईं ब्रह्मा सीता वाणी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईं सूर्य सीता प्रभा, तपाईं चन्द्र सीता शुभलक्षणा रोहिणी, तपाईं इन्द्र सीता शची तपाईं अग्नि सीता स्वाहा, तपाईं यम सीता संयमिनी तपाईं निर्ऋति सीता तामसी तपाईं वरुण जानकी भार्गवी तपाईं वायु सीता सदागति, तपाईं कुबेर सीता सर्वसम्पत् तपाईं लोकसंहारकारी रुद्र सीता रुद्राणि. संसारमा स्त्रीवाचक जे जति छ त्यो सबै सीता हुनुहुन्छ र पुरुषवाचक जति सबै नै तपाईं हुनुहुन्छ । त्यस कारण हे प्रभो ! यो तीनै लोकमा तपाईं भिन्न अरु कोही छैन । तपाईंकै आभासबाट निस्किएको अज्ञान "अव्याकृत" नामले पुकारिन्छ र त्यसबाट महत्तत्त्व उत्पन्न हुन्छ, महत्तत्त्वबाट सूत्रात्मा (हिरण्यगर्भ) र त्यस सूत्रात्माबाट सर्वात्मक लिङ्गदेह उत्पन्न हुन्छ । जन्म, मृत्यु, सुख, दुःख आदिले युक्त भएको अहंकार, बुद्धि पञ्चप्राण (प्राण, अपान, समान, उदान र व्यान) र इन्द्रियहरूलाई प्राज्ञहरू "लिङ्ग" भन्दछन् । त्यही लिङ्गदेह संसारमा संसारीका रूपमा रहन्छ र त्यस (लिङ्गदेहाभिमान चेतनाभास) लाई नै जीव नामले पुकार्दछन् । अनिर्वचनीय र अनादि अविद्या नै यस जीवको कारण उपाधि मानिन्छ । शुध्द चेतनका स्थूल, सूक्ष्म र कारण–यी तीन उपाधिहरू छन् । यिनै उपाधिहरूले युक्त भएपछि जीव बन्दछ र यिनले रहित हुँदा त्यो परमेश्वर हुन्छ । हे रघुश्रेष्ठ ! जाग्रत् स्वप्न र सुषुप्ति नामले युक्त जो यो तीन प्रकारको सृष्टि छ, त्यसदेखि विलक्षण तपाईं चिद्रूप साक्षी मात्र हुनुहुन्छ । यो सम्पूर्ण जगत तपाईंबाट नै उत्पन्न भएको छ तपाईंमा नै यो स्थित छ अनि तपाईंमा नै यो लीन पनि हुन्छ, त्यसर्थ यो सबैको कारण तपाईं हुनुहुन्छ । डोरीमा सर्पको भ्रम भएजस्तै आफूलाई जीव मान्नाले मानिसलाई भय हुन्छ, तर आफूलाई परमात्मा सम्झनाले भय र दुःखबाट ऊ मुक्त हुन्छ । सबैका शरीरमा रहेर चिद्रूप ज्योतिद्वार तपाईं नै तिनका बुद्धिहरूलाई प्रकाशित गर्नुहुन्छ, त्यसैले तपाईं नै सबैका आत्मा हुनुहुन्छ । डोरीमा सर्पको कल्पना गरेजस्तै अज्ञानद्वारा तपाईंमा सम्पूर्ण जगतको अध्यास मानिन्छ, तर तपाईंको वास्तविक ज्ञान भएपछि त्यो सबै लीन हुन्छ, त्यस कारण मानवो सधैं ज्ञानको अभ्यास गर्नु पर्दछ । तपाईंका चरण कमलमा भक्ति रहेकाहरूलाई क्रमैले ज्ञानको उपलब्धि हुन थाल्दछ त्यस कारण जो तपाईंका भक्तिले युक्त छन् तिनै मुक्तिका अधिकारी पनि छन् । त्यस कारण हे प्रभो ! म तपाईंका भक्तका,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तको पनि दास हुँ, त्यसर्थ मलाई अनुग्रह गर्नुहोस् मलाई यसरी मोहित नपार्नुहोस् । तपाईंका नाभिबाट कमल निस्कियो, त्यसबाट मेरा पिता ब्रह्माको जन्म भयो । तसर्थ म तपाईंको नाती हुँ र म भक्त नातीलाई रक्षा गर्नु होस् । यति भनेर आँखाभरि आँसु पारेका नारदले रामलाई धेरै चोटि नमस्कार गरेर मलाई यहा ब्रह्माजीले पठाउनु भएको हो' भनी विन्ती चढाए१ ।

यति लामू अध्यात्मवादी प्रसंगलाई भानुले–"नारद्ले बहुतै गऱ्या स्तुति तहाँ"– यति मात्र भनेर सकिदिएका छन् ।

पृथिवीको भार हर्दछु भनी प्रभु यहाँ पाल्नु भएको थियो तर अब राजा दशरथले राज्यासनमा बसाल्न खोजेका छन् र त्यस्तै भयो भने भूभार हर्ने काम त बाँकी नै रहने भयो-भनी नारदले विन्ती गरे ।

नारदका यी कुरा सुनेर रामले उनलाई भन्नु भयो-हे नारद ! मेरा निम्ति अविदित कुरा केही छैन त्यस कारण मैले पहिले रावणादिलाई मारेर पृथ्वीको भार हर्ने जुन प्रतिज्ञा गरेकोछु, त्यो अवस्य पूरा गर्नेछु तर कालका क्रमले जुन जुन दैत्यको प्रारब्ध क्षय हुँदै जान्छ, ती ती दैत्यलाई मारेर म क्रमैले पृथ्वीको भार हरण गर्नेछु । रावणको वध गर्नाका निमित्त म भोलि नै दण्डकारण्य जानेछु र मुनिवेष लिएर त्यहाँ चौधवर्षसम्म बस्नेछु । सीताको निहुँ पारेर त्यस दुष्टलाई उसको कुल सहित नाश गर्नेछु२ ।

यस प्रसङ्गलाई भानुले

"नारदका इ वचन सुनी खुसी भई उत्तर् प्रभूले पनि ।
जल्दी बक्सनु भो म राज्य नगरी भोली म जान्छू भनी ॥"

—यति भनेर सकिदिएका छन ।

त्यसपछि राजा दशरथले स्वकुलाचार्य वसिष्ठलाई बोलाएर भने हे भगवान ! समस्त प्रजाहरू रामको प्रशंसा गर्छन, तिन मध्ये पनि पुरवासी-हरू, विद्वान्हरू, वृद्धहरू, मन्त्रीहरूबाट रामको बढी प्रशंसा भइराखेको

१. अध्यात्म रामायण, सर्ग १, श्लोक-६-३२ ।
२. पूर्ववत्, श्लोक-३६-३६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ । त्यस कारण यी सबै गुणले सम्पन्न भएका कमललोचन, जेठा छोरा रामलाई म राज्याभिषेक गरिदिन चाहन्छु, किनभने हे मुनिश्रेष्ठ ! म अब बूढो पनि हुन लागेको छु । भरत शत्रुघ्नलाई साथ लिएर मावल गएका छन्; म भोलि नै रामलाई राज्याभिषेक गर्दछु, यस कुराको स्वीकृति तपाईं दिनुहोस् । राज्याभिषेकका निमित्त चाहिने सम्भार तपाईं तयार पार्न लगाउनुहोस् र गएर रामलाई पनि यो खबर सुनाई दिनुहोस् । अनेक रङ्गका ध्वजा पताकाहरू सबैतिर टाँगियुन् । सुवर्ण र मुक्ताहरूले युक्त भएका तोरणहरू पनि सबैतिर बेरिइउन[१] ।

यति लामू प्रसंगलाई भानुभक्तले
"भोली राज्य म दिन्छु पुत्रकन सब् सामग्रि ल्याउ भनी ।"
-यति भनेर सकिदिएका छन् ।
त्यसपछि राजा दशरथले-
"मन्त्री डाकि हुकुम् भयो संग रह्या जो जो कहन्छन् गुरू ।
सो सो चिज् झटपट् तयार् गर अवर् सब् काम छोड्नू बरू ॥"
-भनी आज्ञा दिए ।

"मन्त्रीले पनि यां हुकुम् सुनि तहाँ साथैं गुरूका रह्या ।"-र गुरु वसिष्ठले मन्त्रीलाई आज्ञा दिनुभयो - भोलि बिहानै मध्यद्वारमा सुवर्णका गहना पहिरिएका सोह्रवोटी कन्याहरूलाई खडा राख्नू । सुन र अरू रत्नहरूले विभूषित भएको, ऐरावतका कुलमा जन्मिएको चतुर्दन्ते हात्तीलाई पनि ल्याएर त्यहाँ उभ्याउनू । अनेक तीर्थहरूका जलले पूर्ण भएका हजारौं सुनका कलशहरूको स्थापना गर्नू । भर्खरै मारेका तीनओटा बाघका छालाहरू पनि ल्याएर राख्नू । मुक्तामणि आदिले युक्त भएको रत्नको दण्ड भएको एउटा सेतो छाता ठीक पार्नू । अनेक सुन्दर मालाहरू, वस्त्रहरू र सुन्दर आभूषणहरू ठीक पारेर राख्नू । मुनिहरूलाई सत्कारपूर्वक बोलाएर हातमा कुश लिएका ती मुनिहरूलाई त्यहाँ उपस्थित राख्नू । नर्तकीहरू, मुख्य मुख्य वीराङ्गनाहरू, गायकहरू, वंशीवादकहरू, अरू अनेक किसिमका बाजा बजाउन जान्नेहरू राजाका आगनमा जम्मा भएर बाजा बजाउनू ।अभिषेक

---

१. पूर्ववत्, अध्याय ७, श्लोक १ ६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानको बाहिरपट्टि हात्ती घोडा रथ र पद्यात्री यो चतुरङ्गिणी सेना शस्त्रास्त्रले सुसज्जित भएर खडा रहुन् । शहरमा जति देवालयहरू छन् ती सबमा अनेक प्रकारका बलि सामग्रीहरूद्वारा देवताहरूको पूजा गरियोस् । अनेक किसिमका भेटहरू लिएर समस्त राजा रजौटाहरू उपस्थित होउन[१] ।

यति लामू प्रसङ्गलाई भानुले-
"चाहिन्छन् जति चिज् ती खोज्न गुरुले खोलेर सब् चिज् कह्या"
-यति भनेर सकिदिएका छन् ।

त्यसपछि भानुभक्तजीले-
"मन्त्रीलाई अह्राइ राघवजिका साथ्मा वशिष्ठै गया ।
पैल्हे श्री रघुनाथले गुरु भनी सम्मान गर्दा भया ॥"

यति भनेर दुई पंक्तिमा सक्नु भएको कुरा अध्यात्मरामायणमा ६ श्लोक (अध्या. रा. २।२।१६-२१) मा भनिएको छ । त्यसपछि भानुले दश पंक्तिमा गरेको वर्णन अध्यात्मरामायणमा चौध श्लोक (अध्या. रा. २।२।२२-३५) मा वर्णित छ । यसरी वसिष्ठ फर्केपछिको भानुले दिएको प्रसङ्ग यस्तो छ—

"यस्तो विन्ति गरी वशिष्ठ गुरु फेर् जस्सै गयाथ्या पनि ।
रामले लक्ष्मणथ्यैं भन्या म तिमिलाइ् काम् गर्न द्यूँला भनी ॥
छैनन् भाइ भरत् पनि त तिनका खातिर् छ मेरी दया ।
कौशल्या सुनि खुस् हुनिन् भनि त जो सम्चार् बताउँदै गया ॥१०॥
राजाले त खतम गर्‍या दिनु भनी क्या गर्दछिन् कैकयी ।
यसमा विघ्न कदापि गर्न न दिउन् लक्ष्मी र दुर्गा भई ॥
कौशल्या पनि यो विचार गरि तहाँ गर्थिन् पुजा देविको ।
द्यौताका मनमा भन्या ठहरियो काम् विघ्न गर्नू निको ॥१२॥"

यो प्रसङ्ग अस्पस्ट देखिन्छ । रामले लक्ष्मणलाई के काम गर्न दिउँला भनेका हुन् त्यो कुरा स्पष्ट छैन । जागिरे बाबुका ढाक्रे छोरा भानुभक्तलाई आफ्ना मालिक कृष्णवहादुरले काम (जागिर) नदिएकोमा खेद र

१. पूर्ववत्, श्लोक ६ १५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम पाउँछु कि भन्ने आशा अवश्यै थियो। यो कुरा कृ० ब० लाई उनले लेखेको चिठी- "जागिर छैन धनी म छैन घरको..." आदि पंक्तिबाट पनि थाहा हुन्छ। यसै आशामा झुण्डिएका भानुभक्त आफूले कृ० ब० बाट जागिर नपाए पनि राम राजा भएपछि रामबाट लक्ष्मणलाई जागिर दिलाएर सन्तोष लिन चाहान्छन् भन्ने कुरा पनि यहाँ प्रतीत हुन्छ। नत्र लक्ष्मणलाई कामको के खाँचो र आवश्यकता पनि थियो र ? रामले भरतका खातिर मेरो दया छ भनेर कुन अर्थमा भनेका हुन् त्यो पनि स्पष्ट देखिदैन। "कौशल्या सुनि खुस् हुनिन् भनि त जो समचार बताउँदै गया"- यसमा समाचार् बताउँदै को गए- को हो, स्पष्ट छैन। त्यसपछिका दुई पंक्ति पनि अस्पष्ट छन्। रामले लक्ष्म- णलाई 'काम गर्न थूँला' भनेको प्रसंग अध्यात्मरामायणमा यस्तो छ- रामले लक्ष्मणलाई नजीकै देखेर हाँस्तै भन्नुभयो हे लक्ष्मण ! यौवराज्यमा भोलि मेरो अभिषेक हुनेछ, तर म त निमित्त मात्र बन्नेछु तर राज्य गर्ने र राज्य भोग्ने चाहिं तिमी नै हुनेछौ, किन भने तिमी मेरा शरीर वाहिर रहेका प्राण हौ, यस कुरामा तिमीले केही सन्देह लिनु पर्दैन१। अध्यात्मरामायणको यो प्रसङ्ग पढेपछि मात्र भानुका उक्त पदको अर्थ स्पष्ट हुन्छ। त्यपछिको पंक्ति- "छैनन् भाइ भरत् पनि त तिनका खातिर् छ मेरी दया।"- यो उक्ति अध्यात्म- रामायणमा छैन र यो भानुको मौलिक पंक्ति हो। यस पंक्तिले आफ्नू राज्याभिषेक हुन लागेको वेलामा भरतको उपस्थिति त्यहाँ नहुनाले रामलाई खेद लागेको छ भन्ने कुरा व्यक्त गरेकोछ र यो मौलिक पंक्ति थपिदिएर रामका उदात्त चरित्रमा भानुले सुनमा सुगन्ध थपिदिए झैं गरेका छन्।

त्यसपछि—

"कौशल्या सुनि खुस् हुनिन भनि त जो सम्माचार् बताउँदै गया।"

—भन्ने पक्तिमा भानुले के भन्न खोजेका हुन् बुझिदैन। त्यो बुझनाका लागि अध्यात्म रामायणको यो उक्ति पढ्नु आवश्यक छ–वसिष्ठले पनि फर्केर गएर आफूले गरेको सबै काम राजालाई बताउनु भयो। वसिष्ठका अगाडि दशरथले फेरि रामलाई राज्याभिषेक गर्ने कुरा दोहऱ्याए। कुनै नगरवासीले त्यो कुरा सुन्यो र त्यो हर्षको समाचार कौशल्या र सुमित्रालाई सुनायो, हर्षले गद्गद भएका ती दुईले पनि आफ्नु गलाको हार उतारेर त्यसलाई दिए।

१. पूर्ववत्, श्लोक ३६-३७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१ यता देवताहरूले राज्याभिषेकमा विघ्न पार्न चाहे र वाणीलाई मन्थरा र कैकयीमा बसेर तिनीहरूको बुद्धि बिगार्न पठाए। वाणीले त्यसै गरिन्। त्यसपछिको प्रसङ्ग भानुका शब्दमा—

"वाणीका वशमा पऱ्याकि छँदि ती जाहाँ थिइन् कैकयी।
काम् विल्ला भनि चटपटाई तहिं झट् त्यो मन्थरा गै गई ॥
नाना छल् गरि ठिक्क पारिकन सब् वृतान्त विस्तार् भनी।
द्वी वर् छन् तिमी मागि ल्यौ भनि ठुलो सूचन् गरी यो पनि ॥१४॥

वाणीले ती भुलाइयाकि छँदि लौ भन्दी भइन् कैकयी।
रामलाई वनवास् भरत्कन रजाइँ माग्छू म चाँडो गरी ॥
द्वी वर्ले जब काम सिद्ध गरूला द्यूँला सये गाउँ भनिन्।
बीदा दी घर मन्थराकन फिराई रिस् गर्न लाग्दी भइन ॥१५॥

सुन्दर् वस्त्र निकालि फालि कपडा मैला शरीर्मा धरिन्।
आभूषण् कन फ्याँकि खूप रिसले खाली जमीन्मा परिन् ॥
सज्जन् वेस् सुमति पनि कुमतिका सङ्ले त बिग्री गयो।
भन्छन् जो दुनियाँ उ लक्षण यहाँ ठिक् कैकयीमा भयो ॥१६॥"

दुइ वर के हुन्, कसरी, कुन अवस्थामा, कसबाट कैकेयीलाई प्राप्त भएका थिए, राजा दशरथसंग कसरी ती थाती रहेका थिए, मन्थराले के के भनेर कैकयीको मन फर्काएकी थिई- यी सब कुरा भानुका यस प्रसङ्गबाट चाल पाइदैनन्। यो प्रसङ्ग अध्यात्मरामायणमा यसरी दिइएको छ-कुब्री र तीन ठाउँमा बाङ्गिएकी त्यो मन्थरा भवनका माथिल्ला तलामा चढी। अयोध्या नगरी सबैतिर सिँगागिएको थियो। अनेक किसिमका तोरण र पताकाहरूले सिगारिएको अनेक, उत्सवहरू मनाइन लागेको त्यस नागरीलाई देखेर त्यहाँबाट ओर्लिई र धाई भएका ठाउंमा गएर सोधी -आमा ! यो नगरी किन सजाइएको ? कौशल्या अत्यन्त हर्षित देखिन्छिन् अनेक उत्सव गर्दैछन् र ब्राह्मणहरूलाई वस्त्र आदि पारितोषिक दिइरहेकी छन् किन हो ? मन्थरालाई धाई बूढीले भनी- भोलि रामचन्द्रको राज्याभिषेक

१ पूर्ववत्, श्लोक- ३६-४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ, त्यसैले यो सब भएको हो । धाईको यो छोटो उत्तर सुनेर उ हतारिँदै कैकेयी भउको ठाउँमा गई र एकान्तमा पलङमाथि आनन्दपूर्वक ढल्किरहेकी कैकेयीलाई भन्न थाली–'हे अभागिनी मूर्ख नारी ! ठूभो भय उपस्थित भइसक्यो, तिमी किन यस्तो शान्तिसित सुतिरहेकी ? आफूलाई म जस्ती सुन्दरी अरू कोही छैन भन्ने संझने, ठूलो अभिमान भएकी उन्मत्त गति भएको हे कैकेयी ! भोलि रामको राज्याभिषेक हुँदैछ ।' मन्थराका यी कुरा सुनेर कैकेयी मीठो वचन बोल्दै हत्तपत्त उठिन् र रत्नजडित सुनको नूपुर फुकालेर त्यसलाई दिँदै भनिन् यो हर्षका वेलामा तैंले के भय उपस्थित भएको कुरा गरेकी ? मेरो सँधैं भलाई गर्ने, मीठो वचन बोल्ने राम भरत भन्दा पनि मेरा प्यारा छन् । कौशल्यालाई र मलाई एकै दृष्टिले हेरेर उनी सँधैं मेरा सेवामा लागिरहन्छन् । त्यस्ता रामवाट तँलाई कुन भय आइलाग्यो मूर्ख ! लौ मलाई भन ! त्यो कुरा सुनेर विना कारण वैरभाव बढाउने त्यो कुब्री खिन्न भई र वास्तवमा नै भय उपस्थित भएको छ देवी ! लौ मेरा कुरा सुन्नुहोस् भन्दै भन्न थाली–तपाईलाई राजाले मीठा कुरा गरेर खुशी पार्छन् र ती मिथ्यावादी कामुक राजा भलाइ चाहिं कौशल्याको गर्छन् । यो कुरा मनमा राखेर नै राजाले तपाईका छोरा भरतलाई भाई सहित मावल पठाएका हुन् । अब सुमित्राको चाहिं अवश्य भलो हुनेछ, किनभने, लक्ष्मणले रामलाई पछ्याउने हुनाले राज्यसुखको अनुभव उनले गर्न पाउनेछन् । भरतले चाहि कि त रामको दास बन्नु पर्नेछ, कि त उनी अयोध्याबाटै निकालिने छन् कि चाहिं मारिन पनि के वेर छ र ! तिमोले चाहिं दासी जस्ती भएर सधैं कौशल्याको सेवा गर्नु पर्नेछ । यसरी सौतावाट दवाइएर बाँच्नुभन्दा त मर्नु धेरै श्रेय छ । यसकारण छिटै तिमी भरतलाई राज्याभिषेक गराउने र रामलाई चौधवर्षसम्म वनवासतिर पठाउने प्रयत्नमा लागे । त्यति गरेपछि निष्कण्टक राज्यासनमा तिम्रा छोरा वस्नेछन् र तिमीलाई सुख हुनेछ । त्यसका लागि एउटा उपाय मैले पहिलेदेखि सोचि राखेकी छु र त्यो तिमीलाई बताउँछु । त्यो के त भने, पहिले देवासुर युद्धमा इन्द्रले दशरथसित सहायता मागे । ठूलो सेना र तिमीलाई साथमा लिएर राजा स्वर्ग गए । युद्ध गर्दैगर्दा राक्षसहरूले राजाका रथका धूरको चुकुल काटेर खसालिदिए, त्यो कुरा राजाले थाहा पाएनन, तिमी रथमै थियौ र त्यो देख्ने बित्तिकै तिमीले चुकुलका ठाउँमा आफ्नू हात घुसारेर रथ भत्किन दिइनौ । युद्धमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विजय पाइसकेपछि त्यसरी रहेकी तिमीलाई देखेर राजा छक्क पनि परे र अत्यन्त खुशी पनि भए। त्यसपछि उनले तिमीलाई आलिङ्गन गरेर 'म तिमीलाई दुई वर दिन्छु माग' भने तिमीले चाहिं मलाई दुई वर दिनुहुन्छ भने मेरो नासोको रूपमा ती दुई वर तपाईसितै रहुन् जहिले मलाई आवश्यकता पर्ला त्यसै वेला ती दुई वर म लिउँला भनेकी थियौ। यो सब कुरा तिमीले नै मलाई सुनाएको थियौ र अहिले परि आउँदा मैले संझें। त्यसकारण अब तिमी तुरून्तै रिसाएर क्रोधागारमा पस र गहना गुरिया सबै फ्याँकेर भूईंनै पसारा पार अनि राजाले आएर फुल्याउन थालेपछि अगि मैले भनेजस्तै गरी वर माग्नू। दुष्टको सङ्गतले बुद्धि भ्रष्ट भएकी कैकेयीलाई मन्थराका यी कुरा उचित लागे र उनले उसका बुद्धिको प्रशंसा गरिन् र भनिन् तँ यस्ती बुद्धिमती छस् भन्ने कुरा मलाई थाहा थिएन, मेरो छोरो भरत राजा भयो भने म तँलाई सय गाउँ दिउँला। यति भनेर कैकेयी कोपागारमा पसिन् र रिसले सारा लुगा, गहना फुकालेर चारौं तर्फ छरिन् अनि मैला लुगा लगाएर धूलामा लटपटिंदै भनिन् कि हे कुब्जे! जबसम्म राम वन जाओइन तबसम्म म यस्तै हालतमा रहनेछु र कि काम सिद्ध गरेर छाड्नेछु र कि चाहि यत्तिकै मर्नेछु। कैकेयीका यी कुरा सुनेर मन्थराले हक नछोड तिम्रो कल्याण हुनेछ - भनी र त्यहाँबाट हिंडी, कैकेयीले पनि त्यसै गरिन्। धैर्यधारी भए पनि, दयालु भएपनि, गुण र आचारले युक्त भए पनि, नीतिज्ञ भए पनि, विधि, वाद र देशाचार आदिलाई राम्ररी जान्ने भए पनि विचार विवेकले युक्त भएको भए पनि मनमा सधैं पाप खेलाउने दुष्टका सङ्गतमा रहन्छ भने त्यसैका बुद्धिले प्रभाव पारिएको त्यो केही दिनमै सज्जन भएपनि दुष्ट जस्तै बन्दछ, त्यसकारण दुष्टहरूको सङ्गत त्याग्नुपर्छ[१]।

यति लामू प्रसङ्गलाई भानुले उपर्युक्त तीन श्लोकमै सकिदिएका छन्। यसपछिको प्रसङ्ग पनि भानुमा निकै संक्षिप्त छ तर स्पष्ट छ। राजा कैकेयीकहाँ जान्छन् र त्यस्तो अवस्थामा उनलाई देख्छन्। कुरा हुन्छ, उनले दुइ वर माग्छिन्, राजा मूर्छित हुन्छन। राम बोलाइन्छन्। कैकेयीले सबै कुरा बताउँछिन्, राम वन जान तयार हुन्छन, आमालाई भेट्न जान्छन। कौसल्याले

१. पूर्ववत्, श्लोक- ४७ ८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही खाऊ भन्दा रामले आमालाई दिएको जबाफ सारै मार्मिक र रसमय छ, जो यस्तो छ–"गयो खान्या वेला म कन त मिल्यो राज्य वनको ।

भरतूले राज् पाया यहिँ बसि गरुन् राज्य जनको ॥
बिदा वक्स्या जावस् खुसिसित म जान्याछु बनमा ।
म चाँडै फिर्न्याछू बिरह न हवस् कत्ति मनमा ॥२५॥"

राज्य र नगर-निवासबाट वञ्चित भएका रामको यो माताप्रतिको उक्ति कति मर्मस्पर्शी बन्न पुगेको छ ! तर बरू अध्यात्मरामायणको यस प्रसङ्गले त्यति हृदयस्तल भेट्न सकेको छैन–

"रामः प्राह न मे मातर्भोजनावसरः कुतः ।
दण्डकागमने शीघ्रं मम कालोऽद्य निश्चितः ॥
कैकेयीवरदानेन सत्यसन्धः पिता मम ।
भरताय ददौ राज्यं ममाप्यारण्यमुत्तमम् ॥
चतुर्दश समास्तत्र ह्युषित्वा मुनिवेषधृक् ।
आगमिष्ये पुनः शीघ्रं न चिन्तां कर्तुमर्हसि ॥

अ. रा. २।४।४-६।

यसपछिका प्रसङ्गहरू संक्षिप्त रूपमा राम्रै उत्रिएका छन् क्रुद्ध लक्ष्मणका उद्धत उक्तिहरू राम्ररी आएका छन् ।

रामले लक्ष्मणलाई संझाएको अध्यात्म-प्रसङ्ग अध्यात्मरामायणमा यस प्रकार छ —

त्यसरी क्रुद्ध भएका लक्ष्मणलाई अङ्कमाल गर्दै रामले भन्नु भयो-भाइ लक्ष्मण ! तिमी अत्यन्त शूरा छौ र मेरा हितमा लागिरहन्छौ । तिमीले अहिले जे जे भन्यौ; त्यो त्यो गर्न तिमी समर्थ छौ भन्ने मलाई विश्वास छ, तर अहिले त्यसो गर्ने समय छैन । जो यो शरीर तथा राज्य आदि देखिन्छ, त्यो सत्र सत्य भइदिएको भए तिम्रो यो आयास सफल मान्न सकिन्थ्यो। यी सारा सांसारिक भोगहरू फैलिएका मेघमाथि दौडने विद्युत्-रेखा जस्तै चञ्चल छन्। आयु पनि आगाले तताएका फलाम माथिको पानीको थोपो जस्तो छ । जसरी सर्पले आधा निलिसकेको भ्यागुतो आफ्ना अगाडि घुम्न लागेको फिंगालाई मुखले समातेर निल्न खोज्दछ, त्यसरी नै कालरूपी सर्पले ग्रास गरिसकेको मानव पनि क्षणिक भोगहरू भोग्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहन्छ। शरीरका भोगका लागि मानिस दिनरात काम गरिरहन्छ। यदि त्यो भोग पुरुष (आत्मा) ले गरेको मान्ने हो भने त्यो पनि उचित भएन, किनभने, आत्मा शरीरदेखि भिन्न छ। पिता, माता, पुत्र, भ्राता, पत्नी बन्धु आदिको सङ्गम धारामा जम्मा भएका पनेर्नीहरूको जस्तो वा नदीका प्रवाहले वगाएर ल्याएर एकाठाउँमा थुपारेका काष्ठ–तृण आदिका समूहको जस्तो छ। लक्ष्मी छाया जस्ती चञ्चल छन्, तारूण्य पानीको तरङ्ग भैं अनित्य छ; स्त्री–सुख सपना जस्तो छ र आयु थोरै छ, तैपनि जन्तुको यो अभिमान छँदैछ। यो संसार रोगादिले व्याप्त भएको, सपना जस्तो र गन्धर्व-नगर जस्तै मिथ्या छ. तर मूर्ख मानवहरू त्यसैका पछि लागिरहन्छन्। सूर्यको उदय र अस्तद्वारा आयु घट्तै गइरहन्छ, अरूहरू वृद्ध भएका र मरेका पनि देख्तछ, तरै पनि मानिसमा सुद्धी आउँदैन। त्यही नै दीन हो र त्यही नै रात हो भन्दै मूर्खबुद्धि मानव नित्य भोगहरूका पछि दौडिरहन्छ तर उसले कालको वेगलाई चाहिं देख्तैन। काँचो गाग्रामा राखेको पानी भैं यो आयु नित्य चुहिरहेको छ; शत्रुहरूले भैं रोगका समुदायले शरीरलाई प्रहार गरिरहन्छन्। वूढ्याइँ वूढी वाघनी जस्तै भएर अगाडि औंलो ठड्याएर बसेकी छ। मृत्यु आफ्नै साथमा हिंडिरहेको छ र टिपेर लैजान समयको प्रतीक्षा गरिरहेको छ। कीरा विष्ठा वा भस्म वन्ने यस शरीरमाथि अभिमान राख्ने प्राणी म संसारमा प्रसिद्ध राजा हुं भन्दछ। छाला, हाड, मासु, विष्ठा, मूत्र, रेत, रगत आदिले युक्त भएको, विकारी र परिणामी यो देह आत्मा कसरी बन्न सक्तछ, भाइ लक्ष्मण! यस्तो देहमाथि अभिमान गरेर आज तिमी यस लोकलाई नै जलाउन तयार भएका छौ, किनभने, यस्ता दोषहरू देहाभिमानीहरूमा नै उत्पन्न हुन्छन्। म देह हुँ भन्ने जुन वुद्धि छ, त्यसलाई अविद्या भन्दछन्। म देह होइन, चिदात्मा हुँ भन्ने जुन वुद्धि हो, त्यसलाई चाहिं विद्या भन्दछन्, अविद्या जन्म-मरण (संसृति) को कारण हो र विद्या चाहिँ त्यसको निवर्तक हो। त्यस कारण मोक्ष चाहनेहरूले विद्याभ्यासमा सधैं यत्न गर्नु पर्दछ। हे शत्रुसूदन! विद्याभ्यासमा काम क्रोध आदि शत्रुहरू बाधक हुन्छन्, तिनमा पनि मोक्षमा सधैं विघ्न उपस्थित गर्नका लागि क्रोध एक्लै मात्र पनि पर्याप्त हुन्छ, जुन क्रोधका वशमा परेका मानिसले पिता, भ्राता, सुहृत्, सखा–यी सबैलाई मारिदिन सक्तछ। क्रोधवाट नै मनमा ताप उत्पन्न हुन्छ, संसारका बन्धनमा पार्ने पनि क्रोध नै हो। धर्मको नाश गर्ने पनि क्रोध नै हो, त्यसकारण तिमी क्रोधलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यागिदेऊ । सबै भन्दा ठूलो शत्रु क्रोध नै हो, तृष्णा चाहिं वैतरणी नदी हो, सन्तोष नै नन्दन वन हो र शान्ति चाहिं कामधेनु हो । त्यस कारण भाइ ! तिमी शान्तिको अवलम्बन गर त्यसो गरेपछि तिम्रा शत्रु नै कोही हुने छैनन् । आत्मा चाहिं देह, इन्द्रिय, मन, प्राण र बुद्धि आदि भन्दा भिन्न छ, शुद्ध छ, स्वयंज्योति छ, अविकारी छ र छ आकृतिहीन पनि । जबसम्म मानिसले देह, इन्द्रिय प्राण आदिदेखि आत्माको भिन्नता जान्दैन, तबसम्म नै मृत्यु आदि सांसारिक दुःखहरू-द्वारा त्यो पीडित रहन्छ । त्यसकारण तिमी सधैं भरि आत्मालाई देहादिदेखि भिन्न छ भनी हृदयमा संझ । बाहिरी व्यवहारमा पनि आत्मज्ञानकै अनुसरण गर । सुख-दुःख आदि आफ्नू प्रारब्ध जस्तो छ, त्यस्तै भोग । खिन्न नहोऊ । बाहिर कर्तृत्वको अवलम्बन गरेर आफ्ना कार्यका प्रवाहमा परेका कुनै पनि काम गरेर तिमी कर्मबन्धनमा पर्ने छैनौ । आत्मज्ञान भइसकेपछि तिमी अन्तः शुद्ध बन्नेछौ र तिम्रा बाहिरी कर्महरूले तिमीलाई छुन सक्ने छैनन् । त्यसकारण भाई ! मैले भनेका यी सबै कुरा तिमी मनमा गुन र हृदयमा लेऊ । त्यति गरेपछि ससारका कुनै पनि दुःखले तिमीलाई बाधा दिन सक्ने छैनन्१ ।

यति लामू प्रसङ्गलाई भानुले बडो सुन्दर ढंगले ६ श्लोकमा सकि-दिएका छन् —

"सुन्यौ भाइ ! संसार्मा शरिर अति कच्चा छ जनको ।
शरीर् कच्चा जानी नगर तिमी रिस् कत्ति मनको ॥
सबै भोग् चञ्चल्छन् बिजुली सरि एक् छिन् न रहन्या ।
बिचार् यस्तो राखी सहु तिमि बडो हुन्छ सहन्या ॥३०॥

भ्यागतो खाँ भनि खोज्छ डाँस् मुख बिषे साप्ले बन्याको पनि ।
तस्तै भोग् गरूँला भनेर मनले भन्छन् दुनीयाँ पनि ।
क्याको रस् छ यहाँ विचार मनले काल् सपको मुख् परी ।
क्या होला वन जाउँला इ सबलाइ आनन्द राखुन् हरि ॥३१॥

देश्देश्का बाटुलिन्छन् बुझ तिमि मनले बाटका पाटि माहाँ ।
बातचित् गर्दै रहन्छन् खुसि सित मनले बन्धुझैँ राति बाहाँ ॥
प्रातः काल् भो जसै ता उठिकन ति सबै दश् दिशा लागि जान्छन् ।
बन्धूको सङ्ग यस्तो बुझिकन गुणिले दुःख सुख् एक मान्छन् ॥३२॥

१. पूर्ववत्, सर्ग ३, श्लोक-१८-४४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छाया तुल्य छ लंदिम यौवन भन्या भेले सरीको भनी ।
भन्छन् स्त्रीसुखलाइ स्वप्न सरिको साँचो कुरा हो भनी ॥
यस्तै जानि पनी मनुष्यहरू सब् संसारमा भुल्दछन् ।
भुल्नैका वशले अनेक् फजितिले संसारि भै डुल्दछन ॥३३॥

जुन् यस् देह निमित्त यो रिस गऱ्यौ चिन्छौ कि कस्तो छ यो ।
हाड् मासु र रगत् नसा यति कुरा जम्मा भई बन्छ यो ।
विष्ठा हुन्छ कि भस्म हुन्छ पछितक् बाँच्तैन यो ता कसै ।
यस्का खातिर थात् गऱ्यौ पनि भन्या पाप् मात्र लाग्ला उसै ॥३४॥

क्रोधै हो यमराज सर्व जनको वैतनि भन्नू पनी ।
तृष्णा हो भनि यो बुझेर तिमिले कैल्हे नविर्स्या पनी ॥
सन्तोष्लाइ बुझि कामधेनु सरिको सन्तोष मनले रहू ।
रिस् गर्नू बढिया त छैन वनमा जानू असल् हो सहू ॥३५॥

अध्यात्मरामायणको 'शान्ति लिनु' लाई भानुले 'सहनु' बनाएका छन र मूल रामायणका कतिपय उपमाहरूलाई नेपाल सुहाउँदो बनाएर प्रयोग गरेका छन् । अध्यात्मरामायणको "प्रपायामिव जन्तूनां नद्यां काष्ठौघवच्चलः ।"-लाई बडो रोचक र मार्मिक ढंगले उनले प्रस्तुत गरेका छन । यातायातको असुविधा भएको नेपालमा एकाठाउँबाट अर्को ठाउँमा पुग्नलाई खाजासामलको भारी बोकेर बास बस्तै हिंड्नु पर्छ । बास बस्नेहरूका निम्ति बाटामा पाटी पौवा आदि बनाइएका हुन्छन । बेलुका चारै दिशाका कहिल्यै भेटघाट र चिनाजानी नभएका मानिसहरु त्यहाँ जम्मा हुन्छन् । आ-आफ्नू सामल पकाएर खान्छन् र मीठा मीठा कुरा गर्दै बन्धु झैं रात बिताउँछन् र भोलिपल्ट उज्यालो भएपछि आ-आफ्नू बाटो लाग्छन् । पिता, माता, पुत्र, भ्रातृ, पत्नी, बन्धु आदिको संगम पनि यस्तै हो भनेर भानुले मूल रामायणको उक्त उपमालाई बदलेर नेपाली रामायणलाई स्वाभाविक र रोचक पारिदिएका छन् । आत्मज्ञानको प्रस्तुतीकरणमा भानु केही पछि परेका अवश्य देखिन्छन् तर उनको उद्देश्य दर्शनको शिक्षा दिने मात्र नभएर काव्य-निर्माण गर्ने थियो, त्यसैले काव्यकै भङ्गीतिर उनको बढी ध्यान जानु कुनै आश्चर्यको कुरा होइन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आमा कौसल्यालाई संझाई बुझाई सीता र लक्ष्मणलाई साथमा लिएर राम कैकेयीका कोठामा जान्छन्, जहाँ दुःखित अवस्थाका दशरथ पनि रहेका हुन्छन्। त्यसरी वन जान तयार भएर आएका राम लक्ष्मण र सीतालाई आफ्नै हातले वल्कल प्रदान गरेर कैकेयीले कठोरताको चरम सीमा देखाएकी छन्। राम र लक्ष्मणले राजकीय वस्त्रहरू उतारेर वल्कल धारण गर्दछन् तर सीता त्यो गन जान्दिनन्। उनका वल्कल लिएर रामले लुगै-बाहिरपट्ट बेह्रिदिन्छन्। त्यो अन्याय सहन नसकेर वसिष्ठ गुरू रिसाउँछन् र कैकेयीलाई गाली गर्दै भन्छन्-'दुष्ट कैकयी ! तिमीले वनवास त रामका लागि मागेकी थियौ, त्यसैले रामलाई जो वल्कल तिमीले दियौ। त्यो तिम्रो हृदयको अनुरूप व्यवहार ठीकै छ, तर सीतालाई यो वल्कल दिएर त तिमीले झन् ठूलो अन्याय गर्‍यौ।' वल्कललाई पुराना लुगा संझदै भानुभक्तले वसिष्ठको उक्ति यसरी उतारेका छन-

"दुष्टे ! आज सिताजिलाई किन यो वस्तर् पुराना दियौ।
यस् कामले जति छन् यहाँ इ सबको प्राण् खैंचि ऐल्हे लियौ ॥"

यसपछिको प्रसङ्ग अध्यात्मरामायणमा सारै करूण ढङ्गको छ। दशरथले सुमन्त्रलाई भन्छन् -यी वन जानेहरू रथमा चढेर जाउन्, रथ ल्याएर तयार पार। सुमन्त्रले त्यसै गर्छन्। सीता पहिले गएर रथमा चढ्छिन्। त्यसपछि रामले पिताको परिक्रमा गरेर गएर रथमा चढ्छन्। दशरथ छिनमा मूर्छा हुन्छन् र छिनमा ब्युझन्छन्। रथमा चढिसकेका राम लक्ष्मण र सीतालाई देखेर उनको व्याकुलता झन् बढ्छ र अब यिनलाई म कहिले देख्न पाउँला र ! भनेर सुमन्त्रलाई रथ नचलाउने आज्ञा दिन्छन् तर यसरी कति वेर त्यहाँ बस्ने ! त्यसले रामले सुमन्त्रलाई रथ चलाउने आज्ञा दिन्छन् र सुमुन्त्रले रथ अगि बढाउँछन्—

"तिष्ठ तिष्ठ सुमन्त्रेति राजा दशरथोऽब्रवीत्।
गच्छ गच्छेति रामेण नोदितोऽचोदयद्रथम् ॥"
अध्या० रा० २।५।४६।

राम, लक्ष्मण र सीता विदा भएपछि मूर्छाबाट उठेका दशरथले आफ्ना सेवकहरूलाई बोलाएर 'मलाई कौसल्याका खोपीमा पुर्‍याइदेओ' भन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनलाई त्यहाँ पुऱ्याइन्छ, त्यहीं उनी आफ्नू अर्धमृत्यु अवस्थामा झोक्राएर रहन थाल्दछन्। यो कुरा भानुमा उत्रिएको छैन१।

यस पछिका प्रसङ्गहरू तमसाका तटको रामको वास, त्यहाँबाट प्रस्थान, गुहसितको भेट, गंगाका वारी किनारामा रामको वास आदि भानुमा राम्ररी उत्रिएका छन्। तर गंगा तरेर पारी पुगेपछि केही बेर हिंड्ने बित्तिकै राम, लक्ष्मण र सीता भरद्वाज ऋषिका आश्रममा पुगेका कुराको उल्लेख अध्यात्मरामायणमा पाइन्छ। गुहबाट विदा भएपछि लगत्तै—

"ततो रामस्तु वैदेह्या लक्ष्मणेन समन्वितः
भरद्वाजाश्रमपदं गत्वा बहिरुपस्थितः ॥ अ० रा० २।६।२८-२६।

तर भानु चाहिं—

"गंगा पार् तरि मिर्ग मारि पकुवा तारेर खाया तहाँ ।
तेसरो वास् रघुनाथको तहिं भयो एक् वृक्षका तल् महाँ ॥"

भनी लेख्तछन्। यहाँ मृग मारेर पोलेर खाएको कुरासम्म उल्लेख गरेको भए, झूठो कुरा भए पनि त्यति अस्वाभाविक मानिने थिएन तर यहाँको 'मासु तारेर पकुवा लगाएर खाने' कुराले चाहिं हामीलाई अचम्ममै पारिदिएको छ। वनवास गएका, रूखका फेदमा बास बसेका रामले मृगको पकुवा पकाउने भाँडो कहाँ पाए, त्यो मासु तार्ने घिउ वा तेल उनले कति, केमा ल्याएका थिए! यो प्रसङ्ग हेर्दा त राम वनवास गएका होइनन् आफ्नो प्यारी पत्नी र प्यारा भाइलाई साथमा लिएर पारिवारिक वनभोज खान पो हिंडेका हुन् कि जस्तो लाग्छ। मृगका पकुवामा अलमलिएका रामलाई भानुले त्यहीं एउटा रूखका फेदमा एक रात वास पनि बसाएका छन्।

भरद्वाज ऋषिका आश्रममा पुगेर एक रात त्यहाँ बस्छन्। भोलिपल्ट उनका केही शिष्यहरूलाई साथमा लिएर यमुनामा पुगेर नौकाद्वारा तरी पारी पुग्छन् र चित्रकूटमा वाल्मीकि ऋषिका आश्रममा पुगेर उनलाई प्रणाम गरी बस्ने ठाउँ सोध्दा रामका नामको महिमा गाउँदै वाल्मीकिले आफ्नू पूर्ववृत्तान्त यसरी सुनाएका छन्—म पहिले किरातहरूका भूमिमा किरातहरूसितै बढेको हुँ। मेरो जन्म मात्र ब्राह्मणका कुलमा भएको थियो तर सधैंभरि शूद्रकै आचार गरेर म

१. पूर्ववत्, सर्ग ५-श्लोक ४८-५०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाँचेको थिएँ। एउटी शूद्रा स्वास्नी ल्याएको थिएँ र त्यसबाट मेरा धेरै छोराछोरीहरू जन्मेका थिए। चोरहरूको सङ्गत गरेर म चोर नै भएँ। सधैंभरि धनुर्वाण लिएर हिंड्दथें र प्राणिहरूका निमित्त म दोस्रो यमराज थिएँ। एक दिन ठूलो वनमा म बाटो ढुकेर बसेको थिएँ; सप्तर्षिहरूलाई जाँदै गरेको देखें। ती देख्तैमा बडा तेजस्वी थिए। तिनीहरूसित भएको तिनीहरूका लट्टिपट्टिका लोभले मैले तिनीहरूको पिछा गर्न थालें। म टाढैबाट तिनीहरूलाई 'पर्ख पर्ख' भन्दै कराएँ। मलाई त्यसरी आउँदै गरेको देखेर 'अधम ब्राह्मण! तँ हामीलाई किन यसरी पछ्याउँदैछस्' भनी सोधे। 'तिमीहरूको लट्टिपट्टि लिनलाई'-भनेर मैले जवाफ दिएँ। 'मेरा घरमा मेरा स्वास्नी छोराछोरी आदि भोकै छन्, तिनीहरूको भरण-पोषणका निम्ति म यस पर्वतका वनमा दस्युधर्म लिएर घुमिरहन्छु।' मेरा ती कुरा सुनेर मलाई उनीहरूले भने तिमी गएर आफ्ना परिवारमा भएका सदस्यहरूलाई सोध कि तिमीले प्रतिदिन गरेका पापहरू उनीहरू भोग्छन् कि भोग्दैनन्। तिमी सोधेर नआइन्जेलसम्म हामी यहीं बस्नेछौं। हुन्छ भनेर म पनि आफ्ना घरमा गएँ र परिवारका सबै सदस्यहरूलाई सोधें तर उनीहरूले 'पाप जति तिम्रो हुन्छ. तिमीले पाप गरेर कमाएर ल्याएको मात्र हामी खान्छौं' भनी जवाफ दिए। त्यो सुनेर म बडो दिक्दार भएँ र ती ममाथि करूणा राख्ने मुनिहरू जहाँ थिए, त्यहाँ आएँ र उनीहरूको दर्शन गर्ने बित्तिकै मेरो मन पवित्र भयो, धनुर्वाण आदि फ्याँकेर मैले उनीहरूलाई प्रणाम गरेर 'मलाई नरक जानुबाट बचाउनुहोस्' भनेर बिन्ति गरें। 'सज्जनको संगतले गर्दा तेरो कल्याण हुनेछ, तँलाई हामी केही उपदेश दिन्छौं, त्यसैबाट तँ मोक्ष हुनेछस्।' मलाई यति भनेर, परस्परमा सल्लाह गरेर भने कि हुन त यो दुष्ट ब्राह्मण हो र यसले आफ्ना सद्व्यवहार जति सबै छोडेको छ, तैपनि हाम्रा शरणमा पर्‍यो, मोक्ष-मार्गको उपदेश गरेर यत्नपूर्वक हामीले यसको रक्षा गर्नु पर्छ-यति भनेर तपाईंको नाम त्यस बेला सुल्टा जप्न नसक्ने मलाई जानेर उल्टा (मरा) जप्ने उपदेश मलाई दिएर भने कि जबसम्म फेरि फर्केर हामी आउँदैनौं, तब सम्म एकाग्र चित्तले यही जपिरहनू। यति भनेर उनीहरू गए। म पनि त्यसै वनको त्यसै ठाउँमा बसेर त्यही जप्न थालें। केही दिनपछि मेरा बाहिरी वृत्तिहरू हराए। मलाई समाधि लाग्यो। यसरी निश्चय भएर धेरै काल एकै आसनमा रहँदा मेरा शरीर माथि वल्मीक (धमिरा) ले माटो थुप्रायो। त्यसको हजार युगपछि ती मुनिहरू फेरि त्यहाँ आइपुगे। त्यहाँ आएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिनीहरूले 'निस्की' भनेर आज्ञा दिए, त्यसैले मेरो समाधि खुल्यो र म तुरुन्तै त्यस धमिराको गोला (बल्मीक) बाट बाहिर निस्किएँ, कुहिरावाट सूर्य निस्केझैं। त्यो देखेर ती मुनिहरूले मलाई बल्मीकवाट निस्किएको भनेर 'बाल्मीकि' भन्ने नाम राखे र भने कि यो तिम्रो दोस्रो जन्म हो बल्मीकवाट जन्मेकाले तिमी बाल्मीकि भयौ। रामनामको अनुशीलन गरेर धेरै काल तपस्या गरेकाले तिमी मुनिश्रेष्ठ पनि भयौ। यति भनेर सप्तर्षिहरू आफ्नू धाम तर्फ गए। तपाईँका नामका प्रभावले म पनि यस्तो भएँ। आज मेरो ठूलो भाग्यले गर्दा सीता र लक्ष्मणले सहित भएका तपाईँको साक्षात् दर्शन पाएँ र अब म मुक्त भएँ। आउनुहवस् म तपाईँलाई बस्ने ठाउँ देखाउँछु। यति भनेर वाल्मीकि आफ्ना शिष्यहरू र राम, लक्ष्मण सीतालाई साथमा लिएर गंगा र पर्वतका बीचको फराकिलो ठाउँमा पुगे र रामलाई बस्नाका लागि, एउटा पूर्व-पश्चिम र अर्को उत्तर-दक्षिण फैलिएका दुई सुन्दर पर्णशाला तयार पारेर रामलाई त्यहीं बस्न अनुरोध गरे र राम पनि भाइ र पत्नीले सहित त्यहाँ बस्न लागे१।

अध्यात्मरामायणको यति लामू प्रसङ्गलाई भानुले यति संक्षिप्त रूपमा दिएका छन्—

"व्याधा हूँ अघिको म सप्तऋषिका निर्मल् कृपाले गरी।
वाल्मीकी भनि नाम् चल्यो जब जप्याँ राम्नाम उल्टा गरी॥
उल्टै नामकि ता छ यस्ति महिमा विस्तार धेर् क्या कहूँ।
गङ्गाका र इ चित्रकूट गिरिका बिच्का जगामा रहूँ॥६४॥"

यता राम, लक्ष्मण र सीतालाई विदा गरेर सुमन्त्र अयोध्या फर्कन्छन् र दशरथ राजा भएका ठाउँमा जान्छन्, सारा वृतान्त रूदै बताउछन्। कौशल्याले पनि राजालाई—

"त्वं राज्यं देहि तस्यैव मत्पुत्रः किं विवासितः।
कृत्वा त्वमेव तत्सर्वमिदानीं किं नु रोदिषि॥"- भनेर वचन लगाउ-छिन्। यहाँसम्मको प्रसङ्ग भानुमा राम्ररी उत्रिएको छ।

त्यसपछि कौशल्याका यी वचन सुनेर राजाले भने - कौशल्या! दुःखले मर्न लागेको मलाई फेरि किन झन् दुःखी बनाउँछ्यौ। अब मेरा प्राणहरू

१. पूर्ववत्, सर्ग ६, श्लोक-६४-६२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तुरुन्तै निस्किएर जानेछन् किनभने मलाई कुनै मुनिले पहिले सराप दिएका छन्। उहिले यौवन अवस्थामा म घमन्डी थिएँ। एकदिन धनुर्वाण लिएर शिकार खेल्न रातका समयमा नदीका छेउको ठूलो वनमा पसे। त्याहाँ आधा रातका समयमा तिर्खाएका कुनै मुनि व्याकुल भएका मातापिताका निम्ति पानी लिन त्यस नदीमा आएका रहेछन्। तिनले पानीको भांडो नदीमा डुबाउँदा ठूलो शब्द भयो। त्यस अन्धकारमय रातमा हात्तीले पानी पिउँदैछ भन्ने लाग्यो र शब्दवेधी बाण धनुमा चढाएर मैले प्रहार गरेँ। तत्कालै मानवको सूचना दिने "ऐया नि मरेँ" भन्ने शब्द मैले सुने। हे दैव! मैले कसैको केही कुभलो गरेको थिइन कसले मलाई मार्‍यो! पानीको तिर्खाले मेरा मातापिता मलाई पर्खिरहेका छन्। 'एउटा पुरुष कण्ठबाट निस्किएको त्यस्तो वचन सुनेपछि म भयभीत बने। बिस्तारै तिनका छेउमा गएर मैले 'म दशरथ हुं' भनेर परिचय दिएँ र भनें-मैले नजानेर तपाईँ माथि बाण चलाएँ, मलाई क्षमा गर्नु होस्। यति भनेर म गगल्च्याउँदै उनका पाउमा परें। त्यो देखेर ती मुनिले मलाई भने-हे राजा! तिमीलाई ब्रह्महत्या लाग्ने छैन, किनभने, म तपस्वी वैश्य हुँ। केही पर वनमा भोक र तिर्खाले व्याकुल भएका मेरा मातापिता मेरो प्रतिक्षा गरिरहेका छन्। अरू कुरा केही नसोची पानी लगेर तुरुन्तै तिनीहरूलाई देऊ। नत्र मेरा पिता रिसाउनु भयो भने उहाँले तिमीलाई भस्म पारिदिनु हुनेछ। पानी दिएर ती दुवैलाई नमस्कार गरेर आफूले गरेको सबै कुरा बताइदेऊ। मलाई असह्य पीडा भइरहेछ, त्यस कारण मेरा शरीरमा गडेको बाण झिकिदेऊ, म मर्छु। मुनिले यति भनेपछि मैले तुरुन्तै उनका शरीरबाट बाण झिकिदिएँ र पानीले भरिएको भाँडो (तुम्त्री) लिएर म ती दम्पती भएको ठाउँमा गएँ। 'अत्यन्त वृद्ध, आँखा नदेख्ने भोक र तिर्खाले सताइएका हामी छौं, मध्यरातको यो समय छ, पानी लिन गएको हाम्रो छोरो पानी लिएर आउँदैन, किन हो! हाम्रो दोस्रो आधार कोही छैन, हामी अत्यन्त भोकाएका र तिर्खाएका छौं। हाम्रो छोरो हामीमाथि निकै श्रद्धालु थियो तर अब हामीलाई हेला गर्न लाग्यो कि के हो!' यसरी मनमा अनेक तर्कवितर्क गरिरहेका, चिन्ताले व्याकुल भएका ती अन्धा अन्धीहरूले मेरा पाइलाको आहट पाए र पिताले भने-पुत्र! किन आज तिमीले यस्तो बियाँलो गरेको? हामीलाई पनि पानी पिउन देऊ र तिमी पनि पेऊ। म डराएर बिस्तारै यस्तो कुरा गर्दै गरेका वृद्धहरूका छेउमा गएँ। त्यहाँ पुगेर, तिनीहरूका पाउमा परेर प्रणाम गर्दै नम्र भएर मैले भने-म तपाईँहरूको पुत्र होइन, अयोध्याको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा दशरथ हुँ। रातमा शिकार खेलेर पशुहरू मार्दै हिंड्ने पापी म हुँ। नदीको केही टाढा म ढुकिरहेको थिएँ, पानीमा गुडगुड शब्द मैले सुनें र शब्दवेधी वाण मैले छाडिदिएँ "मरें नि" भन्ने शब्द सुनेर म डराएर त्यहाँ गएँ। जटा फिजारेर लडेका मुनिकुमारलाई देखेर, भयभीत बन्दै तिनका दुई पाउ समातेर 'मेरो रक्षा गर्नु होस्' भनें। तिमीले ब्रह्महत्याको भय मान्नु पर्दैन, नडराऊ, मेरा मातापितालाई पानी दिएर, नमस्कार गरेर, जीवनदान माग भनेर ती मुनिले भने र मुनिलाई मार्ने म यहाँ आएको छु।शरणमा आएको मलाई दयालु भएर तपाईंहरू रक्षा गर्नु होस्। मेरा यी कुरा सुनेर अत्यन्त दुःखित भएका ती दुईले विलाप गरेर आफ्ना छोरालाई संझेर रोए। हाम्रो छोरो जहाँ छ, हामीलाई तुरून्तै त्यहाँ लैजाऊ, भने 'त्यसपछि ती दुई वृद्ध-दम्पतीलाई उनीहरूका छोराको लाश भएको ठाउमा मैले पुऱ्याएँ। आफ्ना दुवै हातले आफ्ना छोराको लाश छोएर तिनीहरूले धेरै विलाप गरे। कराए, चिच्याए र छोरालाई धेरै चोटि बोलाए। पुत्र! हामीलाई पानी देऊ, के तिमी हाम्रा लागि पानी लिन आएका होइनौ ? किन हामीलाई पानी दिंदैनौ ? इत्यादि भने र मपट्टि फर्किएर चिता बनाउने आज्ञा दिए। मैले तत्कालै चिता तयार पारें र ती तीनै जनालाई त्यसमा चढाएँ र आगो लगाइदिएँ। तीनै जना त्यस चितामा जलेर स्वर्ग गए। चितामा चढिसकेपछि ती वृद्धले मलाई तिमी पनि यस्तै हुनेछौ, मेरा वचनले पुत्रशोकबाट नै तिम्रो मृत्यु हुनेछ'-भनी मलाई श्राप दिएका थिए त्यो सबै कुरा अहिले मलाई मिलेर आएको छ, यो श्रापको समयलाई कसैले निवारण गर्न सक्तैन। यति भनेर शोकले व्याकुल भएका राजाले हा राम! हा लक्ष्मण! हा सीता! तिमीहरूका वियोगबाट कैकेयीद्वारा उपस्थित भएको मृत्यु प्राप्त गरें। यति भन्दा भन्दै दशरथले प्राण त्यागे र स्वर्ग गए१।

यस प्रसङ्गलाई भानुले दुई श्लोकमा समाप्त गरि दिएका छन्

वाक्शर्ले अति ताप् भयो र दशरथ् भन्छन् मलाई कती।
भन्छथ्यौ मर्न बखत् यसै हुन गयो छाड्यो शरिर्ले गती ॥
ऐल्हे मर्छु सराप् पनी छ तिमिले खुप् पुत्रशोक्ले गरी।
जस्तै हामी मऱ्यौं उसै गरि मऱ्या ठूलो विपत्ती परी ॥६८॥

१. पूर्ववत्, सर्ग ७, श्लोक-१७-४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

येती एक- तपस्विले अवि सराप् जो दी गयाथ्या मरी ।
तिन्का तेहि सरापको फल मिल्यो ठिक् आज उस्तै परी ॥
सब् बिस्तार सरापको कहि सकी हा राम ! सीता ! गरी ।
प्राणै त्याग् दशरथ्जिले जब गग्या खल्वल् पऱ्यो तेस् घरी ॥६७॥

यसपछि दरवारमा कोलाहल मच्चियो । रानीहरू रोए । भोलिपल्ट विहान मन्त्रीहरूलाई साथमा लिएर वसिष्ठ गुरू दरवार जानुभयो । तेलका घडामा दशरथको मृत शरीर राखेर भरत र शत्रुघ्नलाई बोलाउन युधाजित्का राजधानीमा मनिस पठाइए । भरत र शत्रुघ्न अयोध्या आए । भरत शङ्कित थिए । उनको भेट पहिले कैकेयीसित भयो । कैकेयीले आफ्नू पुरुपार्थ सुनाइन् । भरतले कैकेयीलाई गाली गरे र कौसल्या भएका ठाउँमा गए। आफ्नू दोष नभएको कुरा बताए । भरत आएको थाहा पाएर मन्त्रीवर्ग समेत वसिष्ठ त्यहाँ आए र पिता निम्ति शोक गरिरहेका भरतलाई देखे । यहाँसम्मको अध्यात्मरामायणीय प्रसङ्ग अति संक्षिप्त रूपमा भए पनि भानुमा राम्रै उत्रिएको छ ।

त्यसपछि शोकाकुल भरतलाई देखेर उनका हृदयको शोक हटाउने प्रयत्न गर्दै, उनलाई उपदेश दिंदै भन्न लाग्नु भयो–भरतजी ! राजा दशरथ वृद्ध भइसक्नु भएको थियो। उहाँ ज्ञानी र सत्य-पराक्रमी हुनुहुन्थ्यो । उहाँले पृथ्वीको अतुल सुख भोग्नुभयो। अश्वमेध आदि अनेक यज्ञ गर्नु भयो। धेरै दान गर्नु भयो पुत्रेष्टि यज्ञद्वारा स्वयं हरिलाई नै पुत्र रामका रूपमा पैदा गर्नु भयो र अन्त्यमा इन्द्रको अर्धासन ग्रहण गर्न स्वर्ग तर्फ जानु भयो। त्यस्ता मोक्षपदवीमा प्राप्त भएका पिताका निम्ति तपाईँ व्यर्थ शोक गरिरहनु भएको छ । आत्मा नित्य, अव्यय, शुद्ध र जन्म–मृत्यु आदिले वर्जित छ। शरीरकै लागि शोक गर्नु भएको हो भने यो जड, अपवित्र तथा नश्वर छ। राम्ररी विचार गर्ने हो भने शोक गर्ने ठाउँ नै छैन। किनभने, आत्माका लागि गर्नै पर्दैन। शरीरका लागि शोक गर्नु व्यर्थ छ। चाहे पिता मरून् चाहे पुत्र मरोस् त्यसमा मूर्खहरूले मात्र छाती पिटी पिटी शोक गर्दछन्। यस निःसार संसारमा वियोग वैराग्यको कारण बन्दछ र यसले ज्ञानीलाई सुख र शान्ति प्रदान गर्दछ यस लोकमा जो जन्मन्छ, त्यसले मर्नैपर्छ। त्यसकारण यो मृत्यु जन्म लिने प्राणिका निमित्त अपरिहार्य छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नू कर्म अनुसार नै प्राणिहरूको जन्म र मृत्यु हुन्छ। जुन ज्ञानी मानवले यो कुरा जान्दछ, त्यसले मरेका बान्धवहरूका निमित्त सोच्तै सोच्तैन। यस्ता ब्रह्माण्डहरू करोडौं नष्ट भए। यस्ता सृष्टिहरू कति चोटि नाश भएर गइसके। यी सबै समुद्रहरू पनि सुक्तछन् भने यस क्षणिक जीवनमा त के आसा राख्नु र ! हाम्रो आयु हल्लिंदै गरेका पातका टुप्पामा झुण्डिएको पानीको थोपो समान क्षणभङ्गुर छ; असमयमा नै छोडेर यो जान्छ, यसको के विश्वास गर्नु ! प्राक्तन देहले गरिएका कर्मले गर्दा आत्माले देह धारणा गर्दछ। फेरि त्यस देहले गरेका कर्मले अर्को देह लिन्छ। जसरी मानिसले पुरानू लुगा छोडेर नयाँ लुगा लिन्छ, त्यसरी नै आत्माले पुरानू देह त्यागेर नयाँ देह लिन्छ। त्यसकारण यस गतागतका संसारमा शोक केका निमित्त गर्ने ? आत्मा न मर्छ न जन्मन्छ, न बढ्छ। यो आत्मा षड्भावले रहित छ, अनन्त छ, सच्चिदानन्दरूप छ, बुद्धि आदिको साक्षी र अविनाशी पनि छ। आत्मा एउटै छ, पर छ, अद्वितीय छ, सम छ। आत्माको वास्तविकतालाई यसरी जानेर, शोक त्यागेर, तपाईं पिताको क्रिया गर्नुहोस् १।

यति लामू प्रसङ्गलाई भानुले–
"शोक् गर्नू बढिया त छैन किन शोक् गर्छौ महाराज् ! भनी।
नाना तत्त्व कही तहाँ भरतको सब् शोक् गुरूले हऱ्या ॥"
सकि–भनेर दुई पङ्क्तिमा दिएका छन।

त्यसपछि भरतले पिताको क्रिया गर्छन र त्यसका अन्त्यमा असंख्य दान र ब्राह्मणभोजन गराउँछन्। त्यसपछि भरतले आफू पनि दण्डकारण्य जाने निश्चय गर्छन्। वसिष्ठले राजसभामा भरत र शत्रुघ्नलाई राखेर राज्याभिषेक गर्ने कुरा गर्छन् तर भरत चाहिं कैकेयी विना अरू सबैलाई साथ लिएर भोलिपल्ट बिहानै वन जाने निश्चय व्यक्त गर्दछन। भोलिपल्ट बिहान सैनिकहरू, राजमहिषीहरू, वसिष्ठ आदि ऋषिहरू र पौरवासीहरूलाई साथमा लिएर भरत गङ्गाका तटमा पुग्छन्। पारीपट्टि गुहलाई शङ्का लाग्छ। उनी बुझ्न जान्छन्। भरतमा कुनै किसिमको कपट नदेखी तारिदिन्छन। भरद्वाजका आश्रममा भरत पुग्छन। त्यसपछि चित्रकूटमा पुगी रामको दर्शन गर्दछन्। पिताका मृत्युका खबरले राम

१. पूर्ववत्, सर्ग ७ श्लोक ६२–१०७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकुल हुन्छन् । जल, पिण्ड आदि दिन्छन् । भरत रामलाई अयोध्या फर्काउने प्रयत्न गर्छन्. तर राम फर्किन मान्दैनन् र नीति बताउँछन्-

"पितुर्वचनमुल्लङ्घ्य स्वतन्त्रो यस्तु वर्तते ।
स जीवन्नेव मृतको देहान्ते निरयं व्रजेत् ॥ २।६।३१॥"

रामको वास्तविकता गुरु वसिष्ठबाट बुझेपछि, भरत रामका खराउ लिई फर्किन्छन् र नन्दी-ग्राममा गएर उनी बस्तछन् । यी सबै कुरा भानुमा संक्षिप्त रूपमा राम्रै ढंगले उत्रिएका छन् ।

चित्रकूटमा रामलाई भेट्न अनेक नगरवासीहरू आउन थाल्दछन् र त्यहाँ भीड हुन थाल्दछ र त्यसैले रामले त्यो ठाउँ छोड्छन्, जुन कारण भानुमा उत्रेको छैन, जुन यस्तो छ—

"नागराश्च सदा यान्ति रामदर्शनलालसाः ।
चित्रकूटस्थितं ज्ञात्वा सीतया लक्ष्मणेन च ॥
दृष्ट्वा तज्जनसम्बाधं रामस्तत्याज तं गिरिम् ।
दण्डकारण्यगमने कार्यसम्प्यनुचिन्तयन् ॥ अ० रा० २।६।७७-७८।

यसरी दण्डक वन तर्फ जान लागेका राम, लक्ष्मण र सीता अत्रिका आश्रममा पुग्दछन् । अत्रिबाट रामको सत्कार हुन्छ । उनकी पत्नी अनसूयाले सीतालाई कुण्डल वस्त्र र अङ्गराग र आशिर्वाद दिन्छिन्—

"पातिव्रत्यं पुरस्कृत्य राममन्वेहि जानकि ।
कुशली राघवो यातु त्वया सह पुनर्गृहम् ॥"

यसपछि अत्रि र अनसूयाले गरेको रामको स्तुतिका साथै यो अयोध्या-काण्ड समाप्त हुन्छ र भानुमा पनि यो कुरा राम्ररी उत्रिएको छ ।

—❀—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्तको आदिकवित्त्व : एक छलफल

घनश्याम उपाध्याय 'कंडेल'

भानुभक्तलाई 'आदिकवि' को पदवी दिने पहिला व्यक्ति मोतीराम भट्ट हुन । मोतीराम भट्टले भानुभक्तका कविताहरू संग परिचित हुने बित्तिकै एक्कासी यो पदवी दिएका होइनन् । वि० सं० १९४१ मा छापिएको भानुभक्तको बालकाण्ड रामायणमा भानुभक्तलाई 'आदिकवि' नभनेर 'प्राचीन कवि भानुभक्त' भनिएको छ१ । सम्भवतः त्यति खेरसंम मोतीरामले आदिकवि बारे सोचेका थिएनन् । वि० सं० १९४३ मा 'कविकुल वर्णन'मा "तत्रादौ कवि-कुल-मुकुट-माणिक्य भानुभक्ताचार्य वर्णनम्" भनेर भानुभक्तलाई कविहरू मध्ये पहिलो स्थान दिइएको छ । नेपाली साहित्यको पहिलो समालोचना-ग्रन्थ "कवि भानुभक्तचार्यको जीवन चरित्र" वि. सं. १९४८ मा प्रकाशित हुन्छ । त्यसमा भानुभक्तलाई—

"नेपाली भाषामा हुन ता धेरै नामी कविहरू भानुभक्त भन्दा पहिले भए तर कविताको मर्म जानी भाषा पद्य लेख्ने कविहरूमा आदि कवि भानुभक्त नै हुन्"२

भनेर भट्ट किटिदिन्छन् । पछि गएर प्रवासी नेपालीहरूको प्रयासको फलस्वरूप भानुभक्तको आदिकवित्वमा श्री ३ जुद्ध शम्सेरको पान स्वीकृतिको मोहर लाग्छ३ । भानुभक्त देशभित्र, देश बाहिर सबै नेपालीका आदिकवि बन्दछन् । धेरै वर्षसम्म भानुभक्तको आदिकवित्त्व बारे कुनै विवाद उठ्दैन । निश्चिन्त रूपमा भानुभक्त आदिकविको पदवीले विभूषित बनिरहन्छन् । तर बिस्तारै बिस्तारै समालोचकहरूका शङ्कालु आँखाहरू भानुभक्तले गुथेको

१. कमल दीक्षित । 'भानुका उपाधि'-कालो अक्षर-जगदम्बा प्रकाशन ।

२. ऐ०,'भानुभक्तीय समालोचना' मा मच्छिन्द्र प्रधान द्वारा उध्दृत ।

३. ऐ० ऐ० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदिकविको पगरी माथि पर्न थाल्छन् । भानुभक्तको आदि कवित्वको औचित्य माथि प्रशस्त वाद विवादहरू उठ्न थाल्छन् । परिणाम स्वरूप धेरै साहित्य समीक्षकहरू कि यता कि उता बाँडिन थाल्छन् ।

भानुभक्त आदिकवि होइनन् भन्ने स्पष्ट उल्लेख हामी सर्वप्रथम दीननाथ सापकोटामा पाउँछौं । उनले रघुनाथको रामायण सुन्दर काण्डको सम्पादन क्रममा आदिकविको पगरी भानुभक्तबाट झिकेर रघुनाथलाई लगाई-दिने सुर गरे । उनको भनाइ यस किसिमको छ —

"भानुभक्त पनि योग्य कवि हुन् तर मेरो मतमा आदिकवि होइनन् । भानुभक्तले रामायण लेख्नु भन्दा धेरै अघी देखि नै यो आदिकवि (रघुनाथ) को रामायणको प्रचार पूर्व मेची देखि पश्चिम महाकाली पर्यन्त भएको थियो४ ।

तर यस सम्बन्धमा एउटा विचारणीय कुरा के छ भने रघुनाथको सुन्दर काण्ड भानुभक्तको रामायणभन्दा पहिलेको हो भन्ने कुनै स्पष्ट प्रमाण छैन । इतिहास शिरोमणि बाबुराम आचार्यको भनाइ अनुसार रघुनाथ वि.सं. १८१५ तिर स्वतन्त्र जीवन बिताउन भनेर काशीपट्टि लागे र काशीमा गएर सुन्दर काण्डको पद्यानुवाद गरे५ तर भानुभक्तको रामायण वि. सं. १९१० मा समाप्त भइ सकेको कुरा अर्का इतिहासविद् सूर्यविक्रम ज्ञवालीले लेखेका छन्६ । यो दुइ इतहासविद्हरूका आधारमा रघुनाथको सुन्दर काण्ड रामायण भानुभक्तको रामायण भन्दा जेठो ठहर्दैन ।

दीननाथ सापकोटाले आदिकविको पदवी भानुभक्तबाट रघुनाथलाई दिने तर्क निकालेका थिए । मृगेन्द्र शम्सेर त्यसको विरोध गर्दै रघुनाथलाई६ आदिकविको पदवी दिन सकिन्न भन्छन् र भानुभक्तको आदिकवित्वको

४. दीननाथ सापकोटा-सम्पादक रघुनाथ उपाध्याय रचित रामायण सुन्दर-काण्ड "भानुभक्तीय समालोचना" "भानुभक्तका कृति अध्ययनहरू" मा मच्छिन्द्र प्रधानद्वारा उध्दृत ।

५. बाबुराम आचार्य, पुराना कवि र कविता, जगदम्बा प्रकाशन

६. मच्छिन्द्र प्रधान, 'भानुभक्तीय समीक्षा' भानुभक्तका कृति अध्ययनहरू-नेपाली साहित्य परिषद् प्रकाशन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समर्थनमा आफ्ना तर्क प्रस्तुत गर्छन्७ । त्यसपछि बाबुराम आचार्य देखापर्छन् । उनी लालित्य सरलता र विचारको मौलिकतालाई काव्यमा हुनुपर्ने तीन गुण मान्छन् र यिनैका आधारमा भानुभक्तलाई आदिकवि मान्छन् ।८

भानुभक्तलाई आदिकवि मान्ने र नमान्नेको बीचको वैचारिक द्वन्द्व टुङ्गिँदैन झन् झन्, चर्किँदै जान्छ । भानुभक्तको आदिकवित्त्वको विरोधी क्याम्पबाट पश्चिमी साहित्यको ज्ञानको हात हतियार लिएर समालोचक रामकृष्ण शर्मा मैदानमा आउँछन् र भानुभक्तको आदिकवित्त्व माथि प्रहार गर्न पुग्छन् । उनको भनाइ अनुसार भानुभक्तका कवितामा "आधुनिक दृष्टिले हेर्दा कैयन् गुणको कमी थियो" । गुणको कमी देखाउ-नाका लागि उनले अघि सारेको भानुभक्तको एउटा कविता 'बालाजु वर्णन" हो । अंग्रेजी कवि कीट्सको "यूनानी कलशप्रति" कविता झैं भानुभक्तको कविता पनि वर्णनले पूर्ण हुनु पर्ने, भावना विशिष्ट हुनु पर्ने र चित्ताकर्षक हुनु पर्ने । ९ मैले शिष्टतावश मात्र हाँसो रोकेको छु । अंग्रेजी साहित्यको लामो इतिहास र सम्पन्न परम्पराबाट प्राप्त कुरा नेपाली कविता साहित्यका पहिला किरण भानुभक्तमा खोज्नु हाँसो उठ्दो कुरा होइन । यदि भानुभक्तको कविता कीटसको कविता जस्तो छैन भने कीट्सको कविताको समालोचना गर्ने समालोचक पनि कीट्सको कविताको समालोचना गर्ने समालोचक जस्तो छैनन् ।

हाम्रा प्रसिद्ध नाटककार बालकृष्ण समले पनि झन्नै रामकृष्ण शर्माले जस्तै विचार भानुभक्त बारे व्यक्त गरेका रहेछन्—'उनी ठूला कवि होइनन, उनी आदिकवि पनि होइनन्'१० । ठूला कवि र साना कवि छुट्याउने आधार के हो कुन्नि ! लाखौं नेपाली हृदयलाई आफ्ना कविताले रसार्द्र बनाइदिने भानुभक्त ठूला कवि भएनन् भने पचन नसकेका दर्शनका वैचारिक जटिलताले युक्त शुष्क प्राय. बौद्धिक कविताका भरमा समजी कसरी ठूला कवि भए, त्यति बुझ्न सकिन्न ।

---

७. दीननाथ सापकोटा (सम्पादक)-रघुनाथ उपाध्याय रचित रामायण सुन्दरकाण्ड
८. बाबुराम आचार्य, 'आदि कविता र आदि कवि' पुराना कवि र कविता-साझा प्रकाशन ।
९. रामकृष्ण शर्मा 'टाक्सिएको नेपाली कविता' साझा समालोचना साझा प्रकाशन ।
१०. बालकृष्ण सम, 'भानुभक्तको शैली'-भानुभक्त स्मारक ग्रन्थ (उत्तरार्ध)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन त समजी समालोचक होइनन् स्वयं सृजनशील साहित्यकार हुन् । त्यसैले समजीको विचार भानुभक्तका कृतिको सम्यक् परीक्षाबाट प्रसूत भएको नहुन पनि सक्छ र त्यस विचारमा परिवर्तन आइसकेको पनि हुनसक्छ ।

समालोचक हृदयचन्द्रसिंह प्रधान नेपाली भाषाको प्रथम मौलिक कविता यदुनाथ पोखरयालको 'स्तुति- पद्य' लाई मान्छन् र त्यसका रचयितालाई आदिकवि। भानुभक्तको आदिकवित्वमा भने उनी संशोधन गर्छन र भानुभक्तलाई 'प्रथम महाकाव्यका आदिकवि' र अन्ततोगत्वा 'आदि प्रतिनिधि कवि' भन्न पुग्छन् ११। तर मलाई यो 'आदि प्रतिनिधि कवि' भन्ने पदवी त्यति स्पष्ट छैन । यसको तात्पर्य के हो ? आदि अर्थात् शुरूका कविहरू मध्ये प्रतिनिधि कवि भनेको हो कि सम्पूर्ण नेपाली साहित्यका प्रतिनिधि कविहरूमध्ये आदि अर्थात् पहिलो प्रतिनिधि कवि भनेको हो ? यदि शुरूका कविहरूमध्ये प्रतिनिधि कवि भनेको हो भने आफू भन्दा पहिलेका त्यत्रा कविहरूलाई उछिनेर आदिकवि बन्न सक्ने यदुनाथ पोखरयाल आदि प्रतिनिधि कवि किन बन्न सकेनन् ? आदि प्रतिनिधि कवि बन्न सक्दैनन् भने आदिकवि कसरी बन्न सक्छन् ? यदि आदि प्रतिनिधिको तात्पर्य सम्पूर्ण नेपाली साहित्यका प्रतिनिधि कविहरूमध्ये आदि अर्थात् पहिलो भन्ने हो भने भानुभक्त के आधारमा 'पहिलो' भए ? काव्य गुणका आधारमा वा ऐतिहासिक सन्दर्भका आधारमा ? काव्य गुणका आधारमा भन्ने हो भने देवकोटा, लेखनाथको तुलनामा भानुभक्त पहिला हुन सक्लान् ? होइन, ऐतिहासिक सन्दर्भका आधारमा भन्ने हो भने 'आदिकवि' नै किन नभन्ने ?

डा० वासुदेव त्रिपाठीले 'आदिकवि' को शब्दलाई लाक्षणिक अर्थमा लिने सल्लाह दिएर राम्रो कुरा गरेका छन् । तर.........'भानुभक्तको 'आदित्त्व' बोकिरहनु भन्दा आदि शब्दले ल्याएका कचिङ्गलहरूलाई समाप्त पार्नलाई आदिकवि नभनेर सोझै 'पहिला महान् कवि' भनि दिनु नै राम्रो हुनेछ'१२ भन्ने उनको सुझाव भने हृदयचन्द्र सिंहको 'आदि प्रतिनिधि कवि' को सुझाव भन्दा धेरै फरक छैन ।

११. हृदयचन्द्र सिंह प्रधान, भानुभक्त : एक समीक्षा ।

१२. वासुदेव त्रिपाठी, सिंहावलोकन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री बालचन्द्र शर्माले भानुभक्तको आदिकवित्वको समर्थनमा राम्रो तर्क दिएका छन्—''जन्म अथवा रचनाको मितिबाट आदिकविको विचार हुन्न' भन्दै पछिका कविले भानुभक्तबाट पाएको जीवित प्रेरणालाई भानुभक्तको आदिकवित्वको मुख्य आधार मानेका छन् ।१३

भानुभक्त बारे 'प्रेमका मूर्ति, धर्मका अवतार, नेपाली जातिका गौरव-सूर्य, नेपाली साहित्यका सूत्रधार, नेपाली जातिका धर्म गुरु भानुभक्त'१४ जस्ता उद्‌गार व्यक्त गरेर पनि आदिकविको पदवी दिन कंजुसी गर्ने सूर्यविक्रम ज्ञवाली पनि २०२६ सालमा आएर भानुभक्तलाई आदिकवि भन्न पुग्छन् ।१५

भानुभक्तको आदिकवित्वको सम्बन्धमा तर्क वितर्कहरू उठ्दै गइरहेका छन् र नयाँ नयाँ कुरा थपिदै गएका छन् । समालोचक तानासर्मा भानुभक्तलाई आदिकवि नमान्ने मात्र होइनन् 'वास्तवमा आदिकवि भनेर कसैलाई किटनु नै अवैज्ञानिकता हो, अनुसन्धानको ढोका थुनि दिनु हो' भन्छन्,१६ तर भानुभक्तलाई आदिकवि मान्दैमा अनुसन्धानको ढोका थुनिन्छ भन्ने कुरा त्यति तर्क युक्त छैन । भानुभक्तलाई आदिकवि मानेर पनि भानुभक्त भन्दा पहिलेका जे जति कवि फेला परेका छन् तिनीहरूले सुहाउँदो श्रद्धा र सम्मान पनि पाएकै नै छन् र नेपाली साहित्यको स्रोतलाई यथासम्भव अझ प्राचीन समयसम्म पुऱ्याउने प्रयास अनुसन्धाताहरूले गरि नै रहेका छन ।

जतिसुकै चर्चा परिचर्चा भइसकेको भए तापनि भानुभक्तलाई आदिकवि मान्नु नै उपयुक्त छ । भानुभक्तका कविताहरूमा प्रयुक्त भाषा, उनका रचनाको परिमाण, विषय वस्तुको विविधता र जीवन सापेक्षता, विचारको मौलिकता र कल्पनात्मकता तथा पछिका कविहरूलाई भानुभक्तको प्रभाव र प्रेरणाका आधारमा हामी सहजै यस निष्कर्षमा पुग्न सक्छौं । भानुभक्तले नेपाली भाषा र साहित्यको क्षेत्रमा झन्नै त्यस्तै काम गरे जस्तो काम अंग्रेजी र साहित्यको क्षेत्रमा चोसरले

१३. बालचन्द्र शर्मा, 'भानुभक्त र उनको युग' साझा समालोचना साझा प्रकाशन ।
१४. कमल दीक्षित, 'भानुका उपाधि' कालो अक्षर-जगदम्बा प्रकाशन ।
१५. मच्छिन्द्र प्रधान, 'भानुभक्तीय समीक्षा'-भानुभक्तका कृतिका अध्ययनहरू, नेपाली साहित्य परिषद् प्रकाशन ।
१६. तानासर्मा, भानुभक्तदेखि तेस्रो आयामसम्म- साझा प्रकाशन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका थिए। अंग्रेजी साहित्यका पुनर्जागरण कालका 'प्रभात तारा' चोसर हुन् भने भानुभक्त नेपाली साहित्यका 'आदि कवि हुन्'।

भानुभक्तका कवितामा प्रयुक्त भाषातर्फ र भानुभक्तका पूर्वज तथा समकालीन कविहरूको भाषातर्फ दृष्टिपात गर्नु आवश्यक देखिन्छ। संस्कृतको व्यापक महत्त्व, नेपालीमै लेखिएका कवितामा पनि व्रज, अवधि र भोजपुरी आदिको अत्यधिक प्रभावको त्यस्तो बेलामा भानुभक्तले नेपाली साहित्यको इतिहासमा पहिलोपल्ट नेपाली भाषाको चोखो रूप दिए। भानुभक्तको भाषाको धेरै साहित्यिक महारथीहरूले मुक्त कण्ठले प्रशंसा गरेका छन्। हृदयचन्द्र सिंह प्रधान 'वर्तमान नेपाली भाषाको रूप बिन्दु भानुभक्तको रामायणदेखि शुरू भयो, भन्छन्।१७ नाटककार बालकृष्ण सम 'नेपाली भाषाका परमात्मा, भन्छन्।१८ रूपनारायण सिंह 'अंग्रेजी साहित्यको जग स्थापना गर्ने चोसरको जुन स्थान छ कवि भानुभक्तको हाम्रो भाषा र साहित्यमा त्यही स्थान हुनु पर्छ, भन्छन्।१९ सूर्य विक्रम ज्ञवाली त 'भानुभक्त नेपाली भाषाका जनक हुन्' समेत भन्छन्।२०

भानुभक्त भन्दा पहिलेका कविहरूद्वारा प्रयुक्त भाषातर्फ दृष्टि दिंदा भने एकदमै निराश हुनु पर्ने स्थिति आइलाग्छ। व्रज, अवधि, भोजपुरी र हिन्दीको नराम्रो प्रभाव, शब्दविकृति, बेढङ्गका वाक्य तथा अन्य भाषिक अशुद्धिहरू प्रशस्त पाइन्छन् सुवानन्द दासको भाषा हाम्रो लागि त्यत्तिकै अप्ठ्यारो छ जति अप्ठ्यारो प्राचीन हिन्दी कवितामा प्रयुक्त भाषा हुन्छ। वीरधाराका अन्य कविहरूमा पनि भाषाको यो अनोठोपन छँदै छ। भानुभक्तका समकालीन वा केही पहिलेका कविहरूको भाषामा व्रज, अवधि भोजपुरीको कति नराम्रो प्रभाव छ भने कहिले काहीं त नेपाली कवितामा व्रज आदि भाषाका शब्द मिसिएका हुन् कि व्रज आदि भाषाका कवितामा एक-दुइटा नेपाली शब्द मिसिएका हुन् छुट्याउन अप्ठ्यारो पर्छ।

---

१७. हृदय चन्द्र सिंह प्रधान, भानुभक्त. एक समीक्षा।

१८. बालकृष्ण सम 'भानुभक्तको शैली' भानुभक्त स्मारक ग्रन्थ (उत्तरार्ध)।

१९. रूपनारायण सिंह-भारती वर्ष १ अङ्क ३ 'भानुभक्तीय समालोचना' मा मच्छिन्द्र प्रधानद्वारा उद्धृत।

२०. सूर्यविक्रम ज्ञवाली 'भानुभक्तको महत्त्व' दियालो वर्ष ६ अङ्क ११। 'भानुभक्तीय समालोचना'मा मच्छिन्द्र प्रधानद्वारा उद्धृत।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जब हामी कुनै भाषाको कवि भनेर कसैलाई भन्छौं हाम्रो पहिलो अपेक्षा हुन्छ त्यस भाषाको यथासम्भव स्वाभाविक र चोखो रूपको प्रयोग। दोस्रो अपेक्षा हुन्छ–भाषाको यथासम्भव ध्वन्यात्मक (Suggestive) प्रयोग। भानुभक्त भन्दा पहिलेका कविहरूमा दुवै शर्तको पूर्ति हुन सकेको छैन। उनीहरूको भाषा विकृत छ र अभिधात्मक प्रयोग मात्र छ, तर भानुभक्तद्वारा प्रयुक्त भाषामा पहिलो शर्तको त राम्ररी नै पालना भएको छ र दोस्रो शर्तको पनि केही अंशसम्म पूर्ति भएकै छ। भानुभक्तका भाषाले शब्दार्थ भन्दा पर गएर यदा कदा हाम्रो मनमा सुन्दर कल्पना–चित्र जागृत गरिदिन्छन्। भाषाको यस्तो स्वाभाविक र चोखो प्रयोग जसबाट शुरू भयो, जसले पहिलो पल्ट हाम्रो भाषालाई ध्वन्यात्मकता दियो निश्चय नै त्यो हाम्रो आदिकवि हो।

दोस्रो कुरा रचनागत परिमाणलाई पनि केही होइन भनेर उपेक्षा गर्न सकिदैन। कनीकुथी गरेर जीवनमा एक-दुईटा श्रमसाध्य पद्य लेख्दैमा वास्तविक अर्थमा कवि भइँदैन। यस दृष्टिले आफ्ना पूर्ववर्तीहरूको तुलनामा भानुभक्तले नै धेरै कविता दिएका छन्।

तेस्रो कुरा भानुभक्तका कवितामा पाइने विषय वस्तुको विविधताले गर्दा पनि भानुभक्तलाई आदिकवि बनाएको छ। भानुभक्तका पूर्ववर्ती कविहरूको कविताको विषयवस्तु ज्यादै सीमित छ व्यक्ति स्तुति वा ईश्वर स्तुति। यसको विपरीत भानुभक्तका कवितामा निकै व्यापक विषय वस्तु समेटिएको छ। उनका कवितामा आध्यात्मिक आस्था, धार्मिक उपदेश, लोक मर्यादा र लोक व्यवहारका कुरा, सामाजिक विसंगति प्रति व्यङ्ग्य र अनुचित कुराको भर्त्सना आदि धेरै कुरा भेटिन्छन्। उनी वास्तवमा कवि थिए। कविता उनको जीवनको अङ्ग थियो। त्यसैले उनी गजाधर सोतीकी बूढीलाई कवितामा गाली गर्छन्, आफ्ना मुद्दा मामिलाका कुरा कवितामा बिन्ती गर्छन्, उमेर पुगेका मित्रले सानी दुलही विहा गर्ने र उनीसंग सल्लाह माग्दा कवितामै गाली गरेर जवाफ दिन्छन्। यस्तै अन्य कैयौं अवसरमा पनि उनी कविताकै भाषामा कुरा गर्छन्। यी सबले गर्दा उनका कविताको विषय वस्तु अपेक्षाकृत व्यापक हुन गएको छ।

भानुभक्तको रामायण अनुवाद मात्र होइन र अनुवादको भरमा मात्र भानुभक्त आदिकवि भनिएका पनि होइनन्। उनले आफ्ना समकालीन कवि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रघुनाथले झैं शब्दलाई पछ्याएर अनुवाद गरेनन् । मन माफिक काट छाँट गरेर आफ्नो मौलिकताको, कल्पनाशक्तिको प्रदर्शन गरेका छन् र आफ्नो रामायणलाई यथासम्भव नेपाली जीवनको रूचि र प्रवृत्ति अनुरूप बनाउने प्रयास गरेका छन् । भानुभक्तको रामायणमा अतिशय आध्यात्मिकता छैन, पस्यारलाग्दो प्रकृति वर्णन छैन, लामा-लामा स्तुतिहरू छैनन्, मूलकथामा आश्रित कैयौं उपकथाहरू छैनन् । यस्तै अनेकौं काटछाँट भानुभक्तले गरेका छन् । भानुभक्तको रामायण पढ्दा कुनै मूलकृतिको अनुवाद पढे जस्तो हामीलाई भान हुँदैन किन्तु मौलिकताकै आनन्द आउँछ ।

प्रभाव र प्रेरणाका दृष्टिले पनि भानुभक्त नेपाली साहित्यका आदिकवि हुन् । उनले नेपाली जन मानसमा स्थायी प्रभाव र प्रेरणा छोडेर गए । गेय छन्दमा लेखिएका भानुभक्तका सरल कविताले प्रबुद्ध वर्गलाई मात्र होइन सबै सहृदय नेपालीलाई आकृष्ट गरेकोछ । समालोचक वासुदेव त्रिपाठीले भानुभक्तलाई 'कवि सुलभ सांगीतिक चेतनाका धनाढ्य' भनेर एकदमै ठीक भनेका छन् २१। रामायणको विषयवस्तुको मनोहारिता श्रुति मधुरताले केयौं सामान्य नेपालीलाई कवितातर्फ प्रवृत्त गराएको पनि छ । कैयौं निरक्षर त रामायणकै सहायताले साक्षर पनि बनेका छन् । अझ सामान्य नेपालीको त कुरैछोडौं । लेखनाथ, देवकोटा र माधव घिमिरे आदि हाम्रा सफल कविहरूमा पनि भानुभक्तको प्रभाव प्रेरणा स्पष्टै देखिन्छ आज तिनीहरूका कविताभित्र प्रवाहित भइरहेको नेपाली जन जीवनको यथार्थ चित्रण नेपाली साहित्यमा प्रथमतः भानुभक्तबाट नै शुरू भएको हो । त्यसैले हाम्रा महाकवि भन्छन् -

शुक्रतारा ! सुन्दर हाम्रा ! नेपाली हे प्रथम ध्वनी !

माथि भनिएका कुराहरू बाहेक भानुभक्तलाई अर्को दृष्टिले पनि आदिकवि मान्न सकिन्छ । किन भने भानुभक्तको आदिकवित्व कुनै व्यक्ति विशेषले दिएको पदवी नभएर सम्पूर्ण साहित्यप्रेमी नेपालीले दिएको पदवी जस्तो भइ सकेको छ । साहित्य-प्रेमी नेपालीहरू भानुभक्तको नाम लिंदा 'आदिकवि' यो पदवीलाई अगाडि राखेर नै लिने गर्छन् । त्यसैले जनताले दिएको यस पदवीलाई खोस्ने अधिकार कुनै व्यक्ति वा केही व्यक्तिमा छैन जस्तो मलाई लाग्छ !

२१. वासुदेव त्रिपाठी, सिंहावलोकन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को कुरा के छ भने कुनै पनि पदवीको सम्वन्धमा शव्दार्थलाई मात्र ध्यानमा राखेर विचार गर्न थाल्यौं भने निश्चय नै नमिल्दा कुराहरू देखिन सक्छन् । उदाहरणका लागि लेखनाथको 'कवि शिरोमणि' पदवीलाई लिउँ । उनको 'कविशिरोमणि' पदवीको आधार के ? निष्पक्षतासाथ मूल्याङ्कन गर्ने हो भने उनी देवकोटा भन्दा पनि कविको रूपमा माथि छन् त ? समग्रतामा भन्ने हो भने छैनन् । तैपनि किन लेखनाथलाई कवि शिरोमणि भन्छौ ? किनभने जुनवेलामा लेखनाथले नेपाली कवितालाई नयाँ मोड दिए; नेपाली साहित्य जगत्को हृदयमा नयाँ स्थान जमाए त्यसको ऐतिहासिक महत्त्व थियो । त्यही महत्त्वले गर्दा जनमानसमा जन्मिएको श्रद्धाको अभिव्यक्ति हो उनले पाएको 'कवि-शिरोमणिको' पदवी । अब कुनै कवि उनीभन्दा जतिसुकै ठूलो भएपनि यो 'कविशिरोमणि' पदवी लेखनाथको लागि रूढ भइसक्यो । त्यस्तै आदिकविको पदवी पनि भानुभक्तको लागि रूढ भइसक्यो । अब यो पदवी नेपाली साहित्य जगत्का मन-मष्तिष्कमा भानुभक्तको स्मृतिसंगै गाँसिएको छ र भानुभक्तको स्मृति जतिकै प्रिय भइसकेको छ तर्क र विवेचना भन्दा पर नेपाली जनताका हृदयमा उनको 'आदिकवि'को स्थान सुरक्षित छ ।

—❁—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल-राजकिय-प्रग्याँ-प्रतिष्ठानको ब्रिहद् नेपालि-ब्याकर्णको बिबेचना (क)

—सिब्राज आचार्य

प्रग्याँ प्रतिष्ठानका भुतपुर्ब कुलपतिको "प्र० प्र० ले नेपालि ब्याकर्णको राजमार्ग बनाउन लाग्याछ" भन्नि कुराले र नेपालि भासा ब्याकर्ण सम्बन्दि चर्चा-परिचर्चाहरुले गर्दा प्र० प्र० ले बनाको ब्याकर्णको प्रकाशनको मैँले बडो उत्सुक्ता-पुर्बक प्रतिच्छ्या गरिरा थेँ। एस्तैमाँ प्र० प्र० को एउडा समारोअ्रमाँ उक्त ब्याकर्णको पुस्तक केइ बिसिष्ट बेक्तिहरुमाँ बितरण गरिया कुरा मैँले सुनेँ। तेसपछि म त्यो पुस्तक किन्न एग-दुइ दिन बिराइ भोटाइटिको साजा-पुस्तक-पसलमाँ जान थालेँ। एसो गर्न थालेका धेरै दिन पछि २०३३।११।१८ मितिमाँ हिजो म त्रै यो पुस्तक आइपुग्यो भनेर त्याँऽका बिक्क्रेताले मलाइ यो पुस्तक दिए। रु. २८।६० मुल्य तिरेर त्यो पुस्तक मैले ल्याएँ र पडेँ। त्यो ब्याकर्ण प्रस्तावात्मक रुपमाँ नै पैलेइ बिद्द्वान्हरुका समच्छ्य प्रस्तुत हुनि भन्नि कुरा मैँले सुन्या थेँ। तर उक्त पुस्तक पड्दा तेस्तो कुरा केइ पाय्येन। निर्णित रुपमाँ नै त्यो ब्याकर्ण प्रकासित भाको पाय्यो। त्यो पुस्तक पड्दा आँफ्ना प्रतिक्क्रिया प्रकासित गर्नि तिब्र इच्छा जागरित हुँदाहुँदै पनि जिबनका प्राथमिक आबस्स्यकता पुरा गर्न गर्नपर्नि कामका बोजले गर्दा र प्रतिक्क्रियामाँ भन्न पर्नि कुरा धेरै भाकाले तिनलाइ प्रकासित गर्दिनि प्रकासकसित मेरो कुरा हुन नसकेका-ले पँनि उक्त काँम झट्टै हुन सकेन। एउडा प्रकासकसित कुरा मिलिसके-पछि पँनि फेरि त्यो बिग्ग्र्या हुनाले उक्त काममाँ झन् ढिलाइ हुन आयो। ऐले मेरा उक्त प्रतिक्क्रियाहरु क्रमैले प्रकासित हुन लाग्या छन्।

ह्याँऽ मँ पैलेइ उक्त पुस्तकका सम्बन्दमाँ केइ सामान्न्य कुराहरु भञ्चु, अनि तेस पुस्तकमाँ रएका बिबेच्च्य बिसयहरुका सम्बन्दमाँ आँफ्ना भनाइ-हरु क्रमैले एकएक गरि प्रस्तुत गर्चु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मैँले चन्रिकाको आलोचना गर्दा चन्रिकाको रचनाका समयमाँ नेपालमाँ बिद्द्या–प्रसारका लागि समुचित परिस्थिति नभाको कुरा लेख्या छु र ऐलेको खुला परिस्थितिमाँ नेपालि भासाको नएँ ब्याकर्ण बनाउन पर्नि कुरा-माँ जोड दिँदै आऽ छु।

चन्रिका बिद्द्वत्ताभन्दा राजनितिक बेक्तित्त्व प्रधान भाका माञ्छेका पच्छ्यबड निस्क्या हुनाले तेस बेलाका राजनितिक परिस्थितिले गर्दा चन्रिकालाइ बिरोदिका सार्बजनिक आलोचनाको डर तेति थिएन। कुनै परिस्क्रित ब्याकर्ण-दर्सनका आदारमाँ आलोचना गर्न सक्नि माञ्छे पँनि तेस बेला सारै थोरैं थिए। जे जति थिए ति संस्क्रितका पण्डितहरु नै थिए। ति पँनि सबै जसो उनैका अदिनका कर्मचारि थिए। संस्क्रितका पन्डितलाइ जिविकोपार्जनका वा सामाजिक प्रतिष्ठाका लागि नेपालिमाँ लेख्न खाँचो पँनि सारै नपर्नि हुनाले उनिहरु पँनि नेपालिको ब्याकर्णको उपेच्छ्या गर्थे। आलोचना प्रकासित गर्न नेपालमाँ तेस बेला उपयुक्त पत्त्रिका पँनि थिएनन्। तेसैले होला चन्रिकाका बिरोदमाँ राममणि आ० दि० का पच्छ्यत्रडि जे जति जस्तो काँम भयो तेल्ले पँनि बाइर खुला रुपमाँ आऽर भासा–ब्याकर्णका बिसयमाँ बिचारको उत्तेजन गरि परिस्क्रित ब्याकर्णदर्सनका आदारमाँ चन्रिकाको परिच्छ्या गरि त्यो युक्तियुक्त देक्खिएमाँ मत्त्रै तेल्लाइ मान्नि नत्त्र नमान्नि परिस्थिति बनाउन सक्या देखिँदैन। समजिका भनाइ अन्सार (मेरो कविताको आरादन, उपासना २, प्रि० १८) 'भासालाइ ब्याकर्ण चाँइदैन, मँ माइला गुर्जु वा सोमनाथको नियम-अन्सार चल्नि माँञ्छे हैन' भन्नि कुलचन्रजत्तिका बिद्वान्ले वा 'प्राक्रित ढङ्को ब्याकर्ण मान्न्य-ठान्नि' त्रिरेन्रकेसरिले पँान युक्तिका आदारमाँ चन्रिकाको खण्डन गरेर लेख प्रकासित गर्‍या पाँइदैन। 'कवि लेखनाथ पँनि बिस्स्वमणिकै समर्थक' भए पनि उन्ले पनि दोधारमाँ बसेर कविता लेख्या पाइञ्च (सुन्दरिमाँ प्रकासित कबिता-पँनि यस सम्बन्दमाँ द्रष्टब्ब्य छँन्)। सासकवर्ग पँनि ब्याकर्ण-बिसेस मान्न्य बनाउन निर्णायक आगृयाँ दिनमाँ र खड्ग निसाना गर्दिनमाँ पनि असङ्गति नदेखिन रच। तेसैले 'नेपालि कसरि सुद्द लेखिन ?' भन्नि पुस्तिकासम्ममाँ चन्रिकाका मान्न्यतामाँ जेजति सम्सोदन भाको पाइञ्च, त्यो सबै चन्रिकाका पच्छ्यको प्रत्त्यच्छ्य वा अप्रत्त्यच्छ्य अनुमतिकै आदारमाँ भाऽजस्तो बुजिञ्च। तसर्थ चन्रिकाले खुला यौक्तिक बिरोदको प्रतिकार गर्न पर्‍याथेन। पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कदाचित् तेस्तो बिरोद भैहाल्ला कि भन्नि देखेरै होला युक्तियुक्त वा युक्तिरइत जस्तो भए पनि एउडा बेवस्था र बाँनि बसाल्दिएपसि तिनलाइ फेर्न उकालैपर्नि कुरा बुज्या हुनाले नै राजागुर्‍याँ वा खड्गनिसानाका आदारमाँ पँनि चन्रिकाको मान्न्यता बसाल्न सङ्कोच नमान्या देखिन्छ । इ सबै कुराबडि चन्रिका तेस्का पछाडिको राजनितिक वेक्तित्त्व, तेसको प्रकासनको र प्रचारको समयको राजनितिक परिस्थिति, नेपालि भासाको उपेच्छित अवस्था, विद्याको अन्धकार-युग, तेसवेलाका सासकबर्गको लोकलज्जासुन्न्यता आदिका आदारमाँ टिक्या देखिन्छ ।

प्रगुर्‍याँ - प्रतिष्ठानको ब्रिहद् नेपालि–व्याकर्णका पछाडि चन्रिकाको पछाडिजस्तो राजनितिक वेक्तित्त्व भाको अनुभव हुँदैन । "महाकुलेषु ये जाता वृद्धा पूर्वतराश्च ये । तेपामप्यासुरो भावो हृदयान्नापसर्पति" इत्त्यादि व्यास-वर्णित लोकस्थिति - अनसार् धेरैजसो माँन्छेमाँ डर र लोब, दम्ब र दुरभिसन्दि आदि आसुर गुणहरु वा मानबसुलब दुर्बलताहरु जुनसुकै युगमाँ पँनि हुनि भाकाले तिनैका आदारमाँ धेरैजसो मान्छेहरु बोल्न भएपनि कसैले ति दुर्बलतालाइ हटाएर सुद्द - विद्या - विमर्सका रुपमाँ केइ लेख्च बोल्च भने ऐले वध-बन्ध- ब्रित्तिच्छेदादि दण्ड उसमाँ बज्रिन आइहाल्लाजस्तो पँनि लाग्दैन । तसर्थ तेसवेलाको राजनितिक परिस्थितिले चन्रिकालाइ दिएजस्तो बिरोदि आलोचनाका विरुद्द कवचको काम ऐलेको राजनितिक परिस्थितिले प्र० प्र०को ब्रिहद् नेपालिव्याकर्णलाइ दिनिजस्तो लाग्दैन । कुनै परिस्क्रित व्याकर्णदर्सनका आदारमाँ प्र०प्र० को ब्रिहद् नेपालि - व्याकर्णको बिवेचना गर्न वा तेसो गरेको बुज्न सक्नि र बुजेर समुचित निस्कर्समाँ पुग्न र तदनुसार चल्न सक्नि माँन्छेको सङ्ख्यामाँ पँनि चन्रिकाका प्रकासनका समयमाँ र ऐले थोर- वउत अन्तर हुन आ'छ जस्तो लाग्च । नेपालि भासाको लिखित वेवाऽरमाँ ठुला पदाधिकारिहरुबड पँनि 'सुद्दासुद्दिको वास्ता नगरिनि गुनासो बारम्बार सुनिन्छ, तथापि चन्रिकाका प्रकासनका समयमाँ भन्दा ऐले नेपालि भासाको लिखित प्रयोग धेरै बडेकाले तेस वेलाभैँ इ नेपालि-व्याकर्णलाइ राष्ट्रिय वा वेक्तिगतरुपले पँनि उपेच्छया गर्न ऐले सकिँदैन । कुनै परिच्छया दिन, जागिर खान, पत्र- पत्रिकामाँ लेखहरु प्रकासित गर्न र अन्न्य प्रकासकबडि नेपालि ग्रन्थ प्रकासित गराउन नखोज्नि माँन्छे मँत्रै नेपालि व्याकर्णको केइ उपेच्छया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न सक्च । उल्ले पँनि चिठिपत्त्र निवेदन आदि लेख्न पर्दा लोकलज्जाका डरले प्रचलित व्याकर्णको बिचार राख्न पर्नि हुञ्च । तसर्थ ऐले नेपालि व्याकर्ण उपेच्छ्यणिय बिसय छैन । ब्रिरोदि आलोचनाहरुलाइ प्रकासनको चाग्येजति सुब्रिदा दिनि पत्त्र-पत्त्रिका पर्याप्त मात्त्रामाँ नभए पँनि तिनको अत्त्यन्तै अभाब पँनि ऐले छैन । ने० रा० प्र० प्र० को ब्रिहद् नेपालि व्याकर्णले राजागृग्याँका वलमाँ टिक्न प्रयास गर्नि आसा राखेजस्तो पँनि बुजिँदैन ।

इ कुराहर्ले गर्दा नेपाल-राजकिय-प्रग्ग्याँ-प्रतिष्ठानको ब्रिहद् नेपालि व्याकर्णको आदार उपपत्ति-सम्पन्न परिस्क्रित व्याकर्णदसन हुन पर्नि र तेस्का रचनामा देसमाँ उपलब्द् हुन सक्नि उच्चतम व्याकर्ण-बिद्द्वत्ताको अधिकतम प्रयोग भाको हुन पर्नि जस्तो लाग्न्च । तर यो पुस्तक पड्दा इ दुऐ कुराको आभास कत्ति पँनि पाँइदैन । जालफेल समेतका बलले चन्रिकाकारादिले बसाल्दिया बेवस्था, माँञ्छेहर्माँ पार्दिया कुसंस्कार तथा खडा गर्दिया ढाँडियाजस्तो खोरकै आदारमाँ मान्न्य हुन भनेर यो निस्क्याजस्तो देखिञ्छ । तेसमाँ, कुनै व्याकर्ण युक्तियुक्त वा युक्तिरइत क्या ओ भनि बिबेक गर्नि काममाँ सादारण उच्चसिच्छ्या पाका आदुनिक नेपालिहरुमाँ पाँइनि असक्ति वा आरस्स्य; हाँम्म्रो मूल परम्पराको भासा-व्याकर्णको दर्सन र इतिहास नबुजेका र भासाको प्रायेसम्प्रतितिकरण (Standardization) बिद्ध्यात्मक (Prescriptive) व्याकर्णले मँत्त्रै हुन सक्न्च भण्ठान्नि नएँ घुद्दि-जिब्रिहर्को भ्रान्त धारणा※; कुनै पँनि बास्तबिक रुपको एउडा भासामाँ जति एकरुपबा नभै हुँदैन तेति एकरुपता सोभाबैले हुञ्छ, लेखकले साबधानिपुर्वक उच्चारण-अन्सार लिपिको प्रयोग गरे त्यो एकरुपता लेखाइमाँ पँनि आइहाल्च कुनै व्याकर्णले एकरुपता कायम गरिरन पर्दैन भन्नि कुरा नबुजेका, चन्रिकादिका सिद्दान्तले पनि सर्वथा एकरुपता ल्या छैनन् र चन्रिकादि-अन्सार भासामाँ एकरुपता ल्याऽर प्रयोग गरिराछु भण्ठान्निहरुका प्रयोगहरुमाँ पँनि सर्वथा एकरुपता पाइदैन भन्नि वस्तुस्थितिलाइ पँनि देख्न नसक्नि सादारण सिच्छित-एकतारुपता

※ –"and all standardization processes are prescriptive."– Kamal Prakash Malla, *Nepal in Perspective*, CEDA, Kath. (1973), p. 115. (वर्णनात्मक व्याकर्णबड पँनि कसरि प्रायसम्प्रतितिकरण हुन सक्न्च र संस्क्रितमाँ कसरि त्यो भाऽथ्यो भन्नि बिसयमाँ मैँले 'बिदेह'-को सोरौँ पुर्णाङ्कमाँ लेख प्रकासित गराऽछु ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरुमा हाहामाँ जम्न गाको 'ब्याकर्णले एकरुपता स्थापित गर्न पर्च' भन्नि भ्रान्त धारणा; तथा सर्खारि र सैच्छिक निकायका निर्णायकहरुको ब्याकर्णसम्बन्दि उपेच्छयावुद्दि र त्रुटिपुर्ण ग्याँन पँनि एल्लाइ थप आदार मिल्या वुजिन्च। तसर्थ एस ब्याकर्ण ग्रन्थमाँ भ्रमको राज्ज्य हुन गाऽ'छ्अ; सुद्द उपपत्तिका आदारमाँ टिक्नि कुरा सारै नै थोरै मँत्रै छन्।

सामान्न्य रुपमाँ ऐले एत्ति भनेर अरु कुरा उपसम्हारका लागि राखेर अब एउडा-एउड विसय उठाऽर तेसमाँ आँफ्ना टिप्पणिहरु दिन्चु।

१. यो विवेच्च्य पुस्तक हातमाँ पर्निबित्तिकै बाइरै गावामाँ 'वृहद् नेपाली ब्याकरण' (तल थोप्लो दिएको) एस्तो मुद्द्रित भाको पाइन्च। एसैले पैलेइ ध्यान आक्रिष्ट गर्च। 'वृहद्'-को पैलो स्रुति (Sound) संस्क्रितको सुद्द उच्चारण-अन्सार् र नेपलि उच्चारण-अन्सार् पँनि पवगिय ब हो। तेसको सङ्केत गर्न आदुनिक मुद्द्रणालयको देब्रनागरि लिपिमाँ पेट चिन्या ब छ। तर ह्याँ तेल्लाइ छोडेर संस्क्रितमाँ दन्तोष्ठ्य वकारका लागि प्रयुक्त हुनि लिपिको प्रयोग गरिया छ। 'हाँम्रो बाटुलो व हो, चिन्याऽ बा फान्याऽ ब नेपालिको हैन'१ भन्नि भासासास्त्रिय महत्त्व् केइ पँनि नभाको लिपिगत उपेच्छयणिय कुरालाइ लिएर भ्रम समेत पर्नि गरेर परम्परा र प्रसिद्दिलाइ बिथल्दिनु कत्तिको उचित हो विवेकि पाठकहरु आँफै विवेक गर्न सक्तुछ्अ। माँहाँनन्दजिको उक्त भनाइले एकपल्ट मलाइ पँनि भ्रममाँ पार्‍याथ्यो पछि विचार गर्दै जाँदा त्यो भ्रम हर्‍योर२। अनि 'ब्याकरण'-को तल्थोप्लले ध्यान आक्रिष्ट गर्च। एसको अर्थ पैलेइ वुजिँदैन। पुस्तक पड्दै गएपसि त्यो तल्थोप्लि आदा व माँ दिन खोज्जिया रच य-माँ पर्न गाऽ रच भन्नि वुजिछ्अ। तर 'ब्याकरण'-को पैलो स्रुति (Sound) सुद्द संस्क्रित-उच्चारण-अन्सार् माँथिल्ला अगिल्ला दाँतहरुका टुप्पाले तल्ला ओठमाँ अलि अलि छोएर उच्चारण गर्न पर्नि स्रुति हो, नेपालिको न्यारि वाक्क इत्त्यादिको पैलो स्रुतिजस्तो स्रुति

१. सि-माँहाँनन्द : सरि सब्द, कैरन, प्रि० २।

२. (क) जिम्दो नेपालि भासा (पैलो खण्ड) [२०३०] (विक्क्रेता-साजाप्रकासन), प्रि० ८७-८८। (ख) व व न् इ लिपिको बिमर्स नेपालि-वर्णोच्चारण-सिच्छ्याको (२०३१, साजाप्रकासन) दसम परिसिष्टका रुपमाँ मुद्द्रित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हैन३ । नेपालि-उच्चारण-अनुसार् भने त्यो पवर्गिय ब नै हो। एस थितिमाँ 'व्याकरण'-को आदा व-को तल थोप्लो दिनि कुरा युक्तिसङ्गत देखिन आँउदैन । उक्त लेखाइ 'हाँम्रो बाटुलो व हो चिन्याऽ बा फान्याऽ ब नेपालिको हैन, तल्थोप्लि व् हाँम्रो हो'४ भन्नि स्रि-महाँनन्द साउकोटाका लहैलहैमाँ दकुर्नाले अँगालिया जस्तो बुजिञ्च । तर 'व्याकरण' लेखेर नेपालि बोल्दा पँनि तेसै अनुसार त्याँहाँ वारि-वाक्क इत्त्यादिको जस्तै तल्थोप्लि व्-कँ उच्चारण गर्न पर्च भान्न आगृअ व्याकर्ण-दर्सनको क-ख पँनि नजान्या माँञ्छेले मँत्त्रै गर्न स्याउनि कुरो हो । नेपालि बोलिमाँ सर्वत्त्र 'व्याकर्ण' छ 'व्याकरण' छैन । अब सब

---

३. संस्क्रितको दन्तोष्ठ्य वकारको स्रुतिको विवेचना गरेर मैँले संस्क्रितमाँ त्रि० बि० त्रि० जर्नलको सष्ठ भाकको पैलो अङ्क-(जुन् १९७१)माँ, अङ्रेजिमाँ 'बसुधा'को चौदौँ भाकको चौथो अङ्क-(नोव्-डेस्. १९७१) माँ र नेपालिमाँ प्रगृग्याँको पञ्चम पुर्णाङ्क (२०२८)माँ लेख प्रकासित गराऽञ्छु। यो लेख साजाप्रकासनबड प्रकासित 'नेपालि वर्णोच्चारणसिच्छ्या'-(२०३१) को परिसिष्टमाँ पनि मुद्रित भाऽछ्अ । उक्त लेख यो व्याकर्ण बनाउनिहरुले पड्याऽ भा र बुज्याऽ भा उनिहरु एसरि भ्रममाँ परिरन नपर्नि । अथवा उक्त लेखमाँ मैँले दिएका प्रमाण र निकालेका निस्कर्सलाइ इ व्याकर्णिहर्ले असुद्द देख्या भए सञ्छेपैमाँ भने पनि तिनको खण्डन इ व्याकर्णिहरुबड हुन पर्नि । खण्डन-मण्डनतिर इ व्याकर्णिहरु नलाग्या हुन् कि भनम् भने इनले अरुका कुराको खण्डन गऱ्या कुरा एसै पुस्तकमाँ ठाँम ठाँमै पाइञ्च । ने० सा० प्र० प्र० का बर्तमान कुलपतिकै मतको खण्डन पँनि पाइञ्च (प्रि० २७८-७९)। सुद्द बिद्द्याका प्रचारका लागि लोकमाँ प्रस्तुत असुद्द कुराको खण्डन आवस्स्यक पँनि हुञ्च । तेसैले मोच्छ्य-सास्त्रमाँ लागेका ब्रम्समिमाम्सासुत्त्रकारले पनि दोस्स्रो अद्देका दोस्स्रा पाउमाँ कापिलादिमतको खण्डन गऱ्या पाइञ्च । आचार्य चरक पँनि-"परो भूतेष्वनुक्क्रोशस् तत्त्वज्ज्ञाने परा दया। येपान् तेपामसद्वादनिग्रहे निरता मतिः ।" (सुत्त्रस्थान, अ० ३०, स्लो० ७९) भञ्चन । तसर्थ एस बिसयमाँ प्रस्तुत बिवेच्च्य ग्रन्थका रचइताका विवेक-सक्तिले ठिक काँम गर्न नसक्या कुरा प्रष्ट हुञ्च ।

४. स्रि-माँहाँनन्दः सरि सब्द, कैरन, प्रि० २ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालिलाइ नेपालि बोल्दा 'व्याकरण' वोल्न लाँउन सक्ता पनि सकिँदैन तेसो गर्नु उचित पँनि छैन, आवस्स्यक पँनि छैन। बस्तुस्थितिमाँ पुगेर होस् वा नपुगेरै होस् माँहाँनन्दजिवडि पँनि 'विद्या' इत्त्यादिको 'विद्या' इत्त्यादि उच्चारण गर्न पर्च भन्नि पच्छ्यको खण्डन हवाँका वेक्तिगत रचनामाँ भाऽथ्योऽ। ने० रा० प्र० प्र० को व्याकर्ण–समितिको सदस्स्य बन्न पुगेपसि त के भएच कुन्नि ह्वाँलाइ पँनि। अनेक पुरस्कार र व्याकर्ण–समितिको सदस्यताले गर्दा ह्वाँ पँनि 'साहिच्चे ठालु'–का डस्कामाँ मिल्न पुग्नु भएच क्यारे अब (द्रष्टब्ब्य–जनजिउरो, प्रि० १२)। यो 'व्याकरण' ह्वेख्नि पच्छ्य चन्द्रिकाकारादिका कुवेबस्था अन्सार चलेको "नेपालि उच्चारण अन्सार 'व्याकरण' इत्त्यादिमाँ पर्बर्गिय ब नै भए पनि 'व्याकरण' इत्त्यादिलाइ संस्क्रितबड आका तत्सम सब्द मानेर लेख्ता व नै लेख्न पर्च" भन्नि पच्छ्यभन्दा पँनि निक्रिष्ट र युक्तिसुन्न्य छ र बर्ता भ्रम फैलाउनि खालको पँनि छ। एस्ता प्रयोग भाको ग्रन्थ प्रकासित गरेकामा प्र० प्र० ले (उपकुलपतिका बक्तब्ब्यमाँ) नाँक फुलाऽ छ; यो अविवेकको पराकाष्ठाको परिणाम हो। प्र० प्र० माँ एस बिसयमाँ अलिकति पँनि बिवेक सक्ति भाऽ भए उल्ले एस्तो व्याकर्ण बनाउन भन्दा पैलेइ व्याकर्णदर्सनका प्राच्च्य पाश्चात्त्य सिद्दान्तहरुको आधिकारिक ग्याँन भाका वेक्तिबड बा तेस्ता वेक्तिहरुको समितिबड व्याकर्ण दर्सन–(व्याकरण्–सिद्दान्त–) को ग्रन्थ लेखाउन आबस्स्यक भाको कुरा बुजेर तदनुसारै काँम गर्दो हो।

उपर्युक्त प्रकारका पच्छ्य अँगाल्न पुग्नि व्याकर्णहरुबड बन्या व्याकर्ण ग्रन्थ कस्तो होला पाठकहरु आँफै पँनि बुज्न सक्नुञ्च। तथापि त्यो कुरा प्रष्ट गरि बुज्न सअयोग गर्न मँ आँफ्ना अरु टिप्पणि पँनि प्रस्तुत गर्दै जाञ्चु।

२. यो 'त्रिहद् नेपालि–व्याकर्ण' भन्नि नाम देख्ता यो ग्रन्थ सबथा नएं रच भन्नि भान पर्च। तर भुमिकाको आ-प्रिष्ठ पडे–पसि यो ग्रन्थ चन्द्रि-काको प्रतिसंस्क्रित रुप रच भन्नि वुजिञ्च। तेसो भएपसि एस ग्रन्थको 'प्रतिसंस्क्रित चन्द्रिका व्याकर्ण' भन्नि नै वा उक्त कुराको केइ आभास आउनि अरु कुनै मिल्दो नाम राख्या भा उचित हुन्थ्यो। भट्टोजि दिच्छितको

५. हुँइ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्दान्त कौमुदिमाँ धेरै परिबर्तन-परिबर्द्‍न र काट-छाँट गरि तेसको प्रति-संस्कार गर्नि सोमनाथ सिग्देलले आँफुले प्रतिसंस्कारगऱ्या ग्रन्थमाँ "प्रति-संस्कृता सिद्धान्तकौमुदी भट्टोजिदीक्षितकृति: प्रतिसंस्कर्ता सोमनाथ शर्मा" मुद्द्रित गराऽ पाँइन्छ । एस्ता प्रकारको उदारता प्रस्तुत बिवेच्च्य ग्रन्थमाँ काँऽ पाँउनु ! एस्ता कुरा अरु पँनि छन् । तिनको यथास्थान चर्चा गर्नि छु।

३. अग्नि बाइरै गाताभँ 'नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान' मुद्द्रित देखिन्छ । तेसमाँ 'नेपाल' यो पद समस्त हो कि असमस्त हो ? समस्त हो भने त्यो एसै व्याकर्णका नियमले पँनि जोरेर बा सम्योजक चिन्न दिएर लेक्खिन पर्नि; असमस्त हो भने तेसको अरुपदसित के कस्तो सम्बन्द हो भन्नि कुरा को व्याक्ख्या एस ग्रन्थ भित्त्रका कुनै नियम भित्त्र पर्न पनि ।

४. अब गाताभित्त्रको मुखप्रिष्ठ हेर्नोस् । त्याँहाँ 'बनाउने व्याकरण समिति ने० रा० प्र० प्र०' 'लेख्ने रोहिणीप्रसाद भट्टराई' भन्नि कुरा देखिन्छ । तेसबड, पँलइ, एस ग्रन्थको रचना गर्नि समिति र लिपिकर रोइणिप्रसाद भटराइ भाको कुरा बुजिन्छ । तर भुमिकाको ई-प्रिष्ठ पडेपसि एस ग्रन्थको एस रुपमा रचना गर्नि रोइणिप्रसाद भटराइ र तेसमाँ सामान्न्य निर्देसन र निर्णय दिनि उक्त समिति रच भन्नि बुजिन्छ । वस्तुस्थिति यो भएपछि त मुख प्रिष्ठमाँ पँनि तेसै अन्सार कुरो प्रष्ट बुजिनि गरेर 'निर्देसन र निर्णय दिनि व्याकर्ण-समिति, रचइता बा प्रतिसंस्कर्ता रोइणिप्रसाद भटराइ' भन्नि पो उल्लेख हुन पर्थ्यो । तेसो नभा हुनाले एस ग्रन्थका रचनाका प्रक्क्रियामाँ आबस्स्यक सत्त्य-निष्ठा नभाको झलक मिल्च । एल्ले चन्द्रिकाको प्रकासनका समयको परिस्थि-तिभाँभन्दा ऐलेका परिस्थितिमाँ धेरै अन्तर आऽ रइन्छ कि भन्नि झस्को पँनि पार्च ।

५. अब मुखपत्त्रको आर्को प्रिष्ठमाँ प्रकासकादि-बिबरण हेरम् । तेसमाँ दुइ ठाममाँ 'काठमाडौं' मुद्द्रित देखिन्छ । त्याँहाँ स्वरको अनुनासिकताको सङ्केत गर्न सिरबिन्दुको प्रयोग गरिया छ । हाँम्रो परस्परामाँ अनुस्स्वारको सङ्केत गर्न सिरबिन्दु लेख्नि र स्वरको अनुनासिकताको सङ्केत गर्न चन्द्र-बिन्दुको बा दुइ सिरबिन्दुको प्रयोग गर्नि युक्तियुक्त चलन रै आ छ । एस कुरामाँ आजभोलि छापामाँ अन्त अरुले जेजसो गऱ्या भए पँनि "देबनागरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिपिको सबभन्दा ठुलो बिसेसता नै तेसमाँ उच्चारणकै अन्सार् सब्द लेख्न सकिनि भएकाले ...'' (प्रस्तावना, प्रि० ११) भन्नि कुरा बुजि 'अठचालीसौँ अठतीसौँ अठारौँ ऐँचो-पैँचो औँटार्नु कैँची कैँडा' इत्त्यादिमाँ समेत सर्वत्त्र अनुनासिक स्वरको सङ्केत गर्न चन्द्रबिन्दुकै प्रयोग गर्नि र सिरबिन्दुलाइ अनुस्वारकै सङ्केतका रुपमाँ मँत्त्रै प्रयोग गर्नि गरि ने० रा० प्र० प्र० कै नेपालि-सब्दकोसले लिपिप्रयोगका बिसयमाँ एउडा परम्परानुकुल बैग्ग्याँनिक र उचित नियम मान्या र बसाल्या देखिन्छ। तेसैलाइ पँनि छोडि अव्य्वस्थित रुपमाँ जतापाइ लिपिको प्रयोग गरि एकरुपताका लागि भनेर मनगडन्ते रुपमाँ लिपिको बिधान गर्नि (द्रष्टव्य उनन्चालिसौँ प्रिष्ठ र एस्तै अरु स्थल) एस ब्याकर्णले के गर्न खोज्या हो ? एस प्रकारको लिपिको अव्य्वस्था एस पुस्तकमाँ जतातते पाइन्छ। जस्तै— चाहिं- २३, १०८, १२८, १२६; चाहिँ- ४८; अँग्रेजी- २६; नंबरी–६७; डुंगुर–६३, डुङ्गुर-८२; तपाईं-८३, तपाईँ ११०, कहीं-८३, १२८, १२६, २४०, २६१, कहीँ-२४०, २६१; कहीँ कहीँ-२६८, कहीं कहीं-२७२, कहीं कहीँ-२७४; जान्छौं-१०६, गर्छौँ-१७६; संचै-११४, आफैँ-११६, आफैं-११६; रगको-१३२, १४६, लङ्गडो-१३५, लंगडो-१४१, सम्झनू, संझनु-१६३, संझना-२७२ इत्त्यादि (सब्दका अगाडिका अङ्कले बिबेच्च्य पुस्तकका प्रिष्ठ जँनाउचन्)।

६. अब तेसपछिको प्रिष्ठ हेर्नोस्। ''श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव'' याँहाँ ब-व्-को नियम लाउन नसक्याजस्तो देखिन्छ। सुद्दिपत्त्रका भनाइ-अन्सार् व् पार्न पर्निमाँ नपारेको मान्नि कि उच्चारण-अन्सार् व नै सुद्द मान्नि कुन पच्छ्य ग्रन्थ बनाउनि–लेख्नि–प्रकासितगर्निको अभिमत हो बुजिँदैन।

७. तेसपछिको पत्त्रको पैलो प्रिष्ठमाँ कुलपतिका बक्तव्यमाँ-'बाट, बाटो, सबैको' एस्तो छपाइ पाँइनि हुनाले एउडै पुस्तकमाँ, एकरुपता ल्याउनै लेखिया पुस्तकमाँ, पँनि ब-व-व्-कै बिसयमाँ पँनि त्यो ल्याउन नसकिया कुरा प्रष्ट हुन्छ। त्याँहाँका 'गंभीर' 'गंभीरतासाथ' इ पद पँनि लिपित्रुटियुक्त वा असुद्द मान्नै पर्छ।

८. अब उपकुलपतिको बक्तव्य हेरम्। तेसमाँ पँनि ब–व्-को नियम लाउन सकिया रइन्छ। फेरि उपकुलपतिजिको पैलो वाक्क्य नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भ्रान्तधारणापुर्ण पाइञ्च । भासामाँ एकरुपता ल्याउनै व्याकर्ण बनाइनि हैन । जति एकरुपता भासामाँ नभै हुँदैन तेति एकरुपता भासामाँ सोभाबैले हुञ्च । त्योभन्दा बर्ता एकरुपता भासामाँ चाँइदैन । कुनै पँनि व्याकर्णले एकरुपतावादिले कल्पनागरेजस्तो एकरुपता ल्याउन सक्ता पँनि सक्तैन । मेरा इ बिबेचना पडेर एइ एउडै व्याकर्णका पुस्तकमाँ पँनि भासिक एकरुपता नभाको कुरो बुजेपछि उपकुलपतिजिले मेरा उक्त भनाइको यथार्थता राम्म्रगि बुन्न सक्नुहुनि छ ।

९ त्याँहाँ 'तापनि'-का ठाममाँ तापति 'एवम्'-का ठाममाँ 'एवं' र 'धन्यवाद'–का ठाममाँ धन्यवा छाप्त्रिया छन । एल्ले पँनि प्रग्याँ प्रतिष्ठानको प्रत्रित्तिको सुचना गर्च । एस्ता प्रत्रित्तिले बिद्याको प्रचार गर्न साँच्चै नै उपयोगि काम हुन सक्ला र ? यो पुस्तक निकाल्न प्रग्याँ–प्रतिष्ठानलाइ के हतार भयो ? के साधन पुगेन र एसरि व्यार्णजस्तो बिसयको पुस्तक पँनि हतपतको काम लतपत भने फेँइ गरि निकाल्न पऱ्या हो कुन्नि । सुद्दिपत्रमाँ नदिय्या एस्ता लेखाइका वा मुद्द्रणका असुद्दि पँनि एस पुस्तकमाँ धेरै छन ।

१०. उपकुलपतिजिले व्याकर्णसमितिले खूब बिचार पुऱ्याको ठान्नु भा रच; तर उक्त व्याकर्णसमितिले खूब बिचार पुऱ्याको–नपुऱ्याको कुरा उपकुलपतिजिले र उपकुलपतिजिको उक्त भनाइमाँ तत्थ्य भा नभा कुरा पाठकहरुले पँनि मेरा इ बिबेचना र उक्त व्याकर्णको पुस्तक पडेर राम्म्ररि गडेर बिचार गरेमाँ बुन्तुहुनि नै छ । बिसयमाँ राम्म्ररि घुसेर मँत्रै बोल्दिनि, बिसयमाँ घुस्न नसके बरु आँफु पछिनि र चुपै लाग्नि बानि मँत्रै भने पँनि हाँम्म्रा बिचारकहरुमाँ बसिदिए नेपालमाँ बिद्याको प्रचार गर्न र नेपालि वाङ्मयलाइ माँथि उकाल्न एउडा भरपर्दो खुड्किलो हुन्थ्यो । उपकुलपतिजिका उक्त प्रकारका बोलाइजस्ता बोलाइले नेपालि वाङ्मय एक खुड्किलो पँनि माँथि उक्लन सक्तैन ।

११. मैँले 'बाँङ्देल' भन्नि सुन्या छु र मँ तेसै भन्चु, तर उपकुलपतिजि आँफ्नु थर के भन्तुञ्च कुन्नि, बाङ्गदेल नै भन्तुञ्च कि, जे भने पनि तेसमाँ केइ भएन; तथापि आँफ्नु थरको साद्रिस्यले गर्दा 'बाङ्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मय' लेख्न पर्दा पँनि वाङ्गमय लेखिदिनु बाँङ्देलजिको भुलै हो, तेस्तै छपाइ प्रकासित गर्नु प्रग्याँप्रतिष्ठानको पँनि । अथवा उच्चारण अन्सार्‌को बर्णानुपुर्बि (Spelling) लेख्न नपाइनि अङ्रेजिका नियमले र तेस्कै हाहामाँ दकुरेका नेपालिका नियमले गर्दा नै वाङ्देलजि 'वाङ्गमय' लेख्न पुग्नु भाऽ होला । तथापि एस्तै अनेक गडबडिका जरालाइ प्रस्रय दिनि प्रस्तुत ब्याकर्णको वाङ्देलजिले बडिबडाउ गर्नु भाऽ छ्अ । यो कुरा वाङ्देलजिको बिबेकसैथिल्ल्यको सुचक रुपमाँ देखिञ्च ।

१२. अब ने० रा० प्र० प्र० ब्याकर्ण-समितिका आयोजक प्रा० चुडानाथ भटराइले लेख्या भुमिकातिर लागम् । तेसमाँ पाइनि 'मल्ल राज्य' 'परस्पर भाषा भाषी' 'उत्पत्ति स्थान' (पैलो प्रघट्टक) इत्त्यादि प्रस्तुत ब्याकर्णकै द्रिष्टिले र अरु बिचारले पनि असुद्द ठअरिनि प्रयोगका बिसयमाँ र 'निम्नलिखित' 'विपरित' 'पाणिनीको' 'परिबर्धन' इत्त्यादिका बिसयमाँ पँनि लेख्नि हो भने एस बिवेचनाको काय सारै धेरै बढ्नि हुनाले तेस्ता कुरा ह्याँ छोड्दिञ्चु; तेस्ता बिसयका त्रुटिहरु पाठकहरु आँफै गडेर पडि वुजुन् ।

१३. एस ब्याकर्णले अँगाल्या व-व्-पद्दति एस लेखमाँ पँनि लाग्या पाँइदैन । एसत्रड पँनि एस भुमिकामाँ दिय्या एकरुपताको नारा बति फोस्रो र फल्गु छ तो प्रष्ट हुञ्च ।

१४. एस लेखमाँ पैलो प्रघट्टकमाँ 'सिंजा' छाप्पिया छ । तेसको वास्तविक (तेसै थलाका माँञ्छेले बोल्नि) रुप क्या ओ, चन्रिकाकारादिले वसाल्या नेपालि लेखाइका त्रुटिपुर्ण ब्यवस्थाले गर्दा, मैँले आजसम्म थापाउन सक्या छैन । तेस्को वास्तविक रुप सिञ्जा हो कि सिम्जा हो कि सिँजा हो कि क्या ओ ? स्रिभटराइका उपर्युक्त लेखाइ-अन्सार्‌को अनुस्स्वार-स्रु ति त, त्यो नेपालि प्रक्रितिका सब्दमाँ दुर्लब भाकाले, त्याँहाँ अबस्सेइ छैन होला जस्तो लाअ्च । अनुस्स्वारको र मकारको भेद था नपाका रामूको लेख्न पर्दा रांको लेख्न पर्ला भन्नि तर्कको खण्डन गर्न नसक्नि (पुराना सम्जना, भुमिका, प्रि० क) स्रिभटराइले सिम्जा रुप मानेर पँनि 'सिंजा' लेख्या हुन सम्भव छ । तसर्थ सो लेखाइ भ्रमजनकै देखिञ्च ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१५. उक्त प्रघट्टकका अन्त्यमाँ 'एसरि भासाको प्रगतिलाइ सुनियोजित मार्गमाँ लगाएर सब्दलाइ अनुसासन गर्नु ब्याकर्णको मुक्ख्य कार्य मानिएको छ' भन्नि ब्राक्क्य पाइन्च। त्याँहाँ एसरि भनिया हुनाले कसरि भन्नि कुरा तेसअगि नै प्रष्ट पारिया हुन पर्नि। त्यो देखिँदैन। तसर्थ ह्याँ लेखकले सब्दको प्रयोग ब्रिचारपुर्ब्रक गरेजस्तो देखिँदैन। ब्याकर्णलाइ तेस रुपमाँ मान्नु पँनि संस्क्रितको अनुरोद राख्चु भन्नि ब्याकर्णिलाइ नस्वाउनि कुरा हो। ब्याकर्णले भासामाँ सर्बथा एकरुपता ल्याउन सक्ता र्पनि सक्तैन तेसो गर्न आवस्स्यक पँनि पर्दैन; जति एक-रुपता नभै हुँदैन तेति एकरुपता जुनसुकै भासामा पँनि हुन्च; तेति एकरुपता नभएमाँ भासा परस्पर-भिन्न हुन जान्चन्। एस ब्रिसयमाँ मैँले रुपरेखामाँ पर्याप्त ब्रिमर्स प्रस्तुत गरिसक्याऽछु (पु० अ० १३५-१३६)। स्रिभटराइले 'शब्दानुशासन' सब्दको परम्पराले मानेको अर्थ नबुजेर तेस्को अर्थको अनर्थ गर्न्या कुरा पँनि मैले लेख्तै आकै छु (नेपालि वर्णोच्चारणस्रिच्छया, साजा-प्रकासन, २०३१, प्रि० ४४', रुपरेखा, पु० अ० २०३, प्रि० ६६)।

१६. उक्त भुमिकाका तेस्रा प्रघट्टकमाँ उल्लिखित 'कत्थ्य भासा र लेक्ख्य भासाको नेपालि भासामाँ भिन्नाभिन्नै अस्तित्त्व् कायम भैसकेपछि तेसलाइ आँफ्नो बाटामाँ लैजान ब्याकर्ण आव्रस्स्यक भयो। एसमाँ दुइ सिद्दान्त देखा परे।………………हेमराजसर्माले क्रियापदलाइ हलन्त कायम गरि हिन्दि-वङ्गालि-मराठि आदि भासादेखि नेपालि भासाको प्रक्क्रियालाइ बेग्लै रुपमाँ स्थान दिनि पच्छ्य सुइकारियो।………………स्रिहेमराजसर्माले आँफ्ना सिद्दान्त-अनुरुप चन्रिका-नामक ब्याकर्ण नेपालि भासामाँ तयार पारे' भन्नि भनाइ अयथाथ भएकाले यो कुरा चन्रिकादि ब्याकर्ण नकेलाका मान्छेलाइ भ्रममाँ पार्न लेक्खिया कुरा प्रष्ट हुन्च। चन्रिकामाँ कत्थ्य र लेक्ख्यको भेदको उल्लेखै छैन, लोकको बोलिलाइ नै आदार मान्या कुरा चन्रिकाका टिप्पणिहरुमाँ (दो० प्र०, प्रि० १४२, ते० प्र०, प्रि० १६१) पाइन्च। प्र० प्र० को ब्रिहद् नेपालि—ब्याकर्ण तथाकथित लेक्ख्य नेपालि भासाको ब्याकर्ण भए झैँइ चन्रिकादि लेक्ख्य नेपालि भासाका ब्याकर्ण हुन भन्नमाँ केइ आदार छैन। चन्रिकामाँ ब्याकर्तब्र्य भासाको परिचय दिँदा 'हाँम्रो भासा नेपालि भासा हो' भनिया छ। तदनुसारि मद्द्यचन्रिकामाँ 'हाँम्रो बोल्लिलाइ नेपालि भासा भन्चन्' भनिया छ। चन्रिकामाँ भासा र ब्याकर्ण भन्नि प्रकर्णको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेरिजमाँ'……'सुद्द कसरि ब्वोल्नु कसरि लेख्नु, सो सम्जाउनि सास्त्रलाइ ब्याकर्ण भन्दछन्' भनिएको र चन्रिकामाँ बोल्नि र लेख्नि नियम छुट्‌टा छुट्‌टै नदेखाय्या हुनाले पँनि चन्रिकाले भासामाँ कत्थ्य र लेक्ख्य भन्नि भेद नगरेको प्रष्ट हुञ्च। चन्रिकाले सब्भ्यहरुको र असब्भ्यहरुको बोलाइमाँ भेद गऱ्या देखिञ्च त पँनि त्यो छुट्‌टै कुरो हो। एउडै भासाका कत्थ्य र लेक्ख्य दुइ रुपको छुट्‌टाछुट्‌टै अस्तित्त्व मानि ब्यबहार गर्नि कुरा भारतवर्सको परम्परागत ब्याकर्णबिद्‌द्या र तद्‌बिद्‌हरु तिरस्क्रित भै त्याँहाँ अङ्रेजि ब्याकर्णको प्रभाव पर्नु भन्दा अगि भारतबर्समाँ कत्ति थिएन। बस्तुस्थिति एस्तो हुँदाहुँदै पँनि हाँमि परम्पराका पालक, हाँमि सस्क्रित परम्पराका अनुयाइ भनेर नाक फुलाउनिहरुले गऱ्या 'एउडै भासाका कत्थ्य र लेक्ख्य रुप छुट्‌टाछुट्‌टै मान्नि' कुरा अबिवेकिहरु-लाइ ठग्न गऱ्या प्रयत्न मँत्त्रै हो भन्नि प्रष्ट हुञ्च। एस बिसयमाँ 'एउडै भासाका कत्थ्य र लेक्ख्य दुइ रुप?' भन्नि (रुपरेखा, पु० अ० १२६) र 'लिखित र मौखिक नेपालि भासा छुट्‌टा-छुट्‌टै हुन आवस्सयक छ?' भन्नि (रुपरेखा, पु० अ० १४६) मेरा लेखमाँ पँनि बिचार गर्न पाठकहरुलाइ अनुरोद गर्चु। चन्रिकाभन्दा अगि बनेका र हाम्रो मुल परम्पराका द्रिष्टिले बर्ता महत्त्वपुर्ण बिरेन्द्रकेसरिक्रित ब्याकर्णको र राजाजयप्रिथ्विबादुर-क्रित प्राक्रित-ब्याकर्णको उल्लेखै नगऱ्या हुनाले पँनि उक्त खण्डिकाका लेखकको प्रस्तुत बिद्‌द्यामाँ भन्दा फुटमुट माले-माले कुरामाँ र जसरितसरि आँफु भाले हुनि कुरामाँ मँत्त्रै रुचि भाको प्रष्ट हुञ्च। बिरेन्रकेसरिका भनि मानिया हस्तलिखित ब्याकर्णको पुस्तक प्रस्तुत ब्याकर्णको रचनाका प्रसङ्गमाँ प्र० प्र० माँ ल्याइ तेस्को उपयोग गरिया कुरा पँनि एस प्रसङ्गमाँ स्मरणिय छ। क्रियापदलाइ ब्यञ्जनान्त गराए मँत्त्रै नेपालि भाषाको प्रक्क्रिया हिन्दि आदिको भन्दा फरक हुञ्च भन्नि हेमराजले माने भन्नि कुरा पँनि हाँसो-उठ्‌तो छ। नेपालि भासा आँफ्ना धेरै बिसेसताले हिन्दि-आदिभन्दा फरक भाको कुरा हेमराज देख्न सक्थेनन् र तिन्ले तेस्तो कुरा माने ?

१७. बिवेच्च्य ब्रिहद् नेपालि-ब्याकर्ण बनाउनि भनिया ने० रा० प्र० प्र० ब्याकर्णसमितिमाँ रएका भनिएका वेक्तिहरुमद्‌दे स्रिबालक्रिष्णपोक्ख्रेलले उक्त समितिको काममाँ चित्त नबुजि तेस समितिको सदस्यता छोड्या कुरा नौलो नेपालि (२०२६, चइत्, पु० अ० ८)-माँ प्रकासित भाऽथ्यो। एस भुमिकामाँ भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त कुराको उल्लेख पाइँदैन। एसबाहेक एस सम्बन्दमाँ पँनि अयथार्थ कुरा गरि भ्रम फैलाउन प्रयास भाको कुरा प्रष्ट हुञ्च। भ्रम फैलाउन खोज्नि प्र० प्र० कि पोक्ख्रेलजि भन्नि कुरा चाँइ विचारणिय छ।

१८. 'एक थरि छेत्रिय भासिकालाइ लिएर कुचोद्य गर्निहरु पँनि देखिए' भन्नि भनाइले (प्रि० इ) एस व्याकर्णमाँ तथाकथित छेत्रिय भासिकालाइ मान्यता नदिन्या भन्नि कुरा प्रष्ट हुञ्च। एल्ले 'काठमाण्डुको भासिका नै आदर्स र नेपालि भासाको प्रमुख रुप हो' भण्ठानिहरुलाइ पँनि चाच्या हो कि हैन बुजिँदैन। तर एस व्याकर्णमाँ चन्रिकामाँ झैँ (ते० प्र०, प्रि० १४८,२५१) ग्राम्म्य र पार्भाङ भासालाइ प्रष्ट रुपमाँ उपेच्छयणिय भनिया भने पाइँदैन। जे होस्, एउटै भासाका भासा र भासिका भन्नि भेद गरि कुनै भासिकालाइ आदर्स र कुनैलाइ अमान्न्य घोसित गर्नि कुरा भासा व्याकर्णका हाँम्रा मौलिक परम्परामाँ अग्याँत कुरा हुन्। आँफुलाइ परम्पराका रच्छयक भन्निले कसरि एस्तो कुरा गर्न सक्या होलान्। संस्क्रितलाइ संस्क्रितैका रुपमाँ उच्चारण गर्चु भन्दा पँनि अपभ्रम्सिक्रित पारेर उच्चारण गर्निहरुले प्रयोग गरेका संस्क्रितलाइ भन्दा संस्क्रितको प्राचिन बास्तविक रुप यथार्थ रुपमाँ रच्छित गर्निहरुले गरेका संस्क्रितका उच्चारणलाइ आदर्स मान्नु छुट्टै कुरा हो। उक्त प्रकारको कुनै भासिकालाइ अमान्न्य घोषित गर्नि कुरा अत्त्यन्तै अनाबश्श्यक तथा भासिक तानासाइ–मनोब्रित्तिको सुचक कुरा पँनि हो। आँस्तु मूलपरम्परा–अन्सारको प्रजातान्त्रिक लोकहितकारि पद्दतिलाइ छोडेर एस्तो अप्रजातान्त्रिक र लोकलाइ अनाँबस्स्यक दुक्ख दिनि प्रब्रित्ति अँगाल्नु नातासाम्र-सासकका प्रिष्ठपोसक हेमराजादिजस्ता बेक्तिलाइ मँत्रै स्वाँउनि कुरा हो। किन्तु ऐले पँनि उक्त प्रकारको कुरा गर्न लाज नमान्या देख्ता घोरिन पर्च।

१९. ने० रा० प्र० प्र० को व्याकर्ण-समितिले आयोजनगर्न्या भासा-व्याकर्णपरिचर्चामा वक्तब्ब्य दिन आमन्त्रित भै मँले २०२७।६।११ मितिमाँ वक्तब्ब्य दियाथेँ। यो कुरा प्रग्याँपरिचर्चा-(४, २०२७) माँ पनि प्रकासित भाऽच्छ। उक्त वक्तब्ब्यको पुर्ण रुप रुपरेखा-(२०२८, साउन्) माँ र जिम्दो नेपालि भासा-(पैलो खण्ड) माँ पँनि प्रकासित छ। तेसमाँ मँले, कात्त्यायन-पतञ्जलि आदिले पाणिनिय व्याकर्णको व्याकर्तब्ब्य भासालाइ प्रष्ट रुपमाँ परिभासित गरेझैँ चन्रिकाकारादिले आँफ्नु व्याकर्तब्ब्य भासालाइ प्रष्ट रुपमाँ परिभासित नगर्दिया तथा तिन्को व्याकर्तब्ब्य भासाको निर्देस र तेस्को व्याकरणमाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुसमन्न्वय समेत नभा हुनाले, '……नेपालि व्याकर्णको पँनि व्याकर्तब्व्य विसय क्या ओ भन्नि प्रस्न आँउ्च' यो विसय अत्त्यन्त मँहत्त्वपुर्ण छ। एसको निर्णय नगरिकन व्याकर्ण सम्बन्दि अरु मँसिनाँ कुराँऽ त्रिचार गर्नु युक्तियुक्त देक्खिँदैन' भनि नेपालि व्याकर्णको व्याकर्तब्व्य भासाको प्रष्ट बिबरण दिनि र तदनुसारै व्याकरण् गर्नि आबस्स्यकता देखाऽथें। एस कुरामाँ प्र० प्र० को व्याकर्ण-समितिको ध्यान गएच भन्नि कुरा 'व्याकर्ण लेख्न बस्ता लेखिनि व्यकर्णको व्याकर्तब्व्य भासाको रुपलाइ प्रस्तुत गर्नु समितिले उपयुक्त ठान्यो' (उक्त भुमिका, प्रि० इ) भन्नि भनाइबड प्रष्ट हुञ्च। तर तेसै बकूतब्व्यमा प्रतिपादित गरिया चन्रिकादि व्याकर्ण वा ति-अन्सारका प्रयोगलाइ आदार मानि व्याकर्ण बनाउँदा (व्याकरण् गर्दा) अन्न्योन्न्यास्स्रय दोस पान कुरामाँ र पतञ्जलिले पँनि अन्न्योन्न्यास्स्रयदोसका डर्लें नै भासाका बिसयमाँ बय्याकर्णलाइ सिष्ट नमानि सम्बद्द भासालाइ व्याकर्ण नपडिकनै स्वाभाविक रुपमाँ प्रयोगगर्निलाइ नै सिष्ट मान्या कुरामाँ उक्त समितिको ध्यान गएनच। तेसैले उक्त समितिले दिया "व्याकर्णको व्याकर्तब्व्य जाँहाँ पँनि सिष्ट-भासा नै हुनि भएको र नेपालि भासा जुन राष्टभासा भै स्रिपाँचको सर्खारका सारा कार्य-बिदिमाँ प्रयुक्त भएको छ, जुन भासालाइ लेखक-बर्गले साइत्तिक रुप प्रदानगर्‍याऽ छन्, जुन भासा नेपालमाँ सिच्छ्यालय बिस्स्वबिद्द्यालयमाँ प्रचलित भैसकेको छ तथा जुन भासा विदेसमाँ पँनि बिस्स्वबिद्द्यालयमाँ नेपालि रुपमाँ प्रचलनमाँ आएको छ, तेइ राजभासालाइ नै याँहाँ सिष्ट-भाषाको रुपमाँ पनि मानिएकाले तेइ नै भासा हाँम्म्रो व्याकर्णको व्याकर्तब्व्य भासा हुनि छ।" भन्नि व्याकर्तब्व्य भासाको विबरणले अन्न्योन्न्यास्स्रय दोसको परिहार गर्न सक्या छैन। उक्त बिबरणको भासा चन्रिकादि तथाकथित व्याकर्ण-अन्सार् लेक्खिया भासा भाकाले उक्त विबरणमाँ 'व्याकर्ण-अन्सार् लेखिया भासा नै व्याकर्णको व्याकर्तब्व्य सिष्टभासा हो' भनि घुमाउररि भानिया कुरा विवेकसिल पाठकले सजिल बुझ्न सक्च। एउटाले बनाका व्याकर्ण-अन्सार्को भासालाइ आर्कोले बनाउनि व्याकर्णका लागि कथञ्चित् सिष्टभासा मानेमाँ पँनि पैलो व्याकर्णको आदारभुत सिष्टको पष्टिकरण आबस्स्यक हुञ्च। किन्तु चन्रिकादिले कुनै प्रकारका सिष्टको पँनि वास्तविक रुपमाँ अनुसरण नगर्‍या हुनाले तेसरि पँनि सास्त्रिय गाँठो फुक्तैन। फेरि स्रिपाँचको सर्खारका कार्यबिदिका चन्रिकादि-अन्सार्का भासामाँ नै अडिनि हो भने चन्रिकादिलेइ काम चल्नि हुँदा जनताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पसिनाको धनलाइ 'उल्फाऽ धन फुपुको सरात' भने झैँ गरेर उँडाइ नएँ व्याकर्ण बनाउनि स्वाँङ गर्नु अनुचित नै मानिएला। तसर्थ नएँ नेपालि व्याकर्ण बनाउँदा आधुनिक नेपालि व्याकर्णको आदार लोकप्रचलित आधुनिक नेपालि बोलिमाँ नै आस्स्रय लिनु अत्त्यावस्स्यक हुन्च। कोइ संस्क्रित भासालाइ पाँणिनिले व्यवस्थित गरे भन्चन्, कोइ त भट्टोजिदिच्छितले व्यवस्थित गरे पँनि भन्दा रचन; तेसो मानेमाँ त पाँणिन्न्यादिका ग्रन्थ नै अप्प्रमाण हुन जानि हुँदा भर्त्रिहरि आदिले उक्त कुराको खण्डन गरि अक्रितक सास्त्रादिलाइ नै पाँणिन्न्यादिका ग्रन्थको आदार मान्या छन् (बाक्क्यपदिय १।४३, १।१४१)। तसर्थ उक्त कुरा सर्बथा असत्त्य हुन्। पाँणिन्न्यादिले सिष्टपरम्परागत संस्क्रित भासाको बिबरण मँत्रै गऱ्या हुन। उपर्युक्त असत्त्य कुरालाइ नै सत्त्य ठाँनि चन्रिकाकारादिले नेपालि भासालाइ व्यवस्थित पारे भनि गौरबानुभब पँनि कोइ गर्न खोच्चन्। कुनै पँनि भासा स्वभावैलै व्यवस्थित हुन्च। कुनै एक बेक्तिले कुनै भासालाइ व्यबस्थित गर्नि कुरा बस्तुस्थितिको र हाँम्रो मूल भासा-व्याकर्ण-परम्पराको अत्त्यन्तै प्रतिकुल कुरा हो। मुनित्त्रयको मतको आदार लिन खोज्नि-(भुमिका, प्रि० इ) हरुले पँनि एस्ता कुरामाँ ध्यान नदीकन चन्रिकादि तथाकथित व्याकर्ण-अन्सार् लेक्खिया लेखाइलाइ नै नेपालिजस्तो जिबन्त प्रवाश्र भाको भासाको व्याकर्णको आदार मान्या देख्ता तिनिहरु नै अग्ग्याँनान्दकारमाँ डुबेका रचन भन्नि बा तिनिहरुले अरुलाइ अग्ग्याँनान्दकारमाँ डुबाउन खोज्या रचन् भन्नि कुरा प्रष्ट रुपमाँ बुजिन्च।

२०. व्याकर्तब्व्य भासाका प्रसङ्गमाँ उल्लिखित "नेपालका गाम-ठाममाँ प्रचलनमाँ आएको नेपालि भासा पँनि अन्न्वेषण गर्नि हाँम्रो लच्छ्यभित्त्र परेको छ" भन्नि बाक्क्यरचनाका दृष्टिले पँनि अल्ठ्याङ्ग्रो भनाइको व्याकर्तब्व्य भासाको उपर्युक्त बिबरणसित कस्तो प्रकारको समन्न्वय समितिको अभिष्ट हो बुन्न सकिँदैन। समितिले पारित गरेका कुराहरुको पुर्ण र यथार्थ रुपमाँ उल्लेख गरि तिनलाइ जस्ताकोतस्तो रुपमाँ प्रकासित गर्न नसकि अड्कलेर प्रकासित गऱ्या देक्खिएकाले एसमाँ आयोजककै बर्ता मनोमानि र अड्कल-पड्कल चल्या छनक पँनि प्राप्त हुन्च।

२१. 'माँहाँब्य्याकर्ण मुनित्त्रयले जसरि संस्क्रित व्याकर्णलाइ सिष्ट-भासापरक गरेर लेखिएको हुँदा व्याकर्णाधिकरणमाँ मिमाम्सकले 'गौ'-सब्दकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(गो-सव्दकै ?) रुपलाइ सुद्द मानि गौणी (गोणी ?) गोपोतलिका आदि गाइलाइ वुजाउनि सव्दलाइ असुद्द ठअऱ्याएका छन। हाँमिले पँनि सिष्ट-भासालाइ सुद्द रुप ठान्नि र अपभ्रम्स भासालाइ व्याकर्णले मान्न्यता नदिनि निर्णय गरेका छम्' (भुमिका, प्रि० इ) भन्नि भनाइले पँनि उक्त भुमिकाका लेखकको वा उक्त व्याकर्णसमितिका सदस्यहरुको अविवेकिताको पराकाष्टालाइ वा नेपालि-भासाभासिलाइ भ्रमका भुँभरिमाँ जाक्नि तिनिहर्को दुरभिसन्धिलाइ सुचित गर्च। एस विसयको वस्तुस्थिति वुझ्न सामान्न्य पाठकहरुलाइ गारो पर्नि भाकाले एस विसयमाँ अलिक विस्त्रितै रुपमाँ लेख्न आवस्स्यक हुन आऽ छ। तेत्ति मँत्त्रै हैन. उपर्युक्त कुरा प्रस्तुत व्याकर्णको औचित्त्यानौचित्त्यको निर्णायक प्रमाणका रुपमाँ आकाले पँनि तेसमाँ सवै कुरा प्रष्ट पार्न आवस्स्यक भाऽ छ। २०११ सम्वत्पछि नेपालमाँ संस्क्रितको अद्ध्ययन-अद्ध्यापनको परम्पराको जग वेस्सरि उखेलिन थाल्यो। तेसका साथसाथै हाँम्रा परम्परागत मान्न्यताहरुमाँ र ग्याँनमाँ पनि धेरै खलल पर्न आयो। सवै छेत्त्रमाँ हाँम्रा विभिन्न विसयका परम्पराका विभिन्न विसयको गाँम्भ्रो ग्याँन भाका माँन्छे सारै नै घटे। तसर्थ उपर्युक्त रुपमाँ प्रस्तुत उपर्युक्त कुरामाँ प्रामान्न्य (Validity) छ-छैन भन्नि कुरा वुन्नि माँन्छे ऐले नेपालमाँ सारै नै थोरै वा एकात मँत्त्रै बच्न आऽ छन। अरुको कुरा छोडम् उक्त व्याकर्ण लेखाउन र प्रकासित गर्न सार्वजनिक सम्पत्ति लाउन निर्णय गर्नि स्निपाँचको सर्खारका उच्चपदाधिकारिमाँ उपर्युक्त कुरामाँ प्रामान्न्य भा नभाऽ वुन्नि सामर्थ्य छ ? प्रग्याँप्रतिष्ठानका वा त्रि० वि० वि० का वा तेस्तै विद्द्यासम्बन्दि अन्न्य निकायका उच्च पदमाँ आसिन वेक्तिहरुमाँ त्यो छ ? भा भए उक्त कुरा उपर्युक्त रुपमाँ प्रस्तुत हुन सक्थेन होलाजस्तो लाग्छ। हाँम्रो कुरा मुनित्त्रयको र मिमाम्सकहरुको सम्मत छ भन्दिएपसि एस कुराको अन्तो धेरैले वा कसैले पँनि पाउन नसक्नि भा हुनाले हाँम्रो कुरा माँथि परिहाल्च नि भन्नि धारणाले गर्दा नै उक्त कुरा उक्त प्रकारले प्रस्तुत गर्नि दुरुत्साह उक्त भुमिकाका लेखकलाइ आको देखिन्च। तसर्थ एस विसयको कुरा मुल वचनहरु समेत उद्ध्रित गरि तल प्रष्ट रुपमाँ राख्न प्रयास गर्चु। माँहाँवय्याकर्ण तिन मुनि मद्दे पाँणिनिले व्याकर्ण केको र किन भन्नि कुरा परम्परामाँ प्रसिद्द भाकाले र तेस्ता कुरा सवै लेख्ता घोकेर कण्ठस्थ राख्न पनि ग्रन्थ ठुलो हुन जान्च भन्नि डरले पँनि आँफ्ना सुत्त्रमाँ केइ पँनि लेख्या छैनन्, मनमाँ भने तेस्ता कुरा प्रष्ट रुपमाँ राखेरै उनले सुत्त्र लेख्या देखिन्च। कात्त्यायनले वार्तिकमाँ उपर्युक्त कुराको प्रष्ट प्रतिपादन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गऱ्याऽ छन् र पतञ्जलिले भास्स्यमाँ तेसको प्रष्ट व्याक्ख्या गऱ्याऽ छन्। बार्तिक र भास्स्यका सम्बद्द अम्सको१ अनुवाद तल लेखिञ्च—

(भा०) हैन फेरि, आचार्य भगबान् पाँणिनिको यो लच्छ्यणसास्त्र (व्याकर्ण) कसरि (केका आदारमाँ) चल्याऽ हो ?

(बा०) सव्द, अर्थ र (तिनको) सम्बन्द सिद्द छँदामाँ ।

(भा) सव्द, अर्थ र (तिनको) सम्बन्द पँनि सिद्द छँदामाँ (तिनैलाइ आदार मानेर चल्याऽ हो) ।

हैन, सव्द, अर्थ र (तिनको) सम्बन्द पँनि सिद्द (कसैले बनाउन नगर्नि, आँफै बनेका) हुन् भन्नि कसरि जानिञ्च ? लोकबड (जानिञ्च), किनभने लोकमाँ प्रत्तेक अर्थलाइ लिएर (तेसै, नबनाइकन) सव्दप्रयोग गर्चन्, इनिहर्को (सव्दहर्को) निस्पादन (निर्माण)माँ प्रयत्न गर्दैनन् ... यदि लोक इनमाँ (सव्दमाँ) प्रमाण हो भने सास्त्र- (पाँणिनिय व्याकर्ण) ले के गरिञ्च त ? (पाँणिनिय व्याकर्णको के काँम त ?)

(बा०) लोकबडि अर्थ-अन्सार् (अर्थ बुजाउन मत्तै)सव्दको प्रयोग हुञ्च भने सास्त्रले (पाँणिनिय व्याकर्णले) धर्मका लागि नियम बुजाइञ्च ।

(भा०) ......सव्दले र अपसव्दले पनि समान रुपले अर्थ बुजिनि भए पँनि धर्मका लागि नियम गरिञ्च कि सव्दले नै अर्थ बुजाउन पर्च अप-

---

(भा०) कथम् पुनरिदम् भगवतःपाणिनेराचार्यस्स्य लक्क्षणम् प्रवृत्तम् ?

(बा०) सिद्धे शव्दार्थसम्बन्धे ।

(भा०) सिद्धे शव्देऽर्थे सम्बन्धे चेति ।...कथम् पुनर् ज्ञायते सिद्धः शव्दो- ऽर्थः सम्बन्धश्चेति ? लोकतः, यल्लोकेऽर्थमर्थमुपादाय शव्दान् प्रयुञ्जते, नैषां निर्वृत्तौ यत्नं कुर्वन्ति ।...यदि तर्हि लोक एषु प्रमाणङ् किं शास्त्रेण क्रियते ?

(बा०) लोकतो ऽर्थप्रयुक्ते शव्दप्रयोगे शास्त्रेण धर्मनियमः ।

(भा०) ......समानायामर्थगतौ शव्देन चापशव्देन च धर्मनियमः क्रियते शव्देनैवार्थो ऽभिधेयो नापशव्देनेति, एवङ क्रियमाणमभ्युदयकारिभवतीति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सब्दले हैन, किनभने एसो गर्दा यो वेवार अभ्युदय (धर्मको फल) दिनि हुन्च ।...हैन, सब्दको ग्याँन गरेमाँ धर्म हुनि हो कि ? प्रयोग गरेमाँ ? इ दुइ पच्छधमाँ फरक पँनि के होला ?

(वा०) (सब्दको) ग्याँन गरेमाँ धर्म हुनि हो भने त तेसरि नै अधर्म (होला) ।

(भा०) (सब्दको) ग्याँन गरेमाँ धर्म हुन्च भन्नि हो भने तेसरि नै अधर्म पँनि प्राप्त हुन आँउच । जल्ले सब्द जान्नछ तेल्ले अपसब्द पँनि जान्नछ । जसरि सब्दको ग्याँनले धर्म प्राप्त हुन आँउच तेसरि नै अपसब्दको ग्याँनले अधर्म पँनि प्राप्त हुन आँउच ।

(वा०) (तेसोभए) आचारमाँ नियम हो ।

(भा०) फेरि, वेद 'ति असुरहरु [हेऽरयो हेऽरयः भन्न पर्निमाँ] हेऽलयो हेऽलय भन्दाछँदा पराभुत भएचन्' भनि आचारमाँ सब्दको प्रयोगको नियम बुजाँउच । तेसो भए (सब्दको) प्रयोगमाँ नै नियम होस् त ।

(वा०) प्रयोगमाँ (नियम मानेमाँ) सब लोकको (अभ्युदय प्राप्त होला) ।

......किम् पुनः शव्दस्स्य ज्ञाने धर्म आहोस्वित् प्रयोगे ? कश्चात्र विशेषः ?

(वा०) ज्ञाने धर्म इति चेत् तथाऽधर्मः ।

(भा०) ज्ञाने धर्म इति चेत् तथाऽधर्मः प्राप्नोति । यो हि शव्दान् जानाति अपशव्दानप्यसौ जानाति । यथैव शव्दज्ज्ञाने धर्म एवमपशव्दज्ज्ञानेऽधर्म. ।

(वा०) आचारे नियमः ।

(भा०) आचारे पुनरृषिर्नियमन्ँ वेदयते-तेऽसुरा हेऽलयो हेऽलय इति कुर्वन्तः पराबभूवुरिति । अस्तु तर्हि प्रयोगे ।

(वा०) प्रयोगे सर्वलोकस्स्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(भा०) यदि (सब्दको) प्रयोगले धर्म प्राप्त हुनि हो भने सब लोक अब्भ्युद्य-(धर्मफल) ले युक्त होला । यदि सब लोक अब्भ्युदयले युक्त होला भने होस् त तेसमाँ ऐले याँहाँको के पेटपोल्यो त ? केइ पेटपोल्या हैन, किन्तु तेसो मान्दा (ब्याकर्ण पड्निको) प्रयत्नको निरर्थकता हुञ्च ।……एसो हो भने (सब्दको) ग्याँनले मँत्रै पँनि धर्म हुँदैन, प्रयोगले मँत्रै पँनि धर्म हुँदैन । केले धर्म हुञ्च त ?

(बा०) (ब्याकर्णसास्त्रको) ग्याँन गरिकन (तदनुकुल सब्दको) प्रयोग गरेमाँ अब्भ्युदय हुञ्च, त्यो कुरा वेदको सब्दले (बोद्ध्य यग्ग्याँदिले) तुल्ल्य छ ।

(भा०) (ब्याकर्ण-)सास्त्र जानि (तदनुसार) जल्ले सब्दहरु प्रयोगगर्च त्यो अब्भ्युदयले युक्त हुञ्च । त्यो वेदका सब्दले (बोद्ध्य यग्ग्याँदिले) तुल्ल्य छ । वेदका सब्द पँनि 'जो अग्निष्टोम यग्ग्यँ गर्च र जल्ले अग्निष्टोमको एस्तो बिधि जान्नछ पँनि (तेल्ले अग्निष्टोमको फल पाँउच)' भनि एसै भञ्चन् । ……आचारमाँ नियम हो भनि जो भनिञ्च त्यो पँनि यग्ग्यँका काँममाँ नियम हो । किन भने एस्तो सुनिञ्च—धर्म प्रत्त्यक्छ्य भाका, पर अपर दुओै जान्नि, जान्न पर्नि सबै जानेका, सत्त्य प्राप्त गरेका यर्बाणस्तर्बाण नाम भाका रिखि थिए; तेस्ता उनिहरु 'यद् वा नस् तद् वा नस्:' भन्नि प्रयोग गर्न पर्निमाँ 'यर्वाणस्तर्वाणः' भनि (अपभ्रम्सको) प्रयोग गर्थे, यग्ग्यँका काँममाँ भने अब्भ्रम्सको प्रयोग

(भा०) यदि प्रयोगे धर्मस् सर्वो लोकोऽब्भ्युदयेन युज्ज्येत । कश्चेदानीम् भवतो मत्सरो यदि सर्वो लोकोऽब्भ्युदयेन युज्ज्येत ? न खलु कश्चिन् मत्सरः प्रयत्नानर्थक्क्यन् तु भवति ।………एवन् तर्हि नापि ज्ञान एव धर्मो नापि प्रयोग एव । किन तर्हि ?

(वा०) शास्त्रपूर्वके प्रयोगेऽब्भ्युदयस् तत् तुल्ल्यवँ वेदशब्देन ।

(भा०) शास्त्रपूर्वकयँ यश् शब्दान प्रयुङ्क्ते सोऽब्भ्युदयेन युज्ज्यते । तत् तुल्ल्यवँ वेदशब्देन । वेदशब्दा अप्प्येवमभिवदन्ति-योऽग्निष्टोमेन यजते य उ चैनमेववँ वेद ।……यदप्प्युच्च्यते आचारे नियम इति, याज्ञ्ये कर्मणि स नियमः । एवं हि श्रूयते--यर्वाणस्तर्वाणो नाम ऋषयो बभूवुः प्रत्त्यक्क्षधर्माणः परापरज्ञ्ञा विदितवेदितव्ब्या अधिगतयाथातथ्यः । ते तत्र भवन्तो यद् वा नस् तद् वा न इति प्रयोक्तव्ब्ये यर्वाणस्तर्वाण इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्थेनन् । ति असुरहरुले भने यग्ग्यँका काँममाँ अपव्भ्रम्सको प्रयोग गरिया थ्यो र तेसैले ति पराभुत भए ।

उक्त कुराबड पाँणिनिप्रोक्त नियम सामान्न्य लोक वेबाऽरका लागि हैनन्, धर्मका लागि हुन् भन्नि र लोकवेबाऽर त लोकमाँ प्रचलित संस्क्रित वा अपव्भ्रम्स जस्तासुकै सब्दबड पँनि चल्च भन्नि कुरा प्रष्ट हुन्च । तसर्थ पाँणिनिय व्याकर्णमाँ उक्त प्रसङ्गमाँ सब्द (सुद्द सब्द) भनेको यग्ग्यँमाँ प्रयोग गर्दा धर्मफल जन्माउनि सब्द भनेको हो र अपसब्द (अपव्भ्रम्स) भनेको यग्ग्यँमाँ प्रयोग गर्दा धर्मफल जन्माउन नसक्नि (अधर्मफल जन्माउनि) सब्द भनेको हो । तसर्थ सब्द (सुद्द सब्द) र अपसब्द (असुद्द सब्द) छुट्टयाउँनि यो कुरा नेपालि व्याकर्णका सम्बन्दमाँ सङ्गत हुन आउँदैन । पाँणिनिय व्याकर्णका आदारभुत सिद्दान्तसद्दे नेपालि व्याकरणका आदारभुत सिद्दान्तका रुपमाँ लिन नमिल्नि यो एउटा प्रमुख सिद्दान्त हो । एस कुरामाँ ने० रा० प्र० प्र० को व्याकर्णसमितिले वा स्त्रिभटराइले बिबेक गर्न नसक्या हा कि अबिबेकिलाइ ठग्न मँत्रै प्रयास गऱ्या हो एक थो त अबस्सेइ भा हो ।

जैमिनिय धर्ममिमाम्साका साधुपदप्रयुक्त्यधिकरण-(व्याकर्णाधिकरण) माँ (१।३।६ २४-२६) पँनि 'गौः' इत्त्यादि सब्द नै साधु (अनादि, अबिनष्ट) हुन् र धर्मका लागि तिनैको प्रयोग गर्नपर्च, तेस्ता साधुसब्दको वेदसम्मत अनादि-सिष्टपरम्पराले आएका व्याकर्णस्म्रितिबड निर्णय हुन्च भनिया कुरा सुत्त्र भास्स्य तन्त्रबार्तिकादि ग्रन्थबड प्रष्ट बुजिन्च । तसर्थ उक्त प्रकारको साधुता (अनादिता अबिनष्टता) र प्रयोज्ज्यता (धर्मका लागि यग्ग्यँमाँ प्रयोग गर्न सकिनि कुरा) इ दुबै कुरा प्रमादाऽऽलस्स्य-करणबैगुन्न्यादि-जनन्य अपभ्रम्सरुप र यग्ग्यँमाँ अप्प्रयोज्ज्य नेपालि भासामाँ लागु हुन सक्तैनन् । चन्द्रिकादि व्याकर्ण सिष्टपरि-ग्रिहित अनादिव्याकर्ण-परम्परामाँ र पुर्वसिद्द सिष्टप्रयोगमाँ नै पँनि पाँणिनिय

प्रयुञ्जते, याज्ञ्ञे पुनः कर्मणि नापभाषन्ते । तैः पुनरसुरैर्याज्ञ्ञे कर्मण्यपभाषितं ततस् ते पराभूताः ।-व्याकर्णमाँहाँभास्स्य (पस्पसान्निक) (धर्मनियमाधिकरण)

(माँहाँभास्स्यको एस भाकका हिन्दि अनुबादसमेत भाका पुस्तक पँनि पाइन्चन । आबस्स्यक भए तेस्ता पुस्तकका सायताले पँनि एसभाकको पुर्ण रुपमाँ अद्ध्ययन गर्न सकिन्च)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकर्ण झैँ इ सर्वथा आस्त्रित नभै चन्रिकाकारादिका कपोलकल्पना-प्रसुत भाकाले साधुसव्दनिरुपणमाँ पाँणिनियव्याकर्णको झैँ इ तिनको प्रामान्न्य पँनि मान्न मिल्दैन। तसर्थ मुनित्रयले र मिमाम्सकले झैँ इ नै "हाँमिले पँनि सिष्टभासा-(अर्थात् चन्रिकादि-अन्सार् लेक्खिएका नेपालि भासा-) लाइ सुद्द रुप ठान्नि र अपव्भ्रम्सभासालाइ व्याकर्णले मान्न्यता नदिनि निर्णय गऱ्या छम्" भन्नि भनाइ द्रिष्टान्त-दार्ष्टान्तिकको समन्न्वय हुन नसकेकाले सर्वथा अनुपपन्न देखिञ्च।

हुन त स्रिभटराइको उक्त भनाइमाँ जसरि-पद भाको वाक्क्याम्सलाइ साकाङ्क्षयै रुपमाँ तेसै टुँग्याय्या छ र आर्को वाक्क्य थालिया छ, तथापि मुनित्त्रयले र धसमिभाम्सकले जसरि धर्सका लागि सिष्टपरिग्ग्रिहित अनादि अविनष्ट भासालाइ मान्न्यता दिए, तेसरि नै हाँमिले पँनि वेबाऽरका लागि सिष्ट-भासालाइ मान्न्यता दिनि असिष्टभासालाइ मान्न्यता नदिनि निर्णय गरेम्' भन्नि नै उक्त भनाइको भाव हो भन्नि मान्नि हो भने त तेइ कुरा प्रष्ट रुपमाँ भन्न सकन पर्थ्यो भन्न सकिञ्च। वाक्क्यहरु मिलाऽर लेख्न साकन सम्म पँनि नहुँदै प्रागग्यँ बन्न पुगेकाले वाक्क्यका अवैसारद्द्यले गर्दा उक्त कुरा प्रष्ट गरि भन्न नसक्या भाव त तेइ भाको माने पँनि 'वेबाऽर चलाउन सक्नि भासालाइ मान्न्यता दिनि निर्णय गरेम्' भन्नि नै उक्त भनाइको सार हुन आँउच। एसबड सुर्खेतदेखि इलामसम्म र अन्न्यत्त्र पँनि नेपालि पैलो भासा भाका माँञ्छेले स्वाभाविक रुपमाँ बोल्नि व्यवहारच्छयम भासालाइ असिष्टभासा र अमान्न्य भासा ठान्नि र चन्रिकादि मनगडन्ते तथाकथित व्याकर्ण-अन्सार् लेक्खिया र लेक्खिनि अस्स्वाभाविक भासालाइ मँत्त्रै सिष्ट भासा र मान्न्य भासा ठान्नि ने० रा० प्र० प्र० व्या० स० को वा स्रिभटराइको उपर्युल्लिखित ठनाइको पुष्टि हुन सक्तैन। बाइमात्त्रा वा दाइने दिनि, क्रियापदबाएक अन्त स्वर पर नभाको व्यञ्जनको सङ्केत गर्न खुट्टो काटेर लेख्न नपाइनि, श-ष-स-को नभाको भेद गर्नि, त्त-ज्ञ इ लिपिको अवैग्ग्याँनिक प्रयोग गर्नि र तेस्तै अरु मनगडन्ते निय..ले मँत्त्रै भासामाँ व्यवहारच्छयमता आँउनि नत्त्र नआँउनि भन्नि कुरालाइ नेपालि भासाका इतिहासले, बर्तमान स्वाभाविक मौखिक रुपले र ऐले पँनि सर्खारि र अन्न्य कार्यालयका समेत धेरै कर्मचारिले लेख्नि उक्त नियम नलागेका लेखाइले पँनि सजिलै खण्डित गरिदिञ्च। तसर्थ उक्त कुरा गरि ने० रा० प्र० प्र० को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकर्णसमितिका सदस्यहरु पँनि म्लेच्छदासानुदासजस्ता भै पाँणिनि-कात्त्यायन-पतञ्जलि वररुचि-भर्त्रिहरिप्रभ्रितिसम्मत आँफ्नु महनिय भासा-व्याकर्ण-परम्परालाइ उच्छिन्न गर्नमाँ र लोकलाइ निरर्थक र कष्टप्रद नियम मान्न बाद्ध्य गराइ उनिहर्को सिच्छया र अभिवेक्तिको माद्ध्यमलाइ अनाबस्स्यक रुपमाँ कठिन बनाइ तिनलाइ अग्न्याँनदास्स्यमा जकडयाउनि प्रयत्न गरि दुक्खदिँदा हुँनि सुताभिद्द्रोअमाँ चन्रिकारादिका मतियारा हुन पुग्या कुरा प्रष्ट हुन आँउच । स्रि-इस्स्वर बराल पँनि (रुपरेखा,जेठ, २०३३, पु० अ० १८१) कता कता तेस्तै कुरामाँ मतियारा हुन पुगेजस्तो देखिन्च; तथापि ह्वाँले जानिबुजि लोकहितैसि भासिक प्रजातन्त्रको पच्छयको तेसरि तिरस्कार गर्नु भा हैन होला; त्यो ह्वाँको छ्यणिक दिग्भ्रान्ति मँत्रै होला। अथवा व्याकर्णको अन्तस्तलमा पुगेका बय्याकर्णलाइ नस्वाउनि खालका बलमकनदजिका तर्कहर्ले गर्दा मँत्रै ह्वाँबड झट्ट तेस्तो भनाइ आऽ होला।

२२. "संस्क्रितका सव्दहरु र प्राक्रितका सव्दहरु नेपालिका निजि सव्द मान्नि आगन्तुक सव्द हैन" भन्नि पँनि व्याकर्णसमितिको भनाइ रच (भुमिका, प्रि-ई)। किन्तु तेस्को अभिप्प्राय क्या ओ वुज्न सकिँदैन । संस्क्रितबड सोजै नेपालिमाँ आका सव्दलाइ नेपालिका निजिसव्द मानेपसि त तिन्को पँनि नेपालिहर्ले गर्नि तिन्को उच्चारण-अन्सारै वा नेपालिका अरु सव्दमाँ पाय्या अथवा लाय्या नियम-अन्सारै बर्णानुपुर्बि लेखिन पर्नि, तर सो कुरा उक्त व्याकर्णमाँ पाँइदैन । तेसरि लेख्न पाँइनि कुरालाइ उक्त व्याकर्ण-समितिले नमानेकाले नै मँले तेसबड अलग हुन पर्‍यो भन्नि बालक्रिष्ण पोख्रेलजिको भनाइ पँनि छ (नौलो नेपालि, २०२६, चइत, पु० अ० ८)। तेस्ता सव्दको बर्णानुपुर्बि तिनको संस्क्रितरुप-अन्सारै मँत्रै लेख्न पाँइनि हो भने उक्त भनाइको सार्थकता के भो ? फेरि प्र०प्र० कै नेपालि-सव्दकोस-(२०१६) को प्रस्तावना-(प्रि० ११) माँ 'संस्क्रितका तत्सम सव्दमाँ संस्क्रितको नियम सुइकारगर्दा अन्न्यभासाबड आऽका सव्दलाइ पँनि तत्तद् भासाकै नियमपालनको सुबिदा दिन उचित हुन्थ्यो' भनि संस्क्रितका सव्दलाइ आगन्तुक सव्द मानि तिनमाँ संस्क्रितकै नियम लाय्या कुरा गरिया छ । यसरि 'संस्क्रितका सव्दहरु'-लाइ आगन्तुक मान्दा पँनि तिनको नेपालिमाँ लेखाइ उस्तै निजि मान्दा पँनि उस्तै (उक्त नेपालि-सव्दकोसको र ब्रिहद् नेपालि-व्याकर्णको ति सव्दका लेखाइको परिच्छया गरियोस्) हुनि हो भने आगन्तुक मान्नि कि निजि मान्नि भन्नि कुरामाँ बिवाद गर्न पर्नि कुरै के भो र? तसर्थ उक्त भनाइ अनुपपन्न र निस्सार देखिन्च ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२३. 'हाँम्ऱा व्याकरणका पुर्बाचार्यहर्ले आँफ्नु भासाको परम्परा-अनुरुप पद-बिभाजन नगरि अङ्रेजि भासाको बिधालाइ लिएर पदबिभाजन गरेका छन्। एसले गर्दा व्याकर्णमाँ बाइरि प्रभाब पर्न गएर हाँमिलाइ सुबन्त र तिङन्त पद मान्नि पाँणिनिको अनुकुल धारामाँ जान रोकिदिया देखिन्छ, अब्ययय र निपातलाइ पँनि हाँमिले आफैं परिभासाबड बेवाऽर गऱ्या छम्। पुर्बाचार्यको त्यो प्रचलित परम्परा तोडि आर्को सिद्दान्तलाइ अपनाएर व्याकर्ण तर्जुमा गर्दा बनिसकेका मान्न्यताहरुलाइ खलबल्याउँदा अब्यवस्था जन्मेर भासाको उन्नतिमाँ अबरोद खडा हुन जानि डरले' भन्नि (भुमिका, प्रि० ई) भनाइले पँनि उक्त समितिले भासा र व्याकर्णका सम्बन्दमाँ राँम्ररि मनन नगऱ्याऽ र अरुका हाहामाँ दकुरि व्याकर्ण बनाऽ कुरा प्रष्ट पार्च। कुनै व्याकर्ण बास्तबिक व्याकर्ण हो (राजागग्याँका बलले लादिएको लिपिबिधान हैन) भने तेसमाँ प्रयुक्त कतिपय सैलिबिसेसको र परिभासाको वा बर्गिकरणादिका प्रकारका परिवर्तनादिले भासाका उन्नतिमाँ केइ अबरोद खडा गर्न सक्तैन। संस्कित व्याकर्णमाँ पँनि पाँणिनिभन्दा अगिका र पछिका व्याकर्णहरुमाँ सैलि र परिभासा आदिमाँ अनेक बिभेदहरु पाइन्छन्; तेल्ले संस्कित भासाका उन्नतिमाँ केइ प्रतिकुल प्रभाब पाऱ्या देखिँदैन।

२४. 'यो व्याकर्ण २०२७।१।७ मितिदेखि २०२८।२।२० मिति सम्ममाँ बनाइसक्कियो र एसको प्रकासन भने चार बर्सपछि मँत्रै समाप्त हुन सक्यो' भन्नि आयोजकको भनाइ रच (भुमिका, प्रि० ई।)। किन एस्तो हुन गयो त्यो कुरा प्रष्ट भन्न सक्याऽ भा उक्त भनाइको केइ सार्थकता हुन्थ्यो कि। तेत्ति मँत्रै भन्दा त तेस भनाइको प्रयोजन केइ बुजिँदैन। फेरि प्रकासनमाँ तेति ढिलोढालो हुँदाहुँदै पँनि सुद्दिपत्रका अन्त्यमाँ आको "साजा प्रबिर्त्ति मानेमाँ दिर्ग लेख्न पर्नि इ उ माँजामाँ हुनि केइ तद्भब सब्द नेपालि प्रबिर्त्तिअनसार प्राय उत्तरार्दमाँ रस्स्व नै पारि देखाएका छन्" भन्नि भानाइले सुचित गऱ्या पुर्बार्द-उत्तरार्दको असमन्न्वय हटाउन किन सकिएन त्यो पँनि अचम्मैको कुरो छ।

२५. 'एस कार्यमाँ नेपाल-राजकिय-प्रग्याँ-प्रतिष्ठानले ठुलो खाँचो पुरा गरेर अभुतपुर्व पाइला चालि राष्ट्र-भासा प्रति जुन आँफ्नु कर्तब्यबोद गऱ्याऽ छ त्यो अतीब प्रसम्सनिय भाऽ छ' (भुमिकाको उपान्त्य बाक्क्य) भन्नि भनाइले "कुमालेले आँफ्नु हाँडि आँफै सराउच" भन्नि लोकोक्तिको राम्ररि अनुसरण गऱ्या छ भन्न सकिन्छ।

त्रि० बि० बि० गबेसकाबास-२३,
किर्तिपुर, काठमाण्डु,
२०३५।१।२७॥

(क्रमस)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्त र घाँसी

— सुमन्न ढकाल

मा निषाद प्रतिष्ठांत्वमगमः शाश्वतीः समाः ।
यत् क्रौन्चमिथुनदेकमवधी : काममोहितम् ।।

क्रौञ्च पक्षीका जोडी काममत्त भएका बेला व्याधाको बाणको प्रहारले भाले क्रौञ्च मर्दा अचानक महर्षि वाल्मीकिका मुखबाट यस्तो श्लोक निस्क्यो र यसैबाट रचना गर्ने प्रेरणा पाई उनले रामायण लेखे भन्ने कहावत अधिक प्रसिद्ध छ । मानन्छ तुलसीदास पत्नीको व्यङ्ग प्रहारबाट ब्युँजेर रामभक्तिमा लागे र तुलसीकृत रामायणको रचना भयो । त्यस्तै हाम्रा कवि भानुभक्तले पनि एउटा घाँसीबाट प्रेरणा पाई लोकसेवा गर्न तम्सी अध्यात्म रामायणको अनुवाद सरल नेपाली भाषामा गरे भन्ने विद्वान्हरूको मत छ ।

कवि भानुभक्तको कृति र जीवनीसित नेपालीलाई सर्वप्रथम परिचय गराउने कवि मोतीराम भट्ट हुन । घाँसी र भानुभक्तको भेट-वार्तालाई अघि सारेको पनि उनैले हो । उनको भनाइमा वि० सं० १८६१ तिर भानुभक्त डुल्दै डुल्दै एउटा नदीको किनारमा पुगे र त्यहीनै उनको घाँसीसँग भेट भयो । कुराकानी चल्दा त्यस घाँसीले घाँस काटी, जहान पाली बाँकी रहेको पैसाले कुवा खनाउन लागेको थाहा भयो । घाँसीको उच्च विचारले भानुभक्तलाई घचघच्यायो । अनानक उनलाई एक कविता फुर्‍यो र "भरजन्म घाँस तिर मन् दिइ......" को रचना भयो । यसै घाँसीबाट पाएका प्रेरणाले भानुभक्तले रामायण ग्रन्थ तयार पारे । १

१. मोतीराम भट्ट, कवि भानुभक्ताचार्यको जीवन चरित्र, (वि० सं० १९४८) पृ० ८३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोतीराम भट्टको यस कुरालाई पछि सम्मकाले पनि समर्थन गर्दै आएको पाइन्छ। नरनाथ आचार्य यस कुराको पुष्टि दिंदै लेख्दछन्–"सो कुवा अद्यापि खडै छ। तर रम्घाबाट मानुङ् जाने आउनेले हिजो आज पनि पानी खान्छन् २.। घाँसीसंगको भेटलाई साँचो माने पनि" "भरजन्म घाँस तिर......" लाई उनको पहिलो कविता मात्र नरनाथ अस्वीकार गर्छन। उनको भनाइमा यो कविता रच्नु भन्दा पहिले नै उनले अरू कविता रचिसकेका थिए। ३.

यसरी घाँसी कथा निष्कण्टक अवि बढिरहेका वेला केही समय अघिदेखि भने यस कुरामा मतभेद देखा पर्न थाल्यो। घाँसी-कथा उपर शङ्का उठाउँदै बाबुराम आचार्य लेख्दछन "तनहुँमा घाँस काटी पैसा लिंएर बेच्ने चलन न अघि थियो न अचेल छ।" ४.

बाबुरामको यो भनाइ तर्कपूर्ण छ। किनकि पहाडमा गाईवस्तुलाई दिनभर चरनामा छोडिन्छ र बिहान-वेलुकाको निम्ति घरकै कुनै मानिस वा नोकर-चाकर टाढा-टाढासम्म गएर भए पनि घाँस काटेर ल्याई ख्वाउँदछन्। तर घाँस बेचेर पैसा लिने चलन भने प्रायः छँदै छैन। बरू यो हुनसक्छ, उसलाई कुनै घरमा गाई-वस्तुको हेरचाहको लागि राखिएको होस् र त्यही घरबाट खाईलाई जो पैसा पाउँथ्यो त्यसलाई उसले घाँसको मूल्य सम्झेको होस्। सम्भव छ मोतीरामले यसै कुरालाई राम्रोसंग ठम्याउन नसकेर घाँसीले गाउँघरमा घाँस बेची पैसा लिएको कुरा लेखेका होउन!

मोतीराम भट्टले काशीमा शिक्षा पाएका थिए। त्यहाँ रहँदा वस्ता उनले घाँस बेचेको देखेका थिए होलान् र त्यसैले तनहुँमा पनि घाँस बेच्ने चलन आफ्नो कमलद्वारा चलाइदिएको हुनसक्छ। यसै कुरामा जोड दिंदै बालचन्द्र शर्माले-"उनले काशीमा घाँसीहरूले घाँस बेचेर कमाइ गरेको र कुनै कुनै त्यस्तै गरीवले पनि धर्मार्थ इनार आदि वनाउन लगाई कीर्ति राखेको देखे सुनेका थिए। त्यसै क्रममा

२. नरनाथ आचार्य, भानुभक्त आचार्यको सच्चा जीवन चरित्र, (२०१७) पृ० ८३।

३. पूर्ववत्, पृ० ६।

४. बाबुराम आचार्य, पुराना कवि र कविता (२००३), पृ० २६८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनले भानुभक्त र घाँसीवाला कथाको कल्पना गरेको लाग्दछ ।" ५

भानुभक्तको समयमा त करिया प्रथा पनि भएकोले घाँसको प्रयोजन भएको खण्डमा उनीहरूबाटै यो काम लिइन्थ्यो भन्ने वालचन्द्र शर्माको भनाइको सत्यतामा आँखा चिम्लन सकिन्न । ६.

घाँसीको हतियार खुर्पीलाई लिएर बाबुराम आचार्य लेख्दछन्-"पक्की घरका कौसी वा पेटीको घाँस खुर्कने खुर्पी काठमाडौंमा व्यवहार अवश्य हुन्छ । तनहुँमा यो खुर्पी कदापि व्यवहार हुँदैन । उहाँ खुर्पाको चलन छ । रूखका स्याउला काट्दा यसैको व्यवहार हुन्छ । कहिले काहिं घाँस काट्दा पनि यो हतियार चलन हुन्छ । तर ज्यादा गरी हँसियाले नै घाँस काटिन्छ ७. ।" पेटीको घाँस खुर्कनेलाई काठमाण्डूमा खुर्पी भनिन्छ, यो साँचो हो तर खुर्पाको सानो रूपलाई पनि खुर्पी भनिन्छ जसको प्रयोग घाँस इत्यादि काट्नमा प्रयोग गरिन्छ । त्यसैले बाबुराम आचार्यको यो तर्क युक्तिसंगत देखिंदैन ।

फेरि घाँसी सम्बन्धी कविता भानुभक्तको हो भन्ने कुरा बाबुराम मान्दैनन । उनका भनाइमा "यसमा म" का वदलामा "मो" शब्द व्यवहार भएको छ । यो शब्द सवभन्दा पहिले भट्टजीलेनै गद्य-पदमा व्यवहार गरेको देखिन्छ । भानुभक्तले कहिं पनि "मो" व्यवहार गरेको गरेको देखिंदैन । यसकारणले यो दुवै पद्य भट्टजीका कलमबाट निस्केका देखिन्छन् ८. । तर आजकल कतिपय विद्वानहरू भानुभक्तले छन्द मिलाउन "मो" शब्द प्रयोग गरेका हुन भन्दै मोतीरामको पछि दगुरिरहेछन् ९. । भानुभक्तलाई छन्द मिलाउन आवश्यक भएदेखि "मो" को सट्टा 'यो भानुभक्त धनि भैकन आज यस्तो' पनि त लेख्न सक्थे । त्यसैले यो पद्यका सम्बन्धमा बाबुराम आचार्यको भनाइ उपयुक्त मात्रमा अत्युक्ति हुने छैन ।

---

५. वालचन्द्र शर्मा, भानुभक्त (२०१४) पृ० ४१।

६. पूर्ववत्, पृ० ३७ ।

७ बाबुराम आचार्य, पूर्ववत्, पृ० २६६ ।

८. पूर्ववत्, पृ० १७०।

९. "यो कविता वसन्ततिलका छन्दमा लेखिएकाले यहाँ दीर्घकै जरूरत परेर

(क्रमश...)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वी साहित्यमा प्रायशः पुराना कविहरूका सम्बन्धमा उनीहरूको व्यक्तित्वको विकाशमा प्रेरणा दिन अनेकौं अनौठा घटनाहरू घटेको उल्लेख गरिएको पाइन्छन। कालिदास, तुलसीदास, सुरदास इत्यादिका सम्बन्धमा यस्तै घटनाहरू रचिएको पाइन्छ। बनारसमा शिक्षा पाएका मोतीरामलाई भारतमा चलेको यो चलनले धेरथोर प्रभावित पारेको थियो। नेपाली भाषाप्रति उनको ठूलो श्रद्धा थियो। त्यसैले जुन भानुभक्तको कृति "रामायण" लाई प्रकाशित गरे उनै कवि भानुभक्तको जीवनी लेखी नेपाली भाषाका यस्ता अद्वितीय कविप्रति आफ्नो श्रद्धा जनाउन मोतीराम पछि परेनन्। संस्कृत तथा हिन्दीका पुराना कविहरूका सम्बन्धमा कथिएका किंवदन्तीहरूको प्रभाव उनमा थियो। आफ्नू भाषाका ती महान कविका जीवनमा पनि कुनै एउटा यस्तो घटना अवश्यै घटेको हुनुपर्छ, जसले उनको कवितात्मक प्रवृत्तिप्रति घच्वच्याएको होस् भनी उनको मनले सोच्यो। कतैबाट भानुभक्तको भेट एकपल्ट एउटा घाँसीसंग भएको थियो रे भन्ने सुने। आखिर कवि हुन्। अनुसन्धान थक्कियो। यथार्थ भन्दा भावना अघि बढ्यो अनि किंवदन्तीको रूपमा निस्कियो घाँसीकथा र "मो भानुभक्त घनी भैकन आज यस्तो"। जसलाई प्रामाणिक रूप दिन हामीसंग कुनै आधार छैन।

यही किंवदन्तीलाई लिएर नाटककार सम भानुभक्त र घासीलाई आफ्नो नाटकमा खेलाउँछन १० र देवकोटा आफ्नो कवितामा नचाउँदै भन्छन्-

"शुक्रतारा सुन्दर हाम्रा नेपाली हे प्रथम ध्वनि।
यस्ता घाँसी युवक भरी हुन नेपाली यो गगनमनि ११.

भानुभक्तले बाईस वर्षको उमेरमा जीवनको ध्रुवतारा देखे भन्ने सूर्य विक्रम ज्ञवालीज्यूको भनाइ छ १२.। बादलले छेकिएको भानुलाई खुल्ला आकाशमा

कविले "मो" गरे होलान्"

— नरागुरुङ, "स्फुट रचना", भानुभक्तका कृति अध्ययनहरू (२०२६) पृ० ६२।

१०. बालकृष्ण सम, भक्त भानुभक्त (२०१०)।

११. लक्ष्मी प्रसाद देवकोटा, घाँसी' भिखारी (कविता संग्रह) (२०३१), पृ० ५७।

१२. सूर्य विक्रम ज्ञवाली, 'भानुभक्त', भानुभक्त स्मारक ग्रन्थ (२०२६) पृ० ४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राखी त्यसको किरण समस्त नेपाली समाजमा फैलाउने चेष्टा गर्नेहरूमा मोतीराम भट्ट पछि सूर्य विक्रम ज्ञवालीको नाम लिन हाम्रो विद्वत् समाज हिच्किचाउँदैन। वहाँ नेपालको एक वरिष्ठ इतिहासकार हुनुन्हुन्छ, यसमा शंका छैन। तर भानुभक्त सम्बन्धी खोजमा भने वहाँको इतिहास मौन छ। मोतीरामले जे जति गरे त्यसलाई विस्तृत रूप दिनुमानै वहाँ सीमित रहनु भएको छ।

फेरि भानुभक्तको घाँसीसगको भेट वनारसमा भएको थियो होला भनी अड्कल काट्ने विद्वान् पनि देखा नपरेका हैनन् १३.। यस्तो किसिमको शंका उठाउनाले धमिलिएको इतिहासलाई अझ वढी धमिल्याउनु मात्र हुन्छ, सङ्लो वनाउनमा सहायक सिद्ध हुँदैन।

घाँसी कथामा सत्यमा होस् वा नहोस त्यो मान्ने र त्यसलाई मानेमा कुनै हानी छैन समेत भन्ने साहित्यिकको कमी पनि हामीकहाँ छैन। जगत छेत्रीको शव्दमा- "तर यो खोजमा सत्यता होस् वा नहोस् हाम्रो निम्ति घाँसी र भानुको सम्बन्ध अक्षुण्ण छ। फेरि त्यस उक्तिले हामीलाई कुनै हानी पनि गरेको छैन। तव त्यस कुरोलाई मान्नमा के को खति?" १४. जगत छेत्रीको यो भनाइ आजको विश्वको यथार्थवादी युगमा पूर्णतया खण्डनीय छ। वहाँको यो भनाइले त इतिहासको हत्या गर्छ। यहाँ खोक्रो आदर्श र भूठो कल्पनाको लागि स्थान छैन। सही अनुसन्धान विना कुनै एक मतमा निर्णय दिन हामी कदापि सक्तैनौं। एकतर्फी निर्णय दिनुको अर्थ इतिहासलाई अस्पष्ट पार्नु, साहित्यमा कलंक लाऊनु अनि भानुभक्तप्रति श्रद्धाको साटो उनको सच्चा जीवनीलाई एकातिर राखेर भ्रमात्मक कथाको सृजना गरी उनी प्रति विश्वासघात गर्नु हुन्छ। कवि भानुभक्त दन्त्य कथाका राजकुमार होइनन्। उनको व्यक्तित्व कुनै काल्पनिक उपन्यासको नायकको व्यक्तित्व होइन। त्यो त हो हिजो-अस्ति मात्रको ताजा ऐतिहासिक व्यक्तित्व। यसैले उनका विषयमा मनगढंत कथा कथी इतिहासलाई अस्पष्ट पार्नु हाम्रो निम्ति उचित छैन। तर यसको मतलव उनको भेट घाँसीसंग

---

१३. बालकृष्ण पोखरेल, 'कवि भानुभक्त आचार्य' कलेज स्तरका निवन्धै निवन्ध (२०१७) पृ० ५३।

१४. जगत छेत्री, 'नेपाली भाषा र भानुभक्त' भानुभक्त स्मारक ग्रन्थ (२०२६) पृ० १४०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनै सक्दैन थियो भन्ने होइन। यस सम्वन्धमा रचिएका दुई पद्य-हरूलाई पन्छयाउने हो भने यस घटनामा शंका गर्न अनावश्यक देखिन्थ्यो। भानुभक्तले नेपालीमा श्लोक बनाउने गरेको र आफूले पनि रामायणका केही कथा सुनकोले उसले (घांसीले) भानुभक्तसित सरल भाषामा श्लोकहरू बनाई रामायण लेख्ने अनुरोध गरेको र भानुले पनि यसलाई उचित नै ठानी रामायणमा हात हालेका हुन् भन्ने तर्क पेश गर्न सकिन्छ। तर यस कथा भित्र परेका दुई श्लोकले भने हामीलाई निकै घोरिन वाध्य गराउँछ।

यसरीनै आज हामी घाँसी कथा विवादस्पद रूपमा रहेको पाउँछौं। यो विषय अझसम्म पनि अनुसन्धानकै विषय रहेको छ। यसको सत्यताको खोज हुनु नितान्त आवश्यक छ। सही कुरो जान्न आजको हाम्रो समाज उत्सुक छ। आशा छ हाम्रा लोकप्रिय कविका सम्वन्धमा भविष्यमा इतिहासले चाँडै नै सही कुराको टुँगो लगाउने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली समालोचनाका क्षेत्रमा सोमनाथ सिग्देलको योगदान

- नरहरि आचार्य

१. नेपाली पूर्वीय सैद्धान्तिक समालोचनाको विकास-क्रम

साहित्यको सृजना र आस्वादन दुवैका लागि सामान्यतः हृदय पक्षको भूमिका वढी हुने भएकाले वौद्धिक समाजका अभावमा पनि यी साहित्यिक विधाको प्रस्फुटन भइ नै रहेको हुन्छ भने समालोचना चाहिँ मूलतः मानव वौद्धिकताको उपज भएकाले यसको विकास भने वौद्धिक वर्गमा नै आधारित भएको देखिन्छ [1]। त्यसैले सोमनाथको बहुमुखी व्यक्तित्वका विश्लेषणका [2] सन्दर्भमा पनि सोमनाथमा रहेको समालोचक व्यक्तित्वलाई साहित्यिकता भन्दा विद्वत्तामै आधारित ठान्नु पर्ने कुरा स्पष्टै छ।

नेपाली समालोचनाका क्षेत्रमा सोमनाथ सिग्देलको भूमिका भन्नु नेपाली पूर्वीय समालोचनाको सैद्धान्तिक विकासको क्रममा सोमनाथले दिएको योगदान नै भएको हुँदा यस सम्बन्धी उनको एकमात्र सैद्धान्तिक कृति 'साहित्य प्रदीप' (२०१६) पूर्वको नेपाली समालोचनाको स्थिति र 'साहित्य प्रदीप' पछि यस सिद्धान्तले प्राप्त गरेका उपलब्धिहरूको वर्णन गर्दै यिनै दुई परिप्रेक्ष्यबाट समालोचक सोमनाथलाई चिन्नु पर्ने देखिन्छ।

१. १. 'साहित्य-प्रदीप' (२०१६) पूर्वको स्थिति

नेपालीमा सृजनात्मक साहित्यले फस्टाउन थालेको भानुभक्तकै समयदेखि नै भए पनि समालोचनाको वास्तविक सूत्रपातका लागि मोतीरामसम्म पर्खनु

१. यदुनाथ खनाल; 'नेपाली साहित्यमा आलोचनाको अवस्था', मधुपर्क, वर्ष १, अङ्क १ पृ० १०।

२. नरहरि आचार्य; नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान (नेपाली स्नातकोत्तर शोधपत्र पृ० १२-१८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परेको ज्ञात हुन्छ 3। मोतीराम भट्टको 'कविभानुभक्ताचार्यको जीवन चरित्र' (१९४८) प्रथमतः जीवनी र अझ भानुभक्तसँग मात्र सम्बन्धित भएवाट यसमा रहेको समालोचनात्मक अंश पनि सैद्धान्तिक भन्दा व्यावहारिक नै देखिने हुनाले यस कृतिलाई पूर्णरूपमा सैद्धान्तिक समालोचना ग्रन्थ मान्न सकिदैन तापनि यस भित्रका कविताका लक्षण र कविका वर्गीकरण 4 सम्बन्धी अंशहरूले चाहिँ निश्चय नै समालोचनाका सैद्धान्तिक पक्षहरूको प्रतिनिधित्व गर्दछन्। 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' मा मोतीरामले जे जति सैद्धान्तिक समालोचना सम्बन्धी रूचि देखाएका छन्, तिनीहरू पूर्णतः पूर्वीय समालोचना सिद्धान्तमै आधारित रहेको पाइन्छ। यस तथ्यका पुष्टिका लागि राजशेखरले 'काव्यमीमांसा' मा गरेको कविको वर्गीकरण 5 र मोतीरामद्वारा प्रस्तुत कविको वर्गीकरणका बीच पाइने समरूपता मात्रै पनि पर्याप्त देखिन्छ। त्यसैले भानुभक्तको बालकाण्ड रामायणको प्रकाशन (१९४१) नेपालीहरूले समालोचनाका क्षेत्रमा सारेको पहिलो कदम 6 भन्ने आजसम्मको खोज हुँदा हुँदै पनि मोतीराम कृत 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' नै नेपाली सैद्धान्तिक समालोचना र विशेपतः पूर्वीय दृष्टिकोणको सस्थापनका क्षेत्रमा आधारभूत प्रथम घटना भनी भन्नै पर्छ।

यस पछि समालोचनाको सैद्धान्तिक पक्षमाथि प्रकाश पार्ने कृतिका रूपमा 'सुन्दरी' (१९६३-६५) मा धारावाहिक रूपले प्रकाशित वीरेन्द्र केशरीको 'वेसरी' लाई मान्नु पर्ने हुन आएको छ। हुनत 'वेसरी' 'व्याकरण प्रधान गद्य-पद्यात्मक'7 लेखकै रूपमा चर्चित रहेको हो। तैपनि 'काव्य प्रकाश' र 'रस गङ्गाधर' का प्रभावमा लेखिएका साहित्य शास्त्रीय सिद्धान्तहरू पनि यसमा देखिएको जानाकारी 8 पाइएकाले नेपाली सैद्धान्तिक समालोचनाका विकास क्रमको रेखाङ्कन

---

३. कमल दीक्षित; 'प्रकाशकीय'. साझा समालोचना, पृ० क।
४ पारसमणि प्रधान (सम्पा०); 'कवि भानुभक्ताचार्यको जीवन चरित्र', भानुभक्त ग्रन्थावली, पृ० २१-२२।
५. सोमनाथ सिग्देल; साहित्य प्रदीप (दो० सं०), पृ० २२।
६. कमल दीक्षित; पूर्ववत्।
७. पूर्ववत्, बुइँगल (दो० सं०), पृ० ३४४।
८. शिवराज आचार्य; जिम्दो नेपालि भासा, पृ० ११८-१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा 'वेसरी' को पनि उल्लेख गर्नु उपयुक्त देखिन्छ। यसै क्रममा नेपाली साहित्यको माध्यमिक कालको उत्तरार्धतिर देखापरेका नैतिक र काव्यात्मक मूल्य विहीन कविताका कारणबाट गिर्न लागेको नेपाली कविताको स्तरप्रति चिन्ता प्रकट गर्दै र कविताका मूल्यहरूको परिपालनको आवश्यकता दर्शाउँदै राममणिद्वारा प्रस्तुत 'कवितारीति' (माधवी; प्रथम कला: संख्या २,३,४ र ५; १९६५) र वि॰ सं॰ १९६७ मा लेखी वि॰ सं॰ १९३६ मा प्रकाशित लेखनाथको 'कवि कवितालाप'[9] मा पूर्वीय धारणद्वारा अनुप्राणित कविता-सिद्धान्तहरू प्रकट भएका छन्। धारावाहिक रूपमा प्रकाशित राममणिको 'कविता रीति' ले छन्द, भाषा, अर्थ र विषयको चर्चा गर्दै कविताको मुख्य अङ्गका रूपमा छन्दलाई मानेरै[10] पनि केवल छन्दमा लेखिनाले मात्र कविता हुँदैन भन्दै 'जहाँ कविताको लक्षण पाइनछ उही कविता हो[11]' भन्ने धारणाका साथ कविताका आन्तरिक गुणको अपेक्षा गरेको बुझिन्छ अनि यस निबन्धमा छन्द प्रयोगका विधि र औचित्यहरूको चर्चा हुनाका साथै 'अनुप्रास र यमकतिर लागनाले कविताको विशेष चारुता नष्ट हुन जानछ[12]' भन्दै नेपाली कवितामा देखिएको अन्त्यानुप्रासको प्रवृत्तिलाई हटाउने आग्रह, सहज र सरल भाषाको प्रयोग गर्ने सल्लाह[13], शब्दाडम्बरभन्दा अर्थ चमत्कारपट्टिको जोड[14] र 'कविताको विषय मनोहर धार्मिक र उपदेशयुक्त हुनु परदछ। शृङ्गारादिको वर्णन अहीले हामीलाई केही आवश्यकता छइन[15]।' भन्ने विषयगत धारणा समेत देखा पर्दछन्। वस्तुतः 'कविता रीति' ले छन्द, भाषा अर्थ र विषयका दृष्टिले साहित्य-रीतिको खोजमेल गरेको छ। यसमा पूर्वीय समालोचना सिद्धान्तका विविध पक्षका आलोकमा र समकालीन भारतीय साहित्य (विशेषतः हिन्दी) समेतका अनुभवका[16] आधारमा साहित्य (विशेषतः नेपाली साहित्य)

---

९. लेखनाथ; लालित्य (चौ॰ सं) पृ॰ ४२।

१०. राममणि आ॰ दी॰: 'कविता रीति', माधवी, कला १, संख्या २, पृ॰ २९।

११. पूर्ववत्, पृ॰ ३०।

१२. पूर्ववत्, पृ॰ ३४।

१३. पूर्ववत्, संख्या ३, पृ॰ ५३।

१४. पूर्ववत्, संख्या ४, पृ॰ ७७ र ७९।

१५. पूर्ववत्, संख्या ५, पृ॰ ८९।

१६. पूर्ववत्, संख्या १, पृ॰ २९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कस्तो हुनुपर्छ भन्ने धारणा पेश गरिएकोछ । यस कृतिले शास्त्रीय गहिराइका समसामयिक प्रश्नका सन्दर्भमा साहित्यतत्त्वको चर्चा गर्ने चेष्टा देखाएको छ । लेखनाथको 'कवि कवितालाप' चाहिँ नेपाली कविताको माध्यमिककालीन सस्ता बाह्रमासे प्रवृत्तिहरूको समाप्तितर्फ कारवाई गर्ने काव्य अध्यादेशका रूपमा आएको देखिन्छ र यस पछिको नेपाली कविताले लिएको मोडतर्फ दृष्टि दिँदा 'कवि कवितालाप' का मर्महरू लागू हुन थालेको समेत अनुभव हुन्छ । यति हुँदा हुँदै पनि 'कवि कवितालाप' साहित्यिक समालोचनाका व्यापक सिद्धान्तका सन्दर्भमा भने समालोचनात्मक प्रयत्न भन्दा कविता नै हो भन्ने कुरा स्पष्टै छ ।

पूर्वीय सैद्धान्तिक समालोचनालाई नेपाली भाषामा प्रस्तुत गर्ने क्रममा कुलचन्द्र गौतमको 'अलङ्कार चन्द्रोदय' (१९७८) 17 को स्थान पनि महत्त्वपूर्ण रहेको देखिन्छ । राणा प्रधानमन्त्रीको स्तुतिलाई प्रधानता दिएर लेखिए पनि नेपाली सन्दर्भमा अलङ्कारको यति व्यापक प्रयोग अरूबाट भएको देखिन्न र रत्नध्वज जोशीको रचनासाठी अलङ्कारको सोदाहरण विवेचना भएको 'मानसालङ्कार' 18 प्रति दृष्टि दिँदा दिँदै पनि पछि आएर कुलचन्द्रकै 'राघवालङ्कार' (२०१५) मा मात्र अलङ्कारको व्यापक चमत्कार पुनः देखापरेकाले नेपाली सैद्धान्तिक समालोचनाको अलङ्कार क्षेत्रमा कुलचन्द्र गौतमको ज्येष्ठता पूर्णरूपमा सुरक्षित रहेको भेटिन्छ । हुनत यसभन्दा अघि अर्थात् वि.सं. १९७० सालमा प्रकाशित 'गोरखा व्याकरण बोध' मा पनि अलङ्कार र छन्दको केही चर्चा 19 पाइएको छ ।

यही क्रममा १९७८ मा प्रकाशित 'गोरखा साहित्य मीमांसा' अनूदित 20

---

१७. पूर्ववत्, पुराना सम्झना, पृ० ६५ ।

१८. वि० सं० २००२ सालमा ने० भा० प्र० स० ले प्रकाशित गरेको यस पुस्तकमा उदाहरणका रूपमा तुलसीदास कृत 'रामचरित मानस' का श्लोकलाई प्रमुखता दिइएको छ । सम्भवतः 'रामचरित मानस' का अलङ्कारहरूको सङ्ग्रहका कारणले नै यसलाई 'मानसालङ्कार' नाम दिइएको बुझिन्छ ।

१९ विश्वमणि दीक्षिताचार्य; गोरखा व्याकरण बोध, पृ० १६६–१६२ ।

२०. यो पुस्तक पूर्णचन्द्र वसुले बङ्गालीमा लेखेको 'साहित्य चिन्ता' को राम दहिन मिश्रद्वारा 'साहित्य मिमांसा' का रूपमा हिन्दीमा अनूदित पुस्तकबाट नेपालीमा अनुवाद गरिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृति नै भए पनि नेपाली भाषाका माध्यमले साहित्यशास्त्रका सिद्धान्तलाई प्रस्तुत गरेबाट उल्लेखनीय देखापर्छ। प्राचीन पूर्वीय साहित्य र आधुनिक पाश्चात्य साहित्यका उपलब्धिबाट सचेत भई [21] गोविन्दलाल अमात्यद्वारा अनूदित 'गोरखा साहित्य मीमांसा' ले पाश्चात्य समालोचना तत्त्व र पूर्वीय समालोचना तत्त्वलाई एकै भेलमा मिसाएर विवेचना गरेको छ। तापनि पूर्वीय साहित्य मान्यताले यसमा निकै मात्रामा प्रधानता पाएको देखिन्छ। अनूदित कृति भए पनि सामान्य रूपमा नेपाली साहित्यको प्रसङ्गलाई समेत समावेश [22] गरी सैद्धान्तिक समालोचनाको प्रतिपादन गर्ने नेपाली भाषा-ग्रन्थको अभाव भएको तात्कालिक स्थितिमा प्रौढ र परिष्कार पूर्ण नेपाली भाषामा प्रस्तुत गरिएको यो 'गोरखा साहित्य मीमांसा' [23] नेपाली पूर्वीय समालोचनाको सैद्धान्तिक पक्षको विकासमा उल्लेखनीय रहन गएको पाइन्छ।

नेपाली भाषामा छन्द सम्बन्धी सामान्य चर्चा राममणिको 'कवितारीति' द्वारा प्रारम्भ भएको देखिन्छ तापनि छन्दको विषयमा स्वतन्त्र ग्रन्थ लेख्ने कार्य भने वि.सं. २००१ सालमा प्रकाशित गोविन्द प्रसाद ढुङ्गानाको 'छन्दोहार' बाटै थालिएको ज्ञात हुन्छ। छन्दका वार्णिक (वर्ण मात्रिक?) र मात्रिक शाखाका विभिन्न भेदहरूलाई रोचक उदाहरण तथा छन्द सम्बन्धी विस्तृत भूमिका सहित प्रस्तुत गरिएको यो छन्दोग्रन्थ केवल तात्कालिक अभाव पूर्ति गर्ने [24] किताप मात्र नभई नेपाली पूर्वीय सैद्धान्तिक समालोचनाको वर्तमान विकास क्रमका सन्दर्भमा समेत आफ्नो स्तरीयता कायम राख्ने महत्त्वपूर्ण उपलब्धि [25] हुन आएको अनुभव हुन्छ।

यस पछि यदुनाथ खनालको 'समालोचना सिद्धान्त' (२००३) पूर्वीय र

---

२१. गोविन्दलाल अमात्य (अनु०); 'भूमिका' गोरखा साहित्य मीमांसा, पृ० 'ए'।

२२ पूर्ववत् पृ० २।

२३. यो पुस्तक चक्रपाणि चालीसेका कृति विवरण अन्तर्गत पनि परेको पाइन्छ। – कमलनाथ शर्मा पथिक; 'अनुवादकको संक्षिप्त जीवनी', जैमिनीय भारत,

२४. गोविन्दप्रसाद शर्मा ढुङ्गाना; बालकृष्ण शमशेरको 'वक्तव्य', छन्दोहार (साझाको ते० सं०) पृ० ?।

२५. नरहरि आचार्य; 'छन्द शास्त्रको ऐतिहासिक विकास क्रम र यसको औचित्य', प्रज्ञा, वर्ष ४, अङ्क २, पृ० ३६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाश्चात्य समालोचना-सिद्धान्तहरूलाई एकीकृत गर्दै प्रकाशनमा आएको देखिन्छ 26। नेपाली सैद्धान्तिक समालोचनालाई संक्षिप्त नै भए पनि लगभग पूर्णरूपमा पुस्तकाकार कृति दिन पहिलो प्रयास गर्ने यदुनाथ खाल आफ्नो 'समालोचनाका सिद्धान्त' ले पूर्वीय समालोचनाका सिद्धान्तलाई पूर्ण रूपमा प्रकाश दिन नसकेको कुरा स्वीकार गर्दछन् 27 तापनि साहित्यिक समालोचना शास्त्रको अभावपूर्ण त्यस वेलाको स्थितिमा नेपाली समालोचनो सैद्धान्तिक पक्षको विकासका लागि यस पुस्तकले खेलेको प्रारम्भिक भूमिका महत्त्वपूर्ण प्रतीत हुन्छ 28।

नेपाली पूर्वीय सैद्धान्तिक समालोचनाको विकासक्रमका सन्दर्भमा वि० सं० २०१५ मा देखा परेका गोविन्द प्रसाद ढुङ्गानाको 'रसदर्पण' र ऋषभदेव शास्त्रीको 'काव्यमञ्जरी' उल्लेखनीय रहेका छन। रस-सिद्धान्तको विवेचनालाई प्रमुख प्रतिपाद्य बनाएर लेखिएको 'रसदर्पण' उदाहरणमा विशेष केन्द्रित देखिन्छ भने 'काव्य मञ्जरी' ले कवि र काव्य, शब्द शक्ति, रस, गुण रीति अलङ्कार र दोषको सोदाहरण विवेचना गरेको पाइन्छ। संक्षिप्त रूपमै भए पनि 'काव्य मञ्जरी' को सैद्धान्तिक विवेचनाको शैली प्रशस्त मौलिक देखा पर्छ। यसैले नेपाली भाषाका माध्यमले पूर्वीय समालोचनाको सैद्धान्तिक पक्षसँग प्रारम्भिक परिचय गराउनामा 'काव्य मञ्जरी' निकै सफल रहेको अनुभव हुन्छ 29। नेपाली पूर्वीय समालोचनाको सैद्धान्तिक विकास क्रमको यसै पृष्ठ भूमिमा सोमनाथ सिग्देलको 'साहित्य-प्रदीप' (२०१६) प्रकाशमा आएको देखिन्छ।

१. २. 'साहित्य-प्रदीप' (२०१६) पछिको अवस्था

'साहित्य प्रदीप' (२०१६) पछि पनि नेपाली पूर्वीय सैद्धान्तिक समालोचनाका क्षेत्रमा एकाध कृति देखापरिरहेकै छन्। छन्द र अलङ्कार सम्बन्धी पाठ्य पुस्तकका रूपमा नेपाली भाषामा प्रकाशित पुस्तक-पुस्तिका निकै भए पनि डिल्लीराम तिम्सिना र माधव भँडारीको 'छन्द र अलङ्कार' (२०१८) मा छन्द र अलङ्कारको सामान्य परिचयका साथै प्रसिद्ध नेपाली रचनाबाट उदाहरण टिप्ने प्रयत्न तथा

२६. यदुनाथ खनाल; 'निवेदन', समालोचनाका सिद्धान्त, पृ० १।
२७ पूर्ववत्, पृ० २।
२८. कृष्ण चन्द्र सिंह प्रधान; 'एक सन्दर्भः एक दृष्टि', साझा समालोचना' पृ० १५
२९. कमल दीक्षित; भन्ने कुरा; पृ० २४६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कतिपय लोक छन्द समेतको चर्चा भएकाले यो पुस्तिका विशेष महत्त्व राख्ने भएको छ । यस सिलसिलामा कोमलनाथ अधिकारीको 'साहित्य दर्पण' अनुवाद (२०२३) र अ शतः पाश्चात्य काव्य सिद्धान्तका मान्यताहरूको उल्लेख रहे पनि मूलतः पूर्वीय काव्य सिद्धान्तकै विवेचन गरिएको चूडानाथ भट्टराईको 'कवि, कविता र कविताको सिद्धान्त' (२०२९) उल्लेख्य रहेका छन् ।

लक्ष्मीनाथ आचार्यको 'छन्द सागर सोपान' (२०२३) छन्द सम्बन्धी प्रारम्भिक जानकारी दिने किताबकै रूपमा सीमित रहे पनि शिवराज आचार्यको 'वृत्त नक्षत्रमाला' (२०२८) छन्दोग्रन्थले छन्द र वृत्त सम्बन्धी भ्रान्तिलाई [30] पूर्वीय छन्द शास्त्रीय सिद्धान्तका आलोकमा निरूपण गर्न सफल भएको पाइन्छ ।

यस पछि केशव प्रशाद उपाध्यायको 'साहित्य प्रकाश' (२०३०) पूर्वीय र पाश्चात्य साहित्य शास्त्रीय तत्त्वको समावेशका साथ देखा पर्छ । यो ग्रन्थ आधुनिक भारतीय साहित्य चिन्तनका क्षेत्रमा भइरहेको पूर्वीय काव्यशास्त्रको पुनर्व्याख्या सम्बन्धी प्रयत्नबाट पनि थोर थोर प्रभावित भएको बुझिन्छ । नेपालीमा पूर्वीय काव्य सिद्धान्तलाई भित्र्याउने क्रममा [31] देखा परेको राजशेखर प्रणीत 'काव्य मीमांसा' को डिल्लीराम तिमसिनाद्वारा भएको पाठ भेद, टिप्पणी र परिशिष्ट तथा पूर्वीय काव्य शास्त्रको संक्षिप्त इतिहासका साथै नेपाली पूर्वीय काव्यशास्त्रीय ग्रन्थ र समालोचना सम्बन्धी नेपाली दृष्टिकोणको रेखाङ्कन समेत भएको भूमिका कार्य (२०३०) यस अघि भएका पूर्वीय साहित्य शास्त्रीय ग्रन्थको अनुवादका सापेक्षतामा निकै उपयोगी बन्न पुगेको अनुभव हुन्छ ।

हेमाङ्गराज अधिकारीको 'पूर्वीय समालोचना सिद्धान्त' (२०३१) यस विषयको सामान्य जानकारी दिने पाठ्यपुस्तकका रूपमा प्रकाशित भएको [32] र

---

३०. महेशराज पन्त समेत (सम्पा०); 'हाम्रो वक्तव्य', पूर्णिमा, पूर्णाङ्क ३०, पृ० १५० ।

३१. डिल्लीराम तिमसिना (अनु०); 'प्राक्कथन' राजशेखर प्रणीत काव्यमीमांसा, ।

३२. हेमाङ्गराज अधिकारी; 'विष्णुराज कुसुमको मन्तव्य' पूर्वीय समालोचना सिद्धान्त, पृ० क–ख ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो उद्देश्य पूर्तिमा सालाखाला सफल देखिन्छ। गोविन्द प्रसाद भट्टराईको 'पूर्वीय काव्य सिद्धान्त' (२०३१) पूर्वीय पाण्डित्यले अँगाल्ने गरेका विवेचन र प्रस्तुतीकरणको शैलीबाट अलग्गिन खोजिएको तर पूर्वीय काव्य सिद्धान्तका सम्बन्धमा भएका र हुन लागेका अभिनव व्याख्याको पूरा उपयोग नगरिएको पुस्तक प्रतीत हुन्छ। जे होस्, सोमनाथ सिग्देलको 'साहित्य प्रदीप' (२०१६) को प्रकाशन पछि पनि नेपाली पूर्वीय समालोचनाको सैद्धान्तिक पक्षको विकासमा केही न केही कार्य भएकै देखिन्छ।

२. सोमनाथका समालोचनात्मक कृति

नेपाली पूर्वीय सैद्धान्तिक समालोचनाका विभिन्न विषयलाई समेटेर प्रौढ ढङ्गले लेखिएको 'साहित्य प्रदीप' नै सोमनाथ सिग्देलको मुख्य समालोचनात्मक कृति हो। सोमनाथमा कृति विशेषको समालोचना गर्ने प्रयोगात्मक समालोचनाको प्रवृत्ति चाहिँ ज्यादै कम मात्रामा देखिन्छ। एकाध कृतिहरूको भूमिका वा प्राक्कथनका रूपमा उनले व्यक्त गरेका टिप्पणीहरूकै पनि ज्यादा जसो झुकाउ सैद्धान्तिक स्थापनामा नै केन्द्रित भएको पाइन्छ। त्यसैले यस क्रममा प्रथमतः विविध प्रसङ्गमा सोमनाथले लेखेका र उनको समालोचक व्यक्तित्वको प्रतिबिम्ब देखिने फुटकर रचनाको चर्चा र त्यस पछि मात्र विविध कोणबाट 'साहित्य-प्रदीप' का विवेचना गर्नु उपयुक्त हुन आउँछ।

२.१ दुई शब्द

लेखनाथद्वारा अनूदित कालिदासको 'अभिज्ञान शाकुन्तल नाटक' का 33 सम्बन्धमा लेखिएको यो 'दुइ शब्द' वा भूमिका ६ (छ) अनुच्छेदमा लेखिएको छ। प्रमुख पाँच अनुच्छेद मध्ये प्रथम तीन अनुच्छेद सैद्धान्तिक विषयसँग नै सम्बन्धित देखिन्छन् मानव हृदयलाई विविध भावनाहरूको उत्पति स्थानका रूपमा स्वीकार गर्दै प्रतिभाका सहायताले भावना मौलाउँछ भन्ने आशयका साथ सफल चित्रकारमा कुनै पनि दृश्यको यथावत स्वरूप उतार्न सक्ने क्षमता भए जस्तै उत्कृष्ट साहित्यकारहरूमा अन्तर्भावनालाई यथार्थ शब्द चित्रका माध्यमबाट प्रस्तुत गर्न सक्ने क्षमता रहेको हुन्छ भन्ने दृष्टिकोण अभिव्यक्त गरिएको छ। यसै क्रममा गम्भीर भइकन पनि सरल रूपबाट भाव-गुम्फन गर्न

३३. यो पुस्तक वि०सं० २०१५ मा नेपाल एकेडेमीद्वारा प्रकाशित भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्ने कविका रूपमा कालिदासलाई लिँदै उनको सर्वोत्कृष्ट कृति 'शाकुन्तल' मा 'प्राकृतिक सरल तापस जीवनको सात्विक प्रभाले नैतिक राजसी चमकलाई लाचार पारी तामसी पर्दा पन्साई जगाएको पूर्व प्रकाशको मधुर-सुषमा भावनाको शिखर-बाट प्रकट भएको छ।[३४]' भन्ने धारणाको अभिव्यक्ति देखिन्छ तर अनुवादकका शैलीमा देखा पर्ने गुणको धनात्मक पक्ष वा क्लिष्टता र दुरुहता जस्ता अवगुणको ऋणात्मक पक्षका बारेमा चाहिँ कुनै उल्लेख गरिएको छैन।

२.२. श्रीकविशिरोमणि लेखनाथ पौड्यालको परिचय

लेखनाथद्वारा अनूदित 'अभिज्ञान शाकुन्तल' मा परेको लेखनाथ-सम्बन्धी परिचय-लेखका लेखकका बारेमा किटान साथ नलेखिए पनि शैलीका आधारमा यो परिचय लेख सोमनाथको कलमको उपज प्रतीत हुन्छ। संक्षिप्त रूपमा लेखिएको यस परिचयमा लेखकको साहित्यिक व्यक्तित्व माथि प्रकाश पार्ने घटनामा नै बढी जोड दिइएको छ। यस सन्दर्भमा केही अंशको उद्धरण गरी हेर्न सकिन्छ:-

> 'सामयिक चीसो वातावरणबाट कठ्याङ्ग्रिँदै भित्री प्रतिभाको उष्णताले फुकेको हृदयबाट चुहेका उहाँका रसिला भाषा सुभाषितहरूले राष्ट्रभाषाको शृङ्गारलाई धेरै भरमदत दिन थाले।' (पृ० २)

यस उद्धरणबाट नेपालको तात्कालिक वातावरणका सन्दर्भमा लेखनाथको कविप्रतिभाको विकास-प्रक्रियाका बारेमा एक सचेत समालोचकले टिप्पणी गरे झैँ सोमनाथ बोलिरहेको अनुभव हुन्छ।

२.३. एक अञ्जलि

पण्डित कुलचन्द्र गौतम विरचित 'राघवालङ्कार' का[35] भूमिकाका रूपमा लेखिएको यस लेखमा साहित्यिक रचनाको मूल स्रोत प्रकृति-सुन्दरतालाई मान्दै यो सुन्दरता सबैको दृष्टिगम्य भएर पनि त्यसलाई ग्रहण गर्ने क्षमता चाहिँ प्रतिभावान् साहित्यिकसँग मात्र रहने धारणा व्यक्त गरिएको छ अनि कला र कलाकार एक-अर्कालाई अव्यक्तबाट व्यक्त रूप प्रदान गर्न समर्थ रहेका हुनाले नै कला कलाकारको चिरस्थायी सम्मानको प्रतीक बन्न सक्तछ भन्ने समालोचक

३४. 'दुइ शब्द', पृ० २।

३५. यो पुस्तक नेपाल एकेडेमीले वि० सं० २०१५ मा प्रकाशित गरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोमनाथको आशय देखिन्छ । "गुम्फनमा शब्द र अर्थ यी बाहिरी भित्री दुई तह हुन्छन्। निपुण पुरुषको योजनाले दुवै तहमा विन्यास र भङ्गीका विशेषताले मनोहर बुट्टाहरू पर्न-शक्तछन, तिनै बुट्टाहरू शोभा बढाउने अलङ्कार कहलाउँछन्"36 भन्दै अलङ्कारको परिभाषा गर्ने सोमनाथ 'राघवालङ्कार' का रचयिता कुलचन्द्र गौतमलाई सफल अलङ्कारशास्त्री वा गुम्फन कला कुशलका रूपमा ठम्याउँछन तर आलङ्कारिक कुलचन्द्रका अप्राप्तिको कुनै पनि संकेत गर्दैनन्।

२.४. श्रीसाहित्याचार्य कुलचन्द्र गौतमको परिचय

'राघवालङ्कार' मा नै समावेश गरिएको प्रस्तुत परिचय लेखकको नाम सद्गुणप्रेमी राखिएको छ, तापनि लेखन शैलीका आधारमा यसलाई सोमनाथकै लेख मान्न सकिन्छ। यस परिचयमा संक्षिप्त रूपमा कुलचन्द्र गौतमको जीवन घटनाका साथै कृति विवरण पनि दिइएको छ।

२.५. नेपाली भाषा कविको परिचय र आलोचन

यस लेखको37 पहिलो अंशमा नेपाली भाषा क्रमशः संस्कृत, प्राकृत र अपभ्रंश हुँदै आधुनिक आर्य भाषाका रूपमा उत्पन्न भएको धारणा व्यक्त गरी नेपाली साहित्यलाई तीन कालमा विभाजित गरिएको छ भने दोस्रो अंशमा आलोचन-सिद्धान्तका बारेमा लेखिएको छ। अपूर्ण खालका यी दुवै अंश 'साहित्य प्रदीप' (२०१६) कै खेस्रा38 जस्तो अनुभव हुन्छ।

३. 'साहित्य-प्रदीप' र यसका उपलब्धि

३.१. विवरणात्मक परिचय

नेपाली समालोचनाका क्षेत्रमा सोमनाथ सिग्देलको भूमिकाको निरूपण गर्ने बलियो आधारका रूपमा रहेको 'साहित्य प्रदीप' (२०१६) पूर्व र उत्तर भाग अनि पाँच प्रकाशमा विभाजित छ। पूर्व भाग अन्तर्गतको प्रथम प्रकाश शब्द-विवेचनाबाट प्रारम्भ भई भाषाको परिचयका साथै कवित्वको निरूपण र कविहरूको

---

३६. 'एक अञ्जलि', पृ० २।

३७. वाल्मीकि क्याम्पसको पुस्तकालयमा सोमनाथबाट प्रदान गरिएका पुस्तकहरूका खण्डमा रहेको यो अप्रकाशित पाण्डुलिपिको दर्ता संख्या ४४७७ छ।

३८. 'साहित्य प्रदीप' को तृतीय प्रकाश अनुसार नै तीनकालका कविहरूको नाम छुटयाइएको छ तापनि कालको नाम भने क्रमशः उद्गम काल, प्रस्फुटन काल र आधुनिक विकास काल का रूपमा राखिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कक्षावर्णन हुँदै काव्य र साहित्यको परिचय दिई समाप्त भएकोछ भने दोस्रो प्रकाशमा पूर्वीय साहित्य शास्त्रको इतिहास कथन एवम् साहित्यिक आचार्यहरूको परिचयका साथै काव्य-सम्प्रदायको वर्णन-विवरणका अतिरिक्त संस्कृत कवि-लेखकहरूको चिनारी गराइएकोछ अनि तृतीय प्रकाश काव्य-प्रकरणका रूपमा प्रस्तुत गरिएको छ र यसमा काव्यको लक्षण र काव्यको दृश्य-श्रव्य रूपको विस्तृत परिचयका साथै 'नेपाली परम्परामा वाङ्मय' मा संक्षिप्त रूपमैँ भए पनि नेपाली साहित्यका तीनै कालको परिचय दिने प्रयास भएको देखिन्छ र यसरी तृतीय प्रकाशसँगै 'साहित्य प्रदीप' को पूर्व भाग समाप्त हुन्छ। उत्तर भाग अन्तर्गत चतुर्थ प्रकाशमा रसवृत्तिको विवेचनाका साथै रस सम्बन्धी विविध मतलाई प्रस्तुत गरिएको छ भने पञ्चम प्रकाश चाहिँ दोष-गुणको विवेचनका साथै अलङ्कारका विविध रूपको वर्णनमा केन्द्रित भएको छ। यसरी सोमनाथको 'साहित्य-प्रदीप' पूर्वीय साहित्य शास्त्र सम्बन्धी लगभग सिङ्गो परम्परालाई नै संक्षेपमैं भए पनि प्रकाश पार्न सफल भएको देखिन्छ।

३.२. पूर्वीय काव्य सम्प्रदाय-समन्वय

पूर्वीय काव्यशास्त्रको इतिहासतर्फ सिंहावलोकन गर्दा आस्वादन र मूल्याङ्कन गर्ने अभीष्टबाट प्रेरित भएर विविध युगमा विभिन्न साहित्य तत्त्व-चिन्तकहरूले अनेकानेक दृष्टिकोण प्रकट गरेको पाइन्छ। पूर्वीय साहित्यका सन्दर्भमा खास सम्प्रदायका रूपमा मानिएका यी दृष्टिकोणहरू मूलभूत रूपमा ६ प्रकारका देखिन्छन्[39] तापनि सबैको मूल उद्देश्य 'काव्यास्वाद' र अन्तिम प्राप्ति 'आनन्द'[40] नै भएकाले सम्प्रदायगत पार्थक्य त्यति उग्र किसिमको देखा पर्दैन। सोमनाथ सिग्देलद्वारा 'साहित्य-प्रदीप' मा प्रस्तुत काव्य सम्प्रदायहरूको जे जस्तो वर्णन गरिएको छ त्यसमा समन्वयात्मकताको आधिक्य देखिन्छ भन्ने तथ्य सम्प्रदाय वा वादका नाममा जोडिएको 'प्राधान्य' शब्दका प्रयोगले पनि स्पष्ट पारेको छ[41]। सोमनाथले ६ प्रकारका काव्य-सम्प्रदायहरूको स्वतन्त्र रूपले वर्णन गरेका छन् तापनि तिनीहरूको निष्कर्ष निकाल्दै (१) वाह्य तत्त्व केन्द्री र

---

३९. सोमनाथ सिग्देल; पूर्ववत्, पूर्वभाग, पृ० ४७।

४०. नगेन्द्र (डा०) रस-सिद्धान्त, पृ० ३२६।

४१. अलङ्कार प्राधान्यवाद, रीति प्राधान्यवाद आदि नामबाट ती तत्त्वलाई प्रधानता मात्र दिइएको हो भन्ने अभिप्राय झल्कन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) आन्तरिक तत्त्व केन्द्रीका रूपमा दुई विभाजन गरी सबै सम्प्रदायलाई समेटेको देखिन्छ4 । साहित्य तत्त्वको विश्लेषण र मूल्याङ्कनका सन्दर्भमा प्रथमतः साहित्यिक आचार्यहरूको दृष्टिकोण आन्तरिक तत्त्वतर्फ अभिमुख भएको कुरा ई० पू० दोस्रो शताब्दीको मानिएको[43] भरत मुनिको 'नाट्यशास्त्रम्' र त्यसको मर्मस्थल विभाव, अनुभाव, व्यभिचारी भावहरूको संयोगबाटै रस निष्पत्ति हुन्छ[44] भन्ने सिद्धान्तको उद्गमका साथै अन्तस्करण केन्द्री रसवादको प्रारम्भ भएबाट स्पष्टिन्छ । भरतले रसको स्थापना र विवेचना नाटकका सन्दर्भमा गरेका हुनाले धेरै पछिसम्म पनि रसलाई नाट्यास्वादका प्रसङ्गमा मात्र सीमित गराइएको पाइन्छ र यस स्थितिमा छैटौं शताब्दीका[45] भामह आदि अलङ्कारवादीहरूले काव्यास्वादका लागि रसको उपेक्षा गर्नु रस सम्बन्धी उक्त एकाङ्गी धारणाकै परिणाम तुल्य पनि अनुभव हुन्छ[46] भने भामहले अलङ्कार प्राधान्यवादको[47] प्रारम्भ गर्नु र यसैका सीमा भित्र रही केही परिवर्तन र परिवर्धनका साथ भट्टोद्भट्, दण्डी र रुद्रट आदिले अलङ्कारको श्रेष्ठतालाई[48] प्रस्तुत गर्नु, वामनले अलङ्कारको महत्त्वलाई स्वीकार गरेरै पनि रीति या शैलीलाई नै काव्यको आत्मा मान्नु[49], कुन्तकले आफ्ना पूर्ववर्तीहरूले देखाएका अलङ्कार, रीति आदि काव्यका प्रधान तत्त्वप्रति मौन रही वक्रोक्तिलाई नै काव्यको जीवन स्वीकार गर्नु[50] र एघारौँ शताब्दीका क्षेमेन्द्रले अलङ्कार, रीति, गुण आदि सबैको महत्त्वलाई स्वीकारे पनि तिनीहरूको औचित्य पूर्ण प्रयोगपट्टि[51] महत्त्व दिनु जस्ता घटनाले यी काव्य सम्प्रदाय काव्यका बाह्य तत्त्वतिरै उन्मुख भएको प्रतीत हुन्छ। उपर्युक्त सबैजसो

---

४२. सोमनाथ सिग्देल; पूर्ववत्, पृ० ६० ।

४३. नगेन्द्र (डा०); पूर्ववत्, पृ० १० ।

४४. सोमनाथ सिग्देल; पूर्ववत्, पृ० ५७ ।

४५. पूर्ववत्, पृ० ५६ ।

४६. नगेन्द्र (डा०); पूर्ववत्, पृ० ३२४ ।

४७–४८. सोमनाथ सिग्देल; पूर्ववत्, पृ० ४६ ।

४९. "रीतिरात्मा काव्यस्य", 'साहित्य-प्रदीप' मा उधृत, पृ० ५० ।

५०. "वक्रोक्ति काव्य जीवितम्", पूर्ववत्, पृ० ५२ ।

५१. "औचित्यं रस सिद्धस्य स्थिर काव्यस्य जीवितम्", पूर्ववत्, पृ० ५३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काव्य-सम्प्रदाय सामान्यतः शब्द र अर्थमा मात्र केन्द्रित देखिएकाले यी सबैलाई सोमनाथले बाह्यतत्त्व केन्द्री मतका रूपमा मानेको र काव्यको आत्माका रूपमा ध्वनिलाई स्वीकार गर्ने आनन्दवर्धन तथा रसलाई नै काव्यको प्रधान तत्त्वको रूपमा लिने रस प्राधान्यवादीहरूका मतलाई आन्तरिक तत्त्व केन्द्री मतका रूपमा स्वीकारेको पाइन्छ ।

यसरी पूर्वीय विभिन्न काव्य-सम्प्रदाय मध्ये प्रत्येकका दृष्टिकोण र विचारहरूलाई प्रस्तुत गर्दै प्रत्येक सम्प्रदायको उठान र गन्तव्यलाई पहिल्याउने प्रयास सोमनाथले गरेको ज्ञात हुन्छ। पूर्वीय काव्य सम्प्रदाय मध्ये रीति, वक्रोक्ति र औचित्य प्राधान्यवादको आदि र अन्त समेत आ-आफ्ना प्रवर्तकमै सीमित भएकाले[52] यिनीहरूको कुनै विशेष महत्त्व नभएको र विविध आचार्यहरूद्वारा परम्पराका रूपमा स्वीकृत एवम् प्रतिपादित अलङ्कार र ध्वनि प्राधान्यवादले पनि काव्यास्वादका सन्दर्भमा आ-आफ्ना प्रणाली अन्तर्गत रसकै पनि महत्त्व स्वीकार गरेबाट[53] पूर्वीय काव्य सम्प्रदायमा देखिने दृष्टिकोणका अन्तरहरूको परिहार गर्न सक्ने क्षमता रसवादमा अन्तर्निहित रहेको तथ्यलाई 'साहित्य प्रदीप' मा स्पष्टयाइएको अनुभव हुन्छ; अझ आधुनिक साहित्य शास्त्रीय सन्दर्भमा रसवादका पुनर्व्याख्याताहरूद्वारा यसभन्दा एक तह माथि गई पाश्चात्य समालोचनामा प्रचलित विविध वादमा रहेको मतभिन्नताको समेत निराकरण गर्न सक्ने क्षमता रस सिद्धान्त वा रसवादमा देखाएबाट[54] चाहिँ पूर्वीय विभिन्न काव्य सम्प्रदायलाई परम्परागत रूपमैं पनि रसवादले समन्वय प्रदान गरेको छ[55] भन्ने सोमनाथको आशय पूर्ण रूपमा स्वीकार्न सकिने देखिन्छ ।

३.३. पाश्चात्य समालोचना तत्त्वको प्रयोग

सोमनाथ सिग्देलको 'साहित्य-प्रदीप' को मूल आधार संस्कृत वा पूर्वीय समालोचना-सिद्धान्तको परम्परा नै भएकाले सामान्यतया यसमा पाश्चात्य

५२. सोमनाथ सिग्देल; पूर्ववत पृ० ५१ र ५३-५४ ।

५३. पूर्ववत्, पृ० ५८ ।

५४. नगेन्द्र (डा०); पूर्ववत्, पृ० ३३० ।

५५. सोमनाथ सिग्देल; पूर्ववत्, पृ० ६१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिकोण र विचारको प्रवेश भएको देखिन्न,56 परन्तु सांस्कृतिक परम्परा र देश-कालगत अन्य परम्पराका भिन्नताले गर्दा प्रत्येक विषयप्रति पूर्वीय र पाश्चात्य दृष्टिकोण भिन्न रहँदा रहँदै पनि मानवीय-चिन्तन प्रक्रियामा रहेको सार्वभौमिकताले गर्दा भने भिन्न परिवेश र वातावरणबाट उब्जेका दृष्टिकोणमा पनि स्वतः समन्वय हुन सक्ने भएकाले 'सहित्य-प्रदीप' को एक मात्र आधार संस्कृत काव्यशास्त्रीय परम्परा र सोमनाथ को अध्ययनको ठोस शक्ति र सीमा पनि संस्कृत वाङ्मय नै रहेको हो तापनि 'साहित्य-प्रदीप' का विविध प्रसङ्गले समालोचना सम्बन्धी पाश्चात्य मतको उपस्थापना गर्न भुलेका छैनन् । निश्चय नै 'साहित्य-प्रदीप' कार सोमनाथ सिग्देल पाश्चात्यमतको स्थापना गरेर पनि पर्याप्त प्रयासका साथ मिल्ने र हुनेसम्म त्यसको खण्डन गरी पूर्वीय धारणाकै औचित्य प्रतिपादन गर्न चुकेका छैनन, तथापि केही स्थानमा दुवै मतको समन्वय गर्ने चाहना पनि उनमा पाइन्छ ।

'साहित्य-प्रदीप' का प्रथम प्रकाशका प्रारम्भमा नै सोमनाथले 'कविता कला हो कि ?' होइन भन्ने प्रश्न उठाएका छन र त्यसको विमर्शका सन्दर्भमा कलाका दुई भेदको57 उल्लेख गर्दै पाश्चात्यहरूले काव्य-कलालाई पनि ललित कला अन्तर्गत पारेका कुराको जानकारी दिएका छन ।

जीवनका साधारण व्यवहारमा प्रयोग गरिने वस्तु निर्माण सम्बन्धी कला उपयोगी कलाको कोटिमा पर्दछ र यसमा वस्तु प्राधान्य रहन्छ तर जसमा सौन्दर्यानुभूति नै प्रमुख रूपमा अभिव्यक्त भएको हुन्छ त्यसलाई ललित कलाको कोटिमा राखिएको छ । यसरी सौन्दर्यानुभूतिको प्रधानताका कारणले मूर्तिकला, चित्रकला, सङ्गीतकला र नृत्यकला जस्तै काव्यकला पनि ललितकला अन्तर्गत पर्दछ भन्ने पाश्चात्य धारणासँग58 सोमनाथको प्रशस्त मतभेद देखापर्छ र उनी काव्य वा कवितालाई कला नमान्ने पक्षमा देखिन्छन । पाश्चात्य समालोचनाको इतिहासतर्फ सिंहावलोकन गर्दा 'कला कलाका लागि' कि 'कला जीवनका लागि' भन्ने गम्भीर मतभेद देखापर्छ59 तापनि काव्यलाई कला मान्ने कि

५६. कमल दीक्षित; पूर्ववत् पृ० २४४-४५ ।

५७-५८. सोमनाथ सिग्देल; पूर्ववत, पृ० १८ ।

५९. वासुदेव त्रिपाठी; पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, पृ० २४६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नमान्ने विवाद उनीहरूमा नरहेको र पाश्चात्य सन्दर्भमा काव्य (साहित्य) कलाकै एक भेदका रूपमा रहेको पाइन्छ 0 ।

'साहित्य-प्रदीप' मा काव्यलाई कला अन्तर्गत नराख्ने सम्बन्धमा सोमनाथको लामै विवेचना प्रस्तुत छ, तापनि त्यसको निष्कर्ष लिन खोज्दा उनको जोड दुइटै कुरामा रहेको देखिन्छ । प्रथमतः उनी आर्य परम्परामा 'शिल्प र संगीत नै कला हुन्' 61 भन्ने कलाको परिभाषा भएको र काव्यका भेदमा निकृष्ट स्थान प्राप्त समस्यापूर्ति र प्रहेलिकाहरूलाई मात्र कला अन्तर्गत राखिएको र उत्कृष्ट कविता कला अन्तर्गत नभएको आप्त प्रमाण प्रस्तुत गर्दछन् भने दोस्रो कुरा चाहिँ कलाको सौन्दर्यानुभूति चक्षु र श्रोत्र आदि बाह्य इन्द्रियका माध्यमले गरिन्छ तर काव्य सौन्दर्यानुभूति वा काव्यास्वाद भावना-विशेष द्वारा परिष्कृत अन्तः-करणका माध्यमले हुन्छ भन्ने सोमनाथको तर्क देखिन्छ र उनी "काव्यलाई ....कला भन्दा बेग्लै माथिल्लो स्तरको भन्नु नै युक्ति सङ्गत" 62 ठान्दछन् ।

सोमनाथको 'साहित्य-प्रदीप'मा पाश्चात्य मतको उल्लेख तृतीय प्रकाशको नाट्य विद्याको उद्भवका 63 सन्दर्भमा पनि गरिएको छ । यसमा नाटकको उत्पत्तिका सन्दर्भमा कतिपय पाश्चात्य विद्वान्हरूद्वारा प्रस्तुत मे महिनामा गरिने 'मे पोल' नृत्योत्सवबाटै पश्चिममा नाटकको प्रारम्भ भएको र त्यसैको अनुकरणमा भारतमा भएको इन्द्रध्वजोत्सवबाट पूर्वीय साहित्यमा नाटकको प्रारम्भ हुन गएको हो भन्ने धारणाको उल्लेखका साथ त्यसको सटिप्पणी खण्डन गर्दै पूर्वमा वैदिक परम्पराबाटै नाटकको उत्पत्ति भएको हो भन्ने मान्यताको स्थापना गर्नाका साथै पूर्वीय नाट्य परम्परामा पर्दालाई यवनिका भनिनु यवन-कलाकै प्रभाव हो भन्ने धारणाको पनि कोष64 तथा काव्यको65 प्रमाण सहित

---

६०. पूर्ववत्, पृ० २४६-२५७ ।
६१. सोमनाथ सिग्देल; पूर्ववत् ।
६२. पूर्ववत्, पृ० १६ ।
६३. पूर्ववत्, पृ० १३१ ।
६४. (क) 'प्रतिसीरा जवनिका' 'साहित्य-प्रदीप' मा उद्धृत, पूर्ववत् ।
(ख) द्वारका प्रसाद शर्मा समेत (सं०); संस्कृत शब्दार्थ कौस्तुभ, पृ० ४६७ ।
६५. "माघ काव्य ४।५४ मा र भागवत १।८।१६ मा भर्तृहरि २ तक ३ मा पनि जवनिका शब्दकै प्रयोग छ ।" पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खण्डन गरेको देखिन्छ। यही क्रममा नाटकको संयोगान्त र वियोगान्त पक्षलाई लिएर सोमनाथले जुन विवेचना प्रस्तुत गरेका छन्, त्यसमा समन्वयात्मक दृष्टिकोण केही मात्रामा मुखरित भएको पाइन्छ। निश्चय नै पाश्चात्य नाट्य-साहित्यका परम्परामा वियोगान्त (दुःखान्त) को उत्कृष्ट स्थान रहँदै आएको छ[66] भने पूर्वतिर "वियोगान्तं न नाटकम्"[67] का साथ संयोगान्त पद्धतिको जोड देखा पर्छ; तथापि सोमनाथका धारणामा 'रामायण', 'महाभारत' आदि काव्यहरूमा करुण र शान्त रसको प्राधान्य र वियोगमूलक पर्यवसान तथा 'उत्तररामचरित' को वियोगप्रधानताका साथै वियोगान्त रूप पूर्वीय परम्परामै पनि प्रशंसित[68] रहेबाट पूर्वीय परम्पराले पनि वियोगान्तलाई अनादर नगरेको कुरा देखाउँदै उनी शून्यवादमा न अल्भिकन र मङ्गलोन्मुखी प्रवृत्तिप्रति[69] प्रतिबद्ध रहनाका लागि मात्र पूर्वीय नाटकमा संयोग पूर्ण वातावरणको सृजना गरी समाप्त गर्ने प्रचलन भएको हो भन्ने तर्क प्रस्तुत गर्दै नाटकको संयोगान्त र वियोगान्त परम्पराका बीच समन्वय गर्न प्रवृत्त देखिन्छन्।

'साहित्य-प्रदीप' मा पूर्वीय र पाश्चात्य समालोचना-तत्त्वको प्रायः समन्वय नाटक (रूपक) का कथावस्तुलाई विकसित पार्ने अवस्थाहरूको विवेचनाका सन्दर्भमा देखा परेको छ। पूर्वीय साहित्य-शास्त्रमा कथावस्तुका पाँच अवस्था मानिएका छन्:- (१) आरम्भ (२) यत्न (३) प्राप्त्याशा (४) नियताप्ति (५) फलागम[70] र पश्चिममा साहित्य तत्त्व-चिन्तकहरूले पनि पाँचै अवस्था मानेका छन्:- (१) आरम्भ (२) विकास (३) चरम सीमा (४) अपकर्ष (उतार) र (५) समापन[71]। हुनत कथावस्तुको उपर्युक्त पाश्चात्य विभाजन अर्वाचीन

---

६६. वासुदेव त्रिपाठी; पूर्ववत्, पृ० ४६।

६७. केशवप्रसाद उपाध्याय; साहित्य प्रकाश, पृ० ६१ र ८५।

६८. "उत्तरे रामचरिते भवभूति र्विशिष्यते", साहित्य-प्रदीप मा उद्धृत, पृ०१३२।

६९. "मङ्गलादीनि मङ्गलमध्यानि मङ्गलान्तानि शास्त्राणि, प्रथन्ते आयुष्मत्पुरुषाणि च"-(महाभाष्य), पूर्ववत्।

७०. सोमनाथ सिग्देल; पूर्ववत्, पृ० १३७।

७१. पूर्ववत्, पृ० १३८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो[72] र अरस्तुले कथावस्तुलाई केवल दुई भागमा बाँडेका छन् – (१) संवृति र (२) विवृति,[73] तैपनि यी दुवैमा उपर्युक्त पाँच अवस्थाको अन्तर्मिश्रण गर्न सकिन्छ[74]। यसरी पूर्वीय र पाश्चात्य दुवै मतलाई प्रस्तुत गरेर दुवैको उद्देश्य कथानको क्रमिक आरोह अवरोहलाई प्रकट गर्नु नै हो भन्ने टिप्पणी सोमनाथले गरेका छन्। पाश्चात्य मतमा सङ्घर्षलाई ज्यादा महत्त्व दिइएको हुन्छ तर भारतीय आचार्यहरू सङ्घर्षलाई विशेष महत्त्व दिदैनन् भन्ने भनाइका बारेमा सोमनाथको राय के छ भने वीर रस प्रधान रूपकका नायक-प्रतिनायकका बीच भावनात्मक सङ्घर्ष अत्यावश्यक देखिने हुनाले पश्चिममा मात्र नभएर पूर्वमा पनि सङ्घर्षावस्था माथि जोड दिइएकै पाइन्छ र सङ्घर्षले कथानकलाई ओजस्वी बनाउँछ। यसरी पौरस्त्य र पाश्चात्य धारणालाई नजीक-नजीक ल्याउने प्रयत्न सोमनाथले नाटकको कार्यावस्थाका सन्दर्भमा पनि देखाएको पाइन्छ। यसैले 'साहित्य-प्रदीप' मूलतः पूर्वीय काव्यशास्त्रीय सिद्धान्तका आधारमा खडा रहेर पनि थेरथोर पाश्चात्य मतबाट समेत सचेत रहेको अनुभव हुन्छ।

३.४. मौलिक प्रतिपादन

'साहित्य-प्रदीप' संस्कृत काव्यशास्त्रीय परम्पराको नेपाली भाषाका माध्यमले प्रस्तुत गरिएको ग्रन्थ भएकाले यसमा लेखकको स्वतन्त्र दृष्टिकोण छँदै छैन भन्ने भनाइ पनि पनि पाइन्छ[75] तर यस भनाइको औचित्य-परीक्षा आवश्यक प्रतीत हुन्छ। निश्चय नै साहित्य-शास्त्रको ग्रन्थ भएकाले यसमा विविध विषयमा विभिन्न विद्वान्हरूका मतहरूको सङ्कलन-वर्णन अधिक मात्रामा देखिन्छ, तैपनि विविध विषयमा सोमनाथका मौलिक प्रतिपादनहरू पनि यसमा प्रशस्त मात्रामा पाइन्छन्। प्रथम प्रकाशका अधिकांश भाग सोमनाथका मौलिक प्रतिपादनका रूपमा देखिन्छन् र विशेषतः पूर्वीय वैयकारण र दार्शनिक चिन्तनको भेदन र समन्वय गर्दै पर्याप्त प्रखरताका साथ प्रस्तुत 'शब्द' निरूपण तथा 'कवित्व कला हो कि ?' मा प्रस्तुत विवेचना नितान्त मौलिक प्रतीत हुन्छ। साथै पूर्वीय

७२. ताराप्रसाद जोशी; 'आदर्श राघवको कथावस्तुको मूल्याङ्कन', दियालो, वर्ष १३, हाँगो ६५, पृ० १३।

७३-७४. वासुदेव त्रिपाठी; पूर्ववत्, पृ० ५।

७५ कमल दीक्षित; पूर्ववत्, पृ० २४५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काव्य सम्प्रदायको समन्वयात्मक निष्कर्षमा[76] पनि सोमनाथको मौलिक स्वरूप स्पष्टिएको छ। यस पछि तृतीय प्रकाशको गद्य-काव्य विवेचनाका सन्दर्भमा संस्कृत काव्य शास्त्र परम्परामा नपाइने उपन्यास र कहानीका साथै आत्मचरित, जीवनी र गल्प (हास्यव्यङ्ग्य ?) आदिको वर्णन र विवेचनाको समावेश गरिएबाट पनि 'साहित्य-प्रदीप' को मौलिक पक्ष उद्घाटित भएको पाइन्छ र यसैबाट सामसामयिक साहित्यिक गतिविधिप्रति लेखकको सचेतता स्पष्टिन्छ। तृतीय प्रकाशमै 'नेपाली परम्परामा वाङ्मय' भनेर सालाखाला रूपमा नेपाली साहित्यको इतिहासको रेखाङ्कन सोमनाथले प्रस्तुत गरेका छन् तर यो ज्यादै संक्षिप्त र विवरण-प्रधान भएको हुँदा यसै अंशलाई नै 'साहित्य-प्रदीप' भरिको कमजोर अंश[77] पनि मानिएको छ, परन्तु नेपाली साहित्यको इतिहासलाई तीन कक्षा (काल) मा विभाजन गरी साधारण रूपमा नै भए पनि तिनका प्रवृत्तिहरूको परिचय दिने प्रयास गरिएको यस अंशबाट 'साहित्य-प्रदीप' मा सोमनाथको मौलिक प्रतिपादनको मात्रामा निश्चय नै वृद्धि भएको प्रतीत हुन्छ।

'साहित्य-प्रदीप' मा पाइने मौलिक प्रतिपादनकै सन्दर्भमा संयोगान्त-वियोगान्त सम्बन्धी निरूपण र कथानकका अवस्था-विवेचना पनि महत्त्वपूर्ण देखिन्छन्। यी दुबै प्रसङ्गमा सोमनाथले आफ्नो विवेचना-शैलीको मौलिकतालाई चाहिँ राम्रै प्रदर्शित गरेका छन भन्ने कुरा बताइएको छ। यस पछि मौलिकताका दृष्टिबाट चतुर्थ प्रकाशको रस प्रकरण र व्यञ्जनाको आवश्यकता उल्लेखनीय देखिन आउँछ भने निश्चय नै रसप्रकरणको समग्र विवेचना सोमनाथको मौलिक प्राप्त होइन तथापि विषय प्रतिपादनका सन्दर्भमा प्रयुक्त विविध उदाहरण र तिनका व्याख्याले चाहिँ उनको मौलिक क्षमताको पुष्टि गरेको पाइन्छ।

यसरी 'साहित्य-प्रदीप' मा मौलिक चिन्तनका अंशहरूको खोजमेल गर्न सकिए पनि मूलतः यसमा मौलिकताको मात्रा ज्यादै कम छ भन्ने कुरा स्वीकार्नु पर्ने हुन्छ। हुनत यसको प्राप्ति पनि मौलिक चिन्तनको प्रस्तुतीकरण भन्दा पूर्वीय काव्य शास्त्रीय परम्पराको अध्ययनबाट निर्मित पाण्डित्यको प्रदर्शन नै हो, परन्तु साहित्य शास्त्रका क्षेत्रमा मौलिक ग्रन्थ प्रायः हुन नसक्ने हुँदा र नेपाली

७६ सोमनाथ सिग्देल; पूर्ववत्, पृ० ५६-६१।

७७. कमल दीक्षित; पूर्ववत्, पृ० २४५ २४६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाङ्मयमा साहित्यको सिद्धान्त पक्षको स्तरीय ग्रन्थको प्रायः अभावपूर्ण स्थितिलाई[78] समेत ध्यानमा राख्ता यति विविध विषयहरूलाई संगालेर यथासम्भव नेपाली परिप्रेक्ष्यमा ढाली नेपाली भाषाका माध्यमले जुन रूपमा 'साहित्य-प्रदीप' प्रस्तुत भएको छ, त्यसैलाई सोमनाथको एक प्रकारको मौलिक योगदान मान्नु पर्ने देखिन्छ ।

३.५. सोमनाथका आफ्ना साहित्य-मान्यता

सोमनाथ सिग्देलको 'साहित्य--प्रदीप' मूलतः पूर्वीय काव्य शास्त्रका विविध मतमतान्तरको सङ्कलन भएर पनि अंशतः यस ग्रन्थमा मौलिकताका स्वर यत्र तत्र गुञ्जिएका छन् भन्ने तथ्य कै सन्दर्भमा 'साहित्य प्रदीप' को अनुशीलनले के देखाउँछ भने सोमनाथ सिग्देलमा साहित्यिक आचार्यको मौलिक प्रतिभा पनि विद्यमान थियो । 'साहित्य-प्रदीप' को प्रथम प्रकाशका अधिकांश भागमा सोमनाथका मौलिक प्रतिपादन देखा परेको र तिनीहरूले सोमनाथका निजी समालोचनाका प्रवृत्तितर्फ इङ्गित गरेको देखिन्छ ।

'साहित्य प्रदीप' को प्रथम प्रकाश र विशेषतः शब्दको उपयोग, सौन्दर्य, लेख वा उक्तिको लक्ष्य, कवित्व लेख र कवित्व कला हो कि ? आदि अंशको अनुगमबाट सोमनाथको सैद्धान्तिक समालोचनाका मान्यताहरू निम्नानुसार देखिन आउँछन् –

(१) शिल्प परिष्कारप्रति पर्याप्त निष्ठा र शब्दार्थ समन्वयप्रति सचेतता ।
(२) सौन्दर्य-बोध अथवा कविताको आन्तरिक तत्त्वको अपेक्षा ।
(३) काव्य वा साहित्यको लक्ष्य निर्धारण ।

शिल्प परिष्कारप्रति पर्याप्त निष्ठा र शब्दार्थ समन्वयप्रति सचेतता सोमनाथको मूलभूत समालोचना-सिद्धान्त देखिन्छ र यसप्रति उनी स्वयं पनि प्रतिबद्ध भएको पाइन्छ[79] र सौन्दर्य बोध अथवा कविताको आन्तरिक तत्त्वको

७८. बालचन्द्र शर्मा; सोमनाथको 'साहित्य प्रदीप' प्रथम संस्करणको प्रस्तावनाबाट पृ० २।

७९. सिङ्गो नेपाली काव्य-साहित्य मै शिल्प चातुरीको सशक्त उदाहरणका रूपमा सोमनाथको 'आदर्श-राघव' महाकाव्य प्रसिद्ध छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपेक्षा पनि सोमनाथले गरेको देखिन्छ[80]। "काव्यको सौन्दर्य वढाउने प्रधान तत्त्व रस प्रत्यक्ष विषय छैन केवल अभिव्यञ्जनागम्य छ। यो उत्पाद्य वा अनुमेय नभई केवल अभिव्यङ्ग्य छ।"[81] भन्ने सोमनाथको धारणाबाट कविताको आन्तरिक वा प्रधान तत्त्वका रूपमा रसलाई मानिएको कुरा स्पष्ट छ, तापनि शिल्प र परिष्कारप्रति अति निष्ठा राख्ने हुनाले यिनलाई पूर्ण रूपमा रसवादी आलोचक चाहिँ भन्न सकिन्न। साथै 'कला कलाका लागि' भन्ने विवाद पूर्वीय परम्परामा नभएकाले काव्यको लक्ष्य निर्धारण[82] पूर्वीय साहित्य शास्त्रको सामान्य नियम बन्न पुगेको छ र पाश्चात्य समालोचनाका परम्परामा 'कला कलाका लागि वा जीवनका लागि' भन्ने विषयमा प्रशस्त विवाद[83] भए पनि वर्तमान युगकै सशक्त आलोचकका रूपमा मानिएका आइ० ए० रिचर्डस्‌ले चाहिँ कलालाई जीवन सन्दभमा हेर्नु पर्ने कुरामा जोड दिएकाले[84] कलाको जीवनसंगको अभेद देखाउने प्रवृत्ति पुनः सावभौमिक बन्न पुगेको पाइन्छ भने सोमनाथले आफ्नै परम्परानुकूल "काव्यलाई उपदेश गर्भित कान्ता समित सूक्ति"का[85] रूपमा मान्नु स्वभाविकै देखिन्छ। यसैले उनी जीवनवादी कलाका पक्षमा देखा पर्छन्।

३.६. व्यावहारिक समालोचना तत्व

'साहित्य-प्रदीप' मूलतः सैद्धान्तिक ग्रन्थ हो भने सोमनाथ स्वयम्‌मा पनि सैद्धान्तिक समालोचनापट्टिकै अभिरूचि ज्यादा देखा पर्छ, तैपनि 'साहित्य-प्रदीप' मा केवल समालोचनाका सैद्धान्तिक स्थापना मात्र छैनन्, व्यावहारिक विवेचनातिरको सीमित रुचि पनि भेटिन्छ।

'साहित्य प्रदीप' को द्वितीय प्रकाश अन्तर्गत भरतदेखि जगन्नाथसम्मका साहित्यिक आचार्यहरू र यिनका मान्यताहरू तथा संस्कृत साहित्यका आदिकवि

८०. सोमनाथ सिग्देल; पूर्ववत्, पृ० १३-१५।

८१. पूर्ववत, पृ० १६।

८२. काव्यं यशसेऽथकृते व्यवहारविदे शिवेतरक्षतये।
सद्यः परनिर्वृतये कान्तासम्मिततयो पदेश युजे॥
– मम्मट; 'काव्यप्रकाश', भारतीय काव्य शास्त्र की परम्परा, पृ० ३२४।

८३. वासुदेव त्रिपाठी, पूर्ववत्, पृ० २४६।

८४ निर्मला जैन: रस सिद्धान्त और सौन्दर्यशास्त्र, पृ० ८४-८६।

८५. सोमनाथ सिग्देल, पूर्ववत्, पृ० १७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकिदेखि श्रीहर्ष सम्मको काव्य परम्पराको उल्लेख पाइन्छ । यसबाट केही मात्रामा सोमनाथको व्यावहारिक वा प्रयोगात्मक समालोचनाको प्रवृत्ति प्रकट हुन्छ भने तृतीय प्रकाशको 'नेपाली परम्परामा वाङ्मय' र त्यस अन्तर्गत नेपाली साहित्यका तिनैकालका प्रमुख प्रतिभाहरू र संक्षिप्त रूपमा तिनीहरूको मूलभूत प्रवृत्तिहरूको समेत उल्लेख भएबाट नेपाली साहित्यको व्यावहारिक समालोचनातर्फ पनि सोमनाथ सिग्देलको चासो देखिन्छ । 'साहित्य-प्रदीप' मा प्रयुक्त उपर्युक्त दुबै अंशहरूमा निश्चय नै विश्लेषण र विवेचना भन्दा वर्णन वा विवरणले नै प्रमुखता पाएको छ र अझ त्यसमा पनि नेपाली वाङ्मय (साहित्य ?) खण्ड अपेक्षाकृत बढी विवरण प्रधान हुँदै 'टापटिपे'86 बन्न पुगेको अनुभव हुन्छ । तापनि यिनै वर्णन र विवरण भित्र कृत र व्यक्ति विशेषका प्रवृत्तिहरूलाई औंल्याउने किसिमका जे जति स्पष्ट वा साङ्केतिक टिप्पणी87 पाइन्छन् तिनमा भने प्रयोगात्मक वा व्यावहारिक समालोचना तत्त्व कहिं सुसुप्त र कहिँ प्रकट रूपमा समेत झल्किन्छन । 'साहित्य-प्रदीप' का सैद्धान्तिक स्थापनाहरूलाई प्रष्ट पार्न प्रसिद्ध संस्कृत (नेपाली अनुवाद सहित) र नेपाली कृतिहरूबाट उद्धरण लिँदा लक्षणसँग लक्ष्य पङ्क्तिहरूको समन्वयका क्रममा सोमनाथद्वारा गरिएका एकाध टिप्पणीहरूले पनि विवेचनात्मक व्यावहारिक समालोचकीय दृष्टिको छनक दिएको अनुभव हुन्छ । विभिन्न स्थलमा र विशेषतः व्यञ्जना, ध्वनि, रस र अलङ्कारका प्रसङ्गमा प्रयोग गरिएका उदाहरणहरू मध्ये अधिकांश सोमनाथले आफ्नै महाकाव्य 'आदर्श-राघव'बाट लिएको र लक्षणसँग यी लक्ष्य पङ्क्तिको मिलान समेत गरेको पाइन्छ । पूर्वीय काव्य शास्त्रीय दृष्टिबाट सोमनाथले 'साहित्य प्रदीप' मा आफ्नै 'आदर्श-राघव' महाकाव्यको परीक्षण र प्रमाणीकरण गरेको कुरा स्पष्ट छः वास्तवमा लक्ष्य ग्रन्थ 'आदर्श-राघव' कै निम्ति सोमनाथले लक्षण ग्रन्थ 'साहित्य-प्रदीप' रचे जस्तो पनि प्रतीत हुन्छ भने 'साहित्य-प्रदीप' का सोमनाथलाई 'आदर्श-राघव' का विश्लेषक भन्न सकिन्छ अनि उनको प्रयोगात्मक वा व्यावहारिक समालोचनाको अनौठो रूप यसबाट प्रकट हुन्छ८८ ।

---

८६. कमल दीक्षित; पूर्ववत्, पृ० २४६ ।

८७ सोमनाथ सिग्देल; पूर्ववत् पृ० ४७,५६,६६-६७, ७०-७१ र १२५ ।

८८. वासुदेव त्रिपाठी; <u>सिँहावलोकन,</u> (दो. सं.) सिँ पृ० ८८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३.७. 'साहित्य-प्रदीप' का उपलब्धि

'साहित्य-प्रदीप' का सम्बन्धमा गरिएको उपर्युक्त चर्चाका सन्दर्भमा यसका उपलब्धिहरूको सङ्केत चाहिँ केही मात्रामा भएको होला भने त्यसैका निष्कर्षका रूपमा संक्षेपमा 'साहित्य-प्रदीप' का का उपलब्धिहरूको सीमाङ्कन र मूल्याङ्कन गर्नु प्रासङ्गिक अनुभव हुन्छ ।

नेपाली वाङ्मयका क्षेत्रमा साहित्य-सिद्धान्तको लेखन-क्रमको खोजीनीति गर्दा छुक छुके प्रयासको सानो परम्परा देखिए वा 'समालोचनाका सिद्धान्त' (२००३) मा ठोस सैद्धान्तिक जग देखा परे पनि पूर्वीय दृष्टिकोणबाट प्रायः सर्वाङ्गपूर्ण साहित्य शास्त्रीय ग्रन्थका रूपमा चाहिँ २०१५ सालका 'रस दर्पण' र 'काव्य मञ्जरी' लाई ऐतिहासिक किन्तु प्रारम्भिक पाइला भन्नु पर्ने अवस्थामा 'साहित्य-प्रदीप' को प्रकाशन अत्यन्त महत्त्वपूर्ण घटना ठहर्छ । 'साहित्य-प्रदीप' को सामान्य स्वरूप पूर्वीय काव्य शास्त्रको नेपालीकरण वा नेपाली भाषामा पुनराख्यानमै आधारित हुनाका साथै यसका अधिकांश उदाहरणहरू पनि संस्कृत काव्य शास्त्रमा प्रायः उदाहृत पद्य र गद्यांशकै नेपाली रूपान्तरणका रूपमा देखिनु र नेपाली साहित्यका विस्तृत परिप्रेक्ष्यमा पूर्वीय काव्य शास्त्रीय मसंको पुनर्व्याख्या र पूनर्मूल्याङ्कनमा आधारित प्रचण्ड मौलिकता नभेटिनु समालोचक सोमनाथका अप्राप्ति वा सीमा हुन् भने सबै उदाहरण अनुवाद नै भए पनि

---

८६. (क) यस दिशातर्फ नेपाली समालोचनाका क्षेत्रमा यदुनाथ खनालको 'समालोचनाका सिद्धान्तले (२००३) ले प्रारम्भिक पाइलो चालिसकेको थियो ।

(ख) २०१६ वा सन १९६० ताका हिन्दी समालोचनामा आचार्य रामचन्द्र शुक्ल र डा० नगेन्द्र जस्ता उद्भट पूर्वीय समालोचक देखा परिसकेका हुन् । तर यीसमालोचकहरू त्यस वेलाका विभिन्न भारतीय विश्वविद्यालयका स्नातकोत्तर र अझ शोध-अध्ययन सम्बन्धी नयाँ गतिविधिका उपज हुन् भने नेपालमा चाहिँ २०१६ साल ताका भरखर त्रिभुवन विश्वविद्यालयको जन्म भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालीमा प्रस्तुत गर्नु र अझ कतिपय ठाउँमा आफ्ना र अन्य नेपाली कविका[90] मौलिक नेपाली कविता नै उदाहरणका रूपमा प्रयोग गर्नु उनको शक्ति वा उपलब्धिको एक पक्ष हो अनि पूर्वीय काव्य-सम्प्रदाय समन्वय, पाश्चात्य समालोचना तत्त्वको प्रयोग, मौलिक प्रतिपादन, आफ्ना साहित्यिक मान्यता र व्यावहारिक समालोचना तत्त्वको जे जति समावेश 'साहित्य प्रदीप' मा पाइन्छ त्यसको महत्त्व स्वीकार्नै पर्छ र अझ 'साहित्य-प्रदीप' मा पूर्वीय काव्य तत्त्वको पुनराख्यान मैं पनि भेटिने प्रामाणिकता र निर्णयात्मकताका साथै खास खास प्रसङ्गमा[91] पाइने सूक्ष्मता र अतल गहिराइ एवम् जटिलतम सिद्धान्त तथा तर्क-प्रतितर्कको अन्तर्भेदनले परिपूर्ण गहन-व्याख्या विश्लेषणले ओतप्रोत पाण्डित्य चाहिँ अनुपम छ र 'साहित्य-प्रदीप' को मूल प्राप्ति विन्दु पनि यही हो र यस प्राप्ति विन्दुका दृष्टिले उत्तरवर्ती सत्र अठार वर्ष (आजसम्म) का सम्पूर्ण प्रयास[92] लगभग फिका र मलिन सिद्ध हुनु पनि 'साहित्य-प्रदीप' को शक्तिको परिचायक ठहर्छ ।

---

९०. सोमनाथ सिग्देल; पूर्ववत्, पृ० ९९-१०० (पूर्वभाग, १४-२०, १०२-३, १०६ र ११२ (उत्तर भाग)

९१. पूर्ववत्, शब्द सम्बन्धी विवेचना, पृ० १-८ (पूर्वभाग) रस प्रकरण, पृ० १-१० र व्यञ्जनाको आवश्यकता, पृ० ४५-५१ (उत्तर भाग) ।

९२. मूलतः चूडानाथ भट्टराईको 'कवि, कविता र कविताको सिद्धान्त' (२०२६)-देखि गोविन्द प्रसाद भट्टराईको 'पूर्वीय काव्य सिद्धान्त' (२०३१) सम्म ।

सन्दर्भ पुस्तक-पत्रिका

ऋषभदेव शास्त्री; काव्यमञ्जरी (छै० सं०), एडुकेशनल इन्टरप्राइजेज (काठमाडौं, २०३२) ।

कमल दीक्षित; बुँइगल (दो० सं०), साझा प्रकाशन (काठमाडौं, २०२८) ।

भन्ने कुरा, जगदम्बा प्रकाशन (काठमाडौं, २०३१) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुलचन्द्र गौतम; अमरकोष, लक्ष्मीनाथ गौतम (काठमाडौं, २०१७)।
अलङ्कार चन्द्रोदय, आत्माराम शर्मा (काशी, १९७८)।
राघवालङ्कार, नेपाल एकेडेमी (काठमाडौं, २०१५)।

केशवप्रसाद उपाध्याय; काव्य प्रकाश, साझा प्रकाशन (काठमाडौं २०२५)।

कोमलनाथ अधिकारी (अनु०); साहित्यदर्पण, रायल नेपाल एकेडेमी (काठमाडौं, २०२६ ।

गोविन्दप्रसाद भट्टराई; छन्दोहार(साझा ते.सं.) साझा प्रकाशन (काठमाडौं, २००१)।

गोविन्द प्रसाद ढुङ्गाना; रसदर्पण, ने. भा. प्र. स. (काठमाडौं, २०१५)।
पूर्वीय काव्य सिद्धात,ने.रा.प्रज्ञा-प्रतिष्ठान(काठमाडौं,२०३१)।

गोविन्दलाल अमात्य; गोरखा साहित्य मीमांसा, गो.भा.प्र.स. (काठमाडौं, १९८७)।

चक्रपाणि चालीसे; जैमिनीय भारत,कमलनाथ शर्मा पथिक(काठमाडौं, २०२०)।

चूडानाथ भट्टराय; कवि, कविता र कविताको सिद्धान्त, नूतश्री भट्टराय, (काठमाडौं, २०२६)।

डिल्लीराम तिमसिना(अनु.) काव्य मीमांसा, ने. रा. प्रज्ञा-प्रतिष्ठान (काठमाडौं, २०३०)

डिल्लीराम तिमसिनासमेत; छन्द र अलङ्कार, प्रेम जनक पुस्तकालय (ताप्लेजुङ, २०१८)

ताराप्रसाद जोशी; 'आदर्श राघवको कथावस्तुको मूल्याङ्कन' दियालो वर्ष १३ हाँगो ६५ (दार्जीलिङ)।

नगेन्द्र (संम्पा०) भारतीय काव्य शास्त्र की परम्परा (दो० सं०) नेशनल पब्लिसिङ हाउस (नयाँदिल्ली, १९६४ सन)
रस सिद्धान्त नेशनल पब्लिसिङ, हाउस(नयाँदिल्ली (१९६७ सन)।

नरहरि आचार्य; 'छन्दशास्त्रको ऐतिहासिक विकासक्रम र यसको औचित्य' प्रज्ञा, वर्ष ४ अङ्क २ (काठमाडौं २०३१)।
नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान (नेपाली स्नातकोत्तर शोधपत्र) (त्रि० वि०, कीर्तिपुर; २०३३)।

निर्मला जैन; रस सिद्धान्त और सौन्दर्यशास्त्र, नेशनल पब्लिसिङ हाउस (नयाँ दिल्ली, १९६७ सन)।

पारसमणि प्रधान (सम्पा.); भानुभक्त ग्रन्थ वली, भारती कार्यालय (दार्जीलिङ, २००९)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महेशराज पन्त समेत; 'हाम्रो वक्तव्य' पूर्णिमा, पूर्णाङ्क ३० (काठमाडौं, २०३०)।

मातृप्रसाद अधिकारी
(राममणि आ० दी ?) (सम्पा); माधवी कला १ संख्या १-५, (बनारस, १९६५)।

यदुनाथ खनाल; नेपाली साहित्यमा आलोचनाको अवस्था' मधुपर्क, वर्ष १ अङ्क १ (काठमाडौं, २०२४)।

समालोचनाका सिद्धान्त, ने.भा.प्र.स. (काठमाडौं, २००३)।

रत्नध्वज जोशी; मानसालङ्कार, ने. भा. प्र. स. (काठमाडौं, २००२ ।

राममणि अ० दी; पुराना सम्झना, श्रीमती नलिनी देवी आ० दि० (काठमाडौं, २०२६)।

लक्ष्मीनाथ शर्मा; छन्द सागर सोपान्न, लेखक स्वयम् (वृन्दावन, २०२६)।

लेखनाथ (अनु० ; अभिज्ञान शाकुन्तल, नेपाल एकेडेमी (काठमाडौं. २०१५)।

लालित्य (चौथो सं०), साझा प्रकाशन (काठमाडौं, २०१५)।

वासुदेव त्रिपाठी; पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, साझा प्रकाशन (काठमाडौं, २०३०)।

सिंहावलोकन (दो० स०) साझा प्रकाशन (काठमाडौं, २०३२)।

विश्वमणि दीक्षिताचार्य; गोरखा व्याकरण बोध, लेखक स्वयम्, (काठमाडौं १९१६ सन्)।

शिवराज आचार्य; जिम्दो नेपालि भासा (पैलो खण्ड) लेखक स्वयम् (काठमाडौं, २०३०)।

वृत्तनक्षत्र माला, गौरीशनन्दन आचार्य (काठमाडौं, २०२८)।

साझा प्रकाशन; साझ समालोचना, साझा प्रकाशन (काठमाडौं, २०२०)।

सोमनाथ सिग्देल; आदर्श राघव (ते० सं०), पुस्तक संसार (विराटनगर, २०२८)

नेपाली भाषा कविहरूको परिचय र आलोचन, (अप्रकाशित पाण्डुलिपि), (वाल्मीकि क्याम्पस द० नं० ४४७७)।

साहित्य प्रदीप (दो० सं०), पुस्तक संसार (विराटनगर २०२७)

हेमाङ्गराज अधिकारी; पूर्वीय समालोचन सिद्धान्त, साझा प्रकाशन काठमाडौं, २०२७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकको विचार

नेपाली भाषा र साहित्यका क्षेत्रमा व्यवस्थित अध्ययन र अनुसन्धानको निकै कमी छ। केही शैक्षिक र प्राज्ञिक प्रतिष्ठानहरूको क्रियाकलाप अनि केही सोध खोज र अध्ययनमा समर्पित विद्वान्हरूको साधना बाहेक योजनाबद्ध र वैज्ञानिक प्रक्रियाले परिपूर्ण अध्ययन-अनुसन्धानको वातावरण हाम्रो देशमा अझै सृजना हुन सकेकोछैन। हामीसँग व्यवस्थित र सम्पन्न पुस्तकालयहरूको अभाव छ तथा अध्ययन र अनुसन्धानतर्फ लाग्ने शोधार्थीका लागि प्रोत्साहित गर्ने परम्पराको पनि कमी छ।

यही सन्दर्भलाई ध्यानमा राखेर गत केही वर्षदेखि भानु सेवा समितिले आफ्ना क्रिया कलापलाई क्रमशः अध्ययन र अनुसन्धानमुखी बनाउँदै लैजानेतर्फ सोच्न थालेको हो। जस अनुसार चुँदी रम्घामा भानु-स्मृति सङ्ग्रहालयको स्थापना र भानु पुस्तकालयलाई उत्तरोत्तर समृद्ध र सुव्यवस्थित बनाउने कार्यका साथै काठमाडौंबाट 'भानुदर्शन' पत्रिकाको प्रकाशन समेत थालियो। प्रारम्भमा नै 'भानुदर्शन' लाई शोध पत्रिका (रिसर्च जर्नल) का रूपमा समुन्नत गर्दै लैजाने अभिप्राय राखिएको हो तर 'भानु दर्शन' का विगत पाँच अङ्कले यस अभिप्रायको ज्यादै कम अंश मात्र पूर्ति गर्न सकेको हामीलाई अनुभव भएको छ। यसैले प्रस्तुत अङ्क आफ्ना पूर्ववर्ती अङ्कका तुलनामामा आकार-प्रकार अनि विषय-वस्तुको प्रस्तुतीकरणमा समेत निकै परिवर्तित भएको छ तैपनि यो हामीले चाहेको रूपको शोध पत्रिका अझै भन्न सकेको छैन र त्यसका लागि उत्तरोत्तर परिष्कार अपेक्षित छ भन्नेमा चाहिँ हामी पूरै सचेत छौं। जे होस्, यस पत्रिकालाई क्रमशः विकसित गर्ने कार्यमा विद्वान् लेखकहरूको सहयोग र सल्लाहको हामीले ठूलो आशा राखेका छौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

KATHMANDU
NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुद

नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu